नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २९ अंक २३० २० असोज २०७८ बुधबार आश्विन कृष्णपक्ष औंसी नेपाल संवत् ११४१ राष्ट्रिय संस्करण KANTIPUR, Nepali National Daily, Wednesday, October 6, 2021 पृष्ठ १२+६+२ १० रुपैयाँ

BAJAJ

समयले कुर्दैन, यस्तो अवसर फेरि आउँदैन

EXCHANGE

महा मेला

फाइदा MORE, TENSION NO MORE

असोज २३ गतेसम्म (मात्र ४ दिन बाँकी)

स्थान: भृकुटी मण्डप

कुनैपनि मोटरसाइकलको प्रचलित बजार VALUATION भन्दा रु.१०,०००* थप

एकै ठाँउमा १८ भन्दा बढी VALUATORS बाट VALUATION गर्न सकिने

0% INTEREST ON 50% DOWNPAYMENT*

FREE ACCESSORIES*

FREE CHECK UP CAMP*

मुख्य आर्कषण

PRAMOD KHAREL-21ST ASOJ

SHIVA PARIYAR-23RD ASOJ

PRISMA/21

CONDITIONS APPLY*

हरेक दिन LUCKY WINNER लाई SAMSUNG M-SERIES MOBILE तथा आर्कषक LUCKY DOOR PRIZES

TEST RIDE AND WIN EXCITING GIFTS

BAJAJ

BAJAJ खुसीको 3DOSE

किन्नु अघि • किन्दा खेरी • किने पछि

रु. १०,०००* सम्म | रु. १,००,०००* सम्म | रु. १०,००,०००* बम्परमा



MRP: Rs. 5,98,900/-

MRP: Rs. 5,18,900/-

MRP: Rs. 3,64,900/-

MRP: Rs. 3,43,900/-

MRP: Rs. 3,91,900/-

MRP: Rs. 3,65,900/-

MRP: Rs. 3,59,900/-

MRP: Rs. 3,19,900/-

MRP: Rs. 2,89,900/-

MRP: Rs. 2,74,900/-

MRP: Rs. 2,44,900/-

MRP: Rs. 2,25,900/-

MRP: Rs. 2,14,900/-

MRP: Rs. 2,00,900/-

MRP: Rs. 1,89,900/-

*Conditions Apply

0% INTEREST ON 50% DOWNPAYMENT*

नेपालको सर्वाधिक बिक्री हुने मोटरसाइकल

GOLCHHA GROUP
100 YEARS OF TRUST

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 5330001/5368088
url: nepal.globalbajaj.com/en

/HHBajaj
/BajajNepal
/Company/Golchhagroup

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २९ अंक २३० | २० असोज २०७८ बुधबार आश्विन कृष्णपक्ष औंसी | नेपाल संवत् ११४१ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, October 6, 2021 | पृष्ठ १२+६+२ | १० रुपैयाँ

खुला आकाशमुनि झाडापखालाका बिरामी

● कपिलवस्तु कृष्णनगरका ३ वडामा २ सयभन्दा धेरै बिरामी ● दुईको मृत्यु

सौजन्य : मनीषमंगल गुप्ता

कपिलवस्तुको कृष्णनगर नगरपालिकास्थित शिवराज अस्पतालको प्रांगणमा समेत राखेर झाडापखालाका बिरामीको उपचार गरिँदै ।

मनोज पौडेल (कपिलवस्तु)

कृष्णनगर नगरपालिकाका तीन वटा वडामा फैलिएको झाडापखालाबाट दुई जनाको मृत्यु भएको छ । मंगलबार साँझसम्म दुई सयभन्दा बढी बिरामी अस्पताल भर्ना भएका छन् । झाडापखालाका कारण कृष्णनगर-९ का ५ वर्षीय राज कश्यप र कृष्णनगर-८ का ४० वर्षीय रामप्रसाद केबटको मृत्यु भएको मेसु डा. मुकेश चौधरीले बताए । कश्यपको निजी क्लिनिक र केबटको घरमै मृत्यु भएको हो । कृष्णनगर-७, ८, ९ का बहादुरगन्ज, सुखरामपुर, देवानगढिया, जमुनी, दयानगर, विजयनगर, जुमिला र डबरा गाउँका बासिन्दा बिरामी परेका हुन् ।

बहादुरगन्जस्थित शिवराज अस्पतालमा मंगलबार दिउँसोसम्म ८५ जनाको उपचार भइरहेको थियो । साँझ एकैपटक ३५ जना बिरामी थपिएको अस्पतालले जनाएको छ । अस्पताल भरिएपछि कतिपयले गाउँका निजी क्लिनिकमा उपचार गराइरहेका छन् । सामान्य समस्या भएका घरमै उपचाररत छन् । साँझसम्म सिकिस्त भएका २३ जनालाई थप उपचारका लागि बुटवल र भैरहवा रेफर गरिएको छ । '१५ बेडको अस्पतालमा

> अस्पतालमा बिरामीको चाप नघटेपछि बेड भाडामा ल्याएर भवनबाहिर टेन्ट हालेर उपचार

साधनस्रोत कम छ,' अस्पतालका निमित्त मेसु डा. चौधरीले भने, 'त्यही भएर बढी थलिएका बिरामीलाई तौलिहवा, बुटवल र भैरहवाका अस्पताल रेफर गरेका छौं ।' राति एकाएक बिरामी बढेपछि आफूहरू आत्तिए पनि अहिले स्थिति केही सहज हुँदै गएको डा. चौधरीले बताए । 'सुरुमा सोमबार साँझ ५/६ बजेतिर ५/७ जना बिरामी आएका थिए । सामान्य रूपमा लिएर उपचार गर्‍यौं,' डा. चौधरीले भने, 'राति ११ बजेपछि बढ्दै गए, बिहानसम्म अस्पतालमा एक सयभन्दा बढी बिरामी आए ।'

अस्पतालमा बिरामीको चाप नघटेपछि बेड भाडामा ल्याएर भवनबाहिर टेन्ट हालेर उपचार भइरहेको छ । ड्रेसिङ रुम, इमर्जेन्सी र ग्यालरीलगायत ठाउँमा समेत बेड राखेर उपचार गर्नुपरेको अस्पतालले जनाएको छ । अस्पतालमा ठाउँ नपुगेपछि बहादुरगन्जका ८/१० वटा निजी क्लिनिकमा पनि झन्डै एक सय जनाले उपचार गराइरहेको स्थानीय सञ्चारकर्मी मनीषमंगल गुप्ताले बताए । 'सिकिस्त नभएकाहरू घरमै प्राथमिक उपचार गरेर बसेका छन्,' उनले भने, 'अलि सिकिस्त भएका मात्र अस्पताल आएका हुन् । घरमै उपचार गराइरहेका पनि ६० जनाभन्दा बढी छन् ।' **बाँकी पृष्ठ १२**

किन लत्रिए दाहाल ?

पार्टीभित्र प्राधिकार मानिने उनले न त्यो हैसियत प्रयोग गरेर मन्त्री छान्न सकेका छन् न पारदर्शी र लोकतान्त्रिक विधि बनाएका छन्

बबिता शर्मा (काठमाडौं)

सत्ता गठबन्धनका प्रमुख 'सूत्रधार' माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल मन्त्रिपरिषद् विस्तारदेखि सरकार सञ्चालनमा असान्दर्भिकजस्ता देखिन्छन् । नेकपा एस र जसपालाई सरकारमा सहभागी गराउन त उनले सार्थक पहल गर्न सकेका छैनन् नै, सरकार गठन भएको ८४ दिनसम्म आफ्नै दलका मन्त्री छान्न पनि उनलाई महाभारत भएको छ ।

हुन त पार्टीका आन्तरिक बैठकमा मन्त्रिपरिषद् ढिलाइले जनतामाझ गलत सन्देश गएको बताउने गरेका छन् । सार्वजनिक रूपमा भने 'यसै साता', 'दुई-तीन दिनमा', 'पर्सिसम्म', 'छिट्टै' सरकारले पूर्णता पाउँछ भन्दै म्याद सार्दै आएका छन् । पार्टीभित्र प्राधिकार मानिने उनले न त्यो हैसियत प्रयोग गरेर मन्त्री छान्न सकेका छन् न पारदर्शी र लोकतान्त्रिक विधि बनाएका छन् । बरु पार्टीका सबै सांसदले मन्त्री पद खोज्दा आफूलाई अप्ठ्यारो परेको भन्दै सार्वजनिक गुनासो गर्दै आएका छन् ।

मन्त्रिपरिषद् विस्तार प्रधानमन्त्री शेरबहादुर देउवाको क्षेत्राधिकार भए पनि गठबन्धनको महत्त्वपूर्ण हिस्सेदार दाहाल पनि हुन् । देउवाको नेतृत्वमा सरकार बनाउन माइतीघर मण्डलको सडकमा पर्लेटी कस्नेदेखि सर्वोच्च अदालतको ढोका ढकढक्याउनेसम्ममा उनी सक्रिय थिए । तर देउवाको 'सुस्त' शैलीमा दाहाल पनि मौन सहयात्री बनेका छन् । जबकि केपी शर्मा ओली नेतृत्वमा सरकार हुँदा विरोधी खेमाको नेतृत्व स्वयं दाहालले गरेका थिए । 'ठूलो दुःखले ओलीलाई बालुवाटारबाट बालकोट पठाए पनि' देउवासँगको सहकार्य कुनै पनि बेला तलमाथि हुने भयले दाहाल दबाबमा रहेको माओवादीकै एक नेता बताउँछन् । 'देउवामाथि दबाब बढाउँदा गठबन्धन भत्कन सक्ने डर छ, यो गठबन्धन भत्काउन ओलीले कुनै कसर बाँकी राख्ने छैनन् । माओवादी, एस र जसपासँग सम्बन्ध असहज भएका दिन देउवालाई साथ दिन ओली तयार छन् । त्यसैले यही गठबन्धन बचाउनुपर्छ भन्नेमा उहाँ संवेदनशील हुनुहुन्छ,' एक नेताले भने ।



प्रधानमन्त्री देउवा र प्रमुख प्रतिपक्षी दलका नेता ओलीबीच सोझो भेटघाट भएको छैन । तर कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्की तीन महिनामा तीनपटक बालकोट पुगेका छन् । 'देउवा र ओली कतै नजिक नबनुन्, अर्ली इलेक्सनको वातावरण नबनोस् भन्नेमा हामी चिन्तित छौं,' ती माओवादी नेताले भने । **बाँकी पृष्ठ ८**

८४ औं दिनको उपलब्धि : मन्त्रालय भागबन्डा

कांग्रेस (७) : गृह, रक्षा, परराष्ट्र, स्वास्थ्य तथा जनसंख्या, सञ्चार तथा सूचना प्रविधि, महिला तथा बालबालिका र युवा तथा खेलकुद

माओवादी (६): अर्थ, ऊर्जा, शिक्षा-विज्ञान तथा प्रविधि, भूमि व्यवस्था-सहकारी तथा गरिबी निवारण, उद्योग-वाणिज्य तथा आपूर्ति र खानेपानी

एकीकृत समाजवादी (४) : पर्यटन तथा नागरिक उड्डयन, कानुन-न्याय तथा संसदीय मामिला, श्रम रोजगार तथा सामाजिक सुरक्षा र सहरी विकास

जसपा (४) : भौतिक पूर्वाधार तथा यातायात, कृषि तथा पशुपन्छी, संघीय मामिला तथा सामान्य प्रशासन र वन तथा वातावरण

कुलचन्द्र न्यौपाने (काठमाडौं)

शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्ति भएको ८४ दिनपछि सत्ता गठबन्धनका चार दलले मन्त्रालय भागबन्डामा समझदारी जुटाएका छन् । कांग्रेस र माओवादी केन्द्रले पूर्वसमझदारी भएभन्दा एक/एकवटा बढी मन्त्रालय आफ्ना लागि राखेका छन् । **बाँकी पृष्ठ ८**

कान्तिपुरको मुद्दामा सर्वोच्चको बृहद् पूर्ण इजलासको नजिर

'अदालत वा न्यायाधीशको आलोचना अवहेलना होइन'

तुफान न्यौपाने (काठमाडौं)

सञ्चारमाध्यम वा कुनै नागरिकले अदालत वा कुनै न्यायाधीशको आलोचना गरेमा अवहेलनाको मुद्दा लाग्न सक्छ भन्नु अनावश्यक भय मात्र हो, यथार्थ होइन । कान्तिपुर दैनिक र डा. गोविन्द केसीविरुद्ध दायर अवहेलना मुद्दामा फैसला गर्ने सात न्यायाधीशको बृहद् पूर्ण इजलासले पूर्णपाठ मंगलबार आएको छ, जसमा भनिएको छ, 'आलोचना वा समालोचना नसहने अथवा न्यायाधीशले व्यक्तिगत रूपमा जवाफ दिनुपर्ने विषयलाई पनि अदालतको अवहेलनाको अस्त्रका रूपमा प्रयोग गरी दबाउन नखोजियोस् ।'

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको जन्ममिति विभिन्न सरकारी कागजमा फरक-फरक रहको विषयमा कान्तिपुर दैनिकले २०७४ माघमा निरन्तर समाचार प्रकाशन गरेको थियो । पराजुलीको नागरिकता र शैक्षिक प्रमाणपत्रको उमेर फरक-फरक रहेको तथा उनले शक्तिका आडमा पछिल्लो उमेर कायम गराएर पदावधि लम्ब्याउने प्रयास गरेको खुलासा समाचारले गरेको थियो । तर, अधिवक्ता तोयानाथ ढुंगानाले कान्तिपुरका ती समाचारले अदालतको अवहेलना भएको दाबी गर्दै सर्वोच्चमा निवेदन दिए ।

त्यस्तै त्रिवि शिक्षण अस्पतालका तत्कालीन चिकित्सक प्रा.डा. गोविन्द केसीले प्रधानन्यायाधीश पराजुलीविरुद्ध दिएको अभिव्यक्तिलाई लिएर

> सञ्चारमाध्यमले अदालत वा न्यायाधीशबारे गर्ने आलोचनामा अवहेलनाको कारबाही गर्न नसकिने सर्वोच्चको यो नजिर अभिव्यक्ति स्वतन्त्रता रक्षाका लागि कोसेढुंगाका रूपमा आएको छ

उनीमाथि अर्को मुद्दा चलाइएको थियो । नेपालको चिकित्सा शिक्षालाई सर्वसुलभ बनाउन एक दशकदेखि अभियान चलाउँदै आएका सत्याग्रही डा. केसीले त्रिविको 'इन्स्टिच्युट अफ मेडिसिन' को डिनमा डा. शशी शर्मालाई पुनर्बहाली गर्न प्रधानन्यायाधीश पराजुलीसहितको इजलासले दिएको आदेशको विरोध गरेका थिए । डा. केसीले पराजुलीलाई भ्रष्ट र मेडिकल माफियाबाट सञ्चालित भन्दै उनको राजीनामा मागेर आमरण अनशन सुरु गरेका थिए । प्रधानन्यायाधीश पराजुलीले सर्वोच्च अदालतका शाखा अधिकृत नेत्रबन्धु पौड्यालबाट प्रतिवेदन उठान गरेर डा. केसीलाई राति नै पक्राउ गरी अवहेलनाको मुद्दा लगाएका थिए । तर चर्को विरोधपछि डा. केसीलाई रिहा गरिएको थियो ।

दुवै मुद्दालाई एउटै इजलासमा राखेर सुनुवाइ गर्दै सर्वोच्चका न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वर खतिवडा, आनन्दमोहन भट्टराई र प्रकाशमानसिंह राउतको इजलासले २०७६ माघ २३ मा कान्तिपुर र डा. केसी दुवैलाई सफाइ दिएको थियो । तत्कालीन प्रधानन्यायाधीश पराजुलीका जन्ममितिबारे कान्तिपुरमा प्रकाशित समाचारले न्याय सम्पादनमा अवरोध नपुऱ्याएको ठहर गर्दै सर्वोच्चले कान्तिपुरका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, प्रधान सम्पादक सुधीर शर्मा, तत्कालीन संवाददाता कृष्ण ज्वालीमाथि लगाइएको अवहेलनाको आरोप पुष्टि नहुने फैसला गरेको हो । उक्त फैसलाको पूर्णपाठ मंगलबार सार्वजनिक भएको हो । **बाँकी पृष्ठ १२**

२९२ सुन तस्करको सूची सरकारले लुकायो

३३ किलो सुन तस्करी अनुसन्धान गर्दा छानबिन समितिले किटान गरेका नाम सार्वजनिक गरिएन

मातृका दाहाल (काठमाडौं)

सरकारले '३८ क्विन्टल सुन तस्करीमा संलग्न' भनी किटान गरिएका २ सय ९२ जनाको सूची अझै लुकाएको छ। गृह मन्त्रालयका तत्कालीन सहसचिव ईश्वरराज पौडेलको संयोजकत्वमा गठित छानबिन समितिले सुन तस्करीमा संलग्नलाई थप अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउनुपर्ने भनेर २०७५ साउन १६ मा ७ सय ७२ पृष्ठ लामो सुझावसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो। प्रतिवेदन बुझाएको ३९ महिना पुगिसक्दा पनि प्रतिवेदनमा उल्लेख गरिएका 'संलग्न' व्यक्तिमाथि अनुसन्धान गरिएको छैन।

समितिका संयोजक पौडेलले प्रधानमन्त्री निवास बालुवाटार पुगेर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई १ वर्षको अवधिमै तस्करीबाट ३८ क्विन्टल सुन भित्रिएको जानकारी दिँदै त्यसमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताएका थिए। प्रतिवेदन बुझ्दै ओलीले तस्करीमा संलग्नमाथि कारबाही गर्ने प्रतिबद्धता पनि जनाएका थिए। 'प्रतिवेदन सरकारी सम्पत्ति भइसकेको छ, सार्वजनिक गर्ने/नगर्ने कुरा सरकारको हो,' हाल कोलकातास्थित महावाणिज्यदूत रहेका पौडेलले कान्तिपुरसँग भने, 'हामीले त सरकारले दिएको जिम्मेवारीअनुसार प्रतिवेदन तयार गरेर बुझाएका हौं।' प्रधानमन्त्री कार्यालयले प्रतिवेदन अध्ययनका लागि गृह मन्त्रालयमा पठाएको थियो।

पूर्वगृहसचिव उमेशप्रसाद मैनाली सुन तस्करीविरुद्ध गठित छानबिन समितिको प्रतिवेदन सार्वजनिक नहुनुका तीन कारण औंल्याउँछन्। सरकारले आवश्यक ठानेरै त्यसबेला सुन तस्करीसम्बन्धी छानबिन समिति गठन गरेको र त्यसको प्रतिवेदन अपराध अनुसन्धानसँग समेत जोडिएको हुनाले गोप्य राखिएको हुन सक्ने उनले बताए। 'त्यसको गाम्भीर्य र संवेदनशीलता हेरेर नै बाहिर नल्याइएको हुन सक्छ। असल मनसायबाट सोच्ने हो भने यो सरकारको तजबिजीमा निर्भर रहन्छ,' उनले भने, 'तर, सरकारको कार्यशैली र आपराधिक पृष्ठभूमिका व्यक्तिलाई संरक्षण गर्ने प्रवृत्ति हेर्दा प्रतिवेदनले सुन तस्कर किटान गरेका व्यापारीलाई मौका पर्दा तह लगाउने अस्त्रका रूपमा प्रयोग गरिएको हो भन्ने शंका पनि गर्ने ठाउँ छ।' मैनालीले शंका गरेजस्तै छानबिन समितिको अनुसन्धान अघि बढ्दै जाँदा सत्ता र शक्तिनिकट रहेका कतिपय व्यापारी नै सुन तस्करीमा मुछिएपछि 'माथिको आदेशमा थप अनुसन्धान रोकिएको' स्रोत बताउँछ। त्यसपछि बीचमै प्रतिवेदन टुंग्याएर सरकारलाई हस्तान्तरण गरिएको थियो। त्यसपछि सरकारले नै प्रतिवेदन कार्यान्वयन गर्न नदिएको स्रोतले जनाएको छ।

दुबईबाट २०७४ माघ ९ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्म आएको तस्करीको करिब ३३ केजी सुन 'नाटकीय रूपमा हराएपछि' को प्रकरण छानबिन समिति गर्दा एक वर्षमा ३८ क्विन्टल सुन भित्रिएको पाइएको थियो। ३३ किलो सुन हराएको २ सातापछि २०७४ माघ २२ मा विमानस्थलमै सानु बन शंकास्पद रूपमा मृत भेटिएका थिए। विमानस्थलमै ट्र्याकरको चक्कामा परेर उनको मृत्यु भएको भनिए पनि बनको हत्या वा दुर्घटनामा मृत्यु भएको भन्ने विश्वस्त आधार खुल्न सकेन। तर उनी सुन ओसारपसारमा प्रयोग भएका भरिया रहेको अनुसन्धान समितिको प्रतिवेदनमा उल्लेख छ।

थाई एयरवेजका टेक्निसियनसमेत रहेका बन विदेशबाट विमानस्थलमा ल्याइएको सुन त्यहाँबाट बाहिरसम्म पुऱ्याउने काममा खटिने गरेको प्रतिवेदनमा उल्लेख गरिएको स्रोतले

> छानबिन समितिले कालिकास्थानस्थित सिल्भर सिटी अपार्टमेन्टका सञ्चालक विमल पोदारलाई पक्राउ गरेपछि अनुसन्धान नै रोकिएको थियो

जनाएको छ। एक महिनापछि २०७४ फागुन १८ मा ३३ केजी सुन तस्करीका मुख्य योजनाकार गोरे भनिने चूडामणि उप्रेतीको समूहले सुन गायब पारेको आरोपमा भरिया सनम शाक्यको हत्या गरेको थियो। त्यसको एक महिनापछि चैत १९ मा सहसचिव पौडेलको संयोजकत्वमा सरकारले सुन तस्करीसम्बन्धी छानबिन समिति गठन गरेको थियो। समिति गठन भएको १० दिनपछि चैत २९ मा काठमाडौंबाट प्रेमलाल चौधरी पक्राउ परे। नेपाल वायु सेवा निगमका लोडरसमेत रहेका उनीमाथि विमानस्थलबाट सुन ओसारपसारमा संलग्न रहेको आरोप थियो। उनलाई महानगरीय प्रहरी वृत्त सिंहदरबारमा हिरासतमा राखेर अनुसन्धान थालियो। तर, पक्राउ परेको भोलिपल्टै चौधरी प्रहरी हिरासत कक्षसँगै रहेको शौचालयमा मृत भेटिए। सुन तस्करीको भरियाका रूपमा पक्राउ परेका उनको मृत्यु पनि शंकास्पद बन्यो। यो प्रकरणमा अरू थुप्रै मानिस पक्राउ परेका थिए।

कहाँ गयो ३३ किलो सुन ?

हराएको भनिएको ३३ केजी सुन कसले लग्यो भन्ने खुल्न सकेको छैन। छानबिन समितिको प्रतिवेदनमा धरानका एमके अग्रवाल भनिने मोहनकुमार अग्रवाल सुन तस्करीका मुख्य लगानीकर्ता रहेको उल्लेख गरिएको छ। राप्रपा नेता भुजुङ गुरुङ, चूडामणि उप्रेती, रमेश उप्रेती, मोहन काफ्ले, छिरिङ वाङ्गेल घले, महावीर गोल्यान, विमल पोदारलगायतलाई तस्करीका योजनाकार भनिएको छ। उनीहरू सबै शक्ति केन्द्रसँग निकट व्यक्ति रहेको स्रोतले जनाएको छ। सुन तस्करीको अनुसन्धानमा संलग्न प्रहरीका अनुसार २०७० असार २६ गते बरामद ३५ केजी, २०७१ साउन र मंसिरमा बरामद क्रमशः २० केजी र २५ केजी, २०७४ भदौ १९ मा बरामद ८८ केजी, २०७३ चैत ४ मा विमानस्थलबाट बरामद २ लाख ८६ हजार डलरलगायतको तस्करीमा पनि पोदारको संलग्नता खुलाइएको थियो। पछिल्लो पटक ३३ केजीमा पनि पोदारको संलग्नता खुलाइयो। तर, उनीमाथि थप गहिरिएर अनुसन्धान नै गरिएन।

भारतीय नागरिक विनोदकुमार सोनी २०६९ असोज १९ मा सवा १ करोड रुपैयाँ बराबरका विदेशी मुद्रासहित दुबई उड्न लागेका बेला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे। अनुसन्धान गर्दै जाँदा उनी काठमाडौंमा सक्रिय सुन तस्करको सेटिङमा विदेशी मुद्रा लिएर दुबई उड्न लागेको खुल्यो। सोनीले प्रहरीसमक्ष विमल पोदार, मुरारीलाल जमालिया (गोयल) लगायतको योजनामा काम गरेको र आफू भरिया मात्रै भएको बताएका थिए। उनले किटान गरेका व्यक्तिले शक्ति केन्द्रसम्म पहुँच राख्छन्। छानबिन समितिले कालिकास्थानस्थित सिल्भर सिटी अपार्टमेन्टका सञ्चालकसमेत रहेका पोदारलाई पक्राउ गरेपछि अनुसन्धान नै रोकिएको थियो।

छानबिन प्रतिवेदनमा तस्करी रोक्न विमानस्थलको सुरक्षा व्यवस्थापनमा सुधारका साथै नाकामा एक्सरे मेसिन जडान गर्न सुझाव दिइएको थियो। थानकोटसहित तातोपानी, रसुवागढी, काँकडभिट्टालगायत नाकामा प्रविधिबाटै मानिस तथा सामान जाँच गर्ने व्यवस्था मिलाउन भनिएको थियो। सुन कारोबारलाई पारदर्शी बनाउन कोटा प्रणाली हटाउनुपर्ने, व्यापारीले खरिद गरेको सुनअनुसारको हिसाब यकिन गर्न प्रभावकारी कदम चाल्नुपर्नेलगायत सुझाव पनि दिइएका थिए। ती सुझाव कार्यान्वयन गरिएन। पूर्वसचिव मैनालीले छानबिन समिति गठन भएपछि आम नागरिकले विश्वास गर्ने गरी सरकारले जवाफ दिनुपर्ने बताए। '३३ केजी सुन हराएको केसमा अघि बढेको सुन तस्करीको छानबिन ३८ क्विन्टल सुन तस्करी भएको विषयसम्म पुग्यो तर त्यसमा संलग्न को थिए, सुन कहाँ गयो भन्ने खोइ त तथ्य र प्रमाण ?' उनले भने, 'यस विषयमा सरकारले नागरिकका जिज्ञासा विश्वस्त रूपमा निरूपण गर्नुपर्छ।' छानबिन समितिको प्रतिवेदन सार्वजनिक नहुनुका पछाडि 'घटना र तथ्य/प्रमाणलाई डिफ्युज गर्ने, आगामी दिनमा थप शंकास्पदमाथि असल मनसायले अनुसन्धान गर्ने वा कसैमाथि तह लगाउन/सौदाबाजीका लागि सूचना लिने' कारण रहेको अनुमान गरिएको छ।

गोरेसहित ६ जनालाई जन्मकैद

विनोद भण्डारी (विराटनगर)



चूडामणि उप्रेती (गोरे)

करिब ३३ किलो सुन तस्करी र सनम शाक्य हत्या मुद्दाका ६ जना प्रतिवादीलाई जिल्ला अदालत मोरङले जन्मकैद सजाय सुनाएको छ। न्यायाधीश भरत लम्सालको इजलासले मंगलबार ६ जनालाई जन्मकैद, एकलाई तीन वर्ष र अर्का एकलाई ६ महिनाको सजाय सुनाएको हो। अरू प्रतिवादीले भने सफाइ पाएका छन्।

मुख्य प्रतिवादी चूडामणि उप्रेती (गोरे), टेकराज मल्ल ठकुरी, लाक्पा शेर्पा, मोहन काफ्ले, नरेन्द्र कार्की र भोजराज भण्डारीलाई जन्मकैद सजाय भएको स्रेस्तेदार टिकेन्द्रवीरजंग राणाले बताए। हत्यामा संलग्न ठहरिएका राजन कुमारलाई तीन वर्ष र मदनप्रसाद घिमिरेलाई ६ महिना कैद तोकिएको छ। ७७ जनालाई प्रतिवादी बनाएर मोरङ प्रहरीले २०७५ वैशाख १९ गते आपराधिक समूह स्थापना गरी सञ्चालन गरेको, सुनको अवैध कारोबार गरेको, अपहरण, शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतमा अभियोगपत्र दर्ता गरेको थियो। १७ अर्ब १ करोड ८० लाख ७१ हजार ४ सय १३ रुपैयाँ ९० पैसा बिगोसमेत माग गरिएको थियो।

प्रतिवादीमध्ये २१ जना फरार छन्। तिनका नाममा इजलासले मुद्दालाई मुल्तबीमा राखेको छ। बाँकी प्रतिवादीको कुनै कसुर पुष्टि नभएकाले सफाइ दिइएको स्रेस्तेदार राणाले बताए। तस्करलाई सघाएको र अपराधी भगाउन सहयोग गरेको भन्दै पूर्वडीआईजी गोविन्दप्रसाद निरौला, तत्कालीन एसएसपी श्यामबहादुर खत्री, हालका डीआईजी दिवेश लोहनी, एसपी विकासराज खनाल, डीएसपीद्वय सञ्जयबहादुर राउत र प्रजित केसी, सई बालकृष्ण सञ्जेल र जवान सञ्जीव शाक्यलाई प्रतिवादी बनाइएको थियो। खत्री र राउतबाहेक अरू उच्च अदालत विराटनगरको आदेशमा तारिखमा छुटेका थिए।

महानगरीय प्रहरी अपराध महाशाखाबाट खटिएका तत्कालीन डीएसपी प्रजित केसी र सई बालकृष्ण सञ्जेलको टोलीले २०७४ फागुन १९ गते बा१२च ५९६३ नम्बर स्कारपियो गाडीको सिटमुनि लुकाएर राखेको अवस्थामा शाक्यको शवसहित ३ जनालाई विराटनगर महानगर-३ कन्यामार्गबाट नियन्त्रणमा लिएर मोरङ प्रहरीलाई बुझाएको थियो।

प्रहरीका अनुसार २०७४ माघ ९ गते दुबईबाट भित्रिएको करिब ३३ किलो सुन भारत लैजाने योजनाअनुसार शाक्यले भद्रपुर पुऱ्याएपछि समूहसँग सम्पर्कविहीन भएका थिए। उप्रेती (गोरे) सहित काभ्रेका टेकराज मल्ल ठकुरी, उर्लाबारीका नरेन्द्र कार्की र मोहन काफ्लेले नियन्त्रणमा लिएर करेन्ट लगाएर यातना दिने क्रममा शाक्यको मृत्यु भएको प्रहरीको ठहर थियो। प्रतिवादीमध्ये सुरेन्द्र गौतम, रुस्तम मियाँ, रोहित आचार्य, टुकबहादुर मगर, मरिन तामाङ, मोहनकुमार अग्रवाल, सुनीलकुमार अग्रवाल, कृष्णगोपाल अग्रवाल, रमेश उप्रेती, कमल कार्की, मणिराज चौलागाईं, शिवकुमार गुवाजु, अर्जुनप्रसाद खरेल, प्रयास पराजुली, सञ्जय अधिकारी, समीर अधिकारी, माधव आचार्य, अभिप्रकाश नेवार, रक्षा भण्डारी र सन्दीप खड्का फरार रहेको अदालतले जनाएको छ।

रेमिट्यान्स घट्दै, सुन तस्करी बढ्दै

विगतमा अवैधानिक प्रणालीबाट धेरै सुन भित्रिँदा बैंकहरूले आयात गरेको सुन 'स्टक' मै थन्किन्थ्यो । यसपाला रेमिट्यान्समा कमी आउनुका साथै अवैध सुन भित्रिएका घटना बढिरहे पनि वैध सुनको बजार प्रभावित भएको देखिँदैन

जनकराज सापकोटा र **यज्ञ बञ्जाडे** (काठमाडौं)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा असोज ४-१३ सम्मका १० दिनमा मात्रै अवैध सुन बरामदका ६ घटनामा ५ जना पक्राउ परे। उनीहरू सबै जना मलेसिया र दुबईबाट फर्केका प्रवासी नेपाली श्रमिक थिए। प्रहरीले ५ जनाबाट १ किलो ५ सय ९९ ग्राम सुन बरामद गरेको थियो, जसको बजार मूल्य १ करोड २१ लाख ८८ हजार रुपैयाँभन्दा धेरै थियो। साउनयता मात्रै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध सुन ओसारपसारका घटनामा १७ जना पक्राउ परिसकेका छन्। उनीहरू सबैको साथबाट ५ करोड ५९ लाख रुपैयाँभन्दा बढी बजार मूल्यको साढे सात किलोभन्दा धेरै सुन बरामद गरिएको थियो।

कोरोना महामारीका कारण महिनौं बन्द भएको अन्तर्राष्ट्रिय उडान खुलेसँगै कतार, दुबई र मलेसियाजस्ता मुख्य श्रम गन्तव्यबाट आउने श्रमिक अवैध सुन तस्करीको आरोपमा पक्राउ परेको घटना नौलो होइन। नेपाल राष्ट्र बैंकले रेमिट्यान्स प्रवाहमा कमी आएको बताइरहेको र बैंकहरूले आयात गरेको सुन धमाधम बिक्री भइरहेको परिदृश्यमा सुन तस्करीका घटनाहरू सार्वजनिक हुनु भने सामान्य संयोग मात्रै होइन। विगतमा अवैधानिक प्रणालीबाट धेरै सुन भित्रिँदा बैंकहरूले आयात गरेको सुन बिक्री नभएर 'स्टक' मै थन्किने गरेको थियो। तर यसपाला रेमिट्यान्समा कमी र अवैध सुन भित्रिएका घटनामा बढी भइरहेका बेला पनि वैध सुनको बजार प्रभावित भएको देखिँदैन।

राष्ट्र बैंकले सार्वजनिक गर्ने मासिक तथ्यांक केलाउँदा रेमिट्यान्स आप्रवाह र सुनको आयातबीच प्रत्यक्ष सम्बन्ध देखिन्छ। अवैधानिक रूपमा धेरै सुन भित्रिएका दिनमा रेमिट्यान्स आप्रवाह घट्ने र यस्ता घटनामा कमी आएका बेला रेमिट्यान्स आप्रवाहमा सुधार हुने गरेको पाइन्छ। गत जेठ र साउनमा औसतभन्दा कम रेमिट्यान्स भित्रियो। त्यसअघि निषेधाज्ञाका बेला भने रेमिट्यान्स बढेको थियो। राष्ट्र बैंकका अनुसार गत साउनमा ७५ अर्ब ९६ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो। यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.१ प्रतिशतले कम हो। भदौमा अवैध सुन तस्करीका चार घटनामा चार जना पक्राउ परे। उनीहरूबाट प्रहरीले ४ किलो ३ सय ३० ग्राम अवैध सुन बरामद गऱ्यो, जसको बजार मूल्य झन्डै तीन करोड रुपैयाँ हुन्छ। पक्राउ परेपछि मात्रै ती चार घटना सार्वजनिक भए पनि पक्राउ नपरेका अरु कैयौं घटना पनि हुन सक्ने सुरक्षा अधिकारीहरू बताउँछन्। राष्ट्र बैंककै अधिकारीहरू हुन्डी कारोबारीको व्यापकता र सुनलगायत बहुमूल्य धातुको अवैध कारोबारको असर रेमिट्यान्समा पर्न थालेको विश्लेषण सुनाउँछन्।

अवैधानिक रूपमा सुनको कारोबार बढ्न थालेपछि रेमिट्यान्स आप्रवाह प्रभावित हुने (घट्ने) देखिएको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले बताए। 'सुनको अवैधानिक कारोबार बढ्नु मात्रै रेमिट्यान्स घट्नुको कारण त होइन, एक महत्त्वपूर्ण कारण भने हो,' उनले भने। रोजगारीका लागि विदेश गएका नेपालीले घर फर्किंदा सुनलगायत बहुमूल्य जिन्सी पनि साथै लिएर आउने भएकाले त्यति बेला रेमिट्यान्स घट्ने गरेको उनको भनाइ छ। 'यही क्रममा केही हदसम्म सुनको अवैध कारोबार भएको पनि सुन्न पाइन्छ,' उनले भने, 'यसको अर्थ सुनको अवैध कारोबार र रेमिट्यान्स आप्रवाहको उल्टो सम्बन्ध देखिन्छ।'

राष्ट्र बैंकले मुलुकको कुल जनसंख्या र उनीहरूले गर्ने मागलाई आधार बनाएर सुन आयातका सीमा (कोटा) निर्धारण गरिदिन्छ। 'यस्तो सीमा प्रायः मागभन्दा कम हुन्छ। त्यसैले बजार माग पूर्तिका लागि पनि अवैधानिक प्रणालीबाट सुन आयात हुने गरेको पाइन्छ,' थापाले भने। अवैध सुन बरामदबाट घटना केलाउँदा पनि पूर्वकार्यकारी निर्देशक थापाको भनाइ पुष्टि हुन्छ।

प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष ०७३/७४ यताका ५ वर्ष २ महिनामा ३ सय ८२ किलो अवैध सुन बरामद भएको छ। यसको औसत बजार मूल्य नै ३१ अर्ब ५२ करोड ६१ लाखभन्दा धेरै हुन्छ, जुन गत साउनमा वैधरूपमा भित्रिएको रेमिट्यान्सको झन्डै आधा रकम हो। आर्थिक वर्ष ०७३/७४ मा ६४ किलो र ०७४/७५ मा २ सय किलो अवैध तरिकाले सुन भित्रिएको थियो। ०७५/७४ मा ५१ किलो र ०७६/७७ मा ३० किलो सुन बरामद गरिएको थियो। ०७७/७८ मा ३२ किलो अवैध सुन बरामद गरिएको थियो, जसमा ३१ किलो सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्रै नियन्त्रणमा लिइएको हो। चालु आर्थिक वर्षका दुई महिनामै ५ किलो अवैध सुन बरामद भएको छ।

नेपालमा वाणिज्य बैंकले मात्र सुन आयात गर्न पाउने कानुनी व्यवस्था छ। हाल सञ्चालनमा रहेका २७ वाणिज्य बैंकमध्ये २३ वटाले सुन आयातका लागि राष्ट्र बैंकबाट अनुमति लिएका छन्। ती बैंकले आलोपालो दिनमा २० किलोका दरले सुन आयात गर्दै आएका छन्। यसको व्यवस्थापन बैंकर्स संघले गर्छ। यही व्यवस्थाअनुसार गत आर्थिक वर्षमा बैंकहरूले ३ हजार ९ सय किलो सुन आयात गरेका थिए, जसमध्ये ३ हजार ७ सय २६ किलो सुन बिक्री भइसकेको बैंकर्स संघले जनाएको छ। आर्थिक वर्ष ०७६/७७ मा २ हजार ४ सय किलो सुन आयात गरिएको थियो। चालु आर्थिक वर्षका साउन र भदौमा गरी बैंकहरूले १ हजार १ सय किलो सुन आयात गरेको संघको तथ्यांक छ। त्यसमध्ये करिब १ सय १० किलो सुन मात्र बाँकी छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्य सरकारले दिनमा २० किलोका दरले सुन आयात गर्ने कोटा निर्धारण गरे पनि चाडबाडका बेला ३५ देखि ४० किलोसम्म सुनको माग भइरहेको सुनाए। उनले भने, 'सुनको माग बढेको बढ्यै छ तर बेच्नेहरूले सुन पाउनै सकिरहेका छैनन्।' यस्तो परिस्थितिले सुनको अवैध बजार फस्टाउने जोखिम रहने उनको ठम्याइ छ। कोरोना महामारीको असरले विदेशबाट उडान नियमित नहुँदा पनि सुन बजारमा असर परिरहेको शाक्यले बताए। विदेशबाट फर्किने नेपालीले आफ्नो उपयोगका लागि सुनका गरगहना र बढीमा ५० ग्रामसम्म सुन ल्याउन पाउने कानुनी व्यवस्था छ। 'विदेशबाट आउने यात्रुले वैधरूपमा ल्याउन पाउने सुन पनि अहिले रोकिएको छ। त्यसैले पनि बजारमा सुनको माग धान्ने नसकिने भएको छ,' शाक्यले भने।

कोरोना संक्रमण सुरु भएपछि सरकारले २०७६ चैत पहिलो सातादेखि विदेशी नागरिकलाई अनअराइभल भिसामा रोक लगाएको थियो, जसलाई गत असोज ७ मा मात्रै फुकुवा गऱ्यो। यस बीचमा अन्तर्राष्ट्रिय उडानबाट आउने विदेशी यात्रु अवैध सुनसहित पक्राउ परेका घटना छैनन्। तर अन्तर्राष्ट्रिय यात्रुका निम्ति उडान खुलेसँगै सानो परिणाममा अवैध सुन बोकेर आउने नेपाली एकपछि अर्को गर्दै पक्राउ परिरहेका छन्। जस्तो कि, असोज १० मा प्रहरीले १ सय ४८.५ ग्राम सुनको ३ थान बालासहित भक्तपुर दुवाकोट बस्ने ३३ वर्षीय समुन्द्र दंगाल र बूढानीलकण्ठ बस्ने ४३ वर्षीय सन्तवीर राईलाई विमानस्थलको ट्याक्सी पार्किङ एरियाबाट पक्राउ गऱ्यो। सिंगापुर एअरलाइन्सको उडानबाट काठमाडौं आएका दंगाल पक्राउ परेपछि उनलाई सुन ओसार्न राईले पनि सहयोग गरेको खुलेको थियो। प्रहरीको प्रारम्भिक बयानमा दंगाल भरिया मात्रै भएको खुल्यो।

नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल संगठित सुन तस्करीका घटना कमी आएजस्तो देखिए पनि एक वा अनेक स्वरूपमा अन्तरदेशीय सुन तस्करी कहिल्यै नरोकिने बताउँछन्। उनले यस्ता तर्कका पछाडि नेपाल र भारतको बजारमा सुनको माग र वैध आयातबीच देखिएको खाडललाई कारण देख्छन्। उनले भने, 'भारतमा पनि सुनको मागभन्दा निकै थोरै वैध आयात छ। नेपालमा पनि यस्तै छ।' उनले अवैध सुन ओसारपसारलाई रेमिट्यान्स, अन्तरदेशीय लागूऔषध कारोबार र हुन्डीको कारोबारसँग जोडेर हेर्नुपर्ने बताए। 'रेमिट्यान्स घट्दा अवैध सुन तस्करी बढ्ने वा लागूऔषधको कारोबार बढेका बेला सुनमार्फत त्यसको भुक्तानी दिने हुनाले अवैध सुन तस्करी हुने गरेको देखिन्छ,' उनले भने।

नेपाल रेमिटर्स एसोसिएसनका उपाध्यक्ष चन्द्र टण्डन निषेधाज्ञा खुकुलो भएसँगै मानिसको ओहोरदोहोर पनि बढेकाले सुनका गरगहनाका ल्याउने क्रम वृद्धि भएको र हुन्डीलगायत गैरकानुनी माध्यमको चहलपहल बढेको हुन सक्ने बताउँछन्। उनले भने, 'दसैंका बेला भएकाले रेमिट्यान्स आप्रवाह बढ्नुपर्ने हो। तर यो वर्ष त्यस्तो उत्साह देखिएको छैन।' पूर्वअर्थसचिव रामेश्वर खनाल सामान्य अवस्थामा कम रेमिट्यान्स भित्रिनुलाई प्रवृत्तिकै रूपमा अर्थ्याउँछन्। 'केही रेमिट्यान्स कम्पनीहरूले नै विदेशी मुद्रा बाहिरै राख्ने र अरू स्रोतबाट सम्बन्धित घरपरिवारलाई पैसा दिने गरेको देखिएको छ,' उनले भने, 'त्यो रकम सुनलगायत धातुको अवैध कारोबारमा उपयोग भएको हुन सक्छ।' यही कारण बैंक तथा वित्तीय संस्थामा निक्षेप घट्ने गरेको छ। बैंकमा अहिले निक्षेप बढ्न नसक्नुको एक कारण यो पनि हुन सक्ने उनले बताए।

पूर्वअर्थसचिव खनालको बुझाईमा तुलनात्मक रूपमा सुनमा गरिएको लगानी सुरक्षित हुने भएकाले लगानीकर्ताको आकर्षण बढेको देखिन्छ। 'लगानीका अरू विकल्प कम भएको र आर्थिक संकटको समयमा सुनमा लगानी बढेको देखिन्छ,' उनले भने, 'सुनमा भएको लगानी तरल हुने भएकाले सुरक्षित मानिन्छ।' केही महिनाअघिसम्म नेपालको सेयर बजार बढिरहेको समयमा सुनको अवैधानिक कारोबारको चर्चा कम हुने गर्थ्यो। पछिल्ला महिनामा सेयर बजार घट्दो क्रममा रहेकाले लगानीकर्ताको आकर्षण सुनतिर बढेको खनालले बताए।

कहिले कति सुन भित्रियो ?

	वैध आयात	बरामद
२०७५/७६	७४५० किलो	५१ किलो
२०७६/७७	२४०० किलो	३० किलो
२०७७/७८	३९०० किलो	३२ किलो

> केही रेमिट्यान्स कम्पनीले नै विदेशी मुद्रा बाहिरै राख्ने र अरू स्रोतबाट सम्बन्धित घरपरिवारलाई पैसा दिने गरेको देखिएको छ । त्यो रकम सुनलगायत धातुको अवैध कारोबारमा उपयोग भएको हुन सक्छ ।
>
> – **रामेश्वर खनाल**, पूर्वअर्थसचिव

शोधनान्तर घाटा, विदेशी मुद्रा सञ्चितिमा असर

मुलुकमा विदेशी मुद्रामा हुने खर्च र आम्दानीको अवस्था देखाउने शोधनान्तर स्थिति गत साउनमा ३८ अर्ब ७५ करोड रुपैयाँले ऋणात्मक रह्यो। यसलाई धेरैले रेमिट्यान्स आप्रवाहनमा आएको कमीसँग जोडेर विश्लेषण गरे। विगतका वर्षहरूमा आयात कम थियो। आयातमार्फत बाहिरनेभन्दा रेमिट्यान्समार्फत भित्रिने विदेशी मुद्रा धेरै हुन्थ्यो। यसकारण मुलुकमा विदेशी मुद्रा सञ्चितिमा धेरै चाप पर्दैन थियो। पछिल्ला वर्षमा परिस्थिति बदलिएको छ।

रेमिट्यान्स घट्दो क्रममा छ भने आयात उच्च गतिले बढिरहेको छ। जसका कारण रेमिट्यान्सले आयातमार्फत बाहिरिएको विदेशी मुद्राको क्षतिपूर्ति गर्न सक्ने अवस्था छैन। यही कारण शोधानान्तर घाटामा गएको छ भने विदेशी मुद्रा सञ्चिति घट्दो छ। राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार गत असारको तुलनामा साउनमा विदेशी मुद्रा सञ्चिति करिब ४५ अर्ब रुपैयाँ (३३ करोड अमेरिकी डलर) ले घटेको छ। यो क्रम जारी छ। अपेक्षित रूपमा रेमिट्यान्स नआएको तर आयात बढिरहेको हुनाले भदौमा पनि विदेशी मुद्रा सञ्चिति धेरै घट्ने र शोधनान्तर घाटा बढ्ने प्रक्षेपण राष्ट्र बैंकका अधिकारीहरूको छ।

विधेयक फिर्ता लिएर संसद् अधिवेशन अन्त्य गर्ने तयारी

मकर श्रेष्ठ (काठमाडौं)

सरकारले संसद्मा विचाराधीन केही विधेयक फिर्ता लिएर अधिवेशन अन्त्य गर्ने तयारी गरेको छ। कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय स्रोतका अनुसार सरकारले रेलसम्बन्धी विधेयक, संघीय निजामती सेवा विधेयक, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक र फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक फिर्ता लिन संसद् सचिवालयमा र आन्तरिक छलफल गरिरहेको छ। 'संसद्मा विचाराधीन विधेयकसँगै मिल्ने अध्यादेश ल्याउँदा आलोचना हुने भएपछि विधेयक नै फिर्ता गर्ने पहल चलिरहेको छ,' स्रोतले भन्यो।

> रेल, संघीय निजामती सेवा, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने र फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक फिर्ता लिएर अध्यादेश जारी गर्ने गृहकार्य

सरकारले फिर्ता गर्न चाहेको रेल विधेयक राष्ट्रिय सभाबाट र निजमती विधेयक प्रतिनिधिसभाको समितिबाट पारित भइसकेका छन्। प्रतिनिधिसभामा अहिले प्रमुख प्रतिपक्ष एमालेको अवरोध जारी रहेको र संसद्को हिउँदे अधिवेशन पुसपछि मात्रै हुने भएकाले तत्काललाई कानुनी शून्यता हटाउन सरकारले अध्यादेश ल्याउन चाहेको स्रोतले जनाएको छ। 'विधेयक फिर्ताका विषयमा संसद् सचिवालयमा एक चरण छलफल भइसक्यो। सरकारले कुन-कुन विधेयक फिर्ता लिने भनेर निर्णय गर्न बाँकी छ,' कानुन मन्त्रालय स्रोतले भन्यो।

कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मंगलबार प्रतिनिधिसभा बैठक सुरु हुनुअघि सभामुख अग्निप्रसाद सापकोटालाई भेटेर विधेयक फिर्ता लिन सकिने विषयमा अनौपचारिक जानकारी गराएका छन्। प्रतिनिधिसभाको अर्को बैठक २२ गतेलाई तय गरिएको छ भने राष्ट्रिय सभाको बैठक असोज २४ का लागि तोकिएको छ। संसद् बैठक चलिरहे पनि बिजनेस शून्य छ। प्रमुख प्रतिपक्ष एमालेका सांसदले सभामुखको भूमिकामाथि प्रश्न उठाउँदै बैठक सुरु हुनेबित्तिकै अवरुद्ध गर्दै आएका छन्। मंगलबारको बैठक ८ मिनेटमात्रै चलेको थियो।

कानुनमन्त्री कार्कीले प्रधानमन्त्रीका तर्फबाट दलित आयोगको प्रतिवेदन बुझाएपछि बैठक स्थगित भएको थियो। यसअघि असोज ११ मा ६ मिनेट र असोज १४ मा ९ मिनेट बैठक चलेको थियो। संसद्को नवौं अधिवेशन भदौ २३ देखि जारी छ। सुरुदेखि नै जारी एमालेको विरोधबीच सरकारले बजेटसम्बन्धी तीनवटा विधेयक भने पारित गरिसकेको छ।

सरकारले फिर्ता लिन चाहेको रेल विधेयक राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामा सन्देशसहित टेबुल भइसकेको छ। कानुन अभावमा रेल सञ्चालन र कर्मचारी नियुक्ति हुन नसकेपछि सरकारले यसअघि पनि अध्यादेश ल्याएको थियो।

सरकारले विधेयक फिर्ता लिएर पुनः अध्यादेशको बाटो रोज्न लागेको हो। सरकारले फिर्ता लिन चाहेको संघीय निजामती सेवा विधेयक संसद्मा अड्किँदा कर्मचारी व्यवस्थापन गर्न नसकेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ। एसिडपीडितलाई न्याय दिने र आक्रमणकारीलाई कडा सजाय तोकिएको विधेयक पनि संसद्मा रोकिएपछि विधेयक नै फिर्ता लिएर पुनः अध्यादेश ल्याउन सरकारले कसरत गरेको हो।

फिर्ता कसरी हुन्छ ?

प्रतिनिधिसभा नियमावलीको नियम १२१ मा सरकारले विधेयक फिर्ता लिन सक्ने प्रावधान छ। नियमावलीअनुसार सरकारले संसद्मा पेस गरेको विधेयक फिर्ता लिन अनुमति माग्ने प्रस्ताव पेस गर्न चाहे एक दिनअगावै संसद्मा सूचना दिनुपर्ने हुन्छ।

विधेयक संसदीय समितिमा विचाराधीन रहेको अवस्थामा सरकारले फिर्ता लिने प्रस्ताव प्रस्तुत भए समितिले बैठकमा प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ। संसद्मा विचाराधीन विधेयक फिर्ताका लागि सरकारले सभामुखको अनुमति लिएर प्रस्ताव पेस गर्नुपर्ने हुन्छ। विधेयकलाई फिर्ता लिने प्रस्तावको कुनै सांसदले विरोध गरे प्रस्ताव गर्ने तथा विरोध गर्ने सदस्यलाई सभामुखले संक्षिप्त वक्तव्यका लागि अनुमति दिनुपर्ने हुन्छ। त्यसपछि सभामुखले प्रस्तावलाई निर्णयार्थ पेस गर्नेछन्। संसद्मा दर्तामात्रै भएको विधेयकका हकमा सदनमा निर्णयार्थ पेस गरिरहनु पर्दैन। राष्ट्रिय सभामा उत्पत्ति भएको रेल विधेयक प्रतिनिधिसभामा विचाराधीन अवस्थाको विधेयक फिर्ता लिन राष्ट्रिय सभाको सहमति लिनुपर्ने हुन्छ।

छोटकरी

महिला बन्धक बनाएको आरोपमा २ पक्राउ

काठमाडौं (कास)- अपहरण गरी बन्धक बनाएको आरोपमा प्रहरीले २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भक्तपुर मध्यपुर थिमि-६ का ३७ वर्षीय धिरोज श्रेष्ठ र चाँगुनारायण-१ सरस्वतीखेलकी २९ वर्षीया रसिला अवाल छन् । उनीहरूविरुद्ध चन्द्रागिरि-३ थानकोटकी एक महिलालाई डरत्रास देखाई बन्धक बनाएको आरोप छ । महानगरीय अपराध महाशाखाले पीडित महिलालाई बन्धक बनाई राखेको रसिलाको घरबाटै उद्धार गरेको हो । लेनदेनको विषयमा विवाद हुँदा महिलालाई बन्धक बनाएको खुलेको महाशाखा प्रमुख एसएसपी चन्द्र कुवेर खापुडले बताए । उनीहरूविरुद्ध जिल्ला अदालत काठमाडौंबाट ५ दिनको म्याद थप गरी थप अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर टेकु पठाइएको छ ।

रेलिङमा ठोक्किएर मोटरसाइकल चालकको मृत्यु

भक्तपुर (कास)- मध्यपुर थिमि-३ कौशलटारस्थित सडकको रेलिङमा ठोक्किएर मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । प्रहरीका अनुसार सोमबार राति भक्तपुरबाट काठमाडौंतर्फ जाँदै गरेको ना३२प ६६७३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई रेलिङमा ठोक्किएको हो । मृत्यु हुनेमा पर्सा वीरगन्ज-२० घर भई भक्तपुर बस्ने ३० वर्षीय लोकनाथ ठाकुर छन् । घाइते ठाकुरको उपचारका क्रममा भक्तपुर इन्टरनेसनल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकलमा सवार वीरगन्ज घर भई इलाका प्रहरी कार्यालय चन्द्रनिगापुर रौतहटमा कार्यरत प्रहरी हवल्दार सियाराम सिंह घाइते भएका छन् ।

३ दिनपछि खुल्यो यातायात

नुवाकोट (कास)- तीन दिनपछि नुवाकोट र रसुवामा सार्वजनिक यातायात सञ्चालन भएका छन् । मंगलबार यातायात व्यवसायी र सरोकारवाला निकायबीच सहमति भएपछि यातायात सञ्चालन गरिएको हो । वाग्मती प्रदेश सरकारलाई जिल्लाका सबै जनप्रतिनिधि तथा राजनीतिक दल, स्थानीय प्रशासनलगायत सरोकारवालाले भाडासम्बन्धी चाँडो न्यायोचित सम्बोधन गर्न आवश्यक पहल गर्ने सहमति भएको पासाङ ल्हामु बस व्यवसायी समितिका अध्यक्ष कुलबहादुर खड्गीले बताए । भाडादर बढाउनुपर्ने माग गर्दै पासाङ ल्हामु, केरुङ, टिमुरे, माइक्रोबस व्यवसायीहरूले आइतबारदेखि सार्वजनिक यातायात बन्द गराएका थिए ।

हत्याको आरोपमा पक्राउ

काठमाडौं (कास)- मोरङ विराटनगर घर भई बूढानीलकण्ठ नगरपालिका-८ भंगाल बस्ने ३० वर्षीय राज खड्काको चक्कु प्रहार गरी हत्या गरेको आरोपमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा ताप्लेजुङ घर भई बूढानीलकण्ठ बस्ने ३५ वर्षीय प्रदीप लिम्बू छन् । लिम्बूले खड्कालाई सोमबार चक्कु प्रहार गरी घाइते बनाएको र उपचारका क्रममा करुणा अस्पताल चुनिखेलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

जनगणनामा छुटेकालाई मौका

काठमाडौं (कास)- केन्द्रीय तथ्यांक विभागले राष्ट्रिय जनगणनाको पहिलो चरणअन्तर्गत घर तथा घरपरिवार सूचीकरणमा छुटेकालाई पुनः मौका दिएको छ । त्यसका निम्ति विभागको टोल फ्रि नम्बर वा वेबसाइटमा आफ्नो घर ठेगाना दिन विभागले भनेको छ । गत भदौ ३० गते सुरु भएको घर तथा घरपरिवार सूचीकरण कार्य सोमबार सकिएको छ । विभागले मंगलबार विज्ञप्ति जारी गर्दै 'यस चरणमा कुनै परिवार छुटेको भए विभागको टोल फ्रि नम्बर ११७८ मा फोन गर्न वा वेबसाइटको लिंक प्रयोग गरी आफ्नो घरठेगानाको जानकारी दिन' अनुरोध गरेको हो । आगामी कात्तिक २५-मंसिर ९ मा सम्पन्न हुने मूल जनगणनामा सबैको सहभागिताका निम्तिसमेत विभागले आह्वान गरेको छ ।

प्रकृति कोष अध्यक्षमा कार्की

काठमाडौं (कास)- सरकारले राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा डा. माधवबहादुर कार्कीलाई नियुक्त गरेको छ । प्राकृतिक स्रोत र वातावरण विषयमा विज्ञ कार्कीले बुधबार पदभार ग्रहण गर्दै छन् । गत शुक्रबारको मन्त्रिपरिषद् बैठकले अघिल्लो सरकारबाट नियुक्त डा. कृष्णप्रसाद ओलीलाई हटाएर कार्कीलाई अध्यक्ष नियुक्त गरेको हो । कार्कीले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) मा उपमहानिर्देशकका रूपमा समेत काम गरेका थिए । स्रोतका अनुसार प्रधानमन्त्री तथा एनटीएनसीका संरक्षक शेरबहादुर देउवाको प्रस्तावमा उनलाई अध्यक्ष नियुक्त गरिएको हो । विगतमा वन तथा वातावरणमन्त्री नै एनटीएनसीको अध्यक्ष रहने व्यवस्था भए पनि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्री रहेका प्रेमबहादुर आलेलाई त्यो जिम्मेवारी दिएका थिएनन् । ओलीले नाताले काका पर्ने कृष्णप्रसाद ओलीलाई अध्यक्ष बनाएका थिए ।

कोषमा वन तथा वातावरण सचिव डा.पेमनारायण कँडेल, पर्यटन सचिव यादवप्रसाद कोइराला, अर्थसचिव मधुकुमार मरासिनीसहित शम्भुप्रसाद दंगाल, शुभनारायण महतो, डा.विजयकुमार सिंह दनुवार, मीनाकुमारी न्यौपाने, स्वाती थापा र रेखा घिमिरे तथा दुई विदेशी नागरिक सदस्य छन् ।

दसैंमा टीकासँगै लगाइने जमराका लागि जौ, मकैलगायत अनाज बिक्री गर्दै राजधानी काठमाडौंस्थित असनका व्यापारी । घटस्थापनाका दिन जमरा राखिन्छ । तस्बिर : इलिट जोशी/कान्तिपुर

घट्दै छ पानीको सतह, छैन पुनर्भरणमा गम्भीरता

भूमिगत स्रोत सकेजति दोहन गरेर पानी पुनः जमिनमा फर्किने व्यवस्था नगर्दा काठमाडौंमा सतह गयो मुन्तिर

सीमा तामाङ (काठमाडौं)

शंखमूलकी ज्योति श्रेष्ठले १२ वर्षदेखि भूमिगत पानी प्रयोग गरिरहेकी छन् । उनको घर परिसरको भूमिगत पानीको स्रोत बहालमा बस्ने थप चार परिवारले पनि चलाउँछन् । धारामा पानी आउने/नआउने भर हुन्न । त्यसैले पाँच परिवारले भूमिगत स्रोतबाट दैनिक कति पानी तानेर चलाउँछन् भन्ने हिसाब कसैले राखेको छैन । 'वर्षायाममा पानीको समस्या हुँदैन, जति पनि पुग्छ,' उनले भनिन्, 'हिउँदमा ट्यांकरको पानी किनेर चलाउँछौं ।' उनको घरमा आकाशे पानी संकलनको जोहो पनि छ तर भूमिगत स्रोतबाट निकालेर चलाइने पानी पुनः जमिनमै भने फर्कन पाउँदैन । काठमाडौंमा यस्तो शंखमूलको एउटा घरमा मात्रै होइन, धेरै परिवार भूमिगत स्रोतमा भर परेका छन् ।

वर्षाको पानी होस् वा जमिनमुनिबाट बोरिङ गरेर झिकिने पानी, प्रयोगपछि त्यसले जमिनमै तल जान पाउनुपर्छ । पुनर्भरणको प्रक्रिया बाँधित भए प्रकृतिको चक्रमै असर गर्छ । तर बर्सेनि घर, भवन थपिएको राजधानीमा पानी जसरी हुन्छ चलाउने, अत्यधिक चलाउने प्रवृत्ति छ, पुनर्भरणको चिन्ता कसैलाई छैन । काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका अनुसार श्रेष्ठको घरमा जस्तै उपत्यकामा एक हजारभन्दा बढी ट्युबवेल छन् । त्यसमध्ये ७५ प्रतिशत ट्युबवेल लाइसेन्स प्रणालीमा आइसकेको छ भने बाँकी ल्याउने प्रयास भइरहेको बोर्डका हाइड्रोलोजिस्ट अनुज खनालले बताए । सन् २०१८/१९ मा गरिएको एक अध्ययनले उपत्यकामा दैनिक १ करोड १४ लाख लिटर पानी दोहन भइरहेको देखाएको छ ।

'उपत्यकामा भूमिगत पानीको दोहन भइरहेको छ र पानीको सतह पनि घट्दै गएको छ,' उनले भने, 'तर, कुन ठाउँमा कति मिटर पानी घटेको छ भन्ने जाँच नगरी भन्न सकिँदैन । कुनै ठाउँमा पानीको सतह जस्ताको तस्तै छ, केही ठाउँमा पानी घटेको छ ।' विभिन्न अध्ययनले भूमिगत पानीको सतह घटेको औंल्याए पनि किन घट्दै छ, के-कस्ता समस्या आउँछ, कसरी समाधान गर्ने भन्ने विषयमा बोर्डले अहिले अध्ययन गरिरहेको उनले जानकारी दिए । 'अबको अध्ययनले कुन ठाउँमा कति पानी घटेको छ, कस्ता समस्या आउँछन्, कसरी समाधान गर्ने सबै निष्कर्षसहित आउँछ,' उनले भने ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) को पनि ८० वटा ट्युबवेल सञ्चालनमा छन् । उपत्यकामा मात्र पानीको दैनिक माग ४३ करोड लिटर छ । माग धान्नकै लागि पनि ट्युबवेलको सहारा पनि लिइरहेको केयूकेलले दैनिक १३ देखि १४ करोड लिटर पानी वितरण गरिरहेको छ । केयूकेएलका प्रवक्ता प्रकाश राईका अनुसार वर्षायाममा ३० प्रतिशत र हिउँदमा ४५ प्रतिशत भूमिगत पानी दोहन गरी धारामा पुऱ्याइन्छ । केयूकेएलका बाहेक पनि उपत्यकाभरि थुप्रै ट्युबवेल प्रयोगमा रहेकाले दैनिक १ करोड १४ लाख लिटर भूमिगत पानीको दोहन भइरहेको छ । ट्युबवेललगायत कारणले काठमाडौंको जमिनमुनिको पानीको सतह क्रमशः घट्दै गएको भन्दै महानगरले 'रिचार्ज काठमाडौं' कार्यक्रम अघि सारेको थियो । आकाशेपानी संकलन गर्दै भूमिगत पानीको सतह सन्तुलन कायम गर्नका लागि निकै प्रभावकारी मानिन्छ । उपत्यकामा भूमिगत पानी तान्ने तर पुनर्भरण कहिल्यै नगर्ने भएकाले काठमाडौं महानगरपालिकाले योजना अघि सारेको ४ वर्ष भयो । महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले आफ्नो कार्यकाल सुरुआतमै उक्त योजना अघि सारेका थिए । त्यही योजनाअनुसार बजेट छुट्याए पनि महानगरले काम गर्न सकेको छैन ।

शाक्यको कार्यकाल अन्तिम वर्षसम्म आइपुग्दा गोंगबु आवास क्षेत्रभित्रको डबली र डबलीसँगैको नर्सरीमा मात्र यो प्रणाली जडान गरेर सञ्चालनमा ल्याइएको छ । शाक्यले गत शुक्रबार नक्सालस्थित नन्दीरात्रि विद्यालयमा आकाशेपानी संकलन तथा भूमिगत पानी पुर्नभरण प्रणाली निर्माण कार्यको शिलान्यास गरे । महानगरले यसअघि ०७६ फागुन ६ मा गोंगबु आवास क्षेत्रको डबली र डबलीसँगै रहेको नर्सरीमा नमुना पानी पुनर्भरण प्रणाली सुरु गरेको थियो । महानगरका अनुसार यी दुवै ठाउँमा प्रणाली जडान गर्न ५ लाख रुपैयाँ लागेको थियो ।

महानगरले उक्त कार्यक्रमअन्तर्गत बर्सेनि बजेट छुट्याउँछ । ०७४/७५ मा ८० लाख, ०७५/७६ मा ३० लाख, ०७६/७७ मा १५ लाख, ०७७/७८ मा २५ लाख र ०७८/७९ मा ५० लाख रुपैयाँ छुट्याएको छ ।

बर्सेनि बजेट छुट्याए पनि महानगरमा पुनर्भरण केन्द्र एउटा मात्रै सञ्चालनमा छ । महानगरका प्रवक्ता ईश्वरमान डंगोलले भने जल पुनर्भरण प्रक्रियाबारे समुदाय नै सचेत भएर कार्यक्रम माग गरेका सघाउने बताउँछन् । 'हामीले ठाउँठाउँमा रिचार्ज प्वाइन्ट, पोखरी पुनर्निर्माण गरिरहेका छौं,' उनले भने ।

महानगरका वातावरण व्यवस्थापन विभागका प्रमुख हरिकुमार श्रेष्ठले २०७६ साउनमा 'रिचार्ज काठमाडौं' अभियान आफ्नै घरबाट सुरु गरेका थिए । तर, अहिलेसम्म श्रेष्ठबाहेक महानगरका कति जना कर्मचारीले यी प्रणाली जडान गरे भन्ने तथ्यांक नभएको उनले बताए । उनले गुठी संस्थाको सहयोगमा २५/२५ गरी ५० हजार खर्चेर आकाशेपानी संकलन प्रणाली जडान गरेका थिए । 'घर बनाउँदा नै आकाशेपानी संकलन गर्ने किसिमले बनाएकाले यो प्रणाली जडान गर्दा धेरै लागत लागेन,' उनले भने, 'बनाइसकेको घरमा अब आकाशेपानी संकलनका लागि ठाउँ बनाउने हो भने अनुमानित लागतभन्दा बढी लाग्न सक्छ ।' विभागका अनुसार वडा-५ कार्यालय परिसरमा पनि यस्तै प्रकारको प्रणाली जडान गर्ने योजना रहेको छ । महानगरका अनुसार अब बन्ने हरेक पार्कमा आकाशे पानी संकलन तथा भूमिगत पानी पुनर्भरणका लागि निर्माण गरिनेछ । बजेटमा राखे पनि के-कसरी काम गर्ने भनेर छुट्याउन नसक्दा बजेट कागजमै सीमित भएको छ । ०७६ देखि महानगरको सहरी योजना आयोगले आकाशेपानी संकलन तथा भूमिगत पानी पुनर्भरणका लागि अवधारणा नै बनाएको आयोगका उपाध्यक्ष सरोज बस्नेतले बताए । अवधारणा विकास भइसकेकाले अब काम हुने उनले बताए ।

तस्बिर सौजन्य : कामपा

संकलित आकाशे पानी जमिनमुनि पठाउन बनाइएको रिचार्ज वेल अवलोकन गर्दै महानगर प्रमुख विद्यासुन्दर शाक्य ।

'रिचार्ज काठमाडौं' का लागि बजेट

०७४/७५	८० लाख
०७५/७६	३० लाख
०७६/७७	१५ लाख
०७७/७८	२५ लाख
०७८/७९	५० लाख

भूमिगत पानी निकाल्ने र भूमिमा पानी नपठाउने अथवा पुर्नभरण नगरिएकाले पानीको मात्रा घट्दै गएको समेत विभिन्न अध्ययनले औंल्याएको छ । बोर्डका हाइड्रोजिओलोजिस्ट अनुज खनाल भन्छन्, 'उपत्यकामा भूमिगत पानीको दोहान भइरहेको छ र पानीको सतह पनि घट्दै गएको छ । तर, कुन ठाउँमा कति मिटर पानी घटेको छ भन्न सकिँदैन । कुनै ठाउँमा पानीको सतह जस्ताको त्यस्तै छ तर केही ठाउँमा घटेको छ ।' उपत्यकामा ठाउँअनुसार पानी घटबढ हुने भएकाले सरदर यति घटेको छ भनेर भन्न नसकिने उनले बताए । विभिन्न अध्ययनले भूमिगत पानीको सतह घटेको औंल्याए पनि किन घट्दै छ के-कस्ता समस्या आउँछ, कसरी समाधान गर्ने भन्ने विषयमा अध्ययन नभएकाले बोर्डले अहिले अध्ययन गरिरहेको उनले जानकारी दिए । 'अबको अध्ययनले कुन ठाउँमा कति पानी घटेको छ, कस्ता समस्या आउँछन्, कसरी समाधान गर्ने सबै निष्कर्षसहित आउँछ,' उनले भने । गुठी संस्थाका प्राविधिक सल्लाहकार प्रकाश अमात्यले गएका वर्षहरूमा प्रतिमिनेट १ हजार लिटर पानी उत्पादन गर्ने केयूकेएलका ट्युबवेलहरूमा अहिले प्रतिमिनेट ७ सय लिटर पानी मात्र आइरहेको बताए ।

त्यस्तै जलस्रोत विज्ञ अजय दीक्षित पनि अब हरेक मानिसले ट्युबवेलमार्फत पानी तान्ने र आकाशेपानी संकलन गरी भूमिलाई पुनर्भरण गर्नेतर्फ समयमै सबै पक्ष गम्भीर हुनुपर्ने बताए । 'वर्षामा आकाशेपानी संकलन गरी भूमिमा पुनर्भरण गर्ने र हिउँदमा तानेर प्रयोग गर्नुपर्छ, तर, एकतर्फी पानी तान्ने काम मात्र पनि गर्नुहुँदैन,' उनले भने, 'अहिले हरेक घरमा ट्युबवेल हुन्छ, पानी तान्छन्, प्रयोग गर्छन् । तर भूमिगत पानी पुनर्भरण गर्दैनन् ।'

कांग्रेस नेतृत्व चुन्न २ पटक मतदान

दोलखा/रामेछाप (कास)- कांग्रेस जिल्ला सभापति पदका लागि ५१ प्रतिशत मत कुनै पनि उम्मेदवारले पुऱ्याउन नसकेपछि दोलखामा सोमबार दोस्रो चरणमा निर्वाचन भएको छ । दोस्रो चरणको निर्वाचनबाट रामचन्द्र पौडेल समूहका उम्मेदवार बर्मा लामा सभापतिमा निर्वाचित भएका छन् । उनले प्रतिस्पर्धी कृष्णप्रसाद सिटौला पक्षका ताराकुमार खड्कालाई पराजित गरे । १३७३ मतमध्ये लामाले ८ सय ७७ प्राप्त गरे भने खड्काले ४ सय ८५ मत प्राप्त गरे ।

आइतबार त्रिपक्षीय प्रतिस्पर्धा भएकोमा लामाले धेरै मत प्राप्त गरे पनि ५१ प्रतिशत पुऱ्याउन सकेका थिएनन् । लामाले ६ सय ४३ मत प्राप्त गरेका थिए । खसेको १ हजार ५ सय ४५ मतमध्ये उनले ४३ प्रतिशत मत प्राप्त गरेका थिए । खड्काले ३ सय ९७ मत प्राप्त गरे ।

शेरबहादुर देउवा समूहको पकड रहेको मानिए पनि यसपल्ट यो समूहले तेस्रो स्थानमै चित्त बुझाउनुपऱ्यो । निवर्तमान जिल्ला सभापतिसमेत रहेका देउवा समूहका उम्मेदवार रुद्र बहादुरले ३ सय ५८ मत मात्रै पाउन सके । बहुमत पाउन नसकेपछि सोमबार पौडेल पक्ष र सिटौला पक्षका उम्मेदवारबीच पुनः सभापतिका लागि मतदान भएको हो ।

कांग्रेस रामेछापको सभापतिमा भने पूर्णबहादुर तामाङ (कान्छाराम) निर्वाचित भएका छन् । तामाङ देउवा पक्षधर हुन् । आइतबार भएको निर्वाचनमा तामाङले ६ सय ६८ मत प्राप्त गरे । कुल सदर मत १ हजार ३ सय ५२ मध्ये उनका निकटतम प्रतिस्पर्धी लवश्री न्यौपानेले ३ सय ५६ तथा कृष्णबहादुर महतले ३ सय २८ मत पाए । न्यौपाने र महत दुवै रामचन्द्र पौडेल समूहका हुन् ।

कांग्रेसको विधानबमोजिम जिल्ला सभापति निर्वाचित हुन सदर मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्ने भएकाले निर्वाचन समितिले आइतबारको निर्वाचनमा उच्चतम मत प्राप्त गर्ने तामाङ र न्यौपानेबीच सोमबार मतदान गराउने कार्यक्रम सार्वजनिक गरेको थियो ।

वन्यजन्तुबाट बाली जोगाउनै सकस

रसुवा (कास)- 'बाँदर र भालुले भन्दा बँदेलले धेरै दुःख दियो । दिउँसो आउने बाँदरलाई त धपाउन सकिन्छ, राति बँदेललाई कसरी धपाउनु ? राति कतिखेर आएर बाली सखाप पार्छ थाहै पाइँदैन । पहिले ४-५ ठाउँमा खेती गरिन्थ्यो । अहिले एक ठाउँकै पनि जोगाउन गाह्रो परेको छ । सबै छोडिदियौं । अन्नबाली त खाए-खाए अब घरमा आएर पनि दुःख दिन थाल्या छन्,' गोसाइँकुण्ड गाउँपालिका खाम्जिडका डुक्तर तामाङले वन्यजन्तुका कारण खेपिरहेको हैरानी एक सासमै सुनाए ।

बँदेलको बिगबिगी सबैभन्दा धेरै भएको लाङटाङ उपत्यकामा किसानको बिजोग छ । बृदिमका ङवाङ तामाङले पनि घरभन्दा टाढाको जग्गामा खेतीपाती गर्न छोडिसकेका छन् । बँदेलले बाली सखाप पारिदिने भएकाले १४ रोपनी जग्गामध्ये अहिले ४ रोपनीमा मात्रै खेती गरिरहेका हुन् । 'यहाँका धेरैजसो किसानको हाल मेरोजस्तै छ,' उनले भने । बृदिमका किसानलाई बँदेलबाहेक बाँदर र दुम्सीबाट पनि बाली जोगाउने पिरलो छ ।

लाङटाङका बासिन्दाको जीविकाको अर्को माध्यम पर्यटन र चौरीपालन हो । कोरोना महामारीका कारण डेढ वर्षदेखि पर्यटक आवागमन ठप्प छ । 'एकातिर जंगली जनावरले बाली सखाप पारिदिने, अर्कोतिर पर्यटक पनि नआउने, अहिले घरको आम्दानी केही छैन । छाक टार्नकै समस्या हुन थालेको छ,' लाङटाङका फिन्जो तामाङले भने ।

वन्यजन्तुले बालीमा क्षति गरेमा र गाईबस्तु मारेमा राहत पाइन्छ भन्ने थाहा पाएपछि लाङटाङ राष्ट्रिय निकुञ्जमा राहतका लागि निवेदन दिने किसानको संख्यासमेत बढ्दै गएको छ । यसले पनि यस क्षेत्रमा वन्यजन्तुको कहर बढेको प्रस्ट हुन्छ । लाङटाङ राष्ट्रिय निकुञ्ज रसुवा, नुवाकोट र सिन्धुपाल्चोकमा फैलिएको छ । गत आर्थिक वर्ष ०७७/७८ मा यी तीन जिल्लाका ३ सय ६७ जना किसानलाई वन्यजन्तुले क्षति पुऱ्याएबापत २१ लाख ९ हजार ६ सय ५५ रुपैयाँ क्षतिपूर्ति प्रदान गरिएको लाङटाङ राष्ट्रिय निकुञ्जकी प्रमुख संरक्षण अधिकृत सुष्मा रानाले जानकारी दिइन् । उनका अनुसार सबैभन्दा धेरै (३५८ जना) बँदेलले बाली क्षति गरेबापत राहत लिएका छुन् । 'चालु आवमा पनि यस्ता निवेदन परेका छन् । वन्यजन्तुले गाईबस्तु मारेको वा घाइते बनाएको भन्दा धेरै जंगली बँदेलले खेतीबाली बिगारेको दावी किसानको छ,' रानाले भनिन्, 'यस वर्ष पनि राहत दिने तयारी भइरहेको छ ।'

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिकामा बँदेल, भालु र चितुवाजस्ता वन्यजन्तुले मान्छे मारेमा, गाईबस्तु मारेमा, घरगोठ तथा घरमा राखेको अन्न र खेतबाली बिगारेमा राहत दिने व्यवस्था छ । जसअनुसार वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएका मृतकको परिवारलाई १० लाखसम्म, सख्त घाइतेलाई २ लाखसम्म र सामान्य घाइतेलाई २० हजार रुपैयाँसम्म क्षतिपूर्ति पाउँछन् । तर यस्तो राहत लिन पनि अनेक झमेला रहेको पीडितको गुनासो छ । 'निकुञ्जले दिने राहत लिन धेरै झन्झट बेहोर्नुपर्छ,' बृदिमका ङवाङ तामाङले भने ।

वर्गीकृत डिस्प्ले

स्टक सेल
- कमोड तथा बेसिन रू. १२३५०/-
- बाथरूम टालयहरू रू ६५/-
- बाथरूम सेट धाराहरू रू. १००००/-

MBC European Standard
Mainali Business Concern Pvt. Ltd
Panipokhari 3, Kathmandu
014445970, 9851312628, 9851184701

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरूमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

वामदेव : चन्द्रागिरि न गोदावरी

नयाँ दल दर्ताका लागि सनाखत गर्न भदौ ९ मा निर्वाचन आयोगमा जानुअघि माधव नेपाल नेतृत्वमा चन्द्रागिरिमा भएको भेलामा गौतम देखिएनन् । यता असोज १५ मा केपी ओली नेतृत्वमा गोदावरीमा भएको विधान महाधिवेशनमा पनि उनी झुल्किएनन् ।

मणि दाहाल (काठमाडौं)

एमालेको नवौं महाधिवेशनमा कसलाई अध्यक्ष बनाउने भन्ने भूमिकामा वामदेव गौतम करिबकरिब 'किङमेकर' जस्तै थिए । उनले जसको पक्ष लियो, त्यो महाधिवेशनमा नेतृत्वमा आउन सक्थ्यो । त्यसैले गौतमको महत्व धेरै थियो । उनले केपी शर्मा ओलीको पक्ष लिए, ओलीले जिते ।

गौतम केही समय उनलाई बोकेर हिँडे । अहिले एमाले दसौं महाधिवेशनको तयारीमा छ । गौतमसमेतले पास गरेको नीतिका आधारमा एमालेले हालै विधान महाधिवेशन पनि सम्पन्न गरेको छ । तर यी दृश्यमा गौतम कहीं कतै छैनन् । नयाँ दल दर्ताका लागि सनाखत गर्न भदौ ९ मा निर्वाचन आयोगमा जानुअघि माधव नेपाल नेतृत्वमा चन्द्रागिरिमा भएको भेलामा गौतम देखिएनन् । यता असोज १५ मा केपी शर्मा ओली नेतृत्वमा गोदावरीमा भएको विधान महाधिवेशनमा पनि उनी झुल्किएनन् । त्यसैले उनको राजनीतिक जीवन अस्ताएको हो त भन्ने स्वाभाविक प्रश्न उठेको छ ।

कुनै बेला पार्टी र राजकीय सत्ताका खेलहरूमा मुख्य भूमिकामा देखिने गौतम अहिले गुमनाम छन् । अध्यक्ष ओलीको कार्यशैलीमाथि गम्भीर असहमति जनाउँदै एमाले छाडेका उनी दलविहीन छन् । एमालेमा उपाध्यक्षबाट राजिनामा दिएपछि गौतम माधवकुमार नेपालको नेतृत्वको नेकपा (एस) मा जाने अनुमान गरिएको थियो । तर नेकपा (एस)ले जनताको बहुदलीय जनवाद (जबज)लाई मार्गनिर्देशक सिद्धान्त नमानेको भन्दै उनी त्यसमा सहभागी हुन हिच्किएका छन् ।

निकटका पूर्वमन्त्री हरि पराजुलीका अनुसार गौतमको अधिकांश समय अहिले भेटघाट र लेखपढमा बित्ने गरेको छ । 'अहिले केही गर्नु भएको छैन । घरमै बस्नु भएको छ, लेखपढ गर्नुहुन्छ,' पराजुलीले भने । राजनीतिक जीवनको उत्तरार्द्धमा रहेका गौतमका निकट नेताहरू अहिले छिन्नभिन्न भइसकेका छन् । पराजुली आफैं पनि नेकपा (एस) तर्फ लागेका छन् । गौतम निकटका केशवलाल श्रेष्ठ नेकपा एसका उपाध्यक्ष भएका छन् भने बलराम बाँस्कोटा, सावित्रा भुसालहरू केन्द्रीय सदस्य बनेका छन् । यमलाल कँडेल, किरण गुरुङ भने नेकपा एमालेमै छन् ।

'गौतमको अवस्था अहिले रामचन्द्र बनवास जाँदाको जस्तो भएको छ । आधा दायाँ र आधा बायाँबाट जाऊ भन्दा रामचन्द्र एक्लै बनेका थिए,' नेकपा एमाले स्थायी कमिटीका एक सदस्यले भने, 'राजनीतिमा पनि गौतमको अवस्थामा त्यस्तै छ । आधा एमालेमा छन् र बाँकी आधा नेकपा एसतर्फ लागेका छन् ।'

अस्थिरताले खस्केको साख

२०७४ सालको आम निर्वाचमा बर्दिया १ बाट पराजित भएपछि राजनीतिक रूपमा अप्ठेरोमा परेका गौतमले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको विवादमा खेलेको भूमिकाले उनको साख समाप्त पारेको थियो ।

ढुलमुले चरित्रले गौतमको हक्की स्वभाव र आफूलाई लागेको कुरामा दृढतापूर्वक लाग्ने छवीलाई धुमिल बनायो । नेकपा अध्यक्षसमेत रहेका तत्कालीन प्रधानमन्त्री ओलीविरुद्ध सबैभन्दा पहिलो लिखित दस्तावेज ल्याउँदै एक पद छाड्नु पर्ने प्रस्ताव गरे । गौतमले पार्टीभित्रको अन्तरसंघर्ष उत्कर्ष पुगेको समयमा निरन्तर गुट फेरबदल गरिरहे ।

प्रधानमन्त्री बन्ने गौतमको उत्कण्ठालाई नेकपाका शीर्ष नेताहरूले आफ्नो पक्षमा पार्न सक्दो उपयोग गरे । नेकपाको नौ सदस्यीय शक्तिशाली सचिवालयमा गौतम जता लाग्थे, त्यतै बहुमत पुग्ने अवस्था थियो । संविधानमै प्रतिनिधिसभा सदस्यले मात्रै प्रधानमन्त्री बन्ने व्यवस्था भएको कारण गौतमले आफू निकट सांसदलाई राजीनामा गराएर उपनिर्वाचिनमार्फत प्रतिनिधि सभामा आउन कोसिस गरे । डोल्पा, बाँके, पाल्पा, कास्की हुँदै काठमाडौंका विभिन्न क्षेत्रबाट निर्वाचित सांसदलाई राजीनामा दिएर गौतम उपनिर्वाचनमार्फत चुनिन खोजेका थिए ।

गौतमले भने स्थानीय चुनावको समयमा विपक्षी दल कांग्रेसभन्दा निकै ठूलो मतान्तर रहेको बर्दियाको चुनावमा साढे सात सय मत अन्तरमा भएको हारलाई आफ्नो पराजय नभई अन्तरघात भएको बताउने गरेका थिए । तत्कालीन नेकपा एमालेको शीर्ष नेतृत्वबाट आफूलाई हराउन प्रयास भएको भन्दै गौतमले पटक पटक छानबिनको माग गरेका थिए । गौतमको माग कहिले पनि पुरा भएन ।

उपनिर्वाचनको निर्वाचन पनि सुरक्षित हुने नदेखेपछि गौतमले राष्ट्रिय सभा सांसद बन्ने र संविधान संशोधन गराएर प्रधानमन्त्री हुने जुक्तिमा लागेका थिए । ती सबै प्रयास कार्यान्वयन हुन सकेनन् । गौतम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने विज्ञ र समाजका

प्रतिष्ठित व्यक्तिहरूका लागि छुट्याएको कोटाबाट राष्ट्रियसभाका सांसद बने । तर तत्कालीन नेकपाभित्र गौतमको मनोनयनको विषय पनि निकै बिवादमा परेको थियो । यो विषय सर्वोच्च अदालतसम्म पुग्यो र त्यो अहिले विचाराधिन छ ।

लामो समय राजनीतिक सहकार्य गरेका नेकपा मालेका महासचिव सीपी मैनालीले अस्थिर चरित्रले गौतम अहिलेको अवस्थामा आइपुगेको बताउँछन् ।

'गौतम अस्थिर हुन्, सत्ताका र स्रोत साधनका लोभी हुन्, यो कमजोरी हो,' गौतमसँग २०३४ सालदेखि संगत गरेका मैनालीले भने, 'मार्क्सवादको गहिरो जानकारी छैन । सतही प्रकारको जानकारी छ । अहिले सबै कुरा सत्ता हो भनेर हिँड्नुभएको छ । जता फाइदा हुन्छ उतै जानुहुन्छ ।'

मैनालीका अनुसार स्पष्ट भिजन नभएको र सत्ता नै सबै हो भनेर लाग्ने गरेका कारण गौतमलाई अरूले सहजै ठग्छन् । 'निश्चित भिजन छैन । त्यसैले यता जाउँ कि उता जाउँ भन्ने परिरहन्छ । ट्रायल एन्ड इररको अभ्यासमा जाँदा उनलाई कसैले पनि नपत्याउने अवस्थामा पुऱ्यायो,' उनले भने ।

गौतम मनमा लागेको कुरा खुल्ला रूपमा राख्छन् । 'नराम्रो लागेको छ भने पनि खत्तमै पारेर छाड्ने हुन् । अरूलाई नराम्रो लागेको तर उनलाई लागेको छ भने त्यसलाई पनि पूर्णरूपमा बोकेर हिँड्छन्,' मैनालीले भने, 'विश्वास गलत होस वा सही उनलाई लागेपछि त्यसलाई अन्तिम समयसम्म बोक्छन् ।'

महाकाली सन्धिको विषयमा एमालेमा मतभेद चुलिएपछि गौतम र मैनालीले नेकपा एमाले विभाजन गर्दै नेकपा माले गठन गरेका थिए । २०५६ सालको आमनिर्वाचनमा नेकपा मालेले एक सिट पनि जित्न नसकेपछि गौतम आफू निकटका नेताहरू साथमा लिएर २०५८ सालमा एमालेमा फर्किए । तर मैनाली भने नेकपा मालेकै नेतृत्व गरिरहेका छन् ।

●●●

अध्यक्ष केपी शर्मा ओलीले सञ्चालन गरेको सरकारको सबैभन्दा पहिले गौतमले आलोचना गर्दै लिखित प्रस्ताव ल्याएका थिए । तर गौतम त्यसमा अडिन सकेनन् । नेकपाभित्र रहँदा गौतम कहिले ओली, कहिले पुष्पकमल दाहाल र माधवकुमार नेपालको खेमामा यताउता गरिरहे । सवैधानिक रूपमा असम्भव नै रहेको राष्ट्रिय सभाका सांसद पनि प्रधानमन्त्री बन्न मिल्ने व्यवस्था मिलाउन उनी लामो समय कोसिसमा रहे । विवाद चर्किँदै गएको समयमा प्रधानमन्त्री ओलीको प्रधानमन्त्री बनाइदिने आश्वासनलाई सहज रुपमा विश्वास गरे । सचिवालयका बहुमत सदस्यहरूको समर्थन भन्दै गत कात्तिकमा दाहालले ओलीमाथि लगाएको आरोप पत्रमा गौतमको पनि समर्थन थियो । तर पछि अन्तरसंघर्ष चर्किएपछि गौतम दाहालको पक्षमा पनि खुलेनन् । नेकपा एकीकरण गर्ने भन्दै राष्ट्रिय अभियान घोषणा गरे । घोषणापत्र जारी गरेर कमिटी निर्माणमा जुटे । तर त्यसले प्रभावकारी भूमिका निर्वाह गर्न सकेन । नेकपापछि एमाले पनि विभाजन भयो, गौतमको उद्देश्य पनि फेरियो । पछि उनले एमाले एक बनाउने घोषणा गरे । तर अहिले त्यो अभियान छिन्नभिन्न मात्र भएन उनी आफैले पार्टी छोडेर अहिले गुप्तवासमा छन् ।

उनीनिकट स्रोतका अनुसार छोरा हरिश गौतम नेकपा (एस)का लाग्नुपर्ने पक्षमा छन् । पत्नी तुलसा थापा भने एमाले छाड्न नहुने पक्षमा छिन् । किनकी एमाले छाड्दा थापाको पद जान्छ । अहिले पनि उनी प्रतिनिधिसभामा एमाले सांसद हुन् । पछिल्लो समय ओलीलाई शक्तिशाली बनाउने प्रस्ताव आएपछि गौतम स्थायी कमिटीको बैठक छाडेर हिँडे । अध्यक्ष ओलीको कार्यशैलीको स्वेच्छाचारी भएको आरोप लगाउँदै राजिनामा दिए ।

त्यसपछि सार्वजनिक कार्यक्रममा नदेखिएका उनले भेट्न आउने नेताहरूलाई नयाँ दल खोल्ने बताउने गरेका छन् । 'अभियान अहिले छिन्नभिन्न अवस्थामा छ । गौतमले एमालेमा ओलीको कारण बस्न नसक्ने र नेकपा (एस)मा नजाने बताउनु भएको थियो,' अभियानको केन्द्रीय सदस्य रहेकी इन्दिरा पन्तले भनिन्, 'पछिल्लो भेटमा आफै दल खोल्ने बताउनु भएको थियो ।' अहिले गौतमका लागि एमाले फेरि फर्केर नेता बन्नका लागि ७० वर्षको छेकबार लागिसकेको छ । नेकपा एसमा जानका लागि उनले भन्दै आएको जबज उक्त पार्टीले मान्ने हो कि होइन भन्ने अन्योल छ । गौतम चुपचाप बसेका छन् ।

गोरखाका उत्तरी नाका खोल्न माग

गोरखा (कास)- खाद्यान्न अभाव बढेपछि उत्तरी गोरखाको चुम्चेत र छेकम्पारवासीले उत्तरी नाका खुलाउन माग गरेका छन् । कोरोना जोखिम बढेसँगै उत्तरी दुई चिनियाँ नाका दुई वर्षदेखि बन्द छन् । चुमभ्याली हुँदै जाने छेकम्पारको डुइला भञ्ज्याङ र चुमनुब्री गाउँपालिका-१ सामागाउँस्थित रुइला नाका खोल्न चुमनुब्रीका स्थानीयले माग गरेका हुन् ।

कोरोना जोखिमअघि दैनिक उपभोग्य सामग्री खरिदका लागि स्थानीय तिब्बतको बजारसम्म पुग्थे । चुम्चेत र छेकम्पार पुग्ने लोक्पामा निरन्तर पहिरो झरेकाले तत्काल बाटो खुलाउन सम्भव नदेखिएपछि जिल्ला प्रशासन कार्यालयमार्फत गृह मन्त्रालयसमक्ष नाका खोल्न पहल गरेको चुमनुब्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमसेन श्रेष्ठले बताए । 'सधैं हेलिकोप्टरबाट खाद्यान्न ढुवानी गर्न सम्भव छैन, नाका खुलिदियो भने तत्कालका लागि तिब्बतको बजारबाट खाद्यान्न ल्याउन सहज हुन्थ्यो,' उनले भने ।

भदौ १ बाट खसेको चुम्चेतको लोक्पास्थित डुयुखोलाको पहिरो नरोकिएकाले सदरमुकामसम्म आउजाउ गर्न सक्ने अवस्था छैन । लोक्पाको पहिरोले झोलुङ्गे पुल पनि चुँडाइदिएको छ । लोक्पा पहिरोबाट एक किलोमिटर माथिको सर्दिभीरस्थित क्यान्टिलिभर पुलमा पनि भदौ पहिलो साताको पहिरोले क्षति पुऱ्याएको छ । 'वैकल्पिक बाटो खोल्ने ठाउँ छैन,' अधिकृत श्रेष्ठले भने, 'पैदलमार्गको पहिरो झन्झन् बढेको छ, पहिरो र ढुंगा निरन्तर खसिरहँदा बाटै ठप्प बन्यो ।' हाल अत्यावश्यक कामका लागि उत्तरी गोरखाबाट सदरमुकामलगायत सहर झर्नेहरू हेलिकोप्टरमार्फत आउने गरेका छन् ।

खाद्यान्न ढुवानी ठप्प भएपछि दुई वडाका ६ सय घरमा समस्या भएको र जनजीवन अस्तव्यस्त बनेको गाउँपालिकाले प्रशासनलाई लेखेको पत्रमा छ । लोक्पाको गोरेटो, घोडेटो तत्काल सञ्चालन गर्ने कुनै सम्भावना नरहेकाले आवश्यक खाद्यान्न तथा अन्य सामग्री ढुवानीका लागि दुई नाका सञ्चालनको पहल गर्न गाउँपालिकाले पत्रमा उल्लेख गरेको छ । डेढ महिनादेखि खाद्यान्न ढुवानी ठप्प बनेपछि चुम्चेत र छेकम्पारमा ९३.३० क्विन्टल चामल नेपाली सेनाको हेलिकोप्टरबाट ढुवानी भएको छ । गाउँपालिकाले ६ सय घरका लागि प्रतिपरिवार एक बोरा (३० केजी) पुग्ने गरी थप १८० क्विन्टल चामल ढुवानीका लागि हेलिकोप्टर व्यवस्थापनको माग गरेको छ ।

उत्तरी गोरखाका लागि सहुलियत दरमा चामल उपलब्ध गराउन खाद्य व्यवस्था तथा व्यापार कम्पनीको डिपो गाउँपालिकाको केन्द्र सिर्दिवासमा छ । सिर्दिवास र चुम्चेत छेकम्पारबीचको लोक्पामा निरन्तर पहिरो खस्दा खाद्यको चामलसमेत ढुवानी हुन सकेको छैन ।

सम्पादकीय

राजनीतिक नेतृत्वतिर सोझिएको सवाल

मन्त्रिपरिषद् विस्तारमा भाग खोजेको समाचारप्रति प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र सर्वोच्च अदालतले आपत्ति जनाएसँगै यो मामिलालाई थप प्रस्ट पार्नुपर्ने दायित्व सरकारमा रहेका जिम्मेवार राजनीतिक नेतृत्वसामु आइपरेको छ । किनभने प्रधानन्यायाधीशले आफ्ना मान्छेलाई मन्त्री बनाउन माग राखेको सूचना अन्यत्रबाट नभएर सत्तारूढ राजनीतिक वृत्तबाटै बाहिरिएको हो । प्रधानन्यायाधीश र सर्वोच्चले खण्डन गरे पनि यदि यो सूचना सत्य नै हो भने यसले हाम्रो संवैधानिक मान्यता तथा संसदीय लोकतान्त्रिक पद्धतिलाई नै धराशायी तुल्याउनेछ; शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तलाई लत्याउनेबित्तिकै व्यवस्था नै विघटनोन्मुख हुनेछ । यस्तै, यदि यो सूचना गलत रहेछ र राजनीतिक तहबाट कुनै नियतवश चुहाइएको रहेछ भने यसबाट सम्मानित न्यायालयको आम छवि अनाहकमा धमिलिनेछ । त्यसैले सरकारको नेतृत्वले एउटा त, यसबारे सत्य-तथ्य बाहिर ल्याउनुपर्नेछ भने अर्को, विशुद्ध गैरराजनीतिक शक्तिमा जस्केलाबाट मन्त्री बन्ने-बनाउने आकांक्षा पैदा नै हुन नदिने अठोट गर्नुपर्नेछ ।

हाम्रो संविधानले मूलतः संघीय संसद्को सदस्य नभएको व्यक्ति मन्त्री बन्न नपाउने कल्पना गरेको छ । संविधानको धारा ७८ बमोजिम 'राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्को सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्ति गर्न सक्ने' भए पनि त्यस्तो व्यक्तिले पदको शपथ लिएको छ महिनाभित्र संघीय संसद्को सदस्यता प्राप्त गरिसक्नुपर्नेछ । उक्त अवधिभित्र यस्तो सदस्यता प्राप्त गर्न नसकेमा उक्त व्यक्ति तत्काल कायम प्रतिनिधिसभाको कार्यकालभरि पुनः मन्त्री हुन योग्य हुने छैन । यति मात्र होइन, प्रतिनिधिसभामा पराजित व्यक्ति पनि प्रतिनिधिसभाको उक्त कार्यकालभर मन्त्री हुन पाउँदैन । यसको अर्थ मन्त्रिपरिषद्मा गैरसांसदहरू उपस्थित नहोऊन् र जनअनुमोदित नभएका व्यक्तिहरू मन्त्री नबनून् भन्ने नै हो । सांसदहरू मन्त्री बन्दा त्यसले हाम्रो निर्वाचन प्रणालीलाई खर्चिलो बनाएको तर्क पनि सुन्ने गरिन्छ, त्यो बेग्लै बहसको विषय हो । मन्त्रिपरिषद् सदस्य बन्न सांसद हुनुपर्ने अहिलेको संवैधानिक व्यवस्थाले मन्त्रीहरूलाई प्रधानमन्त्रीका अतिरिक्त संघीय संसद्मार्फत जनताप्रति उत्तरदायी बनाउन खोजेको हो । यो संवैधानिक मर्मको पालनाका निम्ति प्रधानमन्त्रीले अबको मन्त्रिपरिषद् विस्तारमा कसैलाई 'कोटा' पुऱ्याउने गरी कुनै पनि गैरसांसदलाई समेट्ने गल्ती गर्नु हुँदैन ।

मन्त्रिपरिषद्मा लैजानुपर्ने कोही राजनीतिक व्यक्ति संघीय सांसद नरहेको अवस्थामा मात्रै संविधानको धारा ७८ आकर्षित हुने हो । अर्को, मन्त्रिपरिषद्लाई प्रभावकारी बनाउनका निम्ति कुनै मन्त्रालयको नेतृत्व विषयविज्ञलाई दिँदा पनि यो धारा प्रयोग हुन सक्छ । विषयविज्ञकै हकमा पनि 'शाही शासन' र तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको चुनावी मन्त्रिपरिषद्मा बाहेक राजनीतिसँग कुनै साइनो नभएकालाई मन्त्री बनाइएको पाइँदैन । चाहे राजनीतिक व्यक्तिलाई होस् या विषयविज्ञलाई, यो बाटोबाट मन्त्री बनाउने भनेको विशेष अवस्थामा मात्रै हो । त्यसैले संविधानले उपलब्ध गराएको सानो छिद्रको प्रयोग गरी जो-कोहीलाई मन्त्री बनाउने बारेमा मुलुकको कार्यकारी नेतृत्वले सोच्नु पनि हुन्न । प्रधानमन्त्रीले जो-कोहीलाई मन्त्री नबनाउने अठोट गरेमा सत्य-गलत जे भए पनि यस्ता आशंकाहरू उठ्दै उठ्दैनन् । कुनै पनि सरकारले यस्तो भूल नगर्ने हो भने भोलिका दिनमा समेत यस्तो प्रयत्न कसैले गर्न सक्नेछैन ।

त्यसो त, न्यायालयलाई अनावश्यक विवादमा नतान्न राजनीतिक नेतृत्वको जति भूमिका हुन्छ, त्यति नै दायित्व न्यायालय र न्यायाधीशहरूको पनि हुन्छ । न्यायालयको सर्वोच्च पदाधिकारीका हैसियतले सबैभन्दा बढी यस्तो दायित्व प्रधानन्यायाधीशकै हुन्छ । यसअघिका कतिपय सन्दर्भमा जस्तै वर्तमान प्रधानन्यायाधीशको नेतृत्वमा पनि न्यायालयले केही युगीन फैसला सुनाएको छ । सरकारका केही असंवैधानिक कदमहरूलाई सच्याएर सर्वोच्चले मुलुकको संविधान र शासन व्यवस्थाको रक्षा गरेको छ । यति हुँदाहुँदै पनि विडम्बनापूर्ण भन्नुपर्छ– अहिले मात्र होइन, प्रधानन्यायाधीश जबरामाथि यसअघि पनि केही जबर्जस्त प्रश्नहरू उठेका छन् । पूर्ववर्ती केपी ओली सरकारले संविधानको मर्मविपरीत अध्यादेश ल्याएर त्यसैको आडमा संवैधानिक निकायका पदाधिकारीहरू सिफारिस गरी नियुक्ति दिलाउँदा त्यसको साक्षी बसेकोमात्र होइन, उक्त नियुक्तिमा हिस्सा लिएको आरोप उनीमाथि लागेको छ । उदेकलाग्दो त, अदालतमा परेका यससम्बन्धी मुद्दाको सुनुवाइमा गरिएको अनावश्यक बियाँलोले त्यही आरोपलाई नै बल पुऱ्याएको छ । यस्ता परिस्थितिहरूमाझ अहिले आएर फेरि मन्त्रिपरिषद् विस्तारमा समेत प्रधानन्यायाधीशले 'भाग खोजेको' चर्चाले ठूलो आकार लिन पुगेको हो । त्यसैले प्रधानन्यायाधीश स्वयंले आफ्नो व्यवहारबाटै संवैधानिक परिधिबाहिर गएर आफूले कुनै भाग नखोजेको प्रस्ट पार्न नितान्त आवश्यक छ ।

सत्य के हो भने, न्यायमूर्तिहरूले आफूमाथि प्रश्न उठ्ने कुनै पनि ठाउँ नछाड्ने हो भने उनीहरूमाथि गम्भीर आक्षेप लाग्नै सक्दैन । लागिहाले पनि सम्पूर्ण सरोकारवालालगायत आम तहले त्यसलाई सहजै स्विकार्दैन, प्रथम-श्रवणमै त्यसलाई खारेज गरिदिन्छ । त्यसैले न्यायालयको विवेकी नेतृत्वले देशमा सदैव यस्तो वातावरण कायम राख्नुपर्छ, यो पक्षमा प्रधानन्यायाधीश जबराले उचित विचार पुऱ्याउनुपर्छ । न्यायालयको नेतृत्व र कार्यपालिका दुवैले आफ्ना गतिविधिमा उचित होस पुऱ्याएमा मात्रै न्यायपालिका र लोकतन्त्रको गरिमा अनि संविधानको साख जोगिन सक्छ ।

पुँजीपतिविरुद्ध प्रचलित आक्रोश

शब्द साक्षी

सीके लाल

आजभोलि ठूला व्यापारीहरूमा होटल खोल्ने होड चलेको छ । चामल, फलामे डन्डी, सिमेन्ट र सुनचाँदी व्यापारीले होटल व्यवसायमा लगानी गर्नुको मुख्य कारण त बढ्दो बजार नै होला । पश्चिमा पर्यटकहरूको संख्या केही कम हुँदै गएको भए पनि चिनियाँ र भारतीय आगन्तुकहरूका लागि नेपाल अझै पनि सहज, सस्तो एवं आकर्षक गन्तव्य हो । केही वर्षदेखि गैसस उद्यमीहरूले आन्तरिक पर्यटनको उल्लेख्य बजार सिर्जना गरेका छन् । विवाह एवं अन्य नियमित संस्कारका लागि घरको साटो आफ्नो बजेटअनुसारको होटल नै छान्ने चलन पनि बढिरहेको छ । उपभोक्ता समाजमा उल्लेख्य यात्रुहरूको संख्या घुमन्ते विक्रेता एवं व्यापार प्रवर्द्धकको पनि हुने नै भयो । तर, त्यस्ता सबै विवेचन सँगसँगै व्यापारीहरूमा होटल व्यवसायमा लाग्ने कमसेकम एउटा कारण भने प्रतिष्ठाको आकर्षण पनि हुने रहेछ । होटल व्यवसायमा जागिरदारी प्रथाको शक्ति सम्बन्ध झल्किन्छ । कामदारहरू पढेलेखेका, शिष्ट एवं अंग्रेजी बोल्ने हुन्छन्; 'यस म्याडम, यस सर' गर्छन् । ग्राहकहरू पाहुना भएर आउँछन् । आपूर्तिकर्ताहरू सम्मानका साथ व्यवहार गर्छन् । र, सबभन्दा मुख्य कुरा, सरकारी कर्मचारी 'ए साहूजी' नभनी 'फलानो जी' भनेर सम्बोधन गर्न थाल्छन् । सामान्यजनलाई भने सम्मोहक होस् वा नीरस, सबै पुँजीपति उस्तै लाग्ने रहेछन् । लगानीकर्तालाई सम्मान गर्ने संस्कार नेपाली समाजमा स्थापित हुन बाँकी छ ।

प्रसंग बर्दिवासको हो । मैथिलीमा गोरुलाई 'बरद' भन्छन् । उहिलेउहिले सीमापारिबाट मालसामान चुरेको फेदीसम्म गोरुगाडामा ढुवानी गरिन्थ्यो । त्यसपछि घोडामा चुरे कटाएर भरियाहरू मैदानको उत्पाद पहाड र हिमाल पुऱ्याउने गर्थे । फर्किने बेला गोरुगाडामा काठ लादिन्थ्यो । दर्जनौं गोरुगाडाका 'बरद' बास बस्ने भएकाले बस्तीको नाउँ 'बरदबास' हुन गएको प्रचलित किंवदन्ती छ । कालक्रममा 'बरदबास' नै 'बर्दिबास' हुन पुगेको हो भन्ने आकलन असंगत लाग्दैन । पहाडबाट मधेस झर्दै पहिले मुगल एवं त्यसपछि इस्ट इन्डिया कम्पनीमा जागिर खान गएका लडाकाहरू आफ्नो बर्दी फुकालेर पहाड उक्लिने गरेकाले नाउँ पनि बर्दिबास नै हुन गएको हो भन्ने तर्क पनि बलियो छ । दुवै थरी तर्कसँग नमिल्ने यथार्थ के हो भने, जनमत संग्रहको पूर्वसन्ध्यामा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले सरपट जंगल कटानी गर्न लगाएर पहाडका मान्छेलाई जग्गा नबाँडेसम्म बर्दिबास सानो बस्ती मात्रै थियो । सामान्यतः वस्तुको विनिमय वा व्यक्तिको आवतजावत हुने ठाउँमा सहरको विकास हुन्छ । बर्दिबासमा त्यसो हुन नसक्नाका तीन कारण हुन सक्छन् । त्यस क्षेत्रमा पिउने पानीको अभाव रहँदै आएको छ । माटोको चरित्रले गर्दा पोखरीमा पानी अडिँदैन, र, भूतल जलको स्तर ऊबेलाको प्रविधिले नभ्याउने गरी गहिरो छ । दोस्रो कारण सर्पको बिगबिगी हो । बर्दिबासदेखि सिन्धुली जाने सडकका लागि सुरुङको सम्भावना पहिल्याउन प्राविधिक अन्वेषण गर्दा सिंगो डाँडामुनि लाखौं सर्प रहेको तथ्य फेला परेपछि तिनको बासस्थान नखलबल्याउन सतहबाटै बाटो बनाइएको थियो । तेस्रो कारण बर्दिबासको खासै केही नउज्जिने माटो हो । ठूलो आकारको बस्ती विकसित हुन व्यापारले मात्र पुग्दैन, कृषि वा उद्यमको उत्पादकत्व पनि चाहिन्छ ।

अहिले परिस्थिति बदलिएको छ । खानेपानी आपूर्तिको प्रविधि विकसित भएको छ । बिजुली बत्तीले गर्दा सर्पहरू डराउन थालेका छन् । कृषि उत्पादकत्वमा उल्लेख्य परिवर्तन नआएको भए पनि सेवा उद्यम भने फस्टाएको छ । माओवादी सशस्त्र द्वन्द्वले पहाडको मध्यम वर्गलाई तल झारेको थियो, पहिलो मधेस विद्रोहले तलका पहाडियाहरूलाई बर्दिबास रोज्न बाध्य बनाएको हो । थातथलो छोडेर बसाइँ सर्नेहरूमा केही गरेर देखाउने उत्कट चाहना हुन्छ । बर्दिबासमा त्यस्तो उद्यमशीलताको ऊर्जा महसुस गर्न सकिन्छ । ई-रिक्सा चलाउने ड्राइभरदेखि लिएर पसलमा कलम बेच्नेले समेत पाएको ग्राहक सितिमिति छोड्दैनन् ! राजमार्गभन्दा केही उत्तर जंगलमा एक जना गहना व्यापारीले तीनतारे होटल बनाएका रहेछन् । होटलका कतिपय पाहुना बिहानी वा सन्ध्याकालीन घुमफिरका लागि उत्तरतिरको गाउँमा जाँदा रहेछन् । यस्तै टहल्ने क्रममा गाउँका एक पसलेलाई होटल मालिकका बारेमा जानकारी माग्दा पाएको जवाफ बडो टर्रो किसिमको थियो । 'हाम्रातिर होटल कसले खोल्न सक्छ र ! माडेको हो नि ।' यी दुई वाक्यभित्र नेपाली सामान्यजनमा व्याप्त नैराश्य, लगानीकर्ताप्रतिको उदासीनता एवं एउटा खास समुदायप्रतिको दुराग्रह एकसाथ झल्किन्छ ।

लगानीकर्ता, व्यवसायी, स्थानीय समुदाय एवं उपभोक्ताबीचको अन्तरसम्बन्धलाई सुदृढ नगरेसम्म जनोत्तेजक प्रियतावाद एवं अन्य घृणालाई बढावा दिने राजनीतिबाट मुक्त हुन सकिनेछैन ।

सामाजिक, ऐतिहासिक, सांस्कृतिक, आर्थिक, राजनीतिक एवं कूटनीतिक आयाम रहेको माडवाडी समुदायप्रतिको दुराग्रह सहजै सम्बोधन हुन सक्ने कुरा होइन । तर, तिनको उद्यम देखेर हुने नैराश्य एवं आफ्नो अवस्थाप्रतिको उदासीनता कायम रहेसम्म आर्थिक रूपान्तरणको मुद्दा फगत नाराबाजीमा सीमित रहने पक्का छ । त्यस्तो निराशाजनक अवस्थाका लागि एक हदसम्म व्यवसायीहरू पनि जिम्मेवार छन् । लगानीको उल्लेख्य हिस्सा बैंकहरूले बेहोर्छन् । आर्थिक प्रोत्साहन एवं कर छुटजस्ता सुविधा सरकारले दिन्छ । कर्मचारीहरू ज्यालाका लागि परिश्रम गर्छन् । तर, नाफाजति जम्मै व्यवसायीको परिवारले पाउने चलनले गर्दा उद्यमी एवं व्यापारीहरूप्रति जनस्तरमा आक्रोश निरन्तर बढ्दै गइरहेको छ । सोझो सम्बन्ध स्थापित गर्न कठिन छ, तर लगानीकर्तालेसम्मान नपाउने समाजको आर्थिक वृद्धि रोकिन्छ एवं राजनीति सुस्तरी हिंसा-प्रतिहिंसाको चक्रमा फस्छ भन्ने अवधारणालाई स्वीकार गर्ने हो भने नेपालमा तथाकथित वामपन्थी दलहरूको लोकप्रियता अस्वाभाविक लाग्दैन । राष्ट्रवादी भएकाले कामै नगरी उच्च जीवनशैली कायम राख्न पाउनुपर्ने राजनीतिकर्मीहरूको खोक्रो दाबी हाताहात बिक्ने संसारका थोरै मुलुकहरूमध्ये नेपाल पनि हो । सशस्त्र क्रान्तिको प्रभावकारी प्रतिकारका लागि शासन व्यवस्थामा सुधारका साथै व्यवसायीहरूको व्यवहारमा पनि परिवर्तन ल्याउन जरुरी छ ।

न्यास पुँजीवाद

परोपकारी पुँजीवाद (फिलन्थ्रोपिक क्यापिटलिज्म) भन्ने शब्दावली नयाँ भए पनि यस अवधारणाको इतिहास भने पुरानो छ । प्रजापतिले दिएको 'द' मन्त्रको अर्थ देवताका लागि महत्त्वाकांक्षाको दमन, असुरका लागि प्राणी मात्रप्रति दयाभाव एवं मनुष्यका लागि दानको महिमा भनेर अर्थ्याइएको छ । व्यासको वचनअनुसार परोपकारलाई पुण्य एवं परपीडनलाई पाप ठहऱ्याइएको छ । गुरु शुक्राचार्यले दानवेन्द्र बलिलाई दिएको परोपकारी पुँजीवादको सूत्रअनुसार अर्जित धनलाई पाँच भागमा बाँड्नु उपयुक्त हुन्छ । बाँडफाँट बराबर नै हुनुपर्छ भन्ने छैन, आवश्यकताअनुसार भागमा हेरफेर हुन सक्छ । गुरु शुक्राचार्यले धर्मका लागि छुट्याउन भनेको भाग आजभोलिको भाषामा समाजसेवाका लागि होला । त्यसपछि उनी यश एवं कीर्तिका लागि दोस्रो भाग खर्चिन सुझाउँछन् । परोपकारी चिकित्सालय, विद्यालय एवं महाविद्यालयभन्दा यशवर्द्धक लगानी अरू हुन सक्दैन । तेस्रो भाग धनकै वृद्धिका लागि गरिने लगानी हो । त्यस्तो रकम व्यापार विविधीकरण एवं कामदारको क्षमता अभिवृद्धिमा जान सक्छ । चौथो भाग भोगका लागि छुट्याउनुपर्छ, तर त्यो अत्यधिक भड्किलो भने हुनु हुँदैन । अन्तिम भाग स्वजनहरूका लागि राखिनुपर्छ । स्वजनको ईर्ष्या धननाशको प्रमुख कारण हुने भएकाले आफन्तहरूलाई आफ्नो समृद्धिमा सहभागी गराउनु धनवान्को स्वहितकै लागि पनि आवश्यक छ । तर, शुक्राचार्य असुरहरूका गुरु थिए । ब्राह्मणवादमा दीक्षित वैश्यहरूलाई समेत उनको अर्तीले नछुने रहेछ ।

करुणामय पुँजीवाद (कम्प्यासनेट क्यापिटलिज्म) पनि पुरानो अवधारणालाई नयाँ शब्दावलीमा समेट्ने प्रयत्न हो । पुँजीले गर्ने स्रोतको दोहनका असरहरू कम गर्नु पुँजीपतिको जिम्मेवारी हो । पर्यावरणप्रति संवेदनशील हुनुपर्छ । उद्यमले स्थानीय समुदायमा पार्ने नकारात्मक प्रभावलाई बेवास्ता गर्न पाइँदैन । कामदारहरूसँग सम्मानको सम्बन्ध कायम गर्नु व्यवस्थापनको जिम्मेवारी हो । उत्पादन मात्र नभएर उपभोगसम्म सुरक्षाको सुनिश्चितता उत्पादकके जिम्मेवारी हुन जान्छ । समयमा कर तिर्नु, व्यावसायिक पारदर्शिता कायम राख्नु एवं असल नागरिकका सबै जिम्मेवारी निर्वाह गर्नु करुणामय पुँजीपतिका गुणहरू हुन् । दुर्भाग्य, छिटोभन्दा छिटो बढौभन्दा बढी नाफा थुपार्ने दौडमा करुणामय पुँजीवादका मान्यताहरू हराएका छन् । त्यसभन्दा बरु नाफाको एउटा सानो हिस्सा संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) भनेर छुट्याउन सजिलो छ । तर, सीएसआर कोषको सञ्चालन व्यवसायीहरू मनपरी ढंगले गर्छन् । त्यस्तो कोषको ठूलो हिस्सा छवि निर्माणमा खर्च हुन्छ । उद्यमीको परिवारका सदस्यले चलाउने गैससले पनि केही अनुदान पाउँछन् । राष्ट्र बैंकको एउटा प्रतिवेदन अनुसार सीएसआर कोषबाट हुने खर्च क्षेत्रगत तथा प्रदेशगत रूपमा अत्यन्त असन्तुलित छ । स्पष्ट छ, सीएसआर व्यवसायीहरूको सामाजिक दायित्व पूरा गर्ने दिशामा खासै उपयोगी देखिएको छैन ।

महात्मा गान्धीको न्यास पुँजीवादको अवधारणा जटिल, कठिन तर मानव समाजको कल्याणका लागि जरुरी छ । न्यास पुँजीवादको प्रारम्भिक मान्यता साम्यवादसँग मिल्दोजुल्दो छ । जल, जंगल, जमिन, जनशक्ति एवं जलवायुजस्ता सबै स्रोत मानव जातिका साझा सम्पदा हुन् । धनी र गरिब एवं आर्थिक असमानता इतिहासका संयोगहरूको उपज हो । त्यसपछि भने साम्यवाद एवं गान्धीवादको बाटो छुट्टिन्छ । साम्यवादीहरू हिंसक क्रान्तिका माध्यमले स्रोतहरूको राष्ट्रियकरण गरेर समतामूलक वितरणको आश्वासन बाँड्छन् । गान्धीका अनुसार सबै पुँजीपति स्वेच्छाले न्यासी भएर आफ्नो सम्पत्तिको व्यवस्थापन सार्वजनिक हितका लागि गर्ने हो भने पृथ्वीमा सबैलाई पुग्ने गरी पर्याप्त स्रोत छ । न्यास पुँजीवाद पनि साम्यवादजस्तै भूस्वर्गको अवधारणा लाग्न सक्छ । बीचको बाटो कतै देखिँदैन ।

निर्वाह अर्थतन्त्रले गर्दा नेपालको आफ्नो लगानीयोग्य आयाधिक्य नगण्य छ । उत्पादन प्रविधिको मामिलामा नेपालको अवस्था अर्ध-स्वचालितभन्दा माथि उक्लिन सकेको छैन । शासन व्यवस्था संसारकै सबभन्दा बेकामे र भ्रष्ट भएकाले बाहिरका लगानीकर्ता केही गरी प्रवेश गरिहाले पनि तिनलाई टिक्न यहाँको 'चलन' अंगीकार गर्नुपर्ने हुन्छ । अदक्ष कामदार प्रशस्त भए पनि तिनमा पात्रताभन्दा राष्ट्रवादी अधिकारभाव (एन्टाइटल्मन्ट) बलियो छ । भएका उद्यमहरूको व्यवस्थापनमा 'रामभरोसे' प्रवृत्ति हावी छ । उच्च व्यवस्थापक एवं तल्लो तहका कर्मचारीहरूबीचको पारिश्रमिकको खाडल अत्यासलाग्दो छ । यति हुँदाहुँदै पनि एकातिर स्थानीय समुदायले व्यवसायीलाई सहेर बसेका छन् भने अर्कातिर भयंकर जोखिमका बाबजुद लगानीकर्तासमेत टिकेका देखिन्छन् । सहने र टिक्नेको सम्बन्धले दीर्घकालीन हित भने सुनिश्चित गर्दैन । लगानीकर्ता, व्यवसायी, स्थानीय समुदाय एवं उपभोक्ताबीचको अन्तरसम्बन्धलाई सुदृढ नगरेसम्म जनोत्तेजक प्रियतावाद एवं अन्य घृणालाई बढावा दिने राजनीतिबाट मुक्त हुन सकिनेछैन । आखिर राजनीतिलाई दिशानिर्देश गर्ने शक्ति जस्तोसुकै व्यवस्थामा अर्थनीति नै हुन्छ ।

निरपेक्ष व्यवसायी

आफ्नो कमाइ स्वेच्छाले खर्च गर्न पाउनुपर्छ भन्ने तर्क अनुचित होइन । तर, छिमेकमा मृत्यु संस्कार चलिरहँदा 'मेरो घर त मेरो हो' भने ढिपी गर्दै बाजा बजाउनुलाई उपयुक्त मान्न सकिँदैन । एसियामा अफगानिस्तानपछिको दोस्रो एवं दुनियाँकै सबभन्दा गरिब देशहरूको सूचीमा रहेको नेपालमा करोडौं पर्ने मोटर चढ्ने व्यवसायीहरू सामान्यजनको दरिद्रताको खिल्ली उडाइरहेका हुन्छन् । प्रदर्शनप्रियताको यो रोग अब भुइँतहसम्म पुगेको छ । व्यवसायीहरूको देखासिकी गर्दै निर्वाचित पदाधिकारी एवं सरकारी कर्मचारीहरूमा पनि महँगो मोटर मन पराउने लत बसेको छ । पेट्रोल, डिजेल एवं मर्मतका लागि चाहिने पार्टपुर्जासँगै पन्चर टाल्ने मेसिन एवं जनशक्तिसम्म पर्याप्त नभएको देशमा मोटर आर्थिक रूपान्तरणको अवयव हुन सक्दैन । सार्वजनिक यातायातमा संगठित लगानीको अभावले गर्दा सडक यातायात दिनानुदिन असुरक्षित बन्दै गइरहेको छ । गाडीको प्रविधिमा विविधता, चालकको दक्षता स्तर एवं नियमित सम्भारमा एकरूपता नभएकाले गर्दा नेपालको सडक यातायात योजनालाई भरोसायोग्य बनाउन अब असम्भवजस्तै भइसकेको छ । यात्रा अवधि किटान गर्न सकिँदैन । भाडादर तोक्न अप्ठ्यारो छ । लगभग सबैजसो सार्वजनिक यातायातका साधनले क्षमताभन्दा बढी यात्रु बोक्छन् । नियमन नगरेको दोष भने प्रहरीले मात्र पाउँछ । यातायात व्यवसायीहरूको 'कार्टेल' यतिविघ्न बलियो छ कि त्यसलाई अहिलेसम्मको कुनै पनि सरकारले छुनसम्म सकेको छैन ।

शिक्षा व्यापारको प्रक्षेपण पथ पनि कम उदेकलाग्दो छैन । जनतालाई शिक्षाबाट वञ्चित राख्नु राज्यको नीति थियो । ब्राह्मणबाहेक अरूले वेद पढ्नु हुँदैन भन्ने त हिन्दु धर्मको मान्यता नै हो । सन् १९५० को दशकमा आधुनिकता रुचाउने एवं सामाजिक दायित्व भएका केही व्यवसायीले सामुदायिक विद्यालय सञ्चालनका लागि दान दिए । सन् १९७० को दशकमा राष्ट्रिय एकरूपता कायम गर्ने निहुँमा तिनको राष्ट्रियकरण गरियो । सरकार एक्लैले सबैका लागि शिक्षा सुनिश्चित गर्न नसक्ने बहानामा सन् १९८० को दशकमा शिक्षा क्षेत्र नाफामुखी लगानीका लागि खुला गरियो । सन् १९९० देखि शिक्षाको व्यापार सबभन्दा बढी नगद प्रवाह हुने व्यापार रहँदै आएको छ । अब भने शिक्षा व्यापारीहरूका लोभी आँखा दाताहरूले राखिदिएका, सन् १९५० र १९६० दशकताकाका सामुदायिक विद्यालयहरूको सम्पत्तिमा पर्न थालेको छ । सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने बहानामा तिनको निजीकरण प्रक्रिया सुरु भयो भने अचम्म नमाने हुन्छ ।

स्वास्थ्य व्यापारको हालत त झन् शिक्षाको कारोबारभन्दा पनि खराब छ । बढ्दो बजेटका बावजुद सरकारी अस्पतालहरू दुष्क्रियाशील बन्न पुगेका छन् । विशिष्ट सेवा प्रदान गर्नेबाहेकका सरकारी अस्पतालहरूको छवि रोग बल्झाएर नाफा क्षेत्रका उद्यमतिर बिरामी दौडाउने उपक्रममा रूपान्तरित भएको छ । शिक्षाको व्यापारलाई पाप भनिएको छ । रोगको व्यापार त झन् महापाप हुनुपर्ने हो । तर, हिन्दु धर्ममा यज्ञ, गोदान एवं ब्राह्मणलाई प्रसन्न तुल्याएपछि जस्तोसुकै पापबाट मुक्ति पाइने भएर होला, सम्पन्न व्यवसायीहरूले समेत परोपकारी शिक्षालय, महाविद्यालय एवं चिकित्सालय सञ्चालन गर्ने आवश्यकता देख्दैनन् ।

व्यवसायी पनि अर्को ग्रहबाट आएका जन्तु भने होइनन् । पूर्वजन्मका कर्महरूको फल भोग्नुको विकल्प छैन भन्ने संस्कारले गर्दा परोपकार हिन्दु धर्मको अभिन्न अंग बन्न सकेको छैन । दया अरू वर्णप्रति देखाइए पनि दानको पात्रता ब्राह्मणमा मात्र हुने भएपछि स्कुल र अस्पताल खोल्नुको साटो सम्पत्ति हुनेहरू पनि मन्दिर बनाउँछन्, महायज्ञ गर्छन् वा पुराण सुन्ने अनुष्ठान गर्छन् । त्यस्ता सबै कर्मले ब्राह्मणको व्यवसाय बढाउँछन् । धेरैजसो राजनीतिक दलका नेता ब्राह्मण छन्, तिनलाई दिइने चन्दारूपी लगानी पनि धर्म नै ठहरिँदो हो । भारतमा सबभन्दा धनीहरूको सूचीमा नपरेका अजीम प्रेमजी त्यहाँका सबभन्दा ठूला परोपकारी ठहरिनुमा केही न केही भूमिका त धार्मिक आस्थाले सिर्जना गर्ने सामाजिक दायित्वको पनि हुनुपर्छ । व्यवसायीहरूको सामाजिक उत्तरदायित्व बोध बढाउन तिनीहरूसँग रिस गरेर हुँदैन, सुस्तरी परोपकारको संस्कारलाई जीवनशैलीको अभिन्न अंग बनाउँदै लैजानुपर्छ । त्यस्तो शुभकर्मको सुरुवातका लागि दशहराभन्दा उपयुक्त अवसर अर्को के नै हुन सक्छ ! परोपकारी दसैंका लागि हार्दिक शुभकामना !

सम्पादकलाई चिठी

कुपोषणको 'महामारी'

'बर्सेनि अर्बौं लगानी तर कुपोषण समस्या उस्तै' समाचारले निराश बनायो । सुदूरपश्चिमको बझाङ र तराईको रौतहटमा देखिएका जस्ता कुपोषणका बिरामी, नेपालका दुर्गम भेगतिर टन्नै छन् । मानव शरीरको विकास खानपानमा निर्भर रहन्छ, उचित खानपान र व्यवहारमा ध्यान दिन नसकिए नेपालीको कुपोषण, बालबालिकाबाट किशोरावस्था मात्र नभई पुस्तैनी हस्तान्तरण हुन्छ । शारीरिक रूपमा कमजोर गर्भवतीले सानो र कम तौल भएका शिशु जन्माइरहेका छन् । सरकारले बहुक्षेत्रीय पोषण योजनाका नाममा ठूलो रकम लगानी गरेको छ, कुपोषणको अवस्था न्यून गराउन थुप्रै गैरसरकारी संस्था कार्यरत छन् । तर, राज्यमा कुपोषण हुन नदिने खाद्य सुरक्षा, स्वास्थ्य शिक्षा, सरसफाइजस्ता क्षेत्रमा फिटिक्कै काम भएको छैन, बजारमा पाइने पत्रु खानेकुरा र त्यसका बेफाइदाबारे जनचेतना फैलाउन सकिएको छैन ।

फलस्वरूप, कुपोषणको अवस्था ज्युँका त्युँ रहेको सरकारी तथ्यांकले प्रस्ट्याएको छ भने संयुक्त राष्ट्रसंघीय बालकोषको हालैको अध्ययनअनुसार कोभिड महामारीले नेपालका बालबालिकामा गम्भीर समस्या उत्पन्न गराएको र भविष्यमा समेत यो स्थिति झन् बढ्ने जनाएको छ ।

एक दशक अघिदेखि नेपालका आमा तथा शिशुमा दीर्घ कुपोषण न्यूनीकरण गर्न विभिन्न बहुक्षेत्रीय खाद्य तथा पोषण योजना तथा कार्यक्रम सुरु गरिए । त्यसमा पनि गर्भावस्थाको पहिलो दिनदेखि बालबालिकाको दुई वर्षसम्म 'सुनौला हजार दिन' को कल्पनामा सुआहारा कार्यक्रम परिचालन गरियो तर पोषण अवस्था झन् खस्किँदो छ । नेपालका आमा र शिशुको पोषण अवस्था सुधेको प्रतिवेदन पेस गरे पनि कार्यक्रम लागू गरेका ९० प्रतिशत जिल्लाका आमा तथा शिशुको पोषणस्तर दयनीय मात्र नभई कहालीलाग्दो छ ।

संयुक्त राष्ट्रसंघीय बालकोषको सन् १९९० मा प्रकाशन गरेको कुपोषणको संरचनात्मक अवधारणामा अपर्याप्त आहार, कडा रोग, घरायसी खाद्य असुरक्षा, सन्तुलित खानाको अभ्यास नहुनु, परम्परा, सांस्कृतिक प्रथा, राजनीतिक तथा आर्थिक पक्षका कारण कुपोषण हुन्छ । संयुक्त राष्ट्र महासभाको सन् १९७४ मा जारी गरेको भोकमरी र कुपोषणसम्बन्धी विश्वव्यापी घोषणाको पक्ष राष्ट्रमा नेपाल रहेकाले भोकमरी र कुपोषणसम्बन्धी प्रतिबद्धता पूरा गर्नै पर्छ । अतः यस्ता विदेशी कार्यक्रम लागू गरेर कार्यकर्ता पोस्नुभन्दा सरकारले समुदायलाई आफ्ना करेसाबारीमा उब्जेका हरिया तरकारी, सागपात, सन्तुलित गरी खान सिकाउने जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर बजारका पत्रु खानेकुरामा बन्देज लगाउनुपर्छ । दुर्गम जिल्लामा खाद्यपदार्थ समयमै आपूर्ति गर्ने, स्तनपानको महत्त्व बुझाउने, विद्यालयका पाठ्यक्रममा खानेकुरा र स्वास्थ्य विषय अनिवार्य गर्ने, समुदायमा नियमित स्वास्थ्य परीक्षण व्यवस्था गर्नेलगायत काम गर्न सकेमा मात्र कुपोषण समस्या हट्छ ।

– गंगाराज अर्याल, *पाणिनि-८, अर्घाखाँची*

भीडभाडबाट सुरक्षित रहौं

दसैं नजिकिँदै छ । बजारमा दसैंका लागि सामग्रीहरू किन्नेहरूको चहलपहल एवं घुइँचो बढिरहेको छ । यस्तो भीडभाड देख्दा मानिसमा कोरोनाको डर हराइसकेझैं लाग्छ । कोरोनाविरुद्धको खोप लगाएकाले डर हराएको होला भनुँ भने सबैले लगाउन पाएका पनि छैनन् । अनि 'खोप लगायौ' भन्दैमा सबै सुरक्षित छन् भनेर ढुक्क हुन पनि सकिन्न । फेरि १८ वर्ष उमेरमुनिकाहरूलाई खोप मुलुकमा नआइसकेको अवस्थामा अझै निकै सतर्कता अपनाउनु अति जरुरी छ । भीडमा सबैले मास्क पनि लगाएका हुँदैनन्, स्वास्थ्यको मापदण्ड अपनाउनु त परै जाओस् । यस्तोमा कोरोना संक्रमण फैलिने डर ज्यादा हुन्छ । सरकारले पनि भीडभाड नगर्न, सभा-समारोह सम्मेलन आदि नगर्न आह्वान गरिसकेको छ । तैपनि जनता अटेरी भई भीडभाड गरिरहेका नै छन् । अब आफै

दाजैहरू, आशीर्वाद देऊ

केशव दाहाल

लोकतन्त्रलाई परिणाममुखी बनाउने महत्त्वपूर्ण कडी हो– सुशासन । भ्रष्टाचारमा शून्य सहनशीलता । यसका लागि, २०४६ पछिका प्रधानमन्त्री, मन्त्री, सांसद्, राजनीतिक नियुक्ति पाउनेहरू र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गरौं । आफैंमाथि परीक्षण गर्न नेताहरू तयार छन् ?

प्रश्नहरू

दलहरू यति बेला महाधिवेशन वा पुनर्गठनको चटारोमा छन् । कांग्रेसले महाधिवेशनको प्रक्रिया थालेको छ । एमाले विभाजन भयो र लगत्तै विधान अधिवेशनमा गयो । माधव नेपाल र महन्थ ठाकुरहरूले आ-आफ्ना गुटलाई पार्टीकरण गरे । माओवादी नेता प्रचण्ड हतास स्वरमा पार्टी पुनर्गठनको पैरवी गरिरहेका छन् । यदि सकारात्मक जोडबल हो भने यावत् हलचलहरू आफैंमा सुन्दर घटना हुन् । तर चल्तीकै स्वाङ र तुष्टि हो भने यी मात्र मदारीका तमासा हुन् । कर्मकाण्ड । एजेन्डाविना गरिने महाधिवेशन र पुनर्गठनको के अर्थ ?

संयोग भनौं वा नियति, हाम्रा दलहरूबीच केही रोचक समानता छन् । सबैमा हुटहुटी छ । सबैमा खटपटी छ । सबैमा नेतृत्वको देवत्वकरण छ । तर कसैले पनि आजका असफलताहरूको राजनीतिक र व्यावहारिक समीक्षा गरेका छैनन् । सबैमा पूर्वाग्रह छ, तर प्रतिस्पर्धा छैन । चाकरी छ, आलोचना छैन । सत्ता छ, सपना छैन । जीवन छ, चेतना छैन । लेनदेन छ, राजनीति छैन । घटनाहरू स्वयंले स्पष्ट गर्छन्, सबै दलका पहिलो र दोस्रो पुस्ता आजका लागि कामै नलाग्ने देखिए । थोत्रा भाँडाकुँडाजस्ता, पत्रु । बज्छ तर प्रयोग छैन । न त चेतना, न त सपना, न त सिर्जना । नेताहरूमा मात्र सत्तालिप्सा छ, गति र ऊर्जा छैन । दुर्भाग्य, पहिलो पुस्ताको लाजलाई दोस्रो पुस्ताले छोपिरहेको छ र ऊ स्वयं नांगेझार हुँदै छ । कार्यकर्ताहरू यो प्रहसनका तमासे बनेका छन् । कस्तो घनघोर अन्धकार ?

राजनीतिलाई अन्धकारबाट कसरी निकाल्ने ? के राजनीतिमा उज्यालो खोज्ने काम देउवा, ओली, प्रचण्ड, माधव, उपेन्द्र वा महन्थबाट सम्भव छ ? अथवा रामशरण, अर्जुननरसिंह, भीम, ईश्वर वा शशांकबाट नयाँ आशा गर्न सकिन्छ ? असम्भव छ । बिम्बमा भनौं, पतिंगरहरूले फूल हुनुको भ्रम छर्दैमा कसले पत्याउँछ ?

जस्तो कि, देउवाबाटै प्रश्न गरौं, के देउवा स्वयंले आफू प्रधानमन्त्री हुनुको औचित्य स्थापित गर्न सक्लान् ? सक्दैनन् । अतः कांग्रेसले विचार गर्नुपर्ला, मुलुक सञ्चालनमा पटक-पटक असफल कांग्रेस यो दुर्भाग्यका लागि कुन श्रापले अभिशप्त छ ? अन्यथा देश कांग्रेसको नेतृत्वमा उहिल्यै स्वर्ग बन्नुपर्ने हैन र ? तर भयो के ? कांग्रेस आफ्नै इतिहाससँग आँखा जुधाउन नसक्ने भयो । सर्वत्र असफलता ।

भर्खरै एमालेको विधान अधिवेशन सकियो । त्यहाँ के भयो, भन्नुपर्दैन । के कम्युनिस्ट शास्त्रमा व्यक्तिको स्तुति, चाकरी र देवत्वकरणलाई महाधिवेशन भनिन्छ ? प्रश्नहरू हराउनु र आलोचना चाकडीमा रूपान्तरित हुनु कम्युनिस्ट आन्दोलनको महापतन हो । अन्यथा आफ्नै नेतालाई किन सोधिएन, फुटको रहस्य ? निश्चय नै, अधिवेशनस्थल भव्य थियो । तर त्यो भव्यताभित्र विचारको भव्यता किन खोजिएन ? नेताहरू राता झन्डाहरूले घेरिएर बसे । अन्तर्राष्ट्रिय गीत गाइयो । तर कम्युनिस्ट हुनु भनेको के हो, किन कसैले सोधेन ? कम्युनिस्टहरू (?) भित्र हुर्कंदो पतनको यो कथा एमालेको मात्र कथा हैन, समाजवादीको पनि हो र माओवादीको पनि हो । यस्तो बेला राजनीतिमा उज्यालो खोज्ने नयाँ पुस्ता कहाँ छ ?

प्रश्नहरूको अन्तर्य

देशले चौतर्फी असफलता भोगिरहेको छ । केही मान्छे यो असफलतालाई त्रासमा बदल्न चाहन्छन् । निश्चय नै, निर्वाचन हेर्‍यो, महँगो छ । सरकार हेर्‍यो, परिणामविहीन छ । संसद् बस्दैन, तर सांसदले तलब बुझेकै छन् । अख्तियार छ, काम गर्दैन । दलालहरू मोटाएकै छन् । तर जनताको भोक, रोग र विभेद उस्तै । दुई वर्षमा सक्नुपर्ने योजना दस वर्षमा सकिँदैन । ढलमा बच्चा झर्छ र हराउँछ, कसैले जवाफ दिनुपर्दैन । भ्रष्टाचार छ, सबै चुपचाप । सर्वत्र सत्ताको विवाद । सर्वत्र गुट र विभाजन । फुटेका पार्टीहरू पनि उस्तै, जुटेका पार्टीहरू पनि उस्तै । र, केही खराब मान्छेहरू यो सबैलाई अस्थिरता र द्वन्द्वमा बदल्न चाहन्छन् । त्यसैले उनीहरू राजनीतिक असफलतालाई व्यवस्थाको असफलता भनेर हल्ला गरिरहेका छन् । उनीहरू पार्टीको असफलतालाई लोकतन्त्रको असफलता भन्दै ढोल बजाउँदै छन् ।

तर सत्तामा बस्नेहरू चुपचाप छन् । तर मार्नेहरू मौन छन् । नेतृत्वको पहिलो पुस्ता त त्यस्तै भयो, दोस्रो पुस्ता अझ पहिलोभन्दा खराब, लाचार र लबस्तरो देखिँदै छ । नेताको फेर समाउने र सत्ताको वैतरणी पार गर्ने उसको नियतले समस्या देख्दैन, सत्ता देख्छ । राजनीति फोहोर हुँदा आहालको डिलमा बसेर गन्देझारको माला उन्न रुचाउने दोस्रो पुस्ताले लाज पचाइसक्यो । यस्तो बेला तेस्रो पुस्ताले आफ्नै नेतृत्वमाथि निर्मम समीक्षा नगर्ने हो भने राजनीति कता जाला ?

यी प्रश्नहरूको अन्तर्य के भने, दलहरूभित्र जाज्वल्यमान नयाँ पुस्ता आवश्यक देखियो । राजनीतिमा नयाँ विचार, नयाँ मुद्दा, नयाँ संस्कृति र नयाँ नेतृत्व आवश्यक देखियो । पहिलो पुस्ताले व्यवस्था त फेर्‍यो तर व्यवस्थापन बदल्न सकेन । त्यसैले शासकीय व्यवस्थापनमा नयाँ, प्रभावकारी र परिणाममुखी प्रबन्धन आवश्यक भयो । पहिलो र दोस्रो पुस्ता पुरानै कर्मकाण्डमा खुसी देखिए । उनीहरू पुरानै सत्तामा खुसी देखिए । त्यसैले उनीहरूलाई चुनौती दिने र नयाँ गन्तव्य खोज्ने तेस्रो पुस्ता आजको आवश्यकता भयो । अन्यथा अरूजस्तै नर्कतिर हिँडेर स्वर्ग कसरी प्राप्त हुन्छ ?

बदलावको प्रस्ताव

बदलाव कहाँ खोज्ने ? विकल्प कहाँ खोज्ने ? तेस्रो पुस्तालाई अनुरोध छ, समस्या जहाँ छन्, त्यहींबाट बदलाव खोजौं । असफलता जहाँ छ, त्यहींबाट सफलता खोजौं । के आजका असफलताहरू व्यवस्थाका दोष हुन् ? होइनन्, व्यवस्थापनका दोष हुन् । अतः बदलाव व्यवस्थापनमा खोजौं । के आजको संकट संविधानले सिर्जना गरेको हो ? होइन, यो सरकारको असफलता हो । अतः बदलाव सरकारको चरित्रमा खोजौं । देश असफल भएको होइन, दलहरू असफल भएका हुन् । त्यसैले बदलाव आफ्नै दलहरूको जीवनमा खोजौं । बदलाव आफ्नै पार्टीहरूमा खोजौं । पछिल्लो असफलता लोकतन्त्रको होइन, नेतृत्वको असफलता हो । अतः बदलाव आफ्नै नेतृत्वमा खोजौं ।

अबको शासकीय स्वरूप कस्तो बनाउने ? प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था शासकीय सुधारको आधार हुन सक्छ । किनभने आफ्नो कार्यकारी प्रमुख छान्ने सार्वभौम अधिकार अवश्य नै जनतामा निहित छ । यसो गर्दा निर्वाचित कार्यकारीहरू तानाशाह हुन सक्छन् भन्ने जुन सन्दर्भ छ, त्यसमा यथोचित नियन्त्रणको प्रबन्ध गर्न सकिन्छ । साथै छलफल गरौं, प्रत्येक तहका कार्यकारी प्रमुख र उपप्रमुखहरूको पदावधि कति बनाउने ? यसमा एक व्यक्ति दुई कार्यकाल निर्धारण गरौं ।

त्यसैगरी सांसदहरू नै मन्त्री बन्ने परम्परागत संसदीय प्रणालीको विकल्प के होला ? किनभने सरकार गठन-विघटनमा निरन्तर सांसदहरूको संख्या हाबी हुँदै जानु राम्रो विषय होइन । त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले निश्चित मापदण्डका आधारमा संसद्-बाहिरबाट मन्त्रिमण्डलको गठन गर्ने विधि अर्को प्रस्ताव हुन सक्छ । यसो गर्दा व्यवस्थापिकाले कार्यपालिकालाई स्वतन्त्र ढंगले नियमन गर्न पाउँछ । मन्त्री बन्ने लोभबाट सांसदहरू मुक्त हुन्छन् । निर्वाचनका बेथितिहरू सकिन्छन् । साथै, विदेशमा बस्ने नेपालीहरूलाई मतदानको अधिकार प्रदान गरौं । निर्वाचनमा 'राइट टु रिजेक्ट' र 'नो भोट' लागू गरौं । पछिल्लो समय पूर्ण समानुपातिक व्यवस्थापिकाको प्रस्ताव आइरहेको छ । त्यो के हो ? छलफल गरौं । स्थानीय तहमा, जिल्ला समन्वय समिति हटाऔं । स्थानीय पालिकामा गैरदलीय निर्वाचन गरौं ।

अहिले राज्यसत्ताको पार्टीकरण तीव्र छ । संवैधानिक अंगहरूमा हुने नियुक्तिहरू दलीय प्रभावबाट मुक्त छैनन् । हाम्रा आयोग, विश्वविद्यालय, संस्थान र सेवाप्रदायक अंगहरू निम्छरा छन् । अतः सबैको निष्पक्षता र प्रभावकारिता सुनिश्चित गरौं । प्रश्न गरौं, के दलहरू निजामती प्रशासनमा सम्पूर्ण फेरबदल गर्न तयार छन् ?

लोकतन्त्रलाई परिणाममुखी बनाउने महत्त्वपूर्ण कडी हो– सुशासन । भ्रष्टाचारमा शून्य सहनशीलता । सेवाप्रवाहमा सुधार । कानुनी शासनको प्रत्याभूति । यसका लागि, २०४६ पछिका प्रधानमन्त्री, मन्त्री, सांसद्, राजनीतिक नियुक्ति पाउनेहरू र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गरौं । के आफैंमाथि परीक्षण गर्न नेताहरू तयार छन् ? हामीसँग अख्तियार, सम्पत्ति शुद्धीकरण र सतर्कता केन्द्रजस्ता महत्त्वपूर्ण अंगहरू छन् । तर यी अंगहरूमाथि जनताको विश्वास घट्दो छ । के यिनीहरूलाई स्वायत्त र विश्वासिलो बनाउन दलहरू तयार छन् ? नेतालाई सोधौं । खबरदारी गरौं । बदलाव र हलचल आफ्नै दलबाट सुरु गरौं ।

आर्थिक-सामाजिक बदलाव

आर्थिक न्यायलाई लोकतन्त्रको आधार मानिन्छ । अतः किसान, मजदुर, सीमान्तकृत समुदाय, न्यून वेतनधारी वर्ग र ग्रामीण जीवनलाई कसरी आर्थिक न्याय दिने ? पार्टीभित्र मन्थन थालौं । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा र सार्वजनिक यातायातलाई कसरी प्रभावकारी बनाउने ? यसलाई पार्टीको एजेन्डा बनाऔं । विपन्नलाई आर्थिक सुरक्षा दिन रासन कार्डको व्यवस्था गरौं । अथवा आम्दानीको न्यूनतम ग्यारेन्टी गर्न सरकारलाई भनौं । भूमिसुधार, पूर्वाधार विस्तार, औद्योगिकीकरण, राष्ट्रिय उत्पादन वृद्धि, रोजगारी सिर्जना, आवासको ग्यारेन्टी, बिजुली र पानीको सर्वसुलभ वितरणजस्ता दैनिक जीवनसँग जोडिने विषयहरूलाई राजनीतिका मुद्दा बनाऔं ।

विज्ञहरू भन्छन्– कृषि, उद्योग, पर्यटन, पूर्वाधार र सेवा क्षेत्रमा वार्षिक १० लाख नयाँ रोजगारी सिर्जना गर्न सकिन्छ, जसले एक दशकभित्र वैदेशिक रोजगारीको पछिल्लो दरलाई १० प्रतिशतमा झार्छ । यो कसरी सम्भव छ ? छलफल गरौं । विज्ञहरूलाई सोधौं । र, साथमा शिक्षा र स्वास्थ्य पूर्णतः निःशुल्क गरौं । अन्यथा विचार गरौं, यति ठूलो राजनीतिक उपलब्धिपछि पनि साधारण मान्छेको जीवनमा किन कुनै परिवर्तन देखिएन ? यो असफलता आफ्नो काँधमा बोकेर तपाईं कसरी कांग्रेस ? तपाईं कसरी कम्युनिस्ट ? तपाईं कसरी समाजवादी ? असफलताहरूलाई छोपछाप पारेर नयाँ पार्टी बनाउनुको के अर्थ ? विगतको समीक्षा नगरी गरिने महाधिवेशनको के प्रयोजन ?

राजनीतिक व्यवस्था राज्यसत्तालाई आकार दिने मुख्य विषय हो । तर प्रभावकारी व्यवस्थापनबिना यसले परिणाम दिँदैन । अतः व्यवस्थापनमा बदलाव आजको प्रमुख एजेन्डा हो । यो नै आजको राजनीति हो । यो नै आजको कार्यभार हो । यो नै आजको विचार हो । तर, के यो कार्यभार पूरा गर्न पहिलो र दोस्रो पुस्ताको नेतृत्वले सक्ला ? सक्दैन । किनभने त्यहाँ आशा र अपेक्षाको उज्यालो छैन । त्यहाँ विवेक छैन, झेल छ । त्यहाँ सिर्जना छैन, तिर्सना छ । त्यहाँ परिवर्तनको सपना छैन । त्यहाँ क्षमता छैन । तर तेस्रो पुस्ता ? अपेक्षा गरौं, योसँग सम्भावना छ । अतः यो पुस्ताले नयाँ सुरुवात गर्न सक्छ । उसले नयाँ प्रश्नहरू गर्न सक्छ । उसले नयाँ ढंगले सोच्न र सपना देख्न सक्छ । त्यसैले पहिलो र दोस्रो पुस्ताका दाजैहरूलाई अनुरोध छ, सत्ताको लोभ पापी चीज हो; यो जुनीमा पुग्यो । अब तपाईं निवृत्त हुनुहोस् र आराम गर्नुहोस् । यो नयाँ पुस्तालाई आशीर्वाद दिने समय हो ।

र, तेस्रो पुस्तालाई अनुरोध छ– युवा साथीहरू, लौ समय भयो । मोर्चा सम्हाल ।

dahal.keshab@gmail.com

संघीय संरचनामा स्वास्थ्य कार्यालय

सुमित्रा खड्का

आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउनुलाई संविधानले नागरिकको मौलिक हकका रूपमा व्याख्या गरेको छ । उक्त हक सुनिश्चित, स्वास्थ्य सेवा प्रवाह तथा व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीय तह छन् । आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चिता गर्दै स्थानीयस्तरका स्वास्थ्य नीति, कानुन, सेवाको गुणस्तर र योजना नियमन गर्ने एकल अधिकार स्थानीय तहलाई छ । यस्तो व्यवस्थाले सेवाको तयारीलाई मात्र संकेत गर्छ, काम गर्न भने बाँकी नै छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०४८ लागू भएपछि नेपालमा निजी अस्पताल तथा स्वास्थ्य संस्थाको तीव्र विकास भयो । नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक बनाउने उद्देश्यसहित राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ल्याइयो । यस्ता नीति आए पनि आम नागरिक निजी स्वास्थ्य संस्थाहरूलाई महँगो शुल्क तिर्न बाध्य छन् । दुर्गम भेगका बालबालिका र प्रजनन समूहका महिलालाई अझै पर्याप्त पोषण पुऱ्याउन सकिएको छैन । दुर्गम भेगका स्थानीय तहमा औषधि भण्डारणका लागि आवश्यक पूर्वाधारको व्यवस्था अझै भइनसकेकाले सामान्य औषधिको पनि अभाव हुने गरेको छ । निश्चित कार्यतालिका तथा कार्यसूचीअनुसार तहगत रूपमा औषधि र प्रविधिजन्य स्वास्थ्य सामग्री वितरण गर्नुपर्ने अपरिहार्य नियम भए पनि सम्बन्धित निकायले पालना गरेका छैनन् । कार्य क्षेत्रबारे स्पष्ट खाकासमेत तयार भएको छैन । भएकामा पनि कार्यान्वयन हुन सकिरहेको छैन । यस्तोमा स्वास्थ्य कार्यालयको भूमिका झनै बढेको छ ।

स्वास्थ्य कार्यालयको भूमिका

स्वास्थ्य कार्यालयले जिल्लाभित्र प्रदेश र स्थानीय तहको प्रमुख समन्वय निकायका रूपमा काम गर्छ । प्रदेशको निर्देशनअनुसार विभिन्न स्वास्थ्य कार्यक्रमहरू कार्यान्वयन गर्छ । विपद् तथा महामारीमा संघको प्रत्येक्ष निर्देशनलाई समेत अनुसरण गरी आकस्मिक कार्यक्रमहरू कार्यान्वयन गर्छन् । खोप, औषधि तथा स्वास्थ्य सामग्री भण्डारण तथा वितरणमा यसले विशेष काम गर्छ ।

पछिल्लो समय कोभिड महामारी नियन्त्रण तथा रोकथाम गर्नका लागि स्वास्थ्य कार्यालयले समुदायस्तरमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार योजना, मातृ नवजात शिशु तथा बाल स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा, पोषणलगायत कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहसँग मिलेर तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । स्वास्थ्य सेवाको पहुँच तथा उपभोग वृद्धि गर्न विभिन्न सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूसँग हातेमालो गर्दै स्वास्थ्यका योजना बनाउने, तिनको कार्यान्वयनमा सहजीकरण गर्ने, सो स्वास्थ्य संस्थाबाट सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन, सुपरिवेक्षण र सेवाप्रवाहको गुणस्तर वृद्धि एवं मापन गर्ने जिम्मेवारीसमेत अहिलेको सीमित जनशक्तिबाट यथाशक्य सम्पादन भइरहेको छ ।

स्वास्थ्य कार्यालयहरूले भौगोलिक आवश्यकता, जनसंख्या तथा संघीय संरचनाअनुरूप स्वास्थ्य सेवालाई थप गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ बनाउन दक्ष जनशक्तिको परिचालनका लागि सम्बन्धित निकायलाई उत्प्रेरित गर्छ । नवजात शिशु, बाल तथा मातृ स्वास्थ्य सुधारका लागि सुरक्षित मातृत्व तथा पोषण सुधारात्मक कार्यक्रमहरूको सञ्चालनमा थप सुदृढीकरण गर्न स्वास्थ्य कार्यालयले समन्वयको कार्य गरिरहेको छ ।

सुधारका ठाउँ

संघीयताका विभिन्न उद्देश्यमध्ये एउटा हो– स्वास्थ्यलगायत अन्य सामाजिक सेवालाई समुदायमा विस्तार गर्नु । तर पूर्वाधार व्यवस्थापन अपेक्षा गरेभन्दा निकै सुस्त गतिमा भएकाले स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बढाउन सकिएको छैन । स्वास्थ्य संस्थाहरूले सेवा उपभोगलाई गुणस्तरीय बनाउन सकेका छैनन् । स्वास्थ्य कार्यालयको नियमित अनुगमन र सुपरिवेक्षण अपेक्षा गरेअनुरूप प्रभावकारी छैन । संघीयताले स्थानीय तहलाई स्वास्थ्यसम्बन्धी पर्याप्त स्रोतसाधनको विनियोजन गरेको छ । तर, त्यसको उपभोगबाट नागरिक वञ्चित छन् । स्थानीय तह र मातहतका स्वास्थ्य संस्थाहरूमा औषधिसहित स्वास्थ्य सामग्रीहरूको उपलब्धता, तिनको अनिवार्य र नियमित प्रयोग तथा सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य कार्यालयहरूले समन्वय र सहयोग गर्नुपर्छ । यस्ता सहयोगलाई नियमित तथा कार्यमूलक बनाउन पनि जरुरी छ । यसका लागि स्थानीय तहका स्वास्थ्य शाखाप्रमुख र स्वास्थ्य कार्यालयबीच मासिक समन्वय बैठक गर्नु आवश्यक छ ।

कोभिडले निम्त्याएको विषम परिस्थितिको सामनासँगै जलवायु परिवर्तनका कारण उत्पन्न समस्याहरू समाधान गर्न स्वास्थ्य कार्यालयलाई कार्यमूलक अनुसन्धानमा आबद्ध गरी, वैज्ञानिक तथा सहभागितामूलक पद्धति अवलम्बन गर्नु जरुरी छ । संघीय तथा प्रादेशिक निकायबाट जारी नीतिनियम तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न स्वास्थ्य कार्यालयको वर्तमान संगठन, दरबन्दी र जिम्मेवारीलाई समयानुकूल बनाउनुपर्छ । मानसिक तनाव, श्वास-प्रश्वास तथा छालासम्बन्धी रोग आदि स्वास्थ्य समस्याको जोखिमलाई न्यूनीकरण गर्न स्वास्थ्य कार्यालयहरूले व्यवसायीहरूका कार्यस्थलको नियमित अनुगमन गर्ने संयन्त्रको विकास गर्नुपर्छ । साथै आफ्नै पनि क्षमता विकास गर्न ढिला भइसक्यो ।

एकातिर सीमित स्रोतसाधनका कारण स्वास्थ्य क्षेत्रमा सुधार तथा विकास गर्न सकिएको छैन, अर्कातिर भएका स्रोतसाधनको पनि विभिन्न प्राविधिक तथा प्रशासनिक समस्याका कारण प्रभावकारी प्रयोग हुन सकेको छैन । कर्मचारी उत्तरदायी नहुनु, कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा कर्मचारीलाई सीपमूलक तालिमको अभाव हुनु, कार्यक्रमको अवस्था र सञ्चालन प्रक्रियाको अनुगमन कमजोर हुनु र भूगोल, जनसांख्यिक र आवश्यकताअनुसार योग्यताप्राप्त सीपमिश्रित दक्ष कर्मचारीको सीमित दरबन्दीले पनि थप चुनौती सिर्जना गरेको छ । बेलाबखत भइरहने राजनीतिक अस्थिरताका कारण गुणस्तरीय स्वास्थ्यको व्यवस्थापन गर्न स्वास्थ्य कार्यालयलाई निकै कठिनाइ भइरहेको छ । स्वास्थ्य कार्यालयले गर्न सक्ने प्राविधिक सहयोग र व्यवहार परिवर्तनका परियोजनाहरू संस्थागत निर्णय नभएकै कारण कार्यान्वयन हुन नसकी बर्सेनि कार्यक्रम फ्रिज भएका उदाहरण पनि प्रशस्तै छन् ।

समग्रमा, संघीय संरचनाअनुरूप स्वास्थ्य कार्यालयलाई थप जिम्मेवारीका साथ परिचालन गर्नुपर्छ । साथै स्वास्थ्यका कर्मचारीहरूलाई क्षमता र दक्षताका आधारमा परिचालन गर्नुपर्छ । आवश्यक स्रोतसाधन विनियोजन गरी सांगठनिक सुधार ल्याउन सके स्वास्थ्य कार्यालयको भूमिका अझ प्रभावकारी हुन्छ ।

खड्का स्वास्थ्य कार्यालय, नुवाकोटकी जनस्वास्थ्य अधिकृत हुन् ।

k.sumitra986@gmail.com

जलीय जीवमा विषादी-संकट

प्रवेशसिंह कुँवर

विषादी यस्तो वस्तु हो, जसको प्रयोग हानिकारक जीवहरूको नियन्त्रण वा विनाश गर्नका लागि गर्ने गरिन्छ । कृषि बाली जोगाउनका लागि ईसापूर्व २००० भन्दा अगाडिदेखि नै विषादीको प्रयोग हुँदै आएको छ । कीट नियन्त्रणका लागि विषाक्त वनस्पतिको प्रयोगबारे ऋग्वेदमा समेत उल्लेख छ (इन.विकिपेडिया.ओआरजी/विकी/पेस्टिसाइड) । वैज्ञानिक लेखहरूमा उल्लेख भएबमोजिम सन् १९३० र ४० को दशकमा विभिन्न कृत्रिम विषादीहरूको उत्पत्तिसँगै विश्वभर यसको प्रयोग दिनानुदिन बढ्दै नै गयो (गार्सियालगायत, सन् २०१२) र यो क्रम हालसम्म चलिरहेकै छ ।

पाउल हर्मन मुलरले सन् १९३९ मा डीडीटी नामको रसायनलाई कीटनाशक विषादीका रूपमा पहिचान गरेका थिए जसका लागि उनलाई नोबेल पुरस्कारसमेत प्रदान गरिएको थियो (इन.विकिपेडिया.ओरजी/विकी/डीडीटी) । नेपालमा सन् १९५० को दशकमा मलेरिया उन्मूलन कार्यक्रमका लागि सर्वप्रथम डीडीटी र तत्पश्चात् गमेक्सिन र निकोटिन सल्फेटजस्ता विषादीहरू सोही उद्देश्यका लागि भित्र्याइएको देखिन्छ । विस्तारै नेपालमा अर्ग्यानो क्लोरिन, अर्ग्यानो फस्फेट र कार्बामेट समूहअन्तर्गत पर्ने विषादीहरू पनि भित्रिँदै गए (धितालललगायत, सन् २०१५) ।



चित्र १ : नेपालमा आयात तथा फर्मुलेसन गरिने विषादीहरूको परिमाण, किलोग्राममा (पीक्यूपीएमसी, २०१९)

संयुक्त राष्ट्र खाद्य एवं कृषि संगठनको डाटाबेसअनुसार, सन् १९९० देखि २०१८ सम्म करिब तीन दशकमा विश्वको कुल विषादी खपत २२,९९,९७९ टनबाट ४१,२२,३३४ टन पुगेको छ भने सोही अवधिमा नेपालमा यो परिमाण ६० टनबाट ५७४ टन पुगेको छ (एफएओएसटीएटी, २०२१) । यस प्रकार नेपालमा विषादी खपतको वृद्धिदर भयावह देखिन्छ । यद्यपि प्रतिएकाइ क्षेत्रफलमा विषादी प्रयोग विश्वको औसतका तुलनामा नेपालमा निकै कम छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रको प्रतिवेदनअनुसार नेपालमा दस प्रकारका विषादी १७० वटा साधारण नाम र ३,०३५ वटा व्यावसायिक नाममा दर्ता भएका छन् । सोही प्रतिवेदनअनुसार, आर्थिक वर्ष २०७४-७५ मा मात्र २२,७१,७३४ किलो परिमाणमा ८३,५७,८०,९६८ रुपैयाँ बराबरका विभिन्न विषादी नेपालमा आयात तथा फर्मुलेसन गरिएको पाइन्छ (चित्र १) ।

यसरी भित्रिने विषादीहरूमध्ये इन्सेक्टिसाइड समूहअन्तर्गतका विषादीहरूले सबैभन्दा बढी करिब ६६ प्रतिशत हिस्सा ओगटेका छन् भने फंगिसाइड र हर्बिसाइड क्रमशः दोस्रो र तेस्रो हिस्सा ओगट्ने विषादी हुन् । इन्सेक्टिसाइड वर्गका विषादीको प्रयोग मुख्य रूपमा कृषि क्षेत्रमै भएको देखिन्छ (चित्र २) ।

जनसंख्या वृद्धि र त्यसअनुरूपको बढ्दो खाद्यान्न मागका कारण कृषिको उत्पादन नबढाई नहुने चुनौतीले गर्दा पनि कीटनाशक विषादीको प्रयोगलाई विश्वभर बढावा दिन थालियो । शत्रु जीवहरूको नाश गर्न प्रयोग गरिने विषादीहरूले ठूला तथा सूक्ष्म मित्र जीवहरूलाई पनि बाँकी राख्ने कुरा भएन । विभिन्न अनुसन्धान प्रतिवेदनअनुसार, विषादीको ०.१ प्रतिशतभन्दा कम हिस्सा मात्र चाहेको शत्रु जीवसम्म पुग्ने र ९९.१ प्रतिशतभन्दा बढी भाग खुला वातावरणमा मिसिने हुन्छ (पिमेन्टल, १९९५) । यी विषादीहरू हावा तथा पानीका माध्यमबाट अन्ततोगत्वा खोला,



चित्र २ : इन्सेक्टिसाइड वर्गका विषादीहरूको क्षेत्रगत प्रयोग, प्रतिशतमा (पीक्यूपीएमसी, २०१९)

माछाजस्ता जलीय जीवहरू विषादीको न्यून मात्रामै भए पनि निरन्तर सम्पर्कमा आइरहँदा तिनको प्रजनन क्षमतामा समेत प्रभाव परी वंश नै लोप हुन सक्ने देखिएको छ ।

तालतलैयासम्म पुग्छन् । पानीमा क्रमिक रूपमा विषादीको मात्रा थपिँदै जाँदा जलीय जीवहरू मर्नेसमेत गरेका प्रशस्त घटना पाइन्छन् । यी विषादीहरू पानीमा अत्यन्त न्यून मात्रामा हुँदासमेत नजानिँदो किसिमले प्राणी तथा वनस्पतिजन्य जलीय जीवहरूलाई नकारात्मक प्रभाव पार्न सक्ने अनुसन्धानले देखाएको छ ।

यस पंक्तिकारले गरेको अनुसन्धानमा नेपालमा अत्यधिक प्रयोगमा ल्याइने प्रमुख विषादीमध्ये क्लोर्पिरिफोस र डिक्लोर्भोस (नेपाल सरकारले सन् २०२१ देखि डिक्लोर्भोसको प्रयोगलाई प्रतिबन्धित गरिसकेको छ) जस्ता विषादीहरू माछाका लागि अत्यन्त हानिकारक पाइएको छ । थप अनुसन्धानका क्रममा क्लोर्पिरिफोस नामक विषादी तुलनात्मक रूपले बढी हानिकारक रहेको पाइयो । यी विषादीहरूको अत्यन्त न्यून मात्रा, ०.०७ मिलिग्राम क्लोर्पिरिफोस र १.२ मिलिग्राम डिक्लोर्भोसले पनि सामाजिक-आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको नेपालको स्थानीय जातको माछा सहरलाई प्रभाव पारेको अन्तर्राष्ट्रिय जर्नल 'कम्प्यारेटिभ बायोकेमिस्ट्री एन्ड फिजियोलोजी, पार्ट सी' मा हालै प्रकाशित एउटा लेखमा उल्लेख छ । अध्ययन प्रतिवेदन अनुसार, विषादीका कारण माछामा श्वासप्रश्वास प्रक्रियामा समस्या, शरीरलाई सन्तुलन कायम राख्न सक्ने क्षमतामा कमी, खानामा अरुचि, समूहमा पौडिने व्यवहारमा ह्रास, शारीरिक क्रियाकलापमा सुस्तता र अत्यधिक तनावजस्ता लक्षणहरू देखिन्छन् । विषादीको नकारात्मक प्रभावका संकेतहरू माछाको रगत परीक्षणमा समेत भेटिएको थियो । सोही अनुसन्धान टोलीले कमन कार्प र इन्डिजिनस मेजर कार्प, नैनी जातका माछामा समेत त्यस्तै असरहरू देखिएको उल्लेख गरेको छ । यस प्रकारका अनुसन्धानबाट माछाजस्ता जलीय जीवहरू विषादीको न्यून मात्रामै भए पनि निरन्तर सम्पर्कमा आइरहँदा तिनको प्रजनन क्षमतामा समेत प्रभाव परी तिनका प्रजाति नै लोप हुन सक्ने देखिएको छ ।

विषादीको प्रयोगले तत्कालका लागि कृषि उत्पादन वृद्धि गराउने सकारात्मक पक्ष देखिए पनि दीर्घकालीन रूपमा यसले मानव स्वास्थ्यका साथै जलीय जैविक विविधतालाई जोखिममा पारिराखेको यथार्थलाई नकार्न सकिँदैन । तसर्थ नीतिनिर्माता तहमा जिम्मेवारी वहन गर्नेहरूले जथाभावी विषादी प्रयोगमा रोक लगाउनु, पानीको गुणस्तर मापदण्डमा समयानुकूल सुधार गरी नियमनकारी भूमिका खेल्नु, कृषि तथा अन्य क्षेत्रमा विषादी प्रयोगका वैकल्पिक उपायहरूको अनुसन्धान र तिनको प्रभावकारिता अध्ययन गर्नु अत्यन्त आवश्यक छ ।

कुँवर प्राणीशास्त्र केन्द्रीय विभाग, त्रिविका शोधार्थी हुन् ।

दसैंमा बेच्नका लागि पोखरातर्फ च्याङ्ग्रा लैजाँदै व्यवसायी । मुस्ताङबाट हिँडाएर बेनी–मालढुंगा सडक हुँदै पोखरा पुऱ्याउन सरदर १० दिन लाग्छ । *तस्बिर : अगन्धर तिवारी/कान्तिपुर*

८४ औं दिनको...

गठबन्धन दलका शीर्ष नेताको मंगलबार बालुवाटारमा बसेको बैठकमा कांग्रेसले प्रधानमन्त्रीसहित ७, माओवादीले ६, एकीकृत समाजवादी र जसपाले ४/४ मन्त्रालय लिने समझदारी बनेको हो । त्यसपछि पनि बाँकी रहेको एक मन्त्रालय कांग्रेसले नै राखेको छ ।

जसपा नेता राजेन्द्र श्रेष्ठले मंगलबार बालुवाटारमा शीर्ष नेताहरूको बैठक बस्नुअघिसम्म कांग्रेसले प्रधानमन्त्रीसहित ७, माओवादी, एकीकृत समाजवादी र जसपाले ५/५ मन्त्रालय लिने समझदारी बनेको कान्तिपुरलाई बताएका थिए । उनले संसद्को अंकगणितका आधारमा नभई समानताका आधारमा भागबन्डा गर्ने तय भएको जानकारी दिएका थिए । शीर्ष नेताको बैठकले संसद्को गणितका आधारमा २१ वटा मन्त्रालय भागबन्डाको समझदारी बनाएको जसपाकै अर्का नेता महेन्द्र राय यादवले जानकारी दिए । 'अहिले कांग्रेसको भागमा ६ मन्त्रालय परेको छ । बाँकी रहेको मन्त्रालय अहिले कांग्रेसकै भागमा रहनेछ,' यादवले कान्तिपुरसँग भने ।

प्रधानमन्त्री देउवाले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको कोटाबाट मन्त्री बनाउन एउटा अतिरिक्त मन्त्रालय राखेको नेताहरूको अनुमान छ । प्रधानन्यायाधीश जबराले भाग खोजेकै कारण मन्त्रिपरिषद् विस्तार गर्न ढिलाइ भएको समाचार बाहिरिएपछि सर्वोच्च अदालतले त्यसमा सत्यता नभएको भन्दै खण्डन गरेको थियो । सत्ता गठबन्धन दलका नेताहरूले अनौपचारिक संवादमा भनेअनुसार प्रधानमन्त्री देउवाले अझै पनि प्रधानन्यायाधीश जबरानिकट एक जनालाई मन्त्री बनाउन चाहेका छन् । त्यसैका लागि उनले एउटा बढी मन्त्रालय राख्न सत्ता गठबन्धन दलमा समझदारी बनाएको नेताहरू बताउँछन् । 'मिडियामा सार्वजनिक भएपछि प्रधानन्यायाधीशनिकटका व्यक्तिलाई यसैपटक मन्त्री बनाउने परिस्थिति प्रतिकूल बनेको छ । अहिले आफ्नै पार्टीका कुनै नेतालाई पठाउने, केही महिनापछि वा आमनिर्वाचन घोषणा हुनुअघि एक जना मन्त्रीलाई फिर्ता बोलाएर प्रधानन्यायाधीशको मान्छेलाई बनाउने सम्भावना छ,' कांग्रेसका एक नेताले भने ।

प्रधानमन्त्रीका विश्वासपात्र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले प्रधानन्यायाधीशले भाग खोजेको र प्रधानमन्त्रीले प्रधानन्यायाधीशनिकट व्यक्तिलाई मन्त्री बनाउन खोजेको भन्ने समाचारमा सत्यता नभएको दाबी गरे । 'प्रधानन्यायाधीशले मन्त्रीमा भाग खोजेको कुरामा सत्यता छैन, त्यस्तो अवस्था आउँदैन,' सत्ता गठबन्धनका बैठकमा निरन्तर सहभागी रहँदै आएका कार्कीले भने । माओवादी केन्द्रका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि प्रधानन्यायाधीशका मान्छेलाई मन्त्री बनाउने अपेक्षा आफूले नगरेको बताए । 'यस्तो कुरा नै गलत हो । बाहिर आएको समाचारका आधारमा प्रधानन्यायाधीशको कोटाबाट मन्त्री बन्ने कुरा मैले कल्पना गरेको छैन,' उनले भने, 'प्रधानमन्त्रीले संसद्बाहिरबाट र सत्ता गठबन्धन दलको समझदारीबिनै यस्तो कदम उठाउनुहोला भन्ने मैले कल्पना गरेको छैन ।'

जसपा नेता यादवले बढी मन्त्रालय कांग्रेसले राख्ने समझदारी बने पनि प्रधानन्यायाधीशका मान्छेलाई मन्त्री बनाउने विषयमा गठबन्धन बैठकमा छलफल नभएको दाबी गरे । 'जति बढी मन्त्रालय छ, त्यो कांग्रेसले राख्ने समझदारी छ,' उनले भने, 'तर प्रधानन्यायाधीशका लागि कोटा छुट्याएको भन्ने कुरा बैठकमा कहींकतै आएको छैन ।' उनका अनुसार जसपालाई भौतिक पूर्वाधार तथा यातायात, कृषि तथा पशुपन्छी, संघीय मामिला तथा सामान्य प्रशासन र वन तथा वातावरण मन्त्रालय छुट्याइएको छ ।

पहिला दिने भनिएको भन्दा कम मन्त्रालय पाएकामा एकीकृत समाजवादी र जसपाभित्र असन्तुष्टि छ । असन्तुष्टिका बावजुद जसपा शीर्ष नेतावीच बनेको सहमतिलाई स्विकारेर मन्त्री पठाउने गृहकार्यमा जुटेको छ । समझदारी गरेर फर्केका एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल भने पार्टीभित्रै अप्ठ्यारोमा परेका छन् । बालुवाटार बैठकपछि आन्तरिक परामर्शमा जुटेका नेपालसँग अधिकांश नेताले चारवटा मन्त्रालयमा चित्त बुझाउन नहुने दबाब दिएका छन् । एकीकृत समाजवादीलाई थप एक राज्यमन्त्री पनि दिने समझदारी छ ।

संविधानत: प्रधानमन्त्रीसहित २५ जनाभन्दा बढी मन्त्री राख्न पाइँदैन । प्रधानमन्त्री र २१ मन्त्रालयका अतिरिक्त थप ३ राज्यमन्त्री राख्न पाइने भएकाले दुई राज्यमन्त्री कांग्रेस र माओवादीले लिने सहमति छ । 'यसअघि पाँच मन्त्रालय दिने कुराकानी भएको हो । प्रधानमन्त्री पूर्वसहमतिबाट पछि हटेर हामीलाई चार मन्त्रालय मात्रै दिने कुरा आएको छ । चार मन्त्रालयमा पनि एक जना कानुन व्यवसायीलाई समेट्न भनिएको रहेछ,' एकीकृत समाजवादीका एक नेताले भने, 'हामीले यो सहमति मान्नु हँदैन भनेका छौं । यसबारेमा अध्यक्ष नेपालले बुधबार प्रधानमन्त्री देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग कुराकानी गर्ने भन्नुभएको छ ।'

कांग्रेससँग रहेको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय एकीकृत समाजवादीलाई दिएर त्यसमा प्रतिनिधिसभा पुनःस्थापनाका लागि उल्लेख्यनीय योगदान पुऱ्याएका कानुन व्यवसायीलाई पठाउन प्रधानमन्त्री देउवाले नेपालसँग आग्रह गरेका छन् । ६ महिनाभित्र शान्ति प्रक्रियाका बाँकी काम टुंगो लगाउन प्रधानमन्त्री देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल कानुन व्यवसायीलाई कानुनमन्त्री बनाउन सहमत भएका हुन् । 'तत्कालीन माओवादी जनयुद्धको नेतृत्व गरेका दाहाल र राज्यसत्ताको नेतृत्वमा रहेका देउवालाई शान्ति प्रक्रिया तत्काल टुंग्याउनुपर्ने स्वार्थ छ,' स्रोतले भन्यो, 'त्यसैका लागि वरिष्ठ अधिवक्ता गोविन्द बन्दीलाई मन्त्री बनाउने कुराकानी पहिल्यैदेखि चलेको हो । अहिले उनैको नाम त भनिएको छैन तर एक जना वकिललाई पठाउने कि भन्नेबारेमा छलफल चलिरहेको छ ।'

एकीकृत समाजवादीका नेता विरोध खतिवडाले भने बुधबार पार्टीमा आन्तरिक छलफल भएपछि सबै कुरा तय हुने बताए । 'मन्त्रालय भागबन्डामा समझदारी भएको कुरा बाहिर आएको छ । यसबारेमा पार्टीभित्र बुधबार छलफल हुन्छ,' उनले भने । 'प्रधानमन्त्रीले तपाईहरूकै मन्त्रालय कटौती गरेर आफूलाई बढी राख्नुभएको हो ?' भन्ने प्रश्नमा उनले भने, 'प्रधानमन्त्रीलाई अनेक खालका समस्या भएर त्यसो गर्नुभएको होला । पार्टीभित्रै पौडेल र सिटौला पक्ष पनि मिलाउनुपर्ने होला ।' समझदारीअनुसार एकीकृत समाजवादीलाई कानुन, न्याय तथा संसदीय मामिला, सहरी विकास, श्रम रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय परेका छन् ।

सरकारका प्रवक्तासमेत रहेका कार्कीले मन्त्रालय भागबन्डामा सहमति भइसकेकाले तत्कालै मन्त्रिपरिषद् विस्तार गर्ने गृहकार्यमा प्रधानमन्त्री रहेको बताए । 'मन्त्रालय भागबन्डा मिले पनि पार्टीमा आन्तरिक छलफल भएको छैन । बुधबार पार्टीभित्रको छलफल गरेर बिहीबारसम्म मन्त्रिपरिषद् विस्तार गर्ने तयारी छ,' उनले भने । कांग्रेसले यसअघि लिएको कानुन मन्त्रालयको सट्टामा रक्षा मन्त्रालय राख्ने भएको छ । कांग्रेसको भागमा गृह, रक्षा, परराष्ट्र, स्वास्थ्य तथा जनसंख्या, सूचना, सञ्चार तथा प्रविधि, महिला तथा बालबालिका र युवा तथा खेलकुद मन्त्रालय परेका छन् । कानुनमा रहेका कार्कीलाई सूचना, सञ्चार वा स्वास्थ्यमा पठाउने प्रधानमन्त्रीको तयारी छ । गृहमा बालकृष्ण खाँण, परराष्ट्रमा नारायण खड्का र स्वास्थ्य राज्यमन्त्रीमा उमेश श्रेष्ठ यसअघि नै नियुक्त भइसकेका छन् । प्रधानमन्त्री देउवाले बुधबार आफ्नो पार्टीभित्र मन्त्री छान्ने विषयमा वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पक्षसँग छलफल गर्ने भएका छन् । पौडेल पक्षले कांग्रेसले पाउने कुल हिस्सामा ४० प्रतिशत दाबी गरिरहेको छ ।

माओवादी केन्द्रबाट मन्त्रीमा जानेहरूको नाम तय गर्न अध्यक्ष दाहालले पनि बुधबार नै छलफल गर्ने भएका छन् । माओवादी केन्द्रबाट अर्थमा जनार्दन शर्मा र ऊर्जामा पम्फा भुसाल मन्त्री छन् । त्यसबाहेक माओवादी केन्द्रको भागमा शिक्षा, विज्ञान तथा प्रविधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, खानेपानी र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय परेका छन् ।

किन लत्रिए...

संगठन सुदृढ नभएको भन्दै दाहाल नेतृत्वको माओवादी र माधव नेपाल नेतृत्वको एस प्रतिनिधिसभाको पूर्ण कार्यकालको पक्षमा छन् । त्यतिमात्र होइन, उनीहरू गठबन्धनलाई आगामी चुनावसम्मै निरन्तरता दिन चाहन्छन् ।

यही बेला कांग्रेसका धेरै नेताहरू भने 'अर्ली इलेक्सन' को पक्षमा छन् । कम्युनिस्ट नेतृत्वको सरकार असफल भएकाले लगत्तै चुनाव भए आफूहरूले जित्ने उनीहरूको विश्वास छ । तर, यही शैलीको सरकार लम्बिए आगामी निर्वाचन पनि आफ्ना लागि धराप हुन सक्ने डर उनीहरूलाई छ । उता, एमाले अध्यक्ष ओलीले पनि प्रधानमन्त्री देउवालाई भन्दा माओवादी केन्द्रका अध्यक्ष दाहाल र एस अध्यक्ष नेपालप्रति लगातार प्रहार गरेका छन् । ओली सकेसम्म चाँडो गठबन्धन भत्काएर मुलुकलाई 'अर्ली इलेक्सन' मा लैजाने योजनामा देखिन्छन् । आफूले दुई-दुईपटक विघटन गरेको प्रतिनिधिसभाको आयु लम्बिएको उनले रुचाएका छैनन् । त्यसैले ओलीको लाइनमा देउवा पुगलान् भनेर दाहाल आफैं खुम्चिएकाजस्ता देखिन्छन् ।

राजनीतिक विश्लेषक श्याम श्रेष्ठ भने प्रधानमन्त्री देउवाले दाहाललाई दबाबमा राख्न सक्ने अवस्था नभएको बताउँछन् । बरु गठबन्धनका अन्य नेताले देउवालाई दबाबमा राखेको उनको बुझाइ छ । 'प्रधानमन्त्रीको कार्यदक्षताको समस्या हो । कुनै कारणले देउवा ओलीसँग मिलेर गए भने उनको राजनीतिक साख झन् बिग्रिन्छ,' श्रेष्ठ भन्छन्, 'उनलाई फाइदा पनि छैन । किनभने कांग्रेसको प्रतिद्वन्द्वी एमाले नै हो ।' हुन त एमसीसी सम्झौता अनुमोदनका लागि गठबन्धनका नेताहरूले सहयोग नगरेकामा प्रधानमन्त्री देउवाको पनि असन्तुष्टि छ । माओवादी अध्यक्ष दाहाल र एस अध्यक्ष नेपालले परिमार्जन गरेर मात्र एमसीसी सम्झौता अनुमोदन गर्नुपर्ने अडान राखेपछि देउवा अगाडि बढ्न सकेका छैनन् ।' एमसीसीमा देउवा बरु ओलीसँग नजिक देखिन्छन् । 'तर एउटै विषयले गठबन्धनको भविष्य निर्धारण गर्दैन,' श्रेष्ठ भन्छन् ।

कांग्रेसका एक नेता भने प्रधानमन्त्री देउवासँग सबै विकल्प खुला रहेको बताउँछन् । 'अहिले प्रधानमन्त्री गठबन्धनका नेताहरूको दबाबमा हुनुहुन्न, बरु उहाँले अरूलाई दबाबमा राखेको जस्तो देखिन्छ,' उनी भन्छन्, 'गठबन्धन नेताहरूले धेरै दबाब बनाए भने विपक्षीलाई साथमा लिएर चुनावमा जाने बलियो विकल्प प्रधानमन्त्रीसँग जीवित छ ।'

महाकालीको तुइन घटना र नेपाली आकाशमा भारतीय हेलिकोप्टर उडेको घटनामा सरकारले ढिला मात्रै अग्रसरता लिएको बुझाइ गठबन्धनमा रहेका माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाका नेताहरूको मत छ । तर दाहालले यस मुद्दामा देउवामाथि दबाब बढाएका छैनन् । तर पनि गठबन्धन भरपर्दो छैन भन्नेमा दाहाल स्पष्ट छन् । भन्दै आएका छन्, 'गठबन्धनलाई तोड्न देशभित्र र बाहिरबाट षड्यन्त्र भइरहेको छ । प्रतिगमनलाई परास्त गर्न, संविधान, लोकतन्त्र, गणतन्त्र र राष्ट्रको रक्षाका निम्ति बनेको गठबन्धन हरहालतमा जोगाउनुपर्ने अवस्था छ ।'

राजनीतिक विश्लेषक हरि रोका पनि अहिलेको अवस्थामा देउवाले गठबन्धनका नेताहरूलाई बाहिर राखेर ओलीसँग सहकार्य गर्ने सम्भावना नरहेको तर्क गर्छन् । 'देउवा आफैं पनि माओवादीलाई इन्कार गर्ने हैसियतमा छैनन्,' उनी भन्छन्, 'फागुन २३ पछि नै यिनीहरूबीच साझा न्यूनतम कार्यक्रमको गृहकार्य हुनुपर्थ्यो, त्यो पुगेन । त्यसपछि आफैंभित्र कसलाई मन्त्री बनाउने भनेर मापदण्ड बनाउनुपर्थ्यो, त्यो पनि बनाउन सकेनन् ।'

गठबन्धनका तर्फबाट गत साउन २४ मा ११ बुँदे प्राथमिकतासहित सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक भएको थियो । गठबन्धन सरकारले कोभिड-१९ महामारीबाट जनताको जीवनरक्षा गर्ने, संविधानको सर्वोच्चता, कानुनी राज्य र सुशासन प्रत्याभूत गर्ने, शान्ति प्रक्रियालाई पूर्णता दिने, सहमतिका आधारमा संविधान संशोधनको पहल गर्ने, संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन बनाउने, महँगी नियन्त्रण तथा भ्रष्टाचार छानबिन गर्नेलगायतका प्राथमिकता तय गरेको थियो । तर, यी विषयमा सरकार र गठबन्धनले कुनै पहल गरेका छैनन् । यसमा प्रधानमन्त्री देउवाजस्तै उनका पृष्ठपोषक दाहाल मौन छन् ।

वर्गीकृत विज्ञापन

घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रीको लागि, 9851071590

चितवन माडिमा प्लटिङगर्न फ्याक्ट्री वा कृषिफार्मको लागि सस्तो राम्रो जग्गा ३० कट्ठा ९८६९३७११३७

लोकन्थलीमा घर बिक्रीमा 9843518445, 9849895501

ललितपुर एरियामा घरजग्गा खरिद बिक्रीगर्नु पर्ने, 9841515302

आरुबारीमा ५आना जग्गाबिक्रीमा आनाको २३लाख ९८५१११२८७८, ९८२८७५१२८८

आरुबारीमा ३.५आना जग्गाबिक्रीमा आनाको ३७लाख ९८५१११२८७८, ९८२८७५१२८८

नारायणथान रुद्रेश्वर १०आना, ८आना, २रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

आरुबारीमा २६आना जग्गाबिक्रीमा आनाको ४५लाख ९८५१११२८७८, ९८२८७५१२८८

बालुवाटारमा २६आना कमर्सियल जग्गाबिक्रीमा आनाको ८०लाख ९८५१११२८७८, ९८२८७५१२८८

हेपाली हाईटमा VIP ०-१६-०-० बिक्रीमा, 9813339738

लामाटार शुभतारा स्कूलछेउको 0-8-1-2 जग्गा प्रतिआना 1650,000/- 9847693612

गोंगबुमा ०-८-०-० जग्गा आनाको ८० लाख २,५०,०००/- भाडा आउने २ वटा घर फ्रिमा ९८४९९६९४३८

पेप्सीकोलामा ३तले न्यूघर १,६५,००,०००।- ९८५१०३४७८६

गैरीधारामा ०-६-०-० जग्गा बिक्रीमा, 9843670264

धादिङ्ग बाखाफर्म सहितको जग्गा 400000 रोपनीमा 9841091560

वालाजु बाइपास ५किमी हाइवेसगै तत्काल Hotel, OldageHome, Residenceको लागि उपयुक्त १२ कोठा Attached Bathroom, सभाहल सहितको साढे४करोड पर्न १४आनामाबनेको घर२,७५,००,०००। FixPrice 9841124415

चितवनको धानखेतले पोखराको घडेरी साट्नेले सम्पर्क ९८४६०४४८८६

काँडाघारीबाट मूलपानीजाने मुख्यसडकमा १० आना जग्गा बिक्रीमा ६५ फुट मुख भएको २ कित्ता गर्नमिल्ने ९८४१५०१०२३, ९८१३८९९२१९

रिङ्गरोड क्षेत्र आसपासमा सवारी साधनको वर्कशप संचालनकोलागी कम्तीमा ३ रोपनी जग्गा भाडामा चाहियो 9802322729

सिपाडोल आशापुरीमा ४.५रोपनी बिक्रीमा ९८४१७८४०४४

हात्तिगौडाचोकमा दुईपिसहुने पूर्व मोहडाको ०-१३-०-०

कपन बालबाखानीमा नयाँघर बिक्रिमा 9868241998

सवारी साधन

स्कार्पियो कार, रिजर्भमा चाहिएमा ९८६३२२५६३४

फाइनान्स सुविधा भएको २०१६ मोडेल मा भन्दा माथीको राम्रोकन्डीसनको स्कर्पियो चाहियो ९८१४३३५०६२, ९८४७३२७४७६

२०१६ मोडेल i10 म्याग्ना १८,५०,०००।- ९८५१०३४७८६

सम्पर्क

तुरुन्त ऋण धितोफुकुवा Bankbalance 9851087174

बैंकमा Cash Deposit धितोफुकुवा गर्नपरेमा 9851045218

विद्यार्थिकोलागि सस्तोमा Cash Deposit 9842543779

सस्तोमा धितोफुकुवा बैकबाट लोन 9851154609

धितोफुकुवा क्यासडिपोजिट धितोरखी ऋण 9851227495

सस्तोमा Cash Deposit धितो फुकुवा 9851113056

सेकेण्डहुयाण्ड फर्निचर खरिद बिक्रि ९८५१२३४०४७

विदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

सस्तोमा धितोफुकुवा Cash Deposit 9851243313

सस्तोमा cashdeposti धितोफुकुवा लोनतिर्न 9851006688

सस्तोमा बैंकब्यालेन्स धितोफुकुवा गर्नपरेमा 9841000065

संरचना सहितको चलिरहेको कृषि पशुपालन सम्बन्धी प्रोजेक्ट बेच्न चाहनेले सम्पर्क गर्नुहोला, ९८४७३४६४८६

विद्यार्थीलाई सस्तोमा बैंक ब्यालेन्स ९८६३६४६९०९

विविध बिक्रीमा

लगनखेलमा फेन्सी पसल, खाली ठाउं दिन मिल्ने ९७४१७४३९९२, ९८०३४५६१८८

कृर्था पसल बिक्रिमा डिल्लीबजार ९८६२७९६१५५

महाराजगन्ज चक्रपथको प्राइम एरियामा खाली सटर बिक्रिमा रु ३ लाख ९८५१०७५९१५

महाराजगन्ज चक्रपथको प्राइम एरियामा फर्निचर पसल बिक्रिमा ९८५१०७५९१५

अफिस स्पेस बिक्रिमा पुतलीसडक 9851031660

निर्माण सफाई

ढलमंगाल जामखोल्ने सस्तोमा ९८५१९६८९२६, ९८४४५३९६६०

इनारसफाई सोलारफिल्टर ढलमंगाल जामखोल्ने 9851116022

ढलट्वाईलेट मंगाल जामखोलिन्छ ९८५१०६९६३५, ९८४९६५७५००

सेफ्टीटैंकी सफाई गाडिमा १५००। 9843768737

सेप्टिटैंकी सफाई 01-5712671, 01-5712554, 9851152299

सेप्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

सेप्टिटैंकी सफाई सस्तोमा 9841343487, 9851118279

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४९६६३६६८

सेप्टिटैंकी ढल सरसफाई सस्तोमा 9849503019

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841955291

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीटैंकी सफाई जामखोल्ने सस्तोमा 9851056662

भाडामा

ललितपुरमा घरफल्याट लिनदिन परेमा, 9851046386

घर Flat भाडामा लिनुदिनुपरे मा KumarlamaRealstate 4720460, 4720529, 9849427626,

सरस्वति नगरमा आधुनिक फल्याट, 9843708285

ज्वागल, कुपण्डोलमा अफिसको लागि फल्याट भाँडामा, 9841214138

का.म.पा.१५ चमतीमा बैंक, सहकारी, सुपरमार्केट, अफिस, क्लिनिक फ यॉक्ट्री, गोदाम, फल्याट, सटर ०१६२२७५८०, ९८१८६९८९८३

चाहियो

ग्वार्कोहलनजिकैको USअफिसलाई parttime/fulltime लेखपढअनुभव भएनभएका स्टाफअर्जेन्ट 21,500/- अन्यसुविधासहित बोनसपनि 9849450645, 9828721889 कामघरअफिसमै

ग्वार्कोचोकैको PGकम्पनीलाई स्टाफअर्जेन्ट 25,000/- खाजाभाडा 9808728580, 9846599866 कामघरअफिसमै

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9801101472

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9844373337

कोटेश्वरग्वार्कोमा office स्टाफअर्जेन्ट 18,000/- दशैबोनस 9808728555

तिनकुनेचोकमा CSSकम्पनिभित्रै डेकुरेसनमाला उत्नेकर्मचारिअर्जेन्ट 21,500/- लाग्ने भाडाखाजा पढेनपढेका जोकोहिलेगर्नमिल्ने 01-5199302, 9823705671

ग्वार्कोहलनजिकैको OSअफिसभित्रै 10am-4pm कामगर्ने स्टाफअर्जेन्ट 27,500/- अन्यसे वासुविधार दसैबोनसपनी पढेनपढेकासबैलाई 01-5540046, 9851146579, 9803887401

IATA Ticketing officer-2, Office helper with motorbike driving skills-3, housemaid-1 Contact moonsun.hello@gmail.com 9803087213

बल्खुअफिसलाई स्टाफअर्जेन्ट 27,500/- खाजाबसभाडा पढेनपढे का महिलापुरुष जोकोहीलेगर्नमिल्ने 9818282550, 9860279660

सामाखुसीचोकैमा अफिसस्टाफहरु अर्जेन्ट 27,500-33000/- खाजाभाडा पढेनपढेका जसले नीगर्नमिल्ने 9842768410, 9823566595

ठिमीचोकैमा विभिन्नकाममा पढेनपढेका महिलापुरुष कामदारहरु 22,500/- खानबस्नसहित 9861785420, 9810797404

स्टुडेन्टसंग डिपेन्डेन्टमा युरोप जाने युवाले, 9869340472 सम्पर्क गरौ

जडिबुटी मासुपसलमा कामदार तुआवश्यकता 9851049899

Bakery Chef-1, Barista-2, Experience 2-4Years 9812050033

मिनरलवाटर कम्पनीमा अनुभवी टेक्नीसियन, एकाउन्टेन्ट चाहियो ९८५११२२२९९

सेक्यूरीटी गार्डहरु चाहियो 18000 9823005384

गाडी वासिङ्ग मिस्त्री चाहियो ९८५१०७२८९८

तालिमप्राप्त सेक्यूरिटिगार्ड तुचाहियो 9851281154, 9851228593

Urgent delivery, cashier , Kitchen helper, warehouse staff,01-5909030

सूर्यविनायक धलातेको सिवान्स सोकोसलाई बजार प्रतिनिधिहरु चाहियो ९८४९१७११८३, ९८०१८५६२३२

मम मिस्त्री १८,००० मम हेल्पर १३,००० ९८४९८४०६७१

रेष्टुरेट र स्कुलको लागि कुक हेल्पर, कुक, सरसफाई स्टाफ चाहियो, 9808607313, 9851076801

अफिसको लागि कानून पढेको कर्मचारी आवश्यकता 9849921262

दरबारमार्गमा फार्मेशीकोलागि लाइसेन्सभएको फर्माशिष्ट चाहियो सम्पर्क: ९८०८९७९६६० गुरांस मैनाली

ललितपुर धापाखेलस्थित गाईफार्मको लागि गाईस्याहार्ने अनुभवी कामदार चाहियो बस्ने/खाने व्यवस्था 9847346486

गर्ल्स होस्टेलको लागि कामगने महिला आवश्यक्ता बानेश्वर, 9863655604

मर्मत

ढलट्वाइलेट जामखोल्ने सस्तोमा 9841516755, 9849998884

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851161163,

सस्तोमा ढलट्वाईलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढलट्वाईलेट मंगाल जामखोल्ने ९८६१७२८५९९

LEDTV फ्रिज घरैमा मर्मत 9810364211

उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

बिहावारी

स्वदेश वा विदेशमा बस्ने उत्कृष्ट भविष्य भएका नेपालीहरुका लागि उपयुक्त बरबधु चाहिएमा सम्पर्क गर्नुहोला www.nrnmatch.com +977-9842981178

ब्राम्हण/क्षेत्रीहरुमा २५देखी ३८वर्षको Nurse/MBBS, MD/Engineer, Bankers स्वदेश-विदेश वरवधुमा सम्पर्क, 9865552528

वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-४५५३५३१, ५८५११७८८३०
जिरो मिडिया	अनामनगर	५७०५६५५
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ५८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	५८४१२८५४४७, ५८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	५८४१३१५४४१
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ५८६३३३७२१७
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१, ५८४१६५५३५३
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ५८४१८३४५३४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	०१४३७२३३०, ५८४५५६५२५३
बि. एण्ड बि. कम्यूनिकेशन	कलंकी	५२३४५३०, ५८४१०२१५२३
लोटस कम्युनिकेशन	गोंगबु, नयांवसपार्क	४३६४७५१
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४५२३०५, ५८४५५६०६१४
अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४५१४१२, ५८५११२०१८०
पशुपति विज्ञापन सेवा	सोह्रखुट्टे चोक	५८६६४३०१५५, ५८१३६३५६०५
मरमिड	कलंकी	५२३४३४२, ५८४५४७५६७५
निशा बुक्स एण्ड स्टेशनरी	लगनखेल	५५३१५५७, ५८४१६२७४८५
सेढाई स्टेशनरी	बसुन्धरा	५८४६१७८२२८
नेपाल मिडिया कन्सर्ल्ट	सिफल	०१-४५७८१०३
सूर्य विनायक साइबर	भक्तपुर	५०५२६७४, ५८४१५७०८४१
डि. एण्ड डि एडभरटाइजिङ्ग	लुभु	५५८०४०६, ५५५४३३२
स्मार्ट इन्भेष्टमेन्ट	जोरपाटी	५८५१०८५२५३, ५७४१०१७२५३
प्रयास इन्टरप्राइजेज	बागबजार	४२४५१०८
किपु बुक प्वाइन्ट	कीर्तिपुर	४३३१७७५
कान्तिपुर सञ्चार सेवा	कमलपोखरी	४५१४५२२, ५८४१४७८६००
मिडिया वे प्रा.लि.	नयाँबजार	४३८७८५५, ५८४१५१७०४५
न्यु टिन्स स्टेशनरी	सातदोबाटो	५६१७७४५१०५, ५८४१३२३८२८
दीप सेवा कम्पनी	कोटेश्वर	४६०००७०
क्वीक कम्युनिकेशन सर्भिस	बालाजु	४५८३४५२, ४५८५४२६
गेटवे सञ्चार सेवा	सिनामंगल	५८०३७३५५८८, ५८५१०५३०७८
आर्क मिडिया	सुन्धारा	०१-५७१३५७१, ५८५१२२८२२८
भिजन एडभरटाइजिङ्ग	कलंकी	४०३२०४२, ५८५१०५६०४४
अदीति विज्ञापन सेवा	कौशलटार	५८५११२२३८१
माउण्टेन एर एड	एकान्तकुना, नख्खु	५५३३७६६, ५८४५६६५४६५
लुमिनेन्ट एड एजेन्सी	कुमारीपाटी	०१-५१७१२१६, ५८५११५५५२५
सुविधा डटकम	बनस्थली	४३५२७७२, ५८४१७११५१२
अंकुर मिडिया हाउस प्रा.लि.	गठ्ठाघर	६६३३५५८, ५८५११५२०५६
सेभेन24 प्रा.लि.	जावलाखेल, लपु	५५३५५२४, ५५४७७५७
मिडिया एडब	लाजिम्पाट	४००१०२५
सगरमाथा श्री मिडिया	बालकुमारी	५८४१५५४००७, ०१-५१००४७०
गणेश पुस्तक	कांकडभित्ता	५८४२६३३४०६, ०२३-५६३१०५
मुनाल पुस्तक पसल	गाईघाट	५८४२८७५५५५, ०३५-४२०१२५
श्रेष्ठ बुक्स एण्ड स्टेशनरी	दमक	०२३-५८४१२५, ५८४२६२०७५७
के.डि.ए. सप्लायर्स एण्ड एड	भरतपुर	०५६-५७२१०५, ५८४५१५५३६१
चितवन एडभरटाइजिङ्ग	भरतपुर	०५६-५३१००८, ५८५५०६३४०७

वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

राजधानीको कलंकीमा एक्स्काभेटरमा पिङ लगाएर जोखिमपूर्ण तरिकाले खेल्दै बालबालिका । दसैंको आगमनसँगै विभिन्न ठाउँमा लगाइने यस्ता अव्यवस्थित पिङले दुर्घटना बढाउने गरेका छन् । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

जो आफ्नै श्रीमान्बाट बेचिइन्

लिला श्रेष्ठ (काठमाडौं)

'एउटी कन्या केटी छ, बिहे गर्ने भए कुरा चलाउँछु,' श्रीमान् फोनमा कुरा गरिरहेका थिए । ती व्यक्ति को थिए र श्रीमान्ले कुरा गरेको कन्या को थिइन् भन्ने भेउ उनले पाइनन् । खासै वास्ता पनि गरिनन् ।

त्यसको केही दिनपछि उनी नुवाकोटमा लाग्ने दुप्चेश्वर मेलामा गएकी थिइन् । त्यहीं बेला पासाङ तामाङ भन्ने व्यक्तिले उनलाई फोन गरे र दाइ (श्रीमान्) सँग कुरा भएको बताउँदै भने, 'तिमी यही मेलामा आएकी रहिछौ । म पनि यतै छु, भेटेर नै कुरा गरौं न ।' बल्ल उनले थाहा पाइन्, केही दिनअघि श्रीमान्ले बिहेको कुरा गरेको 'कन्या केटी' त उनी आफैं पो रहिछन् । त्यो भेटमै पासाङले उनलाई विवाहको प्रस्ताव राखे ।

प्रेम विवाह गरी पाँच सन्तानकी आमा भइसकेकी थिइन् रीमा (परिवर्तित नाम) । परिवार राम्रैसँग चलिरहेको थियो । कान्छा छोरा ४ वर्ष पुगेपछि भने श्रीमान्सँग खटपट सुरु भयो । परिवारको वास्ता नगर्ने र घर खर्चसमेत नदिने भएपछि सम्बन्धमा चिसोपना बढ्दै गयो । यही खटपटीमा जोडिन आइपुगेका थिए, पासाङ । मेलामा भएको पहिलो भेटमै उनले फकाएर भनेका थिए, 'राम्रोसँग पाल्छु, तिम्रो पहिलेको बूढालाई जार तिर्न परे पनि दिउँला । खुसीको जिन्दगी बिताउँला ।' बिग्रँदो सम्बन्धको भासमा परेकी रीमा कुन भावावेशमा थिइन् कुन्नि, पासाङ बोलीमा फसिन् । रीमा सुनाउँछिन्, 'त्यही दिन हामी विवाह गर्न नुवाकोटको घ्याङफेदी पुग्यौं ।' यो थियो, २०७१ को मंसिरको घटना ।

पासाङको परिवारले सहमति जनाएपछि सिन्दूरपोते भयो । विवाहको तीन दिनपछि रीमालाई छोडेर पासाङ ट्रेकिङको काम गर्ने भन्दै काठमाडौं हिंडे । एक महिनापछि पासाङले सुनाए, 'तिम्रो पहिलेको श्रीमान्लाई १ लाख ६० हजार रुपैयाँ जार खर्च बुझाएँ नि ।' बिहेको ८ महिनापछि सँगै काम गर्न भन्दै उनलाई काठमाडौं बोलाए । रीमा बालाजु नयाँ बसपार्क झर्दा पासाङ आफैं लिन आइपुगेका थिए । उनलाई सिधै नजिकैको एक होटलमा लगे । होटलकी एक महिलालाई देखाउँदै भने, 'दिदीसँग बस्दै गर्नु, एकछिनमा आउँछु ।' त्यति भनेर निस्केका पासाङ तीन दिनसम्म फर्केनन् । उनको मोबाइल पनि स्विच अफ भयो । पासाङले दिदी भनेर चिनाएकी महिलाले रीमालाई तामाङ थरकै पुरुषसँग चिनाइदिइन् । ती पुरुषले उनलाई मासिक १० हजार तलब पाउने गरी घरायसी काममा लगाइदिने वाचा गरे ।

ती पुरुषले उनलाई आफ्नो कोठामा लगेर श्रीमती-छोराछोरीसँगै तीन दिन राखे । काममा जाने भन्दै एक दिन सुनौली नाका हुँदै ट्रेनमा भारतको नयाँदिल्लीस्थित 'दिदी' भन्ने म्हेन्दो तामाङको घर पुऱ्याए । तीन दिनपछि उनी फर्किए । म्हेन्दोले रीमालाई आग्रा पुऱ्याइन् । उनी जुन घर पुगिन्, त्यहाँ उनकै उमेरका अरू केटीहरू पनि थिए । तीमध्ये एक जनाले उनलाई सुनाइन्, 'यहाँ त यौनजन्य कार्य गर्नुपर्छ, तिमी बेचियौ ।' त्यसपछि झसंग भइन् । बल्ल आफू बेचिएको पक्का भयो ।

त्यसपछिका दिन उनले यौन अखडामा नारकीय दैनिकी बिताउनुपऱ्यो । 'मैले यस्तो काम गर्दिनँ भन्दा मलाई शारीरिक र मानसिक यातना दिन्थे । त्यस्तो काम नगरेको दिन खाना नै दिंदैनथे,' उनले भनिन्, 'झन्डै ८ महिना काम गरेपछि मलाई अर्को ठाउँमा बेचिंदिए ।' रीमा

> पहिलो श्रीमान्ले १ लाख ६० हजारमा बेचे, दोस्रो श्रीमान् मार्फत फेरि बेचिएर उनी दिल्ली पुगिन्

फेरि बेचिएर दिल्लीको जीबी रोडस्थित ६४ नम्बरको कोठीमा पुगिन् । त्यो उनै म्हेन्दोको अखडा थियो । ठाउँ फेरिए पनि उनले गर्नुपर्ने काम उही थियो । 'मैले एक दिनमा १५ जनाभन्दा धेरै पुरुषसँग शारीरिक सम्बन्ध राख्नुपर्थ्यो,' उनले सुनाइन्, 'एक जनासँग सुतेबापत पाउने ३५० भारु पनि उनीहरूले नै लिन्थे ।'

पटक-पटक विभिन्न ठाउँमा बेचिएर नारकीय जीवन बिताइरहेकी उनलाई २०७८ जेठ १८ गते भारतको स्थानीय प्रहरी र क्याटलिस्ट नामक संस्थाले दिल्लीस्थित कोठीमा छापा हानेर उद्धार गऱ्यो । दिल्लीस्थित नेपाली दूतावास र शक्ति समूहको सहयोगमा २०७८ जेठ ३१ गते उनी नेपाल आइन् । उनैले भदौ १ मा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा दिएको उजुरीका आधारमा प्रहरीले उनका पहिलो श्रीमान् र दोस्रो श्रीमान् पासाङ तामाङ पक्राउ परेका छन् । 'दुवैलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर मुद्दामा म्याद थपेर अनुसन्धान गरिरहेका छौं,' ब्युरोका प्रवक्ता एसपी अनुरागकुमार द्विवेदीले भने, 'यही घटनाका अन्य फरार प्रतिवादीहरूको खोजी पनि जारी राखेका छौं ।'

हुम्ला सीमाबारे परराष्ट्रलाई गृहको पत्र

काठमाडौं (कास)- चीनसँग सीमा जोडिएको हुम्लाको लिमी लाप्चादेखि हिल्सासम्मको सीमाबारे गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको छ । गृहले पछिल्लो पटक सरकारद्वारा जयनारायण आचार्यको नेतृत्वमा गठित सीमा क्षेत्रसम्बन्धी अध्ययन गर्न गठित समितिले बुझाएको प्रतिवेदनको सुझावका आधारमा परराष्ट्रलाई पत्र पठाएको हो । गृहका सहप्रवक्ता दिलकुमार तामाङले समितिले दिएको सुझावका आधारमा सोमबार पत्र पठाइएको जानकारी दिए । गृहले पत्रका साथै समितिले तयार पारेको प्रतिवेदन पनि परराष्ट्रमा पठाएको छ । स्रोतका अनुसार सीमा क्षेत्रमा उब्जेका केही विषयमा द्विपक्षीय सहकार्यमार्फत समाधान गर्न समितिले सुझाव दिएको छ ।

समितिले असोज १० गते गृहमन्त्री बालकृष्ण खाँणलाई अध्ययन प्रतिवेदन बुझाएको थियो । समितिमा नापी विभागका उपमहानिर्देशक सुशील डंगोल, नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक उमेशराज जोशी, सशस्त्र प्रहरीका वरिष्ठ उपरीक्षक प्रदीपकुमार पाल र राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक कुशोरकुमार श्रेष्ठ सदस्य थिए । भदौ २५ मा स्थलगत अध्ययनका लागि हुम्ला गएको टोली असोज २ गते काठमाडौं फर्किएको थियो ।

'चीन-नेपाल सीमा विवाद छैन'

नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले नेपाल-चीन सीमामा विवाद नरहेको बताएकी छन् । दुई देशबीच सीमा सम्झौतामा हस्ताक्षर भएको ६० वर्ष पुगेको अवसरमा मंगलबार दिउँसो ट्वीट गर्दै उनले सीमा सम्झौता मित्रता र आपसी फाइदाजनक सहकार्यको सेतु भएको उल्लेख गरेकी हुन् । 'आजकै दिन ६० वर्षअघि मित्रवत् वार्ताबाट चीन र नेपालबीच सीमा सम्झौतामा हस्ताक्षर भएको थियो । त्यसबेलादेखि नै हामी (चीन-नेपाल) बीच सीमासम्बन्धी कुनै विवाद छैन र यो नै मित्रताको आधार तथा आपसी फाइदाजनक सहकार्यको सेतु बनेको छ,' उनले ट्वीटरमा लेखेकी छन् ।

यसैबीच, कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र राजदूत होउबीच मंगलबार भेटवार्ता भएको छ । सिंहदरबारमा भएको भेटवार्तामा कानुनमन्त्री कार्कीले राजदूत होउलाई नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै चीनको सुरक्षा संवेदनशीलतालाई ध्यान दिने बताएका थिए ।

दिल्लीमा सशस्त्र-एसएसबी बैठक

सीमामा सहकार्य गर्न सहमत

राजेश मिश्र (नयाँ दिल्ली)

सशस्त्र प्रहरी बल र भारतको सशस्त्र सीमा बल (एसएसबी) बीच सीमा क्षेत्रमा देखिने सुरक्षा चुनौतीको सामना मिलेर गर्ने सहमति भएको छ । नेपाल-भारत सीमामा खटिने दुवै सुरक्षा निकायका प्रमुखहरूबीच मंगलबार नयाँदिल्लीमा छलफल भएको थियो । स्थानीय तहदेखि केन्द्रसम्म सूचना आदानप्रदान बढाउने, अपराध नियन्त्रणका लागि समयमै सूचना पठाउने, सबै तहका अधिकारीबीच बैठक र छलफल बढाउने लगायतका विषय बैठकमा उठेका थिए ।

खुला सीमाका कारण तेस्रो मुलुकका आपराधिक प्रवृत्तिका मानिस नेपाल हुँदै भारत प्रवेश गर्न सक्नेप्रति भारतीय अधिकारीको बढी चासो थियो । अफगानिस्तानमा तालिबानको नियन्त्रणसँगै भारत आफ्नो आन्तरिक सुरक्षालाई लिएर थप सशंकित बनेको छ । त्यस्तै, भारततर्फबाट प्रवेश गरेर नेपालको आन्तरिक सुरक्षामा समस्या पार्ने व्यक्तिबारे नेपाल पक्षले चासो प्रकट गरेको छ । दुई देशका सीमा सुरक्षामा खटिएका सुरक्षा बलको पाँचौं कोअर्डिनेसन बैठकको नेतृत्व नेपालबाट सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनाल र भारतबाट एसएसबीका प्रमुख

> अवैध मानव ओसारपसार, नक्कली नोट, लागूऔषध, तस्करी लगायतका अपराध नियन्त्रणका विषयमा पनि छलफल

महानिर्देशक कुमार राजेश चन्द्रले गरेका थिए । बैठक बिहीबार सकिनेछ ।

बैठकमा सहभागी दिल्लीस्थित नेपाली दूतावासका मिनिस्टर काउन्सिलर आनन्दप्रसाद शर्माले सीमा क्षेत्रमा हुने अपराधिक गतिविधिलाई कसरी नियन्त्रण गर्ने र त्यसमा सहकार्य बढाउने विषयमा बैठक केन्द्रित रहेको बताए । अवैध तरिकाले गरिने मानव ओसारपसार, नक्कली नोट, लागूऔषध, तस्करी लगायतका अन्य अपराध नियन्त्रण गर्ने विषयमा छलफल भएको उनले जानकारी दिए ।

दुई देशबीच कतिपय स्थानमा देखिएको सीमा विवाद, एसएसबीको गलत व्यवहार, दार्चुलामा एसएसबीले तुइन काट्दा एक नेपाली महाकाली नदीमा बेपत्ता भएको लगायत विषयले भने बैठकमा प्रवेश पाएन । 'आजको बैठक सुरक्षा चासोसँग मात्रै सम्बन्धित थियो,' बैठकमा सहभागी एक नेपाली सुरक्षा अधिकारीले भने, 'दुई देशको सरकार, परराष्ट्र मन्त्रालय वा राजनीतिक तहबाट हुने वा भइरहेको संवादमा हामी प्रवेश गरेनौं ।'

सशस्त्र प्रहरी र एसएसबीबीच बर्सेनि नियमित यस्तो बैठक हुँदै आएको छ । आलोपालो दुई देशमा हुँदै आएको यो बैठक गत वर्ष कोभिडका कारण रोकिएको थियो ।

नेदरल्यान्ड्सका महावाणिज्यदूतमा नेपाली

काठमाडौं (कास)- नेपालका लागि नेदरल्यान्ड्स अधिराज्यका अवैतनिक वाणिज्यदूतमा अधिकारकर्मी दीपकराज सापकोटा नियुक्त भएका छन् । नेदरल्यान्ड्सका राजा विलेम अलेक्जेन्डरले सापकोटालाई गरेको नियुक्तिलाई नेपाल सरकारले आइतबार स्वीकृति प्रदान गरेको थियो । महावाणिज्यदूतका रूपमा उनको अवैतनिक सेवा अवधि चार वर्षका लागि हुनेछ । दुई देशबीच सामाजिक र सांस्कृतिक तहमा सम्बन्ध बढाउनका लागि अवैतनिक महावाणिज्यदूत नियुक्त गर्ने कूटनीतिक चलन छ । नेपाल र नेदरल्यान्ड्सबीच बीच २ अप्रिल १९६० इस्वी संवत्मै कूटनीतिक सम्बन्ध स्थापना भएको थियो ।

Request for quotation for Supply of Tablets and Business Series Branded Laptops

Padhnako Lagi Kotha (PLK), the sole official Implementing Partner of Room to Read (RtR), was established in 2002 with a mission to provide better educational opportunities in Government funded community schools of Nepal by focusing on Literacy and Gender Equality in Education.
PLK is soliciting Request for Quotation (RFQ) for the procurement of Tablets and Business Series Branded Laptops from authorized dealers/ distributors/ Sub-dealers and Suppliers having minimum 3 years of relevant working experience in the same field. To collect RFQ form, kindly send email request to: **operations.nepal@roomtoread.org.** The RFQ must be submitted in a sealed envelope with the required documents as mentioned in the RFQ form, in hard copies to the below address. RFQ submitted after the deadline will not be accepted. **PLK** reserves the right to accept or reject any or all quotation without giving any reason.

Date of RFQ Issued	6th October 2021
RFQ Collection Due Date	6th to 22nd October 2021 (9 AM to 5 PM), ***Excluding Saturday, Sunday and Dashain Holidays***
RFQ Submission Deadline	25th October 2021 (Before 01:00 PM)
Description of requirement	**25 units of Business Series branded Laptops & 40 units of Tablets.**

The Administration Department,
Padhnako Lagi Kotha (PLK)
Thapathali, 11-Kathmandu Phone: 01-4102127/ 4102128

UNILEVER NEPAL LIMITED
सिटी स्क्वेयर बिल्डिङ्ग, नयाँ बानेश्वर-१०, काठमाण्डौं
शेयर लगत किताब बन्द रहने सूचना
यस कम्पनीको अठ्ठाईसौं (२८औं) वार्षिक साधारण सभाको सिलसिलामा कम्पनीको शेयर लगत किताब मिति २०७८/०६/२५ देखि २०७८/०७/११ गते सम्म बन्द रहने व्यहोराको यो सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।
युनिलिभर नेपाल लिमिटेड
बसामाडी, हेटौडा-३
मकवानपुर, नेपाल

Vacancy Announcement
Nepal Don Bosco School, a leading & expanding academic institution invites applications from highly motivated, qualified & experienced candidates for the following posts:

1. Secondary Level Teachers
Qualification: Master's Degree/ Bachelor's Degree, B.Ed.
Subjects preferred: Social Studies
Required Teacher: 1 (One)

2. Lower Secondary Level Teachers
Qualification: Master's Degree/ Bachelor's Degree, B.Ed.
Subjects preferred: Nepali | Mathematics | Social Studies | English
Required Teachers: Nepali 2 | Mathematics 1
Social Studies 1 | English 1

The willing and qualified candidates who are very fluent in English can apply for the above mentioned post with an application addressing to the Principal along with the Bio-data/Curriculum-Vitae and photocopies of the supporting certificates or documents latest by 2078/06/22.

Nepal Don Bosco School
Mahalaxmi Municipality-6, Siddhipur Lalitpur
E-mail: ndbssiddhipur@gmail.com, Contact: 9841350833

TEACHER WANTED
Phaplu Community Secondary School (Zeke O'Connor School) is urgently seeking applications from qualified, energetic, experienced and dynamic candidates for the following positions;

Level	Position	Required No.	Qualification
Secondary Level	Math Teacher	1	Master's Degree in Mathematics

Duty Station: Phaplu Community Secondary School (Zeke O'Connor School), Phaplu-4, Solukhumbu.
Interested candidates are requested to apply for the above positions by 20th October 2021 via mail to ***zekeoconnorschool@gmail.com*** attaching the updated CV along with cover letter.Only short listed candidates will be invited for selection process. No telephone calls and personal enquiries will be entertained in this regard.

NCE National College of Engineering AFFILIATED TO TRIBHUVAN UNIVERSITY
VACANCY ANNOUNCEMENT
National College of Engineering announces vacancies for the following positions:

Program	Subject	Qty.	Position	Qualification
Civil Engineering	Transportation Engineering	Few	Full Time Lecturer/ Assistant Lecturer/ Teaching Assistant	ME/Msc./BE passed in relevant field with preferable 2 years teaching experience in relevant subject
Applied Science	Numerical Method, Engineering Mathematics			

Priority will be given for highly qualified, experienced & trained candidates.
Interested candidates are requested to submit their online application form within 5 Kartik, 2078 through college **website: www.nce.edu.np**
only shortlisted candidates will be informed for an interview.
Interview Date: **2nd week Kartik, 2078**
National College of Engineering
(Affiliated to TU)
Talchhikhel, Satdobato, Lalitpur, PH: 01-5151387,5151170
An ISO 9001:2015 Certified College of BE in Civil, Electrical, Computer & Electronics

The Everest Hotel
KATHMANDU
A unit of Hotel Everest International Ltd.
New Baneshwor, Kathmandu
Vacancy Announcement

Food & Beverage Service
- Restaurant Hostess
- Waiter/ Waitress

Food & Beverage Production
- Thai Chef/ CDP/Commis
- Pastry - CDP/ Commis
- Bakery - CDP/Commis

Front Office
- GRE
- Front Office Supervisor
- Drivers- Having valid driving licenses(Light & heavy)

Finance/ Accounts
- Accountant (Receivable/ Payable)-Commerce Graduates
- F & B Controller

Housekeeping
- Housekeeping Supervisor

Candidates should ideally be working 2-3 years in similar position in reputed Hotels and must have Hotel Management Graduates Degree. He/she must be fluent in English, having pleasing & outgoing personality. Knowledge of any other foreign languages will be added advantage.

Please E-mail your updated resume at:
dhr@theeveresthotel.com within 7 days of this publication.

Note: Only shortlisted candidate will be contacted for the interview.

दलीयकरणको दलदलमा दलितका मुद्दा

जातीय विभेदका घटनालाई पार्टीकरण गरेर पीडकलाई उन्मुक्ति दिलाउने परिपाटी मौलाउँदै गएको छ । यसको असर जाहेरी दर्तामा मात्रै नभई अनुसन्धानको प्रक्रियासम्मै पर्ने गरेको छ ।

पर्वत पोर्तेल (झापा)

रुकुम पश्चिमको चौरजहारीमा २०७७ जेठ १० मा नवराज विकसहित ६ युवकको हत्या भयो । विवाहका लागि प्रेमिका लिन गएका जाजरकोटका नवराज र उनका साथीलाई गैरदलित केटी पक्षले कुटीकुटी भेरी नदीमा बगाईदिएका थिए । यस घटनाबारे अदालतमा मुद्दा चलिरहेको छ । तर निसाफ कहिले हुन्छ भन्ने टुंगो छैन । न्याय प्राप्तिमा विलम्ब भएपछि अधिकारकर्मी गुहार्न केही महिना पहिले काठमाडौं आएका नवराजका आफन्तले आक्रोश पोखे, 'हामीलाई जे गरियो, अब हामीले पनि अपराधीलाई त्यसै गरेर सजाय दिन बाध्य बनाउन खोजेको हो राज्यले ?'

जे नहुनुपर्थ्यो, त्यो भइसक्यो । तर जसरी न्याय हुनुपर्थ्यो, त्यो पनि हुन सकेन । किन त ?

अधिकारकर्मी, वकिल र समाज विज्ञानी सबैको उही राय छ, 'समाजका सबै क्षेत्रझैं न्यायालय पनि जात व्यवस्थाको प्रभावबाट मुक्त छैन । न्यायालय पुगेका धेरैजसो जातीय उत्पीडनसम्बन्धी मुद्दाको फैसला पीडितको विपक्षमा आउँछ । त्यसमाथि रुकुम घटनाको चरम दलीयकरण भइसकेको छ ।'

दलको जात हेर्न रुकुम जानु !

चौरजहारी नगरपालिका-८ सोतीमा भएको सामूहिक हत्याको राजनीतीकरणमा स्थानीयदेखि केन्द्रीय नेतासमेत संलग्न भए । रुकुम पश्चिमका सांसद तथा वर्तमान अर्थमन्त्री जनार्दन शर्माले संसद् बैठकमा बोल्दै रुकुम घटनाका विषयमा भ्रमपूर्ण तथ्य छरे । माओवादी नेता शर्माले नवराज विकलगायतलाई कुटपिट नगरिएको दाबीमात्र गरेनन्, नदीमा हाम फाल्दा उनीहरूको मृत्यु भएको झूटो तर्क पनि गरे । शर्माको सक्रियता हत्याका आरोपित वडाध्यक्ष डम्बर मल्ललाई जोगाउन थियो । शर्मा मात्र होइन, उनका नातेदार चौरजहारी नगरपालिकाका मेयर विशाल शर्मा र कर्णाली प्रदेशका सांसद् गोपाल शर्मा पनि दोषीलाई उन्मुक्ति दिलाउन अग्रसर भए । यी दुवै माओवादी नेताको पहुँच पार्टीको केन्द्रसम्मै छ ।

दोषी जोगाउन शर्मा र रुकुमको स्थानीय माओवादी नेतृत्वले सक्रियता बढाएकामा तीव्र आलोचना भयो । चार दिनपछि जेठ १४ मा शर्माले विज्ञप्ति जारी गर्दै संसदमा आफ्ले बोलेको कुरालाई तोडमोड गरिएको आरोप लगाए । उनको भनाइमा १८० डिग्रीको बदलाव आयो । उनले भने, 'दलित जाति हुनुका कारणले घटना भएको र अझ प्रेमसम्बन्धसँग जोडिएकाले अझै अक्षम्य रहेको छ ।' शर्माको निजी प्रस्टीकरण लोकलाज ढाक्नका लागि थियो, न्याय सुनिश्चित गर्न थिएन । उनले आफ्नो बोलीअनुसार व्यवहार नगर्नुले त्यसको पुष्टि भइसकेको छ ।

घटना भएको १५ महिना बितिसक्दा पनि पीडित भौंतारिइएका छन् । रुकुम घटनामा तत्कालीन नेकपाको आधिकारिक धारणा आएको थिएन । 'अभियोग लागेका व्यक्तिलाई अन्तिम आदेश नआउन्जेल थुनामा राख्ने वा तारेखमा छाड्ने भन्ने विवाद उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म पुगेका कारण जिल्ला अदालतमा यो मुद्दामा थुनछेक आदेशपछिको सुनुवाइसमेत भएको छैन,' रुकुमका पत्रकार प्रवीर डडेल भन्छन्, 'घटना पूरै पार्टीकरण भयो, पीडित परिवारले न्याय पाउने सम्भावना न्यून छ ।' उनका अनुसार पार्टीकरणका कारण सुरुदेखि नै घटनालाई गम्भीरतापूर्वक लिइएन । घटनास्थल सिल गरिएन । आरोपितलाई दुई दिनसम्म पक्राउ गरिएन । जसकारण दसी-प्रमाण नष्ट भए । उनीहरू पक्राउ त परे तर अनुसन्धानका लागि पर्याप्त प्रमाण जुटाउन नसक्दा आरोपितहरू क्रमशः छुटिरहेका छन् । मुख्य आरोपित भनिएकी केटीकी आमा पनि छुटिसकेकी छन् ।

सर्वोच्च अदालतले गत वैशाखमा रुकुम घटनामा संलग्न २३ जनालाई थुनामा राख्न, दुई जनालाई परिवारको जिम्मा लगाउन, एक जनालाई धरौटीमा छाड्न र तीन जनालाई साधारण तारिखमा छाड्न उच्च अदालतले गरेको आदेश सदर गरेको थियो । रुकुम जिल्ला अदालतका निमित्त स्रेस्तेदार लक्ष्मण विकले गत वैशाख १९ मा सर्वोच्चबाट मुद्दाको फाइल आइपुगेको जानकारी दिए । 'तर, त्यसपछि कोभिड-१९ संक्रमणका कारण निषेधाज्ञा सुरु भएकाले यो मुद्दाको कुनै प्रक्रिया अघि बढ्न सकेको छैन । अदालत नियमित सेवा खुम्च्याएर बसेको छ । यसमा कहिले टुंगो लाग्छ, भन्न सकिन्न,' उनले भने ।

अधिवक्ता प्रकाश नेपालीले जातीय विभेदका घटनालाई दलीयकरण गरिने गलत परिपाटी मौलाउँदै गएको बताए । पार्टीकरणको असर जाहेरी दर्तामा मात्रै नभई अनुसन्धानको प्रक्रियासम्मै पर्ने उनी बताउँछन् । 'जब छुवाछूतको मुद्दामा पार्टीकरण हुन्छ, तब बुझ्नुपर्छ, पीडितले न्याय पाउने सम्भावना लगभग टऱ्यो,' उनले भने । रुकुम घटनाको दलीयकरण गर्ने सांसद शर्मालाई अहिले अर्थमन्त्री बनाइएकामा दलित संघसंस्थाले आलोचना गर्नुको कारण पनि यही हो । नवराज विकको परिवार एमाले हो भने गैरदलित युवतीको परिवारचाहिँ माओवादी ।

राजधानीमा जातकै राज !

कोरोना महामारीको दोस्रो लहरको सुरुवातदेखि राजधानीको मध्यभाग बबरमहललाई विभेदको घटनाले तताएको । सञ्चारकर्मी रूपा सुनार डेरा खोज्दै सरस्वती श्रेष्ठको घर पुगेकी थिइन् । घरबेटी श्रेष्ठले रूपाको जात थाहा पाएपछि डेरा दिन इन्कार गरिन् । रूपाले आफूमाथि गरिएको जातीय विभेदविरुद्ध जाहेरी दिइन् । असार ६ मा श्रेष्ठ पक्राउ परिन् । धरौटीमा छुटेकी आरोपित लिन गत असार ९ मा तत्कालीन शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठ झन्डावाल गाडी लिएर महानगरीय प्रहरी वृत्त सिंहदरबार पुगे । मन्त्रीले आरोपित श्रेष्ठलाई आफ्नै गाडीमा राखेर घर पुऱ्याएको घटनाको सर्वत्र आलोचना भयो ।

छुवाछूतजस्तो गम्भीर सामाजिक अपराधमा संलग्नलाई छुटाउन गई अनुसन्धान अधिकारीलाई प्रभावमा पारेको भन्दै तत्कालीन शिक्षामन्त्रीको भूमिकाको तीव्र आलोचना भयो । आलोचना मत्थर पार्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक अभिव्यक्ति दिए, 'कोही कसैले जातीय भेदभाव नगर्न र आरोपितलाई संरक्षण नगर्न चेतावनी दिन्छु ।' प्रधानमन्त्रीले बोलीअनुसार कुनै ठोस कदम चालेनन् । अधिवक्ता श्याम विश्वकर्माले यो घटनालाई दलीयकरणसँगै जातीकरण गरिएको जनाए । उनले भने, 'प्रधानमन्त्रीले गम्भीर रूपमा लिएको भए मन्त्रीलाई बर्खास्त गर्न सक्नुपर्थ्यो तर भएन ।'

रूपा सुनार वैज्ञानिक समाजवादी पार्टीसम्बद्ध भएकी कारण सो दलले न्यायका निम्ति सक्रियता देखाउनु अनौठो होइन । तर, रूपाले नियोजित रूपमा नेवार समुदायको बदनामी गर्न खोजेको आरोप लगाएर समुदायबीच वैमनस्य बढाउने काममा केही समूह सक्रिय भए । 'रूपा सुनार घटना दलित भर्सेज नेवारजस्तो देखियो,' विश्वकर्माले थपे, 'समग्र समाज जातका आधारमा विभक्त भयो, विभेदलाई टेको लगाउने काम भयो ।' सुनारले भोगेको घटनाका विषयमा राष्ट्रिय मानव अधिकार आयोगमा समेत उजुरी पऱ्यो । तत्कालीन मन्त्री श्रेष्ठसँग आयोगले असार १६ मा स्पष्टीकरण सोध्यो । श्रेष्ठले औपचारिक स्पष्टीकरणमा भूल भएको स्विकारे ।

सर्वोच्च अदालतले शिक्षामन्त्रीबाट पदमुक्त भएपछि असार ३१ मा श्रेष्ठविरुद्ध अनुसन्धान अघि बढाउन अन्तरिम आदेश दिएको थियो । न्यायाधीशद्वय प्रकाशमान सिंह राउत र नहकुल सुवेदीको इजलासले पूर्वमन्त्री श्रेष्ठविरुद्ध सञ्चारकर्मी सुनारले दिएको जाहेरी दरखास्त दर्ता गरी निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न गराउन जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं र प्रहरी वृत्त सिंहदरबारलाई आदेश दियो ।

सुनारले जातीय विभेदको मुद्दामा सिंगो राज्य नै दलित समुदायको विपक्षमा रहेको सुनाइन् । उनको अनुभवमा, देशभरि जातीय विभेदका घटना बढ्दै जाने, पीडितले न्याय माग्दै जाने तर राजनीतिक दल र प्रशासनले पीडितलाई न्यायबाट वञ्चित गर्दै जाने परिपाटी मौलाएको छ । 'सामाजिक न्यायका मुद्दामा सबै दलले पीडितका पक्षमा बोल्नुपर्ने र न्याय दिनुपर्ने हो,' उनले थपिन्, 'तर, दलितका मुद्दालाई पार्टीकरण गरेर पीडितलाई झन् पीडित बनाएर छाडिन्छ ।' काठमाडौं जिल्ला अदालतले असोज ६ मा सुनारमाथि कोठा भाडामा लिन जाँदा जातीय विभेद भएको ठहर गरी घरबेटी सरस्वती श्रेष्ठलाई एक लाख १५ हजार रुपैयाँ धरौटी तिर्न आदेश दिएको थियो ।

लेखक तथा विश्लेषक राजेन्द्र महर्जनका अनुसार दलितका मुद्दालाई राजनीतीकरण गर्नुपर्नेमा दलीयकरण हाबी भइरहेको छ । 'अधिकांश दलित संस्था दलको मुट्ठीका माखोजस्तै छन्,' उनले भने, 'दलपतिहरूका आदेश, निर्देश र संकेतबिना ती संस्थालाई दलितका जल्दाबल्दा मुद्दामा वक्तव्यसमेत दिन कठिन छ, यसको राजनीतीकरण र सिंगो आन्दोलनका रूपमा विस्तार त टाढाको कुरा भयो । नागरिक हस्तक्षेप बलियो र प्रभावकारी नहुँदासम्म राजनीतिक नाफाघाटाको खेल जारी रहन्छ । चाहे दलित होऊन् या गैरदलित, सबै नागरिकले दोषीलाई कारबाही, पीडितलाई न्यायका लागि, जाततन्त्र चलाउने राज्य र राजनीतिक दललाई फेर्नका लागि नागरिक हस्तक्षेप नगरी धरै छैन । राजनीतिक दलभित्र र बाहिर रूपान्तरणकारी संघर्ष जरुरी छ, रूपान्तरण नै नहुने निष्कर्षमा पुगेको खण्डमा नयाँ आन्दोलन गर्नु र नयाँ राजनीतिक दल बनाउनु आवश्यक हुन्छ । एउटा वर्ण, जात र लिंगको लगभग एकाधिकार भएको अदालतको संरचना आफैंमा न्यायिक छैन भने कसरी न्याय सम्भव होला ? अदालतलाई साँच्चै न्यायालय बनाउन अदालतको संरचना मात्रै हैन, न्यायाधीशहरूको चित्तको पुनःसंरचना हुनुपर्छ ।

'दलीयकरण हाबी'

राजेन्द्र महर्जन
विश्लेषक

'कम्युनिस्ट-कांग्रेस चुके'



कृष्ण खनाल
राजनीतिशास्त्री

दलितको समस्या कानुनी मात्र होइन, यो मूलतः विभेदकारी सामाजिक संस्कार र व्यवहार हो । अदालतले आफ्नै सुस्त प्रक्रियाबाट कानुनी उपचार त देला, त्यो वैयक्तिक हुन्छ, त्यसबाट दलित समस्या सम्बोधन हुन सक्तैन । यसका लागि प्रगतिशील एवं जबर्जस्त राजनीतिक र सामाजिक हस्तक्षेप चाहिन्छ, जुन राजनीतिक दलहरूबाट हुनुपर्ने हो । अहिलेका दल र नेतृत्वबाट त्यो सम्भव भएन, उनीहरू आफैंले गरेको परिवर्तनप्रति इमानदार भएनन् । फलाम तातेका बेला हान्नुपर्छ भन्ने भनाइ छ, अर्थात् परिवर्तनको नेतृत्व गरेको शक्तिले त्यसको रापताप भएका बेला हस्तक्षेप गर्ने हो । कांग्रेस, कम्युनिस्ट सबै चुकिसके । ०४८ सालमा नेपाली कांग्रेस चुक्यो । ०५१ सालमा एमाले र ०६५ सालमा माओवादी चुके । अहिलेको पार्टी नेतृत्व र संगठन संरचनामा म त्यस्तो आन्दोलनको कुनै सम्भावना देख्दिनँ । कांग्रेस, कम्युनिस्ट आइडोलोजीको ट्याग फालेर दलित समुदाय आफैं अग्रपंक्तिमा आउनुपर्छ । इजलासमा बस्ने एकाध न्यायाधीश अपवाद होलान् तर समाज परिवर्तनको मुद्दामा हाम्रो न्यायपालिका र प्रणाली सबैभन्दा रुढिवादी छ ।

अदालतले असोज ६ मा सुनारमाथि कोठा भाडामा लिन जाँदा जातीय विभेद भएको ठहर गरी घरबेटी सरस्वती श्रेष्ठलाई एक लाख १५ हजार रुपैयाँ धरौटी तिर्न आदेश दिएको थियो ।

लेखक तथा विश्लेषक राजेन्द्र महर्जनका अनुसार दलितका मुद्दालाई राजनीतीकरण गर्नुपर्नेमा दलीयकरण हाबी भइरहेको छ । 'अधिकांश दलित संस्था दलको मुट्ठीका माखोजस्तै छन्,' उनले भने, 'दलपतिहरूका आदेश, निर्देश र संकेतबिना ती संस्थालाई दलितका जल्दाबल्दा मुद्दामा वक्तव्यसमेत दिन कठिन छ, यसको राजनीतीकरण र सिंगो आन्दोलनका रूपमा विस्तार त टाढाको कुरा भयो ।' महर्जनले नाफाघाटा मात्रै हेर्ने दलहरूको अंकुशबिनाको स्वायत्त दलित आन्दोलन र गैरदलितहरूसँगको सहकार्यले मात्रै दलितका मुद्दाको व्यापक राजनीतीकरण र मुक्तिको अगुवाइलाई सहज पार्न सक्ने दाबी गरे ।

इलाम माई नगरपालिका-२ दानाबारीकी यामकला आचार्य विकले आफ्नै बुबाको लास हेर्नसमेत पाइनन् । गत वर्ष साउन १९ मा उनका बुबा चन्द्रप्रसाद आचार्यको मृत्यु भएको थियो । छिमेकी रत्नबहादुर विश्वकर्मासँग विवाह गरेकै कारण १२ वर्षदेखि यामकला माइतीबाट बहिष्कृत थिइन् । 'बुबाको अन्तिम पटक मुख हेर्छु भनेर घर गएँ तर आफन्तले आँगन टेक्न दिएनन्,' यामकलाले गुनासो गरिन् । अन्तिम संस्कारमा भाग लिन नदिएपछि उनले भाइ टीकाराम आचार्य, पार्वती आचार्य र छिमेकी लक्ष्मी दंगालविरुद्ध प्रहरीमा उजुरी दिइन् । भदौ ५ मा उनीहरूलाई जातीय छुवाछूतको अभियोगमा पक्राउ गरियो । घटनालाई ढाकछोप गर्न यामकलाकी कान्छी काकी विष्णुमाया रिमालले ठूलो भूमिका खेलिन् । तत्कालीन एमालेबाट निर्वाचित माई नगरपालिकाकी उपप्रमुख उनी न्यायिक समितिकी संयोजक पनि हुन् । 'काकी त कम्युनिस्ट पार्टीकी नेता पनि हुन् । कम्युनिस्टहरू जातपात मान्दैनन् भन्दै हिँड्थे, तर तिनैबाट म अन्यायमा परें,' यामकलाले भनिन् ।

राजनीति र स्थानीय सरकारमा पहुँच भएको परिवारले पार्टी र सत्ताको बलमा मुद्दालाई किनारा लगाइदिए । पीडित पीडितै रहिन् । मुद्दा मिलाउन दलका नेता/कार्यकर्ता सरकारी अड्डा पुगे । साक्षीहरूलाई प्रभावमा पार्नेदेखि मुद्दा फिर्ता लिन यामकलालाई दबाबसमेत दिइयो । 'अदालतमा बकपत्र दिन जानेलाई पनि धम्क्याइयो,' उनले भनिन् । अभियुक्तलाई जिल्ला अदालत इलामले १५/१५ हजार धरौटीमा छाड्यो ।

जिउँदो हुँदा मात्र होइन, मरेपछि पनि दलितविरुद्ध विभेद हुने गरेको छ । यसैको उदाहरण हो, सम्बरबहादुर सुनारको शव । पोखरा-१६, चण्डिका टोलका सुनारको गत वर्ष वैदेशिक रोजगारीका क्रममा मृत्यु भएको थियो । विदेशबाट बाकसमा आएको उनको शवको अन्तिम संस्कार गर्ने क्रममा स्थानीय क्षत्री समुदायले अवरोध पुऱ्यायो । स्थानीय सामुदायिक भवनमा काजकिरियाका लागि अनुरोध गर्दा क्षत्री समुदायले आफ्नो जातलाई बाहेकलाई दिन नमिल्ने र दलितलाई त झन् दिनै नसकिने भनेपछि विवाद भयो । गत वर्ष वैशाख १४ मा जातीय रूपमा विभेद भएको भन्दै सुनार परिवारले प्रहरीमा उजुरी दियो । तर, राजनीतिक दबाबका कारण उजुरी नै दर्ता हुन सकेन । यो मुद्दालाई कमजोर पार्न गण्डकी प्रदेशका एक एमाले सांसद् नै लागेका थिए । राष्ट्रिय मानव अधिकार आयोगको निर्देशनपछि बल्ल वैशाख १९ मा प्रहरीले जाहेरी दर्ता गरी अनुसन्धान अघि बढायो ।

जातले लियो दर्जनौं ज्यान

रूपन्देही देवदह-३ की दलित किशोरी अंगिरा पासीको २०७७ जेठ १० मा बलात्कारपछि हत्या भयो । १३ वर्षीया अंगिरालाई २५ वर्षीय युवा वीरेन्द्र भरसँग बस्ती नजिकको खोलामा स्थानीयले भेटेपछि जबर्जस्ती जिम्मा लगाए । तर, वीरेन्द्रको परिवारले अंगिरालाई बुहारीका रूपमा स्वीकार गरेन । त्यसपछि अंगिरा स्थानीय रोहिणी खोला नजिकै झुन्डिएको अवस्थामा फेला परिन् । परिवारले उनको बलात्कारपछि हत्या गरेको भन्दै प्रहरीमा किटानी जाहेर दिएको थियो ।

धनुषाका दलित युवक शम्भु सदा २०७७ जेठ २८ मा प्रहरी हिरासतभित्र झुन्डिएको अवस्थामा भेटिए । यो घटनापछि कोरोनाको पर्वाह नगरी देशव्यापी आन्दोलन भयो । सदाले न्याय भने पाएनन् । सप्तरीको सुरुंगा नगरपालिका-७ पोखरियाकी ज्योति पासवानले २०७८ साउन २३ मा घरैमा आत्महत्या गरिन् । उनका प्रेमी कृष्ण मिश्राविरुद्ध उनका पिता प्रमोदले आत्महत्या दुरुत्साहनसम्बन्धी शीर्षकमा साउन २७ मा जाहेरी दर्ता गराए । कृष्णले ज्योतिलाई ललाइफकाई घरबाट भगाएर यौनशोषण गरी आत्महत्याका लागि दुरुत्साहन गरेको आरोप परिवारको छ । सुरुंगा-७ पोखरियाका कृष्णले गत फागुन १० मा ज्योतिसँग अनौपचारिक बिहे गरेका थिए । दलित परिवारकी ज्योतिलाई घर भित्र्याए पनि कृष्णको परिवारले छोड्न दबाब दिएको थियो ।

झापाको कन्काई नगरपालिकामा गैरदलितको कुटाइबाट दार्जिलिङ टोलका ५७ वर्षीय बलबहादुर विश्वकर्माले ज्यान गुमाए । कमजोर आर्थिक हैसियतका बलबहादुरलाई छिमेकी मोहन घिमिरेले गत चैत २७ मा कुटपिट गरी हत्या गरेका थिए । दलित हत्याका घटना हवात्तै बढेपछि गत वर्ष दलित समुदाय र अधिकारका निम्ति लड्ने संघसंस्था आन्दोलित भए । प्रतिरोधको माहोल देशभर तातिएको र दलित अधिकारबारे बहस भइरहेका बेला २०७७ साउन ८ मा एथ्लेटिक्सकी कीर्तिमानी खेलाडी चन्द्रकला लामगादे र उनका पति सुमनमाथि छिमेकी दुर्गा श्रेष्ठको परिवारले जात काढेर कुटपिट गऱ्यो ।

मोरङको उर्लाबारी-४ थापाडाँगीकी १२ वर्षीया बालिका फूलसरी मंग्रान्ती (सार्की) २०७७ भदौ २२ मा छिमेकी निर्मला श्रेष्ठबाट कुटिइन् । घरभित्र पसेको बहानामा उनी कुटिएकी थिइन् । बालिकाकी आफन्त दुर्गाकुमारी रोकाले भनिन्, 'छिमेकी हुन्, उनीहरूकै घरको बाटो हिँड्नुपर्छ । बाटो हिँड्दा पनि जातकै कुरो निकालेर थुक्छन् ।' हालसालै जुम्लाको सिजा गाउँपालिका-६ का वडाध्यक्ष कालीबहादुर बुढाले यातायात, खानेपानीलगायत विषयमा सञ्चारमाध्यममा दिएको अन्तर्वार्तामाथि टिप्पणी गरेको विषयमा उनका छोरा नवीन बुढाले स्थानीय दलित युवा विवेन्द्र नेपालीलाई कुटपिट गरे । कैलालीका प्रकाश विश्वकर्मा र मालती रावलबीच अन्तरजातीय विवाह भएपछि मालतीका आफन्तले कुटपिट गर्दै जोडीलाई अलग्याए ।

औपचारिक तथ्यांकले देखाउँछ भयावह दृश्य

प्रहरीको तथ्यांकअनुसार प्रदेश-२ का आठ जिल्लामा दुई वर्षयता ६३ जना दलितको हत्या भइसकेको छ । तर, अधिकांश घटनाका दोषीलाई कारबाही भएको छैन । दलित अधिकारकर्मी भोला पासवान भन्छन्, 'दोषीलाई कारबाही हुन नसक्नुको मूल कारण मुद्दालाई पार्टीकरण गरिनु हो ।'

राष्ट्रिय मानव अधिकार आयोगमा आर्थिक वर्ष २०७६/७७ मा जातीय विभेदका ४९ वटा उजुरी परेका छन् । कोरोनाकालको ५ महिने अवधिमा देशभर दलितमाथि ७ सय ५३ वटा ज्यादतीका घटना भएको जनाइएको छ । जसमा ३४ जना दलितको हत्या भएको छ । राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन २०७६/७७ अनुसार कोभिड-१९ को महामारी र बन्दाबन्दीको समयमा पनि दलित समुदायमाथि ६० भन्दा बढी मानव अधिकार उल्लंघनका घटना भए । सबैभन्दा बढी जातीय विभेद ३१ प्रतिशत, कुटपिट र गाली बेइज्जती २० प्रतिशत, हत्या १५ प्रतिशत, भोक अभाव र कोभिड-१९ सँग सम्बन्धित विभेद क्रमशः १२, १२ प्रतिशत रहेको छ । त्यसैगरी दलित महिला तथा बालबालिका बलात्कारको घटना ७ प्रतिशत र सामाजिक सञ्जालमा विभेदका घटना ३ प्रतिशत भएको पाइएको छ ।

२०७६/७७ मा राष्ट्रिय दलित आयोगमा २५ वटा उजुरी परेका छन् । उजुरीको प्रकृतिअनुसार सबैभन्दा बढी जातीय भेदभाव तथा अपमान ३२, जातीय विभेद तथा कुटपिट २८, अन्तरजातीय प्रेम तथा विवाहका कारण हत्या १६, दलितको अधिकार सम्बन्धमा १२, सामाजिक विभेद, बलात्कार र हत्या सम्बन्धमा ८ र बसोबासका लागि बस्ती खतरामा रहेको सम्बन्धी ४ प्रतिशत उजुरी परेका छन् ।

दलित अधिकारका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था समता फाउन्डेसनका अनुसार कोरोनाकालका दुई वर्षभित्र जातीय आधारमै १८ दलितको हत्या भयो भने २७ दलितमाथि निर्घात कुटपिट भयो । १४ दलित महिलामाथि जबर्जस्ती करणी, ३ माथि करणी प्रयास भयो । अन्तरजातीय विहे गर्दा ७ जनामाथि अवहेलना, अन्तरजातीय प्रेम गर्दा दुई जनामाथि अवहेलना भयो भने एक जनाको बलपूर्वक गर्भपतन गराइयो । ६ जनालाई आत्महत्या गर्न दुरुत्साहन गरियो । जातीय भेदभाव तथा छुवाछूतका ३२ घटना दर्ता भए । वैज्ञानिक समाजवादी पार्टीका संयोजक आहुतिले नेपालमा जातीय विभेद जबर्जस्त अवस्थामा छ भन्ने कुरा राजधानीको डेरा प्रकरणबाटै बुझ्न सकिने बताए । 'सहर, बजारमा जातीय विभेद कम भयो भन्ने तर्क गलत छ,' उनीले भने, 'विभेद कम भएको होइन, रूप फेरिएको हो ।'

कानुनप्रति उदास राज्य

जातीय विभेद तथा छुवाछूत कसुर, सजाय ऐन २०६८ संशोधनपछिको जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐनमा जातीय गालीगलौजदेखि विभेद गर्ने आशयका अभिव्यक्ति दिए सजायको भागीदार हुने व्यवस्था छ । जातीय विभेद आशयका अभिव्यक्ति र अवहेलना भए मात्रै तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुन सक्छ । 'तर, जातीय विभेदलाई सामान्य कमजोरी ठान्ने र यो विस्तारै ठीक हुन्छ भन्ने तर दलितमाथि अपराध गर्ने क्रम भने कहिल्यै नरोक्ने बरु बढाउँदै लैजाने क्रम द्रुत छ,' समता फाउन्डेसनका कार्यकारी निर्देशक प्रदीप परियारले भने । उनका अनुसार जातीय विभेदका घटनामा संलग्नलाई कारबाही गर्न राज्ययन्त्र अहिले पनि उतिकै उदासीन छ । मुद्दा र उजुरी दर्ता गराउन सधैं आन्दोलन नै गर्नुपर्ने अवस्था छ । दबाब दिन नसकिएका ठाउँमा उजुरी गर्नसमेत हम्मे पर्छ ।

अधिवक्ता प्रकाश नेपालीका अनुसार छुवाछूत मुद्दामा प्रमाण जुटाउन समस्या हुने गरेको छ । छुवाछूत प्रत्यक्ष देख्न सकिदैन, त्यसको ठोस प्रमाण हुँदैन । 'प्रमाण नभएका भन्दै धेरै पीडितलाई न्यायबाट वञ्चित गरिएको छ,' नेपालीले भने, 'प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था यो ऐनमा हुनुपर्छ । न्यूनतम ३ वर्षसम्म कैद सजाय तोकेको छ । तर, कम्तीमा पनि ५ वर्ष जति सजाय हुनुपर्छ भन्ने हो ।' क्षतिपूर्ति २ लाखसम्म भने पनि न्यूनतम आधार तोक्न जरुरी रहेको उनी बताउँछन् ।

समता फाउन्डेसनका अनुसार जातीय विभेद तथा छुवाछूत कसुरसम्बन्धी कानुन बनेको एक दशकमा जिल्ला अदालतमा ९१ वटा मुद्दा ठहर भएका छन्, जसमध्ये ८८ मुद्दाका पीडकले सफाइ पाएका छन् । उच्च अदालतमा ३१ वटामा कसुर ठहर हुँदा ७४ वटामा सफाइ दिइयो । सर्वोच्चमा २ ठहर र २ सफाइ भएको देखिन्छ । सरकारका पूर्वसचिव मानबहादुर विकले ऐन आए पनि त्यसअनुरूपका मुद्दा दर्ता नभएको जनाए । ऐन आएको १० वर्षमा ३ सय ४० मुद्दा मात्रै दर्ता भएका छन् । विकका अनुसार घटनाका पीडित मुद्दामा जान डराउँछन्, मुद्दा मामिला गरे पीडित दलितले उल्टै सास्ती खेप्नुपर्ने हुन सक्छ । 'मुद्दा दर्ता गर्ने निकाय संवेदनशील बन्दैन, प्रहरीले अधिकांश मुद्दा दर्ता नगर्ने परिपाटीका कारण पनि ऐन प्रभावकारी भएन,' उनले भने । मुद्दा हालेकै क्षणदेखि दबाब, धम्की, विस्थापन, नाकाबन्दी लगाइने आदि कारणले पीडा सहन नसकेर पीडितहरू मुद्दा दर्ता गर्ने डराउने गरेको उनले बताए ।

पूर्वसचिव विकले आफ् प्रमुख जिल्ला अधिकारी हुँदाको अनुभव सुनाए, 'प्रहरीमा पुगेपछि पनि मिलापत्र गराउने परिपाटी देखिन्छ । कानुन र संविधानले गम्भीर सामाजिक अपराधको मुद्दाका रूपमा परिभाषित गरिसकेको कुरामा मिलापत्र गर्ने मिल्दैन ।' उनका अनुसार मिलापत्रमा जोड दिने दलका अगुवा धेरै हुन्छन्, उनीहरूको दबावले कारबाही अघि बढ्दैन ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा संविधानले इंगित गरेअनुरूपको गम्भीर सामाजिक अपराधका रूपमा लिएर कसुरको मात्राअनुसार सजायको दायरा बढाएर कानुन बनाउनुपर्ने जरुरी औंल्याउँछन् । उनले भने, 'कानुन कार्यान्वयन निकायले छुवाछूतलाई सामान्य कुरा ठान्ने प्रवृत्तिले पनि दलितले न्याय पाएका छैनन् ।' कानुनले जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी घटनाको उजुरी गर्ने सरकारको निकाय नेपाल प्रहरीलाई तोकेको छ । तर, प्रहरीले यो मुद्दालाई गम्भीरतापूर्वक नलिने परिपाटी ज्युँका त्युँ छ ।

मुद्दा पाए दलीयकरण, नत्र चुपचाप

हरेक पार्टीमा गैरदलित र खासगरी उपल्लो भनिने जातका मान्छे हाबी छन् । दलितका मुद्दालाई दलीयकरण गरेर निष्प्रभावी बनाइदिने दलले आन्तरिक समिति र संयन्त्रहरूमा जात व्यवस्थाबारे कतिको विमर्श गर्छन् त ?

पूर्वमन्त्री मीन विश्वकर्माका अनुसार २००९ जेठ १० मा नेपाली कांग्रेसको पहिलो जनकपुर अधिवेशनमा जातपातको कुरा व्यापक उठ्यो । अधिवेशनले सर्वसम्मत रूपमा कांग्रेसमा आबद्ध सदस्यले जातपात छुवाछूत नमान्ने/नगर्ने र कसैले मान्छ भने त्यसका विरुद्ध डटेर प्रतिवाद गर्ने निर्णय गऱ्यो । यो निर्णयबारे जिल्लामा सर्कुलरसमेत गरियो । 'तर, पार्टीमा आबद्ध धेरैले छुवाछूत मात्रै मान्दैनन्, यो जघन्य अपराधलाई ढाकछोप गर्न र दोषीलाई उन्मुक्ति दिन अग्रसर बन्छन्,' पूर्वमन्त्री विश्वकर्माले भने । विश्वकर्मासम्बद्ध पार्टीले दलन र जात व्यवस्थालाई मुख्य मुद्दाका रूपमा छलफल चलाउँदैन । दलित नेताकै चासोमा सामान्य औपचारिक कार्यक्रम भए मात्र, नत्र खास विमर्श हुँदैन ।

कम्युनिस्ट ब्यानर भएका पार्टीको अवस्था पनि त्यति फरक छैन । जात व्यवस्था निमिट्यान्न पार्ने न अभियान छ, न दलित आन्दोलनमा यी पार्टीको सिंगो पंक्ति सरिक नै देखिन्छ । छिटफुट भाषण गर्न नेता तयार भए पनि खास विषय र सन्दर्भमा पछि हट्छन् ।

(साथमा चिरञ्जीवी घिमिरे र सञ्जिता देवकोटा, नेपाल इन्भेस्टिगेटिभ मल्टिमिडिया जर्नालिजम नेटवर्क)

हार्दिक श्रद्धाञ्जली

जन्म
वि. सं. २०१७/११/१३

स्वर्गारोहण
वि. सं. २०७८/०६/०८

स्व. कमलापती पन्त

यस कम्पनीको कर्मचारी **श्री दिपक पन्त** ज्यूका पुजनिय पिता **श्री कमलापती पन्त** ज्यूको असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।
साथै, यस दुःखद् घडीमा शोकाकुल परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
परिवार

चीनमा विद्यार्थी पठाउन फर्जी कागज

मेडिकल काउन्सिल र कन्सल्टेन्सीले डाली विश्वविद्यालयको एमबीबीएस भर्ना फाराममै फेरबदल गरेपछि सयभन्दा बढी विद्यार्थीको शैक्षिक भविष्य अन्योलमा

सुदीप कैनी (काठमाडौं)

नेपाल मेडिकल काउन्सिल र शैक्षिक परामर्श संघ (इक्यान) मा आवद्ध स्पिड इन्टरनेसनल कन्सल्टेन्सीले चीनस्थित डाली विश्वविद्यालयको एमबीबीएस भर्ना फाराममा फेरबदल गरी विद्यार्थीलाई पढ्न पठाएको पाइएको छ। विश्वविद्यालयको भर्ना फाराममा उल्लिखित प्रावधान फेरबदल गरी विद्यार्थी पठाउँदा सन् २०१५ देखि २०१९ ब्याचका एक सयभन्दा बढी नेपाली विद्यार्थी अध्ययन पूरा गर्न नपाएर बिचल्लीमा परेका छन्। पीडित विद्यार्थीले आफ्ना समस्याबारे प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो, शिक्षा मन्त्रालय, काउन्सिल र चिकित्सा शिक्षा आयोगमा समेत उजुरी दिएका छन्।

डाली विश्वविद्यालयमा ५ वर्ष सैद्धान्तिक र १ वर्ष इन्टर्नसिप कोर्ससहित ६ वर्षमा एमबीबीएस पूरा हुने व्यवस्था छ। काउन्सिलले भने २०१५ देखि चीनमा अध्ययन गर्न जाने विद्यार्थीले एक वर्ष छुट्टै भाषाकक्षा अध्ययन गर्नुपर्ने व्यवस्था गरेको थियो। त्यो अवधिसमेत जोड्दा ७ वर्ष हुन्छ।

विद्यार्थीका अनुसार विश्वविद्यालयले ६ वर्ष अवधिको भर्ना फाराम पठाए पनि काउन्सिलको गरेको व्यवस्थाअनुसार स्पिड इन्टरनेसनलले ६ वर्षको अवधि हटाएर आफुखूसी ७ वर्ष बनाएको हो। '५ वर्ष सैद्धान्तिक कक्षा पढ्यौं, त्यहीबीचमा भाषा कोर्स पनि पूरा गर्यौं, १ वर्षको इन्टर्नसिप मात्रै बाँकी छ,' एक छात्रले भने, 'सैद्धान्तिक कक्षाको ट्रान्सक्रिप्ट प्रमाणित गरेर इन्टनसिपमा सहभागी हुन काउन्सिलको सम्पर्कमा जाँदा सैद्धान्तिक पढाइको अवधि ६ वर्ष पुगेको छैन भनेर रोकियो।' त्यतिबेला बुझाएको भर्ना आवेदन फाराममा ७ वर्ष उल्लेख भएकाले काउन्सिललले रोकेको विद्यार्थीहरूको भनाइ छ।

काउन्सिललले चीनमा पढ्न जान ७ वर्षको अवधि लागू गरेपछि विश्वविद्यालयको समन्वयबिनै भर्ना फाराममा ६ वर्षको अवधि हटाएर ७ वर्ष बनाउने काम कन्सल्टेन्सीले गरेको विद्यार्थीहरूले गुनासो गरेका छन्। 'मेडिकल काउन्सिललले पनि कन्सल्टेन्सीले दिएको विवरणमा जाँच नगरी अनुमति दियो,' ती छात्रले भने, 'अहिले ७ वर्ष कोर्ष पढ्छु भनेर गएका थियौं, ६ वर्षमा नै प्रमाणपत्र दिन मिल्दैन भनेर रोकेर राखिएको छ।' २०१५ ब्याचका २० जना, २०१६ का २९, २०१८ का १३ र २०१९ ब्याचका ४० जना विद्यार्थीको यस्तो समस्या रहेको अनुमान गरिएको छ। विश्वविद्यालयले मापदण्डअनुसार अध्यापन गराएर २०१५ र २०१६ ब्याचका विद्यार्थीको ट्रान्सक्रिप्ट पठाइसकेको छ। कान्तिपुरलाई प्राप्त एक छात्रको ट्रान्सक्रिप्टमा ५ वर्ष सैद्धान्तिक पठनपाठन र एक वर्ष इन्टर्नशिप मात्र उल्लेख छ। 'हामीले अध्ययन गर्नुपर्ने जति विषय गरिसक्यौं, पास पनि भयौं, तर काउन्सिलले तोकेजति समयावधी पुगेको छैन,' प्रहरीमा उजुरी दिनेमध्येका एक विद्यार्थीले भने, 'हामीले पाएको ट्रान्सक्रिप्ट मेडिकल काउन्सिलबाट मान्य नहुने भनिएको छ, त्यसो हुँदा हामी डाक्टरको लाइसेन्स परीक्षामा पनि सहभागी हुन नपाउने भयौं।' कन्सल्टेन्सीले जसरी पनि विद्यार्थी विवदेश पठाउन विश्वविद्यालयको मापदण्ड नै फेरबदल गरेर काउन्सिलबाट अनुमति लिएको विद्यार्थीहरूले बताए।

यो समस्यामा परेकामध्ये अधिकांश विद्यार्थी कोभिडका कारण नेपाल फर्केका हुन्। चीनमा रहेका विद्यार्थीको इन्टर्नसिप सुरु भइसके पनि यता आएकाको इन्टर्नसिप नै अनिश्चित छ। नेपाल फर्केकाहरूले इन्टर्नसिप यहीं पूरा गर्न पाउनुपर्नेसहित पढाइको समयावधि नपुगेको बारे छानबिन गर्न माग राखेका छन्। चीनबाट फर्केका विद्यार्थीलाई इन्टर्नसिप पूरा गर्न शिक्षा मन्त्रालयले सैद्धान्तिक प्रमाणपत्र मागेको छ। तर भर्ना आवेदन फाराम र ट्रान्सक्रिप्टमा अध्ययन अवधि फरक परेका विद्यार्थीले इन्टर्नसिप पाउने/नपाउने अनिश्चित छ। नेपाल मेडिकल काउन्सिलका रजिस्ट्रार कृष्णप्रसाद अधिकारीले विद्यार्थीले जस्तो भर्ना आवेदन फाराम ल्याए त्यहीअनुसार २०१५ मा अनुमति दिइएको बताए। '६ वर्षका लागि हामीले अनुमति नै दिँदैनौं, त्यही भएर ७ वर्षको पत्र बनाएर ल्याए,' उनले भने, 'हामी कन्सल्टेन्सी चिन्दैनौं, सम्बन्धित विद्यार्थीलाई अनुमति दिने हो, विश्वविद्यालयको पत्र ल्याएपछि अनुमति दिएका हौं।' त्यतिबेला तोकिएको व्यवस्था पूरा गरेमात्रै विद्यार्थीले काउन्सिलबाट मान्यता पाउने उनले जनाए। '७ वर्ष पढ्छु भनेर अनुमति लिएर जाने, अहिले ५ वर्ष पछि आएर ६ वर्षमा कोर्स पूरा गरें भनेको कुरालाई कसरी मान्यता दिने ?' उनले प्रश्न गरे।

चीनको सरकारी मेडिकल कलेजमा अध्ययन गर्न जाने विद्यार्थीलाई १ वर्षको चिनियाँ भाषा अध्ययन अनिवार्य छ। त्यहाँ शिक्षणसंस्था अनुसार अंग्रेजी र चिनियाँ भाषामा मेडिकल शिक्षा पढाइ हुने गर्छ। पछिल्ला वर्षमा निजी मेडिकल कलेजमा अध्ययन गर्न जाने विद्यार्थीले पनि भाषा अध्ययन गर्नुपर्ने प्रबन्ध गरिएको छ। अंग्रेजीमा पढ्नेका लागि पनि इन्टर्नसिपमा सहज होस् भनेर भाषा पढाउने गरिएको हो। डाली युनान प्रान्तको निजी विश्वविद्यालय हो।

काउन्सिलका पूर्वपदाधिकारीहरूले भने विश्वविद्यालयले दिएको पत्र जाँच नगरी अनुमति दिनु काउन्सिलको पनि कमजोरी रहेको जनाए। काउन्सिलको पत्रपछि मात्रै शिक्षा मन्त्रालयले वैदेशिक अध्ययन अनुमतिपत्र दिने गर्छ।

विश्वविद्यालयको पाठ्यक्रममा शैक्षिक अवधि ६ वर्ष रहेको तर कन्सल्टेन्सीले काउन्सिलको निर्णयअनुसार ७ वर्षका लागि पत्र दिएका कारण समयावधि फरक परेको हो। स्पिड इन्टरनेसनलका सञ्चालक मिलन ज्ञवालीले विश्वविद्यालयको भर्ना फारामलाई परिवर्तन गरी नक्कली बनाएको विद्यार्थीको आरोप छ। 'कन्सल्टेन्सीले नक्कली पत्र बनाएर हामीले झुक्काएको रहेछ, काउन्सिलले पनि छानबिन नगरी सोहीअनुसार अनुमति दिएर लापरबाही गऱ्यो,' कान्तिपुरको सम्पर्कमा आएका छात्रहरूले भने। मेडिकलतर्फको सैद्धान्तिक विषयको अध्ययन गर्दा नै चिनियाँ भाषा परीक्षा (एचएसके-फोर) पास गरेको उनीहरूले बताए।

उक्त कन्सल्टेन्सीलाई इक्यानले स्पष्टीकरण सोधेको छ। विश्वविद्यालयको कागजात फेरबदल गर्न संलग्नता रहे/नरहेकोबारे खुलाई पठाउन निर्देशन उसले दिएको हो। स्पिड इन्टरनेसनलका सञ्चालक ज्ञवालीले विश्वविद्यालयको कागजात फेरबदल गर्न आफ्नो संलग्नता रहेको आरोप अस्वीकार गरे। 'मेडिकल काउन्सिलले ७ वर्षको समयावधि खोजेपछि विश्वविद्यालयले नै त्यहीअनुसार डकुमेन्ट पठाएको हो,' उनले कान्तिपुरसित भने, 'अहिले विद्यार्थी अप्ठ्यारोमा परेपछि मिलाउन चीनस्थित विश्वविद्यालय र नेपालको शिक्षा मन्त्रालयमा कुरा गरिरहेका छौं।' सन् २०१४ का विद्यार्थीलाई जस्तै गरी ६ वर्षे कोर्स गरेका विद्यार्थीलाई काउन्सिलले मान्यता दिनुपर्ने उनको भनाइ छ। 'यस्तो नियम नेपालमा बाहेक अन्त छैन, विद्यार्थीले भाषा पढेकै छन्, कोर्स पनि पूरा गरेका छन्, मान्यता दिँदा फरक पर्दैन,' उनले भने।

चीनमा एमबीबीएस पढेर सैद्धान्तिक कोर्स पूरा गरेका विद्यार्थीलाई नेपालमै इन्टर्नसिप गर्न शिक्षा मन्त्रालयले असोज २२ गतेसम्म आवेदन मागेको छ। सन् २०१४ का १ सय ६५ जनाले नेपालमा नै इन्टर्नसिप गर्न अनुमति पाएका छन्। २०१५ का लागि पनि अनुमति दिन आवेदन मागिएको हो।

कर्मचारीलाई आधा दिन काम, तलब पनि आधै

माधव दुंगाना (भैरहवा)

कोरोना संक्रमणले पर्यटकको आगमन घटेर आम्दानीको स्रोत खुम्चिएपछि लुम्बिनी विकास कोषलाई कर्मचारीलाई तलब खुवाउन समस्या भएको छ। कोषले एक वर्षयता करार, सेवा करार, दैनिक ज्यालादारीका कर्मचारीलाई महिनामा १५ दिनमात्रै काममा लगाउने र त्यति बराबरकै मात्र तलब दिएर काम चलाउँदै आएको छ। कर्मचारीलाई तलब खुवाउन पैसा नभएपछि कोषले करिब ५ करोड रुपैयाँ आन्तरिक ऋण लिइसकेको छ।

लुम्बिनी, रामग्राम र कपिलवस्तुका विभिन्न पुरातात्विक स्थलसहित कोषमा १ सय ५९ जना कर्मचारी स्थायी छन्। करार, सेवा करार, दैनिक ज्यालादारी लगायतका कर्मचारी संख्या १ सय ११ छ। कर्मचारी खर्चका लागि सरकारले कोषलाई बजेट दिँदैन। मासिक करिब ९ करोड रुपैयाँ हाराहारीको खर्च आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न गाह्रो परेको हो। 'कोभिड संक्रमणले गर्दा कोषको आम्दानीका स्रोत सुक्यो। तलब खुवाउन समस्या छ,' कोषका लेखा प्रमुख नवलकिशोर यादवले भने, 'अहिलेसम्म चाहिँ आन्तरिक ऋणबाट जसोतसो चलाइएको छ। अब कसरी तलब खुवाउने भन्ने टुंगो छैन।' धेरै कर्मचारीको सेवासुविधा कटौती गरेकाले र करार, सेवा करार, दैनिक ज्यालादारीमा कार्यरतलाई महिनामा आधा दिनमात्र काममा लगाई त्यही अनुरूप तलब दिइएकाले लिएको ऋणबाट असोज महिनासम्मको तलब दिन पुग्ने हिसाब आएको उनले बताए।

सरकारले कोषलाई विकास निर्माणका कामको लागि मात्रै पुँजीगत बजेट दिने गरेको छ। कोषको

> कोरोनाका कारण आन्तरिक आम्दानी गुमेपछि लुम्बिनी विकास कोषलाई खर्च चलाउनै धौधौ

मुख्य आम्दानीको स्रोत पर्यटकबाट आउने शुल्क हो। कोरोना संक्रमण फैलिनुअघि वार्षिक १५ करोड रुपैयाँभन्दा बढी आम्दानी हुन्थ्यो। लकडाउन र निषेधाज्ञाले आम्दानी हवात्तै घटेको छ। गत आवमा कोषले २ करोड ७२ लाख आम्दानी गरेको थियो। चालु आवको पहिलो तीन महिना साउन, भदौ र असोजमा गरेर ५ लाख रुपैयाँ आम्दानी हुने अनुमान छ। पछिल्लोपटक लुम्बिनी गत भदौ ६ गतेदेखि खुलेको छ। कोषका अनुसार अघिल्लो लकडाउनका बेला आठ महिनासम्म बन्द भएको थियो। बीचमा दुई महिना खुलेपछि पुनः लकडाउन भएको थियो। गत आव २०७६/०७७ मा कोषको तलब र अन्य सेवासुविधामा साढे ९ करोड रुपैयाँजति खर्च भएको थियो। आम्दानी करिब ३ करोडमात्र भएको थियो।

लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले आर्थिक स्रोत सुकेपछि लामो समयदेखि कर्मचारीलाई आधा दिनमात्रै काममा लगाएर त्यही अनुरूप तलब दिँदै धानेको बताए। 'सबैलाई तलब खुवाउनका लागि संस्कृति तथा पर्यटन मन्त्रालयसँग साढे १४ करोड रुपैयाँ अनुदान माग गरिएको छ र यसबारेमा मन्त्रालय सकारात्मक नै छ,' उनले भने, 'धेरै कर्मचारीको सेवा सुविधा घटाएर मितव्ययिता अपनाएका छौं।'

लुम्बिनीमा मायादेवी मन्दिर प्रवेश गर्ने यात्रुसँग लुम्बिनी सेवा संरक्षणबापत लिने शुल्क, लुम्बिनीभित्र प्रवेश गर्ने गाडीसँग पार्किङ शुल्क, क्यामेरा तथा भिडियो सुटिङ शुल्क, कोषमा रहेका विभिन्न बिहार र होटलको भू-शुल्क र दानपात्रमा संकलित रकम नै कोषको आन्तरिक आम्दानीका स्रोत हुन्।

जलवायु अनुसन्धातालाई नोबेल

स्टकहोम (एजेन्सी)- पृथ्वीको जलवायुसम्बन्धी जटिल व्यवस्थाबारे बुझ्न गरेको योगदानका लागि तीन वैज्ञानिकलाई सन् २०२१ को भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ।

वैज्ञानिकहरू स्युकुरो मानाबे, क्लाउज हसलम्यान र जर्जियो पारिसीलाई एक करोड डेनिस क्रोनर राशिको पुरस्कार प्रदान गरिने नोबेल पुरस्कार कमिटीले जनाएको छ। कमिटीका अनुसार वैज्ञानिकत्रयको खोजले जलवायु परिवर्तनको भविष्यवाणी गर्न र जटिल भौतिक प्रणालीबारे बुझ्न सहज बनाएको हो।

९० वर्षीय मानाबे र ८९ वर्षीय हसलम्यानले जलवायु परिवर्तनको परिमार्जनशीलता र जलवायुको पूर्वानुमानबारे संयुक्त खोज गरेका थिए। मानाबे अमेरिका र हसलम्यान जर्मन नागरिक हुन्। उनीहरूले विकसित गरेको खोजले हरितगृह ग्यास उत्सर्जनका आधारमा जलावायुबारे बुझ्न सहयोग पुऱ्याएको छ।

मानाबेले वायुमण्डलमा कार्बनडाइअक्साइडको वृद्धिका कारण पृथ्वीको सतहमा कसरी तापक्रम बढ्छ भन्ने पत्ता लगाएका हुन्। यस्तै, ७३ वर्षीय इटालीयन वैज्ञानिक पारिसीले परमाणुदेखि ग्रहसम्म उतारचढावको अन्तर्क्रियाको खोज गरेका हुन्।

UNILEVER NEPAL LIMITED

२८औं वार्षिक साधारण सभाको सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

विश्वव्यापी महामारी कोरोनालाई मध्यनजर गर्दै युनिलिभर नेपाल लिमिटेडको २८औं वार्षिक साधारण सभा २०७८ साल कार्तिक ११ गते (तदनुसार अक्टूबर २८, २०२१) दिउँसो ३:४५ बजे अभौतिक माध्यम अर्थात भिडियो कन्फरेन्सिङ्गको (लाइभ-स्ट्रिमिङ्ग) माध्यमबाट तपशील बमोजिम कार्य गर्ने गरी बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। उक्त सभामा निम्न बमोजिमको व्यवसायिक विषयहरुको छलफल तथा रितपूर्वक निर्णय गरिनेछ। सभाको लागि स्थान कर्पोरेट अफिस दोस्रो तल्ला सिटी स्क्वेयर बिल्डिङ्ग, नयाँ बानेश्वर १० काठमाण्डौं नेपाल।

सामान्य प्रस्तावहरु:

१. आ.ब. २०७७-७८ (१६ जुलाई २०२० देखि १५ जुलाई २०२१) को नाफा नोक्सान विवरण, वासलात, नगद प्रवाह विवरण, आषाढ ३१, २०७८ (१५ जुलाई २०२१) सम्मको संचालक समिति तथा लेखा परिक्षकका प्रतिवेदनहरु प्राप्त गरी पारित गर्ने।
२. २०७८ साल श्रावण १ (१६ जुलाइ २०२१) देखि शुरु हुने वर्षको लागि नयाँ लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने।
३. संचालक समितिको सिफारिस बमोजिम लाभांश स्वीकृति गर्ने।
४. प्रबन्ध निर्देशकको पारिश्रमिकको बारेमा जानकारी गराउने।
५. युनिलिभर नेपाल लिमिटेडको संगठित सामाजिक जिम्मेवारी अन्तर्गतका परियोजनाहरुको खर्चहरु पारित गर्ने।
६. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्देशक नियुक्ति गर्ने।
७. विविधः अध्यक्षको अनुमति अनुसार।

नोटहरु :

१. नेपालमा कोभिड १९ को स्थितिले चलिरहेको खतराको कारण, आवागमन प्रतिबन्ध लगाउने गतिशील स्थिति र थप अनुपालनमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले जारी गरेको ३० सेप्टेम्बर २०२१ (१४ असोज, २०७८) को पछिल्लो आदेश बमोजिम यस वर्ष कम्पनीको वार्षिक साधारण सभा कडाईका साथ भर्चुअल हुनेछ (जस्तै, अनलाइन सहभागिता द्वारा)। कम्पनीको २८औं वार्षिक साधारण सभा भर्चुअल कन्फरेन्स (लाइभ वेबकास्ट) को माध्यमबाट कम्पनी रजिस्ट्रार, नेपालको कार्यालयबाट परामर्श र मार्गदर्शन अनुसार हुनेछ। कम्पनीले पहिले नै यस सम्बन्धमा उक्त कार्यालयमा प्रतिनिधित्व गरेको छ र विगतमा पनि उपलब्ध गराईएको थियो। सबै सहयोगको आशा गर्दछ।
२. १५ जुलाई २०२१ मा समाप्त भएको आर्थिक वर्षको वार्षिक साधारण सभा र वार्षिक प्रतिवेदन बुझाउने सूचना निम्न links बाट डाउनलोड गर्न सकिन्छ र नेपाल स्टक एक्सचेन्ज (नेप्से)को वेबसाइटमा पनि उपलब्ध छ। यस बाहेक बैठकमा भाग लिने र ई-भोटिङ्ग (e-voting) गर्ने प्रक्रिया शेयरधनीहरुको दर्ता भएको ईमेल ठेगानामा उचित समयमा सूचित गरिनेछ। शेयरहरु (आरटियस)को रजिस्ट्रार सँग दर्ता प्राथमिक सम्पर्क विवरण (मोबाइल नम्बर) को माध्यमबाट एसएमएस द्वारा जानकारीको प्रसारणको लागि प्रयास गरिनेछ।

२८औं वार्षिक साधारण सभाको सूचना		वार्षिक प्रतिवेदन २०२०-२१ (२०७७-७८)	
English	नेपाली	English	नेपाली

यदि तपाई वार्षिक रिपोर्ट खोल्न र पढ्न सक्षम हुनुहुन्न भने, आवश्यक पीडीएफ रीडर सफ्टवेयर आवश्यक पर्दछ।

३. कम्पनीको किताबहरु ११ अक्टोबर, २०२१ (२५ असोज, २०७८) देखि २८ अक्टोबर २०२१ (११ कार्तिक, २०७८) सम्म बन्द हुनेछन्।
४. भौतिक मोडमा शेयर धारण गर्ने सदस्यहरु र जसले कम्पनीसँग आफ्नो इमेल ठेगाना अपडेट गरेका छैनन्, unl.shareholdersconnect@unilever.com मा कम्पनीलाई लेखेर र ramita.maharjan@sunrisecapital.com.np मा प्रतिलिपि गरेर व्यक्तिगत विवरण सहित सदस्यको नाम र ठेगाना, सम्पर्क नं., मोबाइल नं., प्यान कार्डको प्रमाणित प्रतिलिपि र कुनै कागजात जस्तै ड्राइभिङ लाइसेन्स, नागरिकताको प्रमाण-पत्र, पासपोर्ट सहित व्यक्तिगत विवरण सहित आफ्नो ईमेल ठेगाना अपडेट गर्न अनुरोध गरिन्छ। साथै, डिमटेरियलाइज्ड मोडमा शेयर धारण गर्ने सदस्यहरुलाई २० अक्टूबर २०२१ (कार्तिक ०३, २०७८) को ६ बजे भन्दा पहिले वा सम्बन्धित डिपोजिटरी सहभागीहरु सँग आफ्नो ईमेल ठेगाना दर्ता र अपडेट गर्न अनुरोध गरिन्छ। ईमेल ठेगाना दर्ता गर्न कुनै प्रश्न र कठिनाईको मामलामा, सदस्यहरु unl.shareholdersconnect@unilever.com वा ramita.maharjan@sunrisecapital.com.np मा सम्पर्क गर्न सक्नुहुन्छ।
५. कृपया ध्यान दिनुहोस् कि सहभागीहरु मोबाइल उपकरणहरु वा ट्याब्लेटहरुबाट वा ल्यापटपको माध्यमबाट मोबाइल हटस्पटको माध्यमबाट जडान गर्दा उनीहरुको सम्बन्धित नेटवर्कमा उतार चढावको कारण अडियो र भिडियोमा हानि अनुभव गर्न सक्छन। यसैले यो पूर्वनिर्धारित समस्या कम गर्न को लागि stable Wi-Fi or LAN connection जडानको उपयोग गर्नको लागि सिफारिश गरीन्छ।
६. भिडियो कन्फरेन्सिङ्ग (लाइभ वेबकास्ट)को माध्यमबाट साधारण सभामा भाग लिने सदस्यहरुलाई कम्पनी ऐनको दफा ७३ बमोजिम साधारण सभा अन्तर्गत कोरम गणना गर्नको लागि गणना गरिनेछ।
७. वार्षिक साधारण सभा भिडियो सम्मेलन (प्रत्यक्ष वेबकास्ट)को माध्यमबाट आयोजित गरिने हुँदा, साधारण सभाको कारबाहीको सुचारु संचालनको लागि र अस्थिर नेटवर्क संकेत वा अन्य प्राविधिक कारण कुनै बाधाबाट बच्नको लागि, सदस्यहरुलाई आफ्नो विचार व्यक्त गर्नको लागि प्रोत्साहित गरिन्छ र अग्रिम आफ्नो प्रश्नहरु पठाउन आफ्नो नाम, DEMAT account number / BOID number/ Folio number, ईमेल आईडी, मोबाइल नम्बर उल्लेख गरी unl.shareholderconnect@unilever.com मा पठाउनुहोस्। २० अक्टोबर २०२१ (३ कार्तिक २०७८) ५:०० बजे सम्म कम्पनी द्वारा प्राप्त प्रश्नहरुलाई मात्र साधारण सभामा विचार गरी प्रतिक्रिया दिईनेछ। यस समयमा सदस्यहरुले +977-9801133857 मा टेक्स्ट वा फोन गरेर आफ्नो प्रश्नहरु रेकर्ड गर्न सक्नुहुनेछ। साधारण सभाको लागि समयको उपलब्धतामा निर्भर रहेर, कम्पनीले जवाफ दिनको लागि प्रश्नहरुको संख्या प्रतिबन्धित गर्न र समान प्रश्नहरुको जवाफ दिनको लागि समेकित गर्ने अधिकार सुरक्षित गर्दछ।
८. कम्पनी ऐन र यस कम्पनीको नियामवलीका प्रासंगिक प्रावधानहरु बमोजिम, कम्पनीका सदस्यहरुलाई इलेक्ट्रोनिक माध्यमबाट साधारण सभामा पारित प्रस्तावहरुलाई मतदान गर्ने अधिकारको उपयोग गर्नको सुविधा प्रदान गर्न पाउँदा खुसी छौं।
९. सार्वजनिक शेयरधनीहरुको प्रतिनिधित्तव गर्ने निर्देशकको निर्वाचनको कार्यक्रम सम्बन्धि आवश्यक समयमा पत्रिकामा प्रकाशन गरी जानकारी दिने छौं।
१०. वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्ने हकदार एक सदस्य (अनलाइन सहभागिताको माध्यमबाट) र आफ्नो तर्फबाट मतदान गर्नको लागि एक प्रोक्सी नियुक्त गर्न सक्नुहुन्छ। प्रोक्सी फारम र यसको सबमिशनको प्रक्रिया सँग सम्बन्धित आवश्यक दर्ता ई-मेल ठेगानामा शेयरधारकहरुलाई इलेक्ट्रोनिक मोडमा पठाइनेछ। केवल प्रोक्सी होल्डरको नामको सबमिशन ई/भोटको लागि उसको हकदार हुनेछैन। ई-भोटिङ्ग र उपस्थितिको उद्देश्य पूरा गर्नका लागि प्राथमिक शेयरधनीहरुको एक वैध ईमेल आईडी र मोबाइल नम्बरको आवश्यकता हुन्छ।
११. सदस्यहरु, जसको नाम सोमबार ११ अक्टूबर २०२१ (२५ असोज, २०७८) सम्म सदस्यहरुको लाभार्थीहरुको सूची/लाभार्थी मालिकहरुको सूचीमा रजिष्ट्रर छ, अर्थात किताब बन्द हुने प्रारम्भ हुनभन्दा पहिलेको मिति सम्म, त्यस्तो सदस्यहरुमात्र यस नोटिसमा उल्लेखित संकल्पहरुमा ई-भोट (प्रोक्सीको माध्यमबाट) को हकदार हुन्छन्। एक व्यक्ति जो निर्धारित मिति सम्ममा एक सदस्यको नाम रजिष्ट्रर गरेको छैन नीजले साधारण सभाको यो सूचना एक जानकारीको उद्देश्यको लागि मात्र व्यवहार गर्नुपर्छ।

दर्ता गर्ने तरिका/ईमेल ठेगाना अपडेट गर्दै	साधारण सभामा सहभागी हुने तरिका
शेयरधनीहरु जस्को आफ्नो ईमेल ठेगाना दर्ता/अपडेट गरेका छैनन् unl.shareholdersconnect@unilever.com मा कम्पनीलाई लेखेर र ramita.mahajan@sunrisecapital.com.np मा प्रतिलिपि गरेर आफ्नो ईमेल ठेगाना अपडेट गर्न अनुरोध गरिएको छ। शेयरधनीको नाम र ठेगाना, मोबाइल नम्बर, प्यान कार्डको स्व-प्रमाणित प्रतिलिपि, र ठेगानाको समर्थनमा कुनै कागजात (जस्तैः ड्राइभिङ्ग लाइसेन्स, चुनाव पहिचान कार्ड, राहदानी) को प्रमाणित प्रतिलिपि सहित मिति २० अक्टोबर २०२१ सम्म पठाउन अनुरोध छ। शेयरधनीहरुलाई ठेगाना दर्ता गर्न, कुनै प्रश्न/कठिनाईको मामलामा, unl.shareholderconnect@unilever.com मा वा ramita.mahajan@sunrisecapital.com.np मा लेख्न सक्नुहुनेछ।	शेयरधनी जो कम्पनी सँग आफ्नो ईमेल ठेगाना दर्ता गरिएको छ 1) USER ID and 2) PASSWORD विस्तृत निर्देशन सँग इलेक्ट्रोनिक वा अन्य माध्यमबाट सामेल हुनको लागि प्रदान गरिनेछ।

मितिः ०६ अक्टोबर २०२१ (२०७८ साल असोज २० गते)
रजिस्टर्ड अफिस (बसामडी, हेटौडा-३
मकवानपुर, नेपाल

सञ्चालक समितिको आज्ञाले
एलिना आचार्य
कम्पनी सचिव

खुला आकाशमुनि...

अस्पतालमा बेड अभाव हुँदा एउटैमा दुई जना बस्नुपरेको बिरामी शेषकुमार चौधरीले बताए। 'ठाउँ नभएर कोचाकोच र अप्ठ्यारोमा उपचार गराउनुपरेको छ। यसले बिरामीलाई गाह्रो भइरहेको छ,' उनले भने।

बिरामीलाई बान्ता, पखाला, पेट दुख्ने र कमजोरी हुने लक्षण छन्। ल्याब परीक्षण नभएसम्म यकिन भन्न नसकिने जिल्ला स्वास्थ्य कार्यालय प्रमुख हेमराज पाण्डेले बताए। स्वास्थ्य कार्यालयले फरक-फरक ठाउँका ५ जना बिरामीको दिसा परीक्षणका लागि तौलिहवा अस्पताल पठाएको छ। त्यसको रिपोर्ट आएपछि मात्र धेरै कुरा थाहा हुने कार्यालय प्रमुख पाण्डेले बताए। अहिले घण्टामा ८/१० जना बिरामी आइरहे पनि स्थिति नियन्त्रणमै रहेको उनको भनाइ छ।

मंगलबार दिउँसो जिल्लाबाट थप स्वास्थ्यकर्मी आएपछि उपचारका लागि केही सहज भएको डा. चौधरीले बताए। शिवराज अस्पतालमा एकमात्र चिकित्सक भएकाले मंगलबार तौलिहवाबाट दुई चिकित्सकसहित ५ जना स्वास्थ्यकर्मीको टोली पुगेर उपचार गरेका थिए।

कृष्णनगरकै विभिन्न स्वास्थ्यचौकीबाट पनि स्वास्थ्यकर्मी झिकाइएको छ। तौलिहवाको टोली फर्किएको र प्रदेशबाट दुई जना चिकित्सक आउने क्रम भइरहेको डा. चौधरीले बताए। पिउने पानीका कारण प्रकोप फैलिएको आंशका लागेकाले परीक्षणका लागि पठाइएको कृष्णनगर नगरपालिकाका प्रमुख रजतप्रताप शाहले बताए। 'सुरुमा सुखरामपुरबाट समस्या आयो,' उनले भने, 'त्यहींको पानी परीक्षण गर्न पठाएका छौं। रिपोर्ट आएपछि धेरै कुरा थाहा हुन्छ।' उनका अनुसार नगरपालिकाले औषधि र स्वास्थ्यकर्मीको टोली पनि पठाएको छ।

'अदालत वा न्यायाधीशको...

सञ्चारमाध्यमको निगरानीले न्यायाधीशलाई स्वेच्छाचारी र अनुशासनहीन हुन रोक्ने र न्याय व्यवस्थालाई उत्तरदायी एवं विश्वसनीय बनाउन मद्दत गर्ने मान्यता पनि सर्वोच्चको फैसलामा प्रस्ट पारिएको छ। 'पत्रकारले जनताको वारिसका रूपमा जनताकै नजरले अदालती कारबाहीलाई हेरिरहेको हुन्छ। लोकतान्त्रिक मुलुकमा न्यायाधीशले कसरी काम गरिरहेका छन्, न्यायसम्पादन कसरी भइरहेको छ भनी जान्ने अधिकार जनतालाई हुन्छ। पत्रकारहरूले समाचार र टिप्पणीमार्फत सार्वजनिक संस्थाहरूको लोकतान्त्रिक उत्तरदायित्वको स्थितिलाई जनतासमक्ष प्रस्तुत गर्ने र प्रकारान्तरले लोकतन्त्रलाई सुदृढ बनाउने कार्य गर्छन्,' फैसलामा भनिएको छ, 'पत्रकारहरूले अदालतका काम कारबाहीबारे समाचार र टिप्पणीहरू बनाएर जनतालाई उनीहरू अदालतको उपयोग र प्रयोग कसरी आफ्नो हितमा गर्न सक्छन् र ती संस्थाहरूमा के कस्तो सुधार आवश्यक छ भन्नेबारे सुसूचित गर्छन्। यस्तो कार्यले अन्ततः न्यायमा जनताको पहुँच बढाउँछ।'

बृहत् पूर्ण इजलास यस्तो निष्कर्षमा पुग्न लामो समयावधिमा सर्वोच्चले गरेका फैसलाहरू, संविधानको मर्म र अन्तर्राष्ट्रिय तुलनात्मक विधिशास्त्रलाई उद्धृत गरेको छ। नेपालमा अहिलेसम्म अवहेलनासम्बन्धी छुट्टै कानुन बनिसकेको छैन। त्यसैकारण पनि के-कस्तो अवस्थामा अदालतको अवहेलना मानिन्छ भन्ने विषयमा न्यायाधीशहरूलाई बढी स्वविवेकीय अधिकार थियो। तर सर्वोच्चका सात न्यायाधीस सम्मिलित बृहत् पूर्ण इजलासले गरेको यो फैसलाले नजिरका रूपमा सर्वोच्चका आगामी इजलासलाई पनि मार्गनिर्देशित गरेको छ। यो नजिरअनुसार अवहेलनामा कारबाही गर्न सक्ने यस्तो अधिकारको प्रयोग स्वेच्छाचारी रूपमा हुनसक्दैन। अवहेलनाको जथाभावी प्रयोग भए न्याय प्रणाली नै विकृत हुन सक्ने भन्दै सर्वोच्चले समग्र न्यायपालिकालाई सजग गराएको छ।

बृहत् पूर्ण इजलासले 'अदालतहरूले आलोचना सुन्न सक्ने क्षमताको वृद्धि गर्नुपर्छ' समेत भनेको छ। फैसलामा भनिएको छ, 'आफ्नो आदेशमा समालोचना वा आलोचना हुँदा अवहेलनामा कारबाही र सजाय गर्नु हुँदैन, अदालतले संयमित सोच राख्नुपर्छ।' अदालत सार्वजनिक संस्था भएकोले मुद्दामा मानिसहरूका फरक विचार हुन सक्छन् र त्यस्ता फरक विचारहरू विभिन्न किसिमले अभिव्यक्त भएका हुन्छन्। त्यस्तो अवस्थामा कहिलेकाहीं न्यायाधीशहरूले नमीठा प्रतिक्रिया र टिप्पणीसमेत सुन्नुपर्ने हुन सक्छ भन्दै सर्वोच्च अदालतले 'त्यस्ता प्रतिक्रियाले न्यायसम्पादनमा प्रतिकूल असर नपारेसम्म वा अदालतको अख्तियारीलाई प्रत्यक्षतः चुनौती नदिएसम्म अवहेलनामा कारबाही गर्न हुँदैन,' भनेको छ।

न्यायाधीश भट्टराईले लेखेको ४६ पृष्ठ लामो फैसलामा अभिव्यक्ति स्वतन्त्रता लगायत जनताको मौलिक अधिकारको उपभोग र आफ्नो अवहेलनामा कारबाही गर्न सक्ने अदालतको अधिकारबीच सन्तुलित व्याख्या गरिएको छ। सर्वोच्चको यो पूर्णपाठले न्यायाधीशको व्यक्तिगत आलोचना वा फैसलाको समालोचनालाई अदालतको अवहेलना मान्न नसकिने स्पष्ट पारेको छ अर्थात् कसैले न्यायसम्पादनमा अवरोध गरेमा वा आदेश/फैसलाको अवज्ञा गरेमा मात्र अवहेलना गरेको ठहरिन्छ। 'मुद्दामा भएको बेइन्साफीको कारण सिर्जित आलोचना वा समालोचना नसहने अथवा न्यायाधीशले व्यक्तिगत रूपमा जवाफ दिनुपर्ने विषयलाई पनि अवहेलनाको अस्त्र प्रयोग गरी दबाउन नखोजियोस् भन्ने विषयमा अदालत सतर्क रहनु आवश्यक छ,' फैसलामा भनिएको छ।

यद्यपि सर्वोच्च अदालतले प्रकाशन वा अभिव्यक्तिमा जवाफदेही हुनु नपर्ने मान्यतालाई भने अस्वीकार गरेको छ। 'न्यायको प्रवाहलाई अवरुद्ध गर्ने, अवान्छित लाञ्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्न खोज्ने वा न्यायाधीश, कर्मचारी, मुद्दाका पक्ष र कानुन व्यवसायीलाई न्यायको मार्गबाट विचलित गर्ने मनसायका साथ काम गर्ने, दूषित मनसायका साथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने जस्ता कार्य भने सहय हुँदैन,' फैसलामा उल्लेख छ, 'त्यस्तो कार्य अवश्य पनि अवहेलनाको विषय बन्दछ। यस्तो काम रोक्ने र दोषीउपर सजाय गर्ने अधिकार अदालतले राख्दछ।'

गोविन्द केसीको गिरफ्तारी :
'सत्याग्राहीमाथि अनुचित हस्तक्षेप'

२०७४ पुस २३ मा सर्वोच्च अदालतले त्रिवि चिकित्सा शिक्षा अध्ययन संस्थानको डिनमा डा. शशि शर्मालाई पुनर्बहाली गर्न दिएको आदेशविरुद्ध असन्तुष्ट डा. केसीले आमरण अनशन थालेका थिए। तत्कालीन प्रधानन्यायाधीश पराजुलीविरुद्ध डा. केसीको आक्रोशलाई सर्वोच्चले 'एउटा व्यक्तिको तत्कालको आवेशपूर्ण अभिव्यक्ति' भनेको छ। अदालतका आदेश सबैले मान्नुपर्ने, त्यसमा चित्त नबुझे कानुनी प्रक्रियाद्वारा सुधारको प्रयास गर्नुपर्ने तर त्यस्तो विषयलाई लिएर न्यायाधीशप्रति जथाभावी बोल्ने छुट कसैलाई नहुने पनि सर्वोच्चले स्पष्ट पारेको छ।

डा. केसीको टिप्पणी 'अशोभनीय' भए पनि उनको अभिव्यक्तिले अदालतको अवहेलना भने नभएको अदालतको ठहर छ। 'बरु जुन हतारोका साथ अनशनस्थलबाट डा. केसीलाई पक्राउ गरियो, आफ्नो प्रतिरक्षा गर्न पर्याप्त समय दिइएन, अदालत नखुल्दै उपस्थित गराउने र हतारमा बयान गराउने जुन कार्य भयो, त्यो स्वच्छ सुनुवाइका सिद्धान्तअनुकूल भएको देखिँदैन,' फैसलामा भनिएको छ, 'एउटा व्यक्तिको आवेशपूर्ण अभिव्यक्तिप्रति अदालतबाट संस्थागत रूपमा जनाइने प्रतिक्रिया कदापि आवेशपूर्ण हुनुहुँदैन। यसो गरिनु स्वतन्त्र र निष्पक्ष न्यायको मूलभूत मान्यताविरुद्ध हुन्छ।'

डा. केसीले अदालत परिसर बाहिर दिएको आवेशपूर्ण प्रतिक्रियाबारे बुझ्न 'तत्कालै पक्राउ गर्नुपर्ने अनिवार्यता नभएको' भन्दै सर्वोच्चले भनेको छ, 'आमरण अनशनमा बसेको एकजना सत्याग्रहीले विज्ञप्ति प्रकाशित गरेको केही घण्टाभित्रै कर्मचारीमार्फत प्रतिवेदन लिने, पेसीसूची निकाल्ने र तत्काल इजलास गठन गरी पक्राउ गर्न आदेश दिने, पक्राउ गरी प्रहरी हिरासतमा राख्ने, प्रतिरक्षाको लागि पर्याप्त समय पनि नदिई भोलिपल्ट अदालत खुल्नुभन्दा अघि नै उपस्थित गराउने जस्ता अदालतले गरेका कार्यहरू स्वच्छ सुनुवाइको दृष्टिले उचित देखिँदैन।'

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लिमिटेड गण्डकी प्रदेश कार्यालय, पोखराको
२१ दिने सूचना

(सूचना प्रकाशन मिति २०७८/०६/२०)

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

१. सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि., शाखा कार्यालय हुवास

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम/कम्पनी तथा संचालकहरुको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८।०५।१६.... सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम	कैफियत
१	बशेश्वर न्यू धौलागिरी टेलर्स प्रो.गणेश बहादुर दर्जि	बाच्छा २ कडेनी , पर्वत	खडक सीं	सन्ते दर्जि	संचालन पुंजी	९९४५५५	६१८२२५	१६१२७८०	१) पूर्ण बहादूर दर्जी, त्रिवेणी २ पर्वत, २) उमाकान्त बस्नेत , बाच्छा ४ २ पर्वत	
२	चिरन्जिवी भूसाल	वहाकी ४ पर्वत	चूडामणी	केशव प्रसाद	सरल कृषि कर्जा	१५०००००	१५४७०	१६५४७०	सकुन्तला भूसाल, वहाकि ४ पर्वत, पति केशव प्रसाद, ससूरा चूडामणी	
३	सकून्तला भूसाल	वहाकी ४ पर्वत	चूडामणी	केशव प्रसाद	सरल कृषि कर्जा	९९५०००	३५५४०६	१३५०४०६	१) चिरन्जिवी भूसाल, वहाकी ४ पर्वतः बाबू केशव प्रसाद बाजे चूडामणी, २) दुर्गा भूसाल बाबू केशव प्रसाद बाजे चूडामणी	
४	श्रेष्ठ कोल्ड डिक्स प्रो.सूर्य प्रसाद श्रेष्ठ	हूवास ७ हातेमालोचोक, पर्वत	ईन्द्र प्रसाद	हिम प्रसाद	व्यापार	२५०००००	७२८७०९	३२२८७०९	हिमप्रसाद श्रेष्ठः बाबू ईन्द्रप्रसाद बाजे एकनारायण	
५	उषा फर्निचर उद्योग प्रो. सुमित मल्ल	हूवास ३ धरमपानी, पर्वत	रुकूम मल्ल	दिर्ग बहादूर	व्यापार	९९५०००	४४८१३	१०३९८१३	१.दिलिप प्रताप सेन, हूवास १. बाबू तिर्थ प्रताप,बाजे धन प्रताप	
६	टिकसरा पौडेल क्षेत्री	बर्राचौर ७ पर्वत	हर्कविर	मन बहादूर पौडेल क्षेत्री	सरल कृषि कर्जा	४०००००	४५८२४	४४५८२४	१.शान्तिदेवी भूसाल, वहाकि ठांटी ४ पर्वत, बाबू मन बहादुर क्षेत्री, पति लिला कूमार भूसाल	

२. सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि., शाखा कार्यालय डुम्रे

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम/कम्पनी तथा संचालकहरुको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८।०५।१६.... सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिनुपर्ने रकम	धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम	कैफियत
१	एक बहादुर थापा	आंबु १ सत्रसय	पुरण सिं थापा	महेश्वर	होटल संचालन	५०००००	९११८४	५९११९४		
२	अम्मर बहादुर थापा मगर	बन्दिपुर ६ बिमलनगर	इन्द्र बहादुर	जन बहादुर	सरल कृषि (कुखुरा)	२०००००	२१८३८	२२१८३८		
३	शान्ती कुमारी थापा मगर	बन्दिपुर १	देबीराम	रण बहादुर	ओ.डी.	६०००००	८६३७४	६८६३७४		
४	बिन्दु होटल	चोक चिसापानी ६	कपिल बाबु श्रेष्ठ	प्रेमलाल श्रेष्ठ	होटल संचालन	१५०००००	४९७८२	१५४९७८२	प्रो. बिन्दु देबी श्रेष्ठ	
५	महालक्ष्मी किराना पसल	बन्दिपुर ५ डुम्रे	पपिसन जोशी	हरि कुमार जोशी	व्यापार	७००७६६	३२५७९	७३३३४५	प्रो. महालक्ष्मी जोशी	
६	ज्वाला मुखी निर्माण सेवा	भानु १० चोक चिसापानी	टिकानिधि	लालुदय	सरल कृषि	६०००००	२०८४९९	८०८४९९		
७	विमला गुरुङ	बन्दिपुर ९	लोक बहादुर गुरुङ	आसपुर	सरल कृषि	९९४७४	६५९८७	१६५४६१		
८	मन बहादुर थापा	बसन्तपुर १	चन्द्र बहादुर	सिकधर	सरल कृषि (बाख्रा)	२०००००	१६२१०५	३६२१०५		
९	रामलाल श्रेष्ठ	भानु १० चोक चिसापानी	तिलमान	कृष्णमान	भैंसीपालन (सरल कृषि)	१११५०४	३५०३९.६	१५४५४४		
१०	सिताराम टेलर्स लेडिज एण्ड जेन्टस	भानु १० कालीमाटी	बल बहादुर परियार	बुद्धिमान	संचालन पुंजी	४०००००	५११०३	४५११०३	प्रो. सिताराम परियार	
११	देबी थापा क्षेत्री	पुर्कोट १ तनहुं	प्रेम बहादुर पाण्डे	यम बहादुर पाण्डे	सरल कृषि	२०००००	४९०९४	२४९०९४	धितो म.ना.बसन्त कुमारी पायडे	
१२	राम बहादुर सुनार	बन्दिपुर १	टिके	काले	सरल कृषि	२०००००	२९८२८	२२९८२८		
१३	बल राज गुरुङ	भानु १ खहरे	होम बहादुर	खडग सिं	सरल कृषि (कुखुरा)	१९७३७१	३३६८०.८	२३१०५२		
१४	रित बहादुर गुरुङ	आंबु २ सत्रसय	सुक बहादुर	मारा सिं	घरायसी	६०००००	१४४५२	६१४४५२		
१५	विष्णु देव अटो ग्यारेज	आबु खैरेनी ३	श्याम कुमार	टिक नारायण	व्यापार	३४०००००	१८६४२२०	५२६४२२०		
१६	शिव लाल कुमाल	भानु ४ चुंदी	बज्र बहादुर	नर बहादुर	सरल कृषि	४००००	३७७५	४३७७५		
१७	रघुबिर कुमाल	भानु ४	देउविर कुमाल	काले कुमाल	सरल कृषि	४५०००	३५९७	४८५९७		

३. सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि., शाखा कार्यालय गोरखा

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम/कम्पनी तथा संचालकहरुको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८।०६।१९.... सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम	कैफियत
१	श्री हर्क बहादुर कुवर	गोरखा न.पा. ०४, फिनाम	पुरननाथ	पदम बहादुर	सरल कृषि कर्जा	९५०००००	८५०००	१०३५०००		
२	श्री प्रेम कुमार श्रेष्ठ	गोरखा न.पा. ०३, आपचौर	लक्ष्मी प्रसाद	अन्त नारायण	घरायसी	८०००००	५७०००	८५७०००		
३	श्री पदम कुमारी बस्नेत	गोरखा न.पा. ०३, घलाङ	भीम बहादुर	चेत बहादुर	सरल कृषि कर्जा	३०००००	४३०००	३४३०००		
४	श्री तारामाया थापा मगर	गोरखा न.पा. ०५ , ठुलोरिप	चेत बहादुर	चन्द्र बहादुर	कुखुरा पालन	७०००००	८१६००	७८१६००		
५	श्री रामहरि अर्याल	शहिद लखन गा.पा., बक्राङ	होमनाथ	हेमदत्त	व्यापार	३०००००	४५०००	३४५०००		
६	श्री केयरसिह थापा	शहिद लखन गा.पा., घैरुङ	दले थापा	तील विक्रम	कुखुरा पालन	२५००००	३३०००	२८३०००		
७	श्री केरबहादुर श्रेष्ठ	गण्डकी गा.पा., भुम्लिचोक	कालु	हिरालाल	घरायसी	८०००००	११८०००	९१८०००		
८	श्री राम प्रसाद ढकाल	शहिद लखन गा.पा.९, नामजुङ	श्रीबल्धव	कमलीकान्त	व्यापार	८०००००	३१००००	१११०००००		
९	श्री गंगा थापा	गोरखा न.पा. ०५ , ठुलोरिप	तेज बहादुर थापा	राम बहादुर थापा	उद्योग संचालन	१३०००००	२५९०००	१५५९०००		
१०	श्री खुम बहादुर थापा	गण्डकी गा.पा., भुम्लिचोक	हर्क थापा मगर	धन बहादुरथापा	सरल कृषि कर्जा	५०००००	२४०००	५२४०००		
११	श्री रमेश रेग्मी	गण्डकी गा.पा., घ्याल्चोक	टिकादत्त रेग्मी	अडानन्द रेग्मी	सरल कृषि कर्जा	३०००००	१२५००	३१२५००		
१२	श्री लाल बहादुर गुरुङ	बारपाक सुलिकोट	चन्द्र सिंह	काले गुरुङ	सरल कृषि कर्जा	७०००००	१५८०००	८५८०००		
१३	श्री गुज्जमान श्रेष्ठ	गण्डकी गा.पा., घ्याल्चोक	डिल	हर्कमान	सरल कृषि कर्जा	४०००००	३२०००	४३२०००		
१४	श्री पदम प्रसाद ढकाल	सिरानचोक ७, उपल्लो गोहोरे	कुलप्रसाद	टिकाराम	पाडी	२५०००	३५१४५	६०१४५		
१५	श्री बल बहादुर पन्थ	शहिद लखन गा.पा., बुंकोट	कटक बहादुर	ज्ञान बहादुर	कुखुरा पालन	१८००००	५२५४९८	७०५४९८		
१६	श्री डिल्लीराम पन्त	गोरखा न.पा. १२, स्याउली	देउपन्त	जगन्नाथ	विभिन्न	४६६२५	१७९५४०	२२६१६५		
१७	श्री डिल बहादुर सार्की	गोरखा न.पा., मैदान	गाइने	पुर्ण बहादुर	कुखुरा पालन	१०२०००	२८९०२६	३९१०२६		
१८	श्री थल प्रसाद काराखेती	पालुङटार न.पा., धुवाकोट	दामोदर	श्री प्रसाद काराखेती	विभिन्न	३९२५०	१५६१७३	१९५४२३		
१९	श्री सन्सरीदेवी गुरुङ	सिरानचोक गा.पा., थालाजुङ	तुलाराम	खेम बहादुर	कुखुरा पालन	५८८६१	२३३५९९	२९२४६०		
२०	श्री लोकनाथ रेग्मी	शहिद लखन गा.पा., घैरुङ	शक्तिबल्लभ	तोकनाथ	विभिन्न	२७५०००	७८९९४३	१०६४९४३		

४. सम्बन्धित कार्यालयको नाम: कृषि विकास बैंक लि., शाखा कार्यालय मनाङ

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम/कम्पनी तथा संचालकहरुको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८।०६।१९.... सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम	कैफियत
१	दिपेन्द्र टेलर्स प्रो.सोमराज परियार	चामे ५, मनाङ	आइते	टुकमान दमै	टेलर संचालन	३६४००००	४५११७३	४०९११७३	टुकमान दमै	
२	लक्ष्मी गुरुङ	धारापानी ४,मनाङ	ससुरा गणेश बहादुर गुरुङ	पति यम बहादुर गुरुङ	होटल संचालन	५००००००	११७५९६३	६१७५९६३	यम बहादुर गुरुङ	
३	गम्भीर जंग विश्वकर्मा	धारापानी ९,मनाङ	शुवाने	पुर्ण बहादुर विश्वकर्मा	होटल संचालन	७०००००	९०६०६	७९०६०६	-	
४	छिरिङ गुरुङ	खाङसार ९, मनाङ	लाक्पा गुरुङ	पेम्वा छिरिङ गुरुङ	सरल कृषि	९९००००	११००३५	११०००३५	-	
५	डाँफे होटल एण्ड रेष्टुरेण्ट प्रो.खुसपति गुरुङ	नासो गा.पा.३ धारापानी	धनसुब्बा	खरध्वोज गुरुङ	होटल संचालन	९९५०००	८२७८०	१०७७७८०	-	
६	ओम बहादुर गुरुङ	धारापानी ४, मनाङ	नर बहादुर	हनुमान गुरुङ	होटल	१००००००	११६४३०	१११६४३०	भीम बहादुर गुरुङ	
७	हिम बहादुर राना	ताङलीचोक ६, गोरखा	गजविर राना मगर	गुन बहादुर राना मगर	होटल संचालन	६२००००	६६९६५	६८६९६५	-	
८	विर माया गुरुङ	धारापानी २, मनाङ	ससुरा (बुद्धविर गुरुङ)	पति पूर्ण गुरुङ	सरल कृषि	८०००००	३५००१	८३५००१	-	
९	छिमि गुरुङ	टंकीमनाङ ९ मनाङ	छेके	टसी गुरुङ	सरल कृषि	९६००००	५५६५०	१०१५६५०	-	
१०	सोनम गुरुङ	मनाङ ८	छिरिङ गुरुङ	छिमी गुरुङ	सरल कृषि	९५०००००	१००७२१	१०५०७२१	-	
११	मंगल बहादुर गुरुङ	धारापानी ४ मनाङ	म्हाविर	नर बहादुर गुरुङ	सरल कृषि	१००००००	१०६०९४	११०६०९४		
१२	अन्द्री गुरुङ	धारापानी ५ मनाङ	ससुरा (कुल बहादुर गुरुङ)	पति वल बहादुर गुरुङ	सरल कृषि	९९००००	६३३३०	१०५३३३०	आइत बहादुर लामा	
१३	कपिल लामा	धारापानी ९ मनाङ	रितार छेम्पेल	छिङदोर्जे लामा	सरल कृषि	९९००००	१०१३०३	१०९१३०३		
१४	लक्ष्मी कुमारी लामा	ताचैबगरछाप ६ मनाङ	ससुरा (छिङदोर्जे लामा)	पति कपिल लामा	होटल संचालन	७०००००	६६०३२	७६६०३२		

कृषि विकास बैंक लिमिटेड, गण्डकी प्रदेश कार्यालय, पोखरा

विदेशी मुद्रा

अमेरिकी डलर	११९.२०
युरो	१३८.६१
पाउन्ड स्टर्लिङ	१६१.९६
अस्ट्रेलियन डलर	८६.७२
कतारी रियल	३२.७४

सुन
रु ९०,३००

चाँदी
रु १,१६०

प्राधिकरणलाई ऊर्जा मन्त्रालयको सुझाव-

'पीपीए सीमा बढाउँदा जोखिम आफैं वहन गर्नू'

हेमन्त जोशी (काठमाडौं)

- जलाशययुक्त आयोजनाको पीपीए सीमा कटौती गरेर आरओआरलाई दिन सकिने
- आन्तरिक खपतको आधार र बाह्य बजारको सुनिश्चितता हुँदा मात्र पीपीएको सीमा बढाउनुपर्ने

> विद्युत् किन्ने एक मात्र निकाय प्राधिकरण भएकाले उसले पीपीए गर्दिनँ भन्नु अनुपयुक्त
>
> **– कृष्णप्रसाद आचार्य**
> अध्यक्ष, इप्पान

नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) सीमा बढाउँदा त्यसबाट सिर्जित समस्याको दायित्व आफैं वहन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले नेपाल विद्युत् प्राधिकरणलाई सुझाव दिएको छ। पीपीएको सीमा बढाउन सरकारलाई निजी क्षेत्रको दबाब छ। तर मन्त्रालयले यसमा तत्काल कुनै निर्णय नलिने देखिएको हो। बरु आवश्यकता, औचित्य र जोखिमको विश्लेषणपछि पीपीए थप गर्न चाहेमा प्राधिकरणले त्यस्तो निर्णय लिन सक्ने मन्त्रालयले जनाएको छ।

जलविद्युत् आयोजनाको पीपीए प्राधिकरणको सञ्चालक समितिले टुंग्याउने कानुनी व्यवस्था छ। तर आरओआर आयोजनाको पीपीए सीमा सकिएपछि प्राधिकरणले नयाँ सम्झौता रोक्का राखेको छ। सरकारले २०७५ वैशाखमा सार्वजनिक गरेको ऊर्जा क्षेत्रको श्वेतपत्रमार्फत १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने घोषणा गरेको थियो। यही घोषणाका आधारमा जलाशययुक्त आयोजनालाई ३० देखि ३५, अर्धजलाशययुक्त (पीआरओआर) आयोजनालाई २५ देखि ३०, नदी प्रवाहमा आधारित (आरओआर) आयोजनालाई ३० देखि ३५ र अन्य वैकल्पिक स्रोतबाट ५ देखि १० प्रतिशत पीपीए गर्ने सरकारको नीति छ। आरओआर आयोजनाले पाएको ३५ प्रतिशतको सीमा अर्थात् ५ हजार २ सय ५० मेगावाट उत्पादन क्षमताका आयोजनाको प्राधिकरणबाट पीपीए भइसकेको छ। तत्काल यो सीमा नाघ्न नसकिने मन्त्रालयको भनाइ छ।

पीपीए सीमा थप्न निजी क्षेत्रको दबाब बढ्दै गएपछि मन्त्रालयले सहसचिव मधुप्रसाद भेटुवालको संयोजकत्वमा सुझाव सिफारिस समिति गठन गरेको थियो। उक्त समितिले जलाशययुक्त आयोजनाको सीमा कटौती गरेर आरओआरलाई दिन सकिने सुझाव दिएको छ। तर त्यसमा जोखिमको दायित्व प्राधिकरणकै हुने गरी सर्त राखिएको सहसचिव भेटुवाल बताउँछन्। 'सर्वेक्षण अनुमति लिएका सबै आयोजनाको पीपीए गर्न सक्ने अवस्था अहिले छैन,' उनले भने, 'आयोजनाको लक्षित उत्पादन मिति (आरसीओडी) पहिल्यै तय गर्ने, प्रसारण लाइनको सुविधा उपलब्ध हुने-नहुने यकिन गर्ने र कुनै जोखिमको अवस्था देखिएमा त्यसको जिम्मेवारी प्राधिकरण स्वयंले लिने गरी स्टोरेजको कटौती गरेर आरओआरलाई दिन सकिन्छ।' समितिको यही सिफारिसका आधारमा आन्तरिक खपतको आधार र बाह्य बजारको सुनिश्चितता हुँदा मात्र पीपीएको सीमा बढाउनुपर्ने सुझाव मन्त्रालयले प्राधिकरणलाई दिएको उनको भनाइ छ।

भेटुवाल संयोजकत्वको समितिले जलाशययुक्त आयोजनालाई २० देखि २५, पीआरओआर आयोजनाका लागि २० देखि ३०, आरओआर आयोजनाका लागि ४० देखि ४५ र सौर्य, नवीकरणीयलगायत अरू ऊर्जाका लागि ५ देखि १० प्रतिशत सीमामा पीपीए गर्न सकिने उल्लेख गरेको छ। 'आर्थिक, प्राविधिक र अरू खालका कुनै जोखिम उत्पन्न हुन सक्ने अवस्थाको आकलन स्वयं प्राधिकरणले गर्नुपर्छ। यदि उसले कुनै जोखिम नदेखेमा स्टोरेजको सीमा घटाएर आरओआरलाई दिन सक्छ,' उनले भने, 'जोखिम हुने अवस्थामा प्राधिकरण त्यसको दायित्व लिन तयार हुनुपर्छ।'

विद्युत् विकास विभागका अनुसार हालसम्म १ मेगावाटभन्दा कम उत्पादन क्षमताका १५ वटा आयोजनाबाट करिब ११ मेगावाट र १ मेगावाटभन्दा माथिका २ सय ८ वटा आयोजनाबाट १५ हजार ५ सय १५ मेगावाट गरी कुल १५ हजार ५ सय २६ मेगावाट बराबर उत्पादन क्षमता भएका आयोजनाहरूले सर्वेक्षण अनुमतिपत्र लिएका छन्। अहिले नेपालभित्रै उत्पादित विद्युत् वर्षायाममा खेर जाने गरेको छ। खपत नबढ्ने हो भने अबको ३ वर्षपछि सुक्खायाममा पनि विद्युत् खेर जाने अवस्था छ। निजी क्षेत्रले भने सर्वेक्षण अनुमति थपाउने तर पीपीए नगर्ने सरकारको नीतिले आफूहरू समस्यामा परेको बताउँदै आएको छ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष कृष्णप्रसाद आचार्य नेपालमा विद्युत् किन्ने एकमात्र निकाय विद्युत् प्राधिकरण भएकाले उसले पीपीए गर्दिनँ भन्नु अनुपयुक्त रहेको बताउँछन्। 'सरकारले सर्वेक्षणका लागि अहिले पनि धमाधम अनुमति दिइरहेको छ। तर पूर्वसम्भाव्यता अध्ययन र सर्वेक्षण भएका आयोजनालाई पीपीए गर्दिनँ भन्नु कति जायज हो ?,' प्रतिप्रश्न गर्दै आचार्यले भने, 'सर्भे लाइसेन्स दिने भनेको विद्युत् किन्ने भन्ने पनि हो। आयोजनाहरूले उत्पादन गरेको विद्युत् कहाँ लगेर जोड्ने भन्ने स्पष्ट हुनुपर्‍यो।' आयोजना सर्वेक्षणका क्रममा ठूलो रकम खर्च भइसक्ने हुँदा आयोजनाबाट हात झिक्ने अवस्थामा पनि प्रवर्द्धकहरू हुँदैनन्।

अहिलेको समस्या समाधानका लागि विद्युत् खपत बढाउने प्रभावकारी योजना सरकारले बनाउनुपर्ने आचार्य बताउँछन्। सरकारले ग्यास विस्थापन गरेर इन्डक्सन चुलो र पेट्रोलियम पदार्थबाट चल्ने सवारीलाई विद्युतीय सवारीले प्रतिस्थापन गर्न सके विद्युत् खपत बढ्ने उनको भनाइ छ। प्रसारण र वितरण प्रणाली चुस्त बनाएर विद्युत्को आन्तरिक तथा बाह्य बजार खोज्न सरकारले ढिलाइ गरेको उनले आरोप लगाए।

सेबोन अध्यक्ष ढुंगाना बर्खास्त

काठमाडौं (कास)- सरकारले नेपाल धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानालाई बर्खास्त गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले ढुंगानालाई बर्खास्त गर्ने निर्णय गरेको एक मन्त्रीले बताए। 'उनलाई बर्खास्त गर्ने अर्थमन्त्रीको प्रस्ताव स्वीकृत भएको छ,' ती मन्त्रीले भने, 'नयाँ अध्यक्ष नियुक्तिबारे केही निर्णय भएको छैन।' सर्वोत्तम सिमेन्टको भित्री सेयर कारोबारमा संलग्न रहेको आरोप सम्बन्धमा छानबिन गर्न गठित समितिको सुझावका आधारमा सरकारले ढुंगानालाई बर्खास्त गरेको हो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७६ पुस २१ मा चारवर्षे कार्यकालका लागि ढुंगानालाई बोर्ड अध्यक्षमा नियुक्त गरेको थियो। नियुक्त भएको २१ महिनापछि उनी बर्खास्त भएका हुन्। ढुंगानालाई लागेको आरोप सम्बन्धमा छानबिन गर्न गत भदौ १७ को मन्त्रिपरिषद् बैठकले उच्च अदालतका पूर्वन्यायाधीश अनन्तराज ढुम्रेको अध्यक्षतामा कानुन आयोगका सहसचिव अर्जुनकुमार खड्का र विज्ञ नारायणप्रसाद पौडेल रहेको समिति गठन गरेको थियो।

बाँकी पृष्ठ १४

नेपाल इकमर्स इकोसिस्टममा कोविड १९ को प्रभाव

daraz एड्भर्टोरियल

काठमाण्डौं, परिस्थिति अनुसार आफुलाई ढाल्नु भनेको अगि बढ्नु हो। जब कोभिड–१९ महामारी शुरु भयो, हामीले हाम्रा दैनिक गतिविधिहरूमा धेरै परिवर्तन ल्याउनु परेको थियो। कमाउने देखि लिएर अन्तरक्रिया गर्ने, अध्ययन गर्ने, तथा शपिंग गर्नसम्म नयाँ तरीका खोज्न पर्ने हामीलाई आवश्यक पर्यो। कोरोनाले ल्याएको बदलावले नेपालको ईकमर्स उद्योगमा व्यापक प्रभाव परेको छ। यी अन्य परिवर्तनहरूको बारेमा केहि कुरा जान्नको लागी हामी दराज नेपालका प्रबन्ध निर्देशक लिनो अलरिङ्गसंग छलफलको लागि बस्यौं।

उहाँको भनाई अनुसार सबै भन्दा ठुलो परिवर्तन चाँही कसले, कसरी र के खरिद गरिरहेको छ भन्नेमा आएको छ। उदाहरणको लागी, अहिले ५० देखि ६० वर्षको बीचका मानिसहरू पनि अनलाइन किनमेल गर्न थालेका छन् भने ५० प्रतिशत भुक्तानी डेबिट/क्रेडिट कार्ड, इसेवा र आईएमई पे जस्तै डिजिटल वालेटहरूको माध्यमबाट भैरहेको छ। र यसैगरि, दराजको किराना सामानको किनमेल १००० गुणा बढेको अलरिङ्गले जनाए।

जो बदलाव अनुकुल आफुलाई ढाल्न सक्छ, उ नै सफल हुन्छ। जब महामारीले धेरै साना र मझौला व्यवसायहरूलाई संकटग्रस्त बनायो, दराजले सहयात्री कार्यक्रम लीएर आयो। संघर्षरत एसएमईहरूले यसद्वारा व्यवसायलाई नीरन्तरता दिन एक नयाँ विकल्प पाए र उनीहरूले यसलाइ आफु अनुकूलित बनाए। दराज प्रयोगकर्ताहरूले बजार बन्द भएको समयमा पनि आफुलाई चाहिने सामानहरू सजिलैसंग खरिद गर्न पाए। यसले दुबै बिक्रेताहरू र खरीददारहरूलाई लाभान्वित गर्न मद्दत गर्यो।

अलरिङ्गको भनाई अनुसार सहयात्री कार्यक्रमबाट काठमाडौं उपत्यका बाहिरबाट पनि बिक्रेता र खरिदकर्ताकोहरूको संख्या पनि बढेको छ। हाल, दराजले नेपालको ४७ भन्दा बढी शहरहरूमा डेलिभर गरिरहेको छ। देशको भौगोलिक र सांस्कृतिक विविधताले सबै तिर सामान पुऱ्याउन चुनौती त छ। दराजले देशको अन्य ग्रामीण छेत्रमा प्रवेश गर्न तयारी सुरू गरिसकेको छ। दराजको वार्षिक बजेट धेरैजसो देशका अन्य भागहरूमा आफ्नो सेवा विस्तार गर्नमै खर्च भैरहेको छ। प्रत्येक वर्ष एउटा विशिष्ट इलाकासंग परिचित डेलिभरि कम्पनी र वितरण कर्मीहरूसंग साझेदारी गर्दै आएको अलरिङ्गले जनाए। यही सन्दर्भमा, दराजले आफ्नै डेलिभरी कम्पनी "दराज एक्सप्रेस" पनि सुरू गरेको अलरिङ्गले बताए।

विकास तथा वृद्धि संयोगले कहिल्यै हुँदैन। वृद्धि हुनको लागि धेरै कुराहरू एक आपसमा मिल्नु पर्नेहुन्छ। सम्पूर्ण ईकमर्सको बृद्धिको लागि विक्रेता, डेलिभरी कम्पनी, मिडिया/मार्केटिंग एजेन्सी, भुक्तानी साझेदारहरू र अन्य ईकमर्स कम्पनीहरू एक पारितंत्र भित्र मिलेर काम गर्नु पर्दछ। अलरिङ्ग भन्छन् कि यो पारितंत्रको विकास नेपाली अर्थव्यवस्थाको लागी एउटा ठुलो वरदान हुनेछ किनकि यसले अन्य थुप्रै अवसरहरू सिर्जना गर्न मद्दत गर्नेछ। यो पारितंत्रको भित्र सबै पेशेवर हुनुपर्नेमा पनि अलरिङ्गले जोड दिँदै भने "सुधार भएको छ, तर अझै पनि धेरै गर्न आवश्यक छ।" यो सँगसँगै नेपालमा ईकमर्सको लागि उचित कानूनको आवश्यकता भएका र सरकार तथा अन्य इकमर्स कम्पनी संग मिलि त्यो कानुन ल्याउन काम गरिरहेको भनेर जनाए।

कम्पनी बढ्दै गएपछि ग्राहकहरूको अपेक्षाहरू बढ्नु स्वाभाविक हो। यस संदर्वमा प्रश्न गर्दा, अलरिङ्गले दराजले शपिंग गर्ने शैलीलाई अझै परिवर्तन गर्दै मनोरंजन तथा थप अन्तरक्रियात्मक सुविधाहरू लिएर आएको जनाए। जसमद्दे एक रहेको छ नेपालको पहिलो इन-एप शपेबल लाइभ स्ट्रिम "दराज लाइभ"। अर्थात् यस्तो सुविधा जसले विक्रेताहरूलाई आफ्नो उत्पादनहरू सजिलैसंग घर बसिरहेका ग्राहकहरूलाई अनलाइन प्रसारण गर्ने अवसर दिन्छ। दराजले किनमेल संगै मनोरञ्जन पनि मिश्रण गरिरहेको उनले जनाए जुन विशेष गरी नेपाली नयाँ बर्ष, दशैं र ११.११ जस्ता दराजको ठूलो बिक्री अभियानको दौरान देख्न सकिन्छ।

यी परिवर्तनहरूले कस्तो असर लिएर आउने छ भन्ने कुरा अब केवल समयले मात्र बताउन सक्छ। तर, दराजका प्रबन्ध निर्देशक धेरैनै आशावादी छन। अलरिङ्गको अनुसार दराज वार्षिक बिक्रिको हिसाबले १०० मिलियन अमेरिकन डलरको कम्पनी बन्न गैरहेको र यसले नेपालमा पनि ईकमर्स उद्योग निकै माथि पुग्न सक्ने अवस्थामा रहेको जनाए। हाल १० लाख बढी नेपालीले हरेक महिना दराज प्रयोग गरिरहेका छन् र यो संख्या दिन प्रति दिन बढ्दै गैरहेको छ। अलरिङ्ग आशा गर्दछन कि धेरैको लागी यो वृद्धि प्रेरणाको महत्वपुर्ण स्रोत हुनेछ।

मित्र

एनआरएनए अध्यक्षमा केसीको उम्मेदवारी घोषणा

पृष्ठ १४

४२ अंक बढ्यो नेप्से

काठमाडौं (कास)- अघिल्ला तीन कारोबार दिन लगातार घटेको नेप्से मंगलबार करिब ४२ अंकले बढेको छ। यो वृद्धिसँगै सेयर कारोबार मापक नेप्से परिसूचक २ हजार ६ सय १२.६५ बिन्दुमा उक्लेको छ। अघिल्लो दिनको तुलनामा यो १.६३ प्रतिशतले बढी हो। अघिल्ला तीन कारोबार दिनमा नेप्से करिब ९५ अंकले घटेको थियो।

मंगलबार व्यापारबाहेक कारोबारमा आएका सबै उपसमूहको परिसूचक बढेपछि समग्र नेप्सेको वृद्धिमा टेवा पुगेको हो। करिब ४१ हजार ५१ कारोबारबाट २ सय २३ कम्पनीका ५८ लाख ४२ हजार १ सय ३५ कित्ता सेयर किनबेच भए। ती किनबेचमा २ अर्ब ९९ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको छ। अघिल्लो कारोबार दिनको तुलनामा यो कम हो। सोमबार सेयर बजारमा ३ अर्ब ६२ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो।

नेप्से बढेपछि सेयर बजारको आकार कुल बजार पुँजीकरण पनि बढेको छ। जसअनुसार ३६ खर्ब ५७ अर्ब रुपैयाँ कुल बजार पुँजीकरण कायम भएको छ। सोमबार यस्तो पुँजीकरण ३५ खर्ब ९८ अर्ब रुपैयाँ थियो। नेप्सेको वर्गीकरणमा 'क' वर्गका कम्पनीको सेयर कारोबार मापक सेन्सेटिभ परिसूचक १.४५ प्रतिशत र व्यापारमा रहेका सबै कम्पनीहरूको सेयर कारोबार मापक फ्लोट परिसूचक १.७५ प्रतिशतले बढेको छ।

एनआरएनए अध्यक्षमा केसीको उम्मेदवारी घोषणा

कान्तिपुर संवाददाता (काठमाडौं)

गैरआवासीय नेपाली संघ (एनआरएनए) का उपाध्यक्ष बद्री केसीले अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै केसीले ८ शीर्षकमा आफ्ना प्रतिबद्धतापत्र पनि सार्वजनिक गरे । एनआरएनएको १० औं विश्व सम्मेलन आगामी कात्तिक ६-८ सम्म काठमाडौंमा हुँदै छ ।

केसीको प्यानलबाट उपाध्यक्षमा हेमराज शर्मा (यूके), महेशकुमार श्रेष्ठ (जापान), डीवी क्षेत्री (ओमान), धर्मराज अधिकारी (अस्ट्रेलिया), यसमिन बेगम सैयद (साउदी अरब) ले उम्मेदवारी घोषणा गरेका छन् । महासचिवमा गौरीराज जोशी (अमेरिका), सचिवमा रामशरण सिम्खडा (यूके), ओम गुरुङ (जापान), चिरञ्जीवी घिमिरे (क्यानडा) छन् । कोषाध्यक्षमा लोकप्रसाद दाहाल (बेल्जियम), महिला सहकोषाध्यक्ष यमुना भट्टराई (अमेरिका) छन् । महिला संयोजकमा संगीता मरहट्टा (यूके) र युवा संयोजकमा मिलन छन्त्याल (आयरल्यान्ड) छन् ।

एनआरएनएलाई प्रवासी नेपालीको साझा संस्थाका रूपमा विकास गर्न तथा पछिल्लो समय देखिएको चरम राजनीतीकरण अन्त्य गर्दै थप मर्यादित र प्रतिष्ठित बनाउन आफूले अध्यक्षमा उम्मेदवारी घोषणा गरेको केसीको भनाइ थियो । यसका लागि सबै पञ्जिकृत सदस्यले नेतृत्व छनोटका लागि मतदान गर्न पाउने व्यवस्था गरिनुपर्नेमा उनले जोड दिए । 'स्थापनाकालदेखि नै संघका विभिन्न जिम्मेवारीमा रहेर काम गरेको अनुभव र आफ्ना अग्रज तथा शुभेच्छुकको चाहनालाई सम्मान गर्दै अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको हो,' उनले भने । रोजगारी, वैदेशिक लगानी, संस्थागत पुनःसंरचना, गैरआवासीय नेपालीका हकअधिकार, ज्ञान, सीप र प्रविधिसहितको एनआरएनए, एनआरएनए फाउन्डेसन, नेपालमा पर्यटन प्रवर्द्धन, युवा र महिलाका मुद्दा र अन्तर्राष्ट्रिय संघसंस्थासँगको सहकार्यलाई उनले प्रमुख एजेन्डाका रूपमा अघि सारेका छन् ।

त्यस्तै, वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने, श्रमिकको योगदानमा आधारित सुरक्षा कोष र पेन्सन फन्ड स्थापना गर्ने, विदेशमा सीप र दक्षता सिकेर नेपाल फर्केकालाई सरकारसँगको समन्वयमा रोजगारीको अवसर दिलाउने,

एनआरएनएको नयाँ नेतृत्वका लागि उम्मेदवारी घोषणा गर्दै बद्री केसी (बीच) को प्यानल ।

> विदेशमा सीप सिकेर स्वदेश फर्केका नेपालीलाई सरकारसँगको समन्वयमा रोजगारी दिलाउने प्रतिबद्धता

कामका लागि मध्यपूर्व तथा मलेसियामा पुगेका महिलाहरूको सुरक्षाका लागि कूटनीतिक पहल गर्ने प्रतिबद्धतापत्रमा उल्लेख छ । श्रम स्वीकृति, बिमा नवीकरणलगायतका कार्य विदेशस्थित नेपाली नियोगबाटै गर्ने व्यवस्था मिलाउन र आकर्षक नयाँ श्रम गन्तव्यको पहिचान गरी श्रम सम्झौता गर्न नेपाल सरकारसँग सहकार्य गर्ने उनको भनाइ छ । उनले नेपालमा लगानी भित्र्याउने, लगानीका क्षेत्रको पहिचान गरी ३ तहकै सरकारसँग समन्वय तथा सहकार्य गर्ने, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानीको वातावरण बनाउने र विदेशी लगानी भित्र्याउन दोहोरो करको व्यवस्था हटाउन पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

काठमाडौं फर्पिङका केसी हाल रुसमा व्यवसाय गर्दै आएका छन् । उनी सन् २००७ मा एनआरएन, रुसको महासचिवमा निर्वाचित भएका थिए । सन् २००९ र २०११ मा दुई कार्यकाल एनआरएनएको केन्द्रीय सदस्य भए । सन् २०१३ मा कोषाध्यक्ष निर्वाचित उनी हाल उपाध्यक्ष छन् ।

त्रिवेणी भन्सार स्तरोन्नति कागजमै सीमित

पूर्वी नवलपरासी (कास)- संघीय सरकारले त्रिवेणी छोटी भन्सारलाई मूल भन्सारमा स्तरोन्नति गरेको एक वर्ष बितिसकेको छ । त्यसका लागि अर्थ मन्त्रालयले कर्मचारी पनि खटाइसकेको छ । तर भन्सार सञ्चालन गर्न आवश्यक भौतिक संरचनाहरू गोदाम, पार्किङ, सुरक्षा निकायको कार्यालयलगायत नहुँदा समस्या भएको छ । यसकै कारण आयात-निर्यात र कारोबारसमेत बढ्न सकेको छैन । भारतसँग सीमा जोडिएको यो गण्डकी प्रदेशको एक मात्र नाका हो ।

जग्गा अधिग्रहण र भन्सारका संरचना नबनेका कारण आयात-निर्यात र भन्सार राजस्व बढाउन नसकिएको त्रिवेणी भन्सारका प्रमुख विकाश उपाध्याय बताउँछन् । त्रिवेणी पुल आसपासमा रहेको सबै नेपाली जग्गा भारतले भोग (गण्डक परियोजनाले ९९ वर्षका लागि भाडामा लिएको छ) गरिरहेका कारण नेपालले आफ्नै जग्गा पनि भारतीय पक्षसँग भाडामा लिनुपर्ने अवस्था छ । तर यसका लागि प्रक्रिया अघि बढेको छैन । त्रिवेणीमा गण्डक नहर आसपासको ३ सय मिटर क्षेत्रभित्रको जग्गा गण्डक सम्झौताअनुसार भारतको अधीनमा छ । जसको मालपोत भारतले नेपाललाई बुझाउँदै आएको छ । गण्डक सम्झौताको अवधि नसकिएसम्म उक्त जग्गा उपयोग गर्नुपर्दा नेपालले भारतको अनुमति लिनुपर्ने हुन्छ ।

बाँध बाँधेर भारतको विहार र उत्तर प्रदेशमा सिँचाइका लागि नारायणीको पानी लगिएको छ । बाँधकै लागि भारतले नेपालको जग्गा उपभोग गरिरहेकाले त्रिवेणीमा भन्सार कार्यालय विस्तारमा समस्या भएको हो । हाल त्रिवेणी भन्सारदेखि पश्चिममा रहेको महेशपुर र भैरहवा नाकाबाट धेरै समान आयात-निर्यात हुने गरेको छ । गत आवमा सरकारले एक करोड राजस्व उठाउने लक्ष्य राखेको थियो । कोरोना महामारीका कारण त्रिवेणी नाका र पारिको वाल्मीकिनगरसमेत सिल गरिएकाले राजस्व असुली शून्य छ । गत सोमबार नाका खुला गरिए पनि मान्छे आउजाउबाहेक हुन सकेको छैन ।

विदेशी मुद्रा आर्जन गर्ने कम्पनीलाई ऋण लिन बैंक ग्यारेन्टी

कान्तिपुर संवाददाता (काठमाडौं)

विदेशी मुद्रा आर्जन गरेका नेपाली फर्म/कम्पनी/संघ/संस्था/निकायलगायतले विदेशमा ऋण लिन ५० लाख अमेरिकी डलर बराबरको बैंक ग्यारेन्टी वा स्ट्यान्डबाई एलसी (प्रतीत पत्र) सुविधा पाउने भएका छन् । ती निकायले विदेशी बैंकबाट ऋण लिई कारोबार सञ्चालन गरी नेपालमा थप विदेशी मुद्रा भित्र्याउने प्रयोजनका लागि राष्ट्र बैंकले उक्त सुविधा दिने भएको हो । यसका लागि राष्ट्र बैंकले एकीकृत परिपत्र परिमार्जन गरिएको जनाएको छ ।

यो व्यवस्था हाल नेपालमा रहेर विदेशी संघसंस्था वा कम्पनीमा पनि सेवा बिक्रीमार्फत विदेशी मुद्रा आर्जन गरेका कम्पनीहरूका लागि मात्र हो । जसअन्तर्गत सामाजिक सञ्जालमार्फत हुने विदेशी मुद्रा आर्जन गर्न सकिने काम, विदेशमा सफ्टवेयर सेवा प्रदानलगायतमा संलग्न व्यवसायलाई कारोबार थप विस्तारका लागि यस्तो सुविधा दिइने राष्ट्र बैंकले जनाएको छ । यसरी ती निकायलाई यो सुविधा दिइएको पहिलो पटक हो ।

यसअघि विदेशस्थित कुनै निकायलाई नेपालबाट वस्तु निर्यात वा सेवा उपलब्ध गराउनेलगायतका व्यवसाय गर्न र सो प्रयोजनका लागि आवश्यक अग्रिम भुक्तानी लिने प्रयोजनका लागि वाणिज्य बैंकहरूले विदेशी मुद्राको बैंक ग्यारेन्टी वा स्ट्यान्डबाई एलसी खोल्न सकिने व्यवस्था थियो । सोही व्यवस्थामा अहिले राष्ट्र बैंकले विदेशी मुद्रा आर्जन गरेका नेपाली फर्म/कम्पनी/संघ/संस्था/निकाय लगायतलाई पनि उक्त सुविधा दिन सकिने व्यवस्था गरेको हो । तर यस्तो ग्यारेन्टी लिनुअघि सम्बन्धित निकायले राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्नेछ ।

अहिले पनि विदेशी मुद्रा आर्जन गरिरहेका र उनीहरूलाई थप कारोबार विस्तारका लागि आवश्यक रकम जुटाउन सहयोग होस् भन्ने उद्देश्यले नयाँ व्यवस्था गरिएको राष्ट्र बैंकले जनाएको छ । 'कुनै फर्मले अहिले पनि विदेशी मुद्रा आर्जन गरिरहेका छन् । उक्त व्यवसायअन्तर्गत उसले विदेशी निकायबाट थप काम पाए त्यसका लागि विदेशमा कर्मचारी, पूर्वाधारलगायत जुटाउन पैसा चाहिन सक्छ । त्यही आवश्यकता पूर्ति गर्न विदेशी मुद्रामा बैंक ग्यारेन्टी वा स्ट्यान्डबाई एलसी सुविधा

> राष्ट्र बैंकद्वारा ५० लाख अमेरिकी डलर बराबरको बैंक ग्यारेन्टी वा प्रतीत पत्रको सुविधा, १० मापदण्ड पूरा गर्नुपर्ने

दिइएको हो,' राष्ट्र बैंक स्रोतले भन्यो, 'मापदण्ड पुगेका निकायले नेपाली बैंकमा एलसी खोलेर विदेशी बैंकबाट भुक्तानी लिन सक्छन् ।'

उक्त ग्यारेन्टी वा एलसी सुविधा प्राप्त गर्न १० वटा मापदण्ड राष्ट्र बैंकले तोकेको छ । जसअनुसार बैंक ग्यारेन्टीको अधिकतम सीमा अमेरिकी डलर ५० लाख वा सो बराबरको अन्य विदेशी मुद्रा हुनेछ । 'त्यस्तो सीमा बैंक ग्यारेन्टी वा स्ट्यान्डबाई एलसीको निवेदकले पछिल्ला ५ आर्थिक वर्षभित्र बैंकिङ प्रणालीमार्फत आर्जन गरेको कुल विदेशी मुद्रा र विदेशमा लिने ऋण रकमभन्दा बढी हुने छैन,' राष्ट्र बैंकको परिपत्रमा भनिएको छ ।

यस्तै, बैंक ग्यारेन्टी जारी गर्दा विदेशमा ऋण लिनुपर्ने आवश्यकता पुष्टि हुने कागजात, कम्पनीको दर्ता र करचुक्ता प्रमाणपत्र, पछिल्लो लेखा परीक्षण प्रतिवेदन, उक्त सुविधा माग गर्ने सम्बन्धमा सञ्चालक समितिबाट निर्णय भएको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्वघोषणा र विदेशी मुद्रा आर्जन भएको सम्बन्धी प्रमाण पनि पेस गर्नुपर्नेछ । यस्तै, विदेशमा कारोबार गरेबापत नेपालमा थप विदेशी मुद्रा भित्रिनेसम्बन्धी कागजात, सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ लगायतका प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र निर्देशनको पूर्णतः पालना गर्नुपर्नेछ ।

अर्थ संक्षेप

बजाज एक्सचेन्ज महामेला योजना

काठमाडौं (कास)- नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलास चन्द एन्ड कम्पनीले 'बजाज एक्सचेन्ज महामेला' योजना ल्याएको छ । कम्पनीले 'फाइदा मोर, टेन्सन नो मोर' नाराका साथ ल्याएको यस योजना असोज १७-२३ सम्म काठमाडौंस्थित भृकुटीमण्डपमा मात्र लागू हुने जनाएको छ । यस अफरअन्तर्गत ग्राहकहरूले कुनै पनि ब्रान्डको पुरानो बाइकमा १० हजार रुपैयाँ थप मूल्यांकन पाउनेछन् । साथै ५० प्रतिशत डाउन पेमेन्टमा शून्य प्रतिशत ब्याज, निःशुल्क एसेसरिज र जाँचको सेवा पाउने कम्पनीले जनाएको छ । यो योजनाको एक भाग्यशाली विजेतालाई सामसङ एम सिरिज मोबाइल र लक्की ड्र प्राइज पनि जित्न सक्नेछन् ।

एसबीआई बैंक र पोखरा फाइनान्सबीच सम्झौता

काठमाडौं (कास)- नेपाल एसबीआई बैंकले पोखरा फाइनान्सका ग्राहकहरूलाई आवश्यकता पर्ने गैरकोषमा आधारित बैंकिङ सुविधा उपलब्ध गराउन सम्झौता गरेको छ । यस सम्झौताअन्तर्गत पोखरा फाइनान्सका ग्राहकहरूले एसबीआई बैंकमार्फत लेटर अफ क्रेडिट, डकुमेन्ट अगेन्स्ट पेमेन्टलगायतका सुविधाहरू पाउनेछन् । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मोहम्मद रिजवान आलम र पोखरा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरुङले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

सामसङ एम ५२ स्मार्टफोन सार्वजनिक

काठमाडौं (कास)- सामसङ नेपालले 'ग्यालेक्सी एम ५२' फाइभजी स्मार्टफोन सार्वजनिक गरेको छ । कम्पनीले एम सिरिजअन्तर्गत उक्त स्मार्टफोन सार्वजनिक गरेको हो । ७.४ एमएमको पातलो डिजाइनमा रहेको यो मोडलमा ६.७ इन्चको फूल एचडी डिस्प्ले, गोरिल्ला ग्लास, ६४ मेगा पिक्सेल क्यामेरा, ५ हजार एमएएचको ब्याट्रीलगायतका विशेषता छन् । नेपाली बजारमा ६ जीबी र्याम भएकोलाई ४८ हजार ९ सय ९९ र ८ जीबी र्याम भएकोलाई ५० हजार ९ सय ९९ रुपैयाँ पर्ने कम्पनीले जनाएको छ ।

गोकर्णेश्वरमा सानिमा बैंकको शाखा

काठमाडौं (कास)- सानिमा बैंकले काठमाडौंको गोकर्णेश्वरमा नयाँ शाखा विस्तार गरेको छ । बैंकले मंगलबारदेखि शाखा सञ्चालनमा ल्याएको हो । उक्त कार्यालयको उद्घाटन गोकर्णेश्वर नगरपालिका प्रमुख सन्तोष चालिसेले गरे ।

आरबीबीका ७ शाखा विस्तार

काठमाडौं (कास)- राष्ट्रिय वाणिज्य बैंक (आरबीबी) ले थप ७ वटा शाखा विस्तार गरेको छ । बैंकले काठमाडौंको चन्द्रागिरि, कागेश्वरी मनोहरा, ललितपुरको गोदावरी, भक्तपुरको कमल विनायक, चितवनको बरुवाबजार, सिन्धुपाल्चोकको साँगाचोकगढी र प्यूठानको मल्लरानीमा शाखा सञ्चालनमा ल्याएको हो ।

कोकाकोला नेपालको पहिलो सस्टेनेबिलिटी हाइलाइट्स रिपोर्ट सार्वजनिक

काठमाडौं (कास)- कोकाकोला नेपालले आफ्नो पहिलो सस्टेनेबिलिटी हाइलाइट्स रिपोर्ट सार्वजनिक गरेको छ । यस रिपोर्टले सन् २०२० मा समावेशी, दिगो र उज्ज्वल भविष्यका लागि कम्पनीका प्रयासहरूलाई देखाएको छ । पानी व्यवस्थापन, प्लास्टिक रिसाइक्लिङ, कार्बन ग्यास कटौतीलगायतमा सहयोग पुऱ्याएको रिपोर्ट उल्लेख छ ।

नर्भिकमा मूत्र र श्वासप्रश्वास रोगको निःशुल्क ओपीडी

काठमाडौं (कास)- नर्भिक इन्टरनेसनल हस्पिटलले आउने शनिबार निःशुल्क ओपीडी सेवा दिने भएको छ । अस्पतालले निःशुल्क ओपीडी अभियानअन्तर्गत दुई फरक विज्ञहरूको समूहले सो सेवा उपलब्ध गराउने जनाएको छ । अस्पतालमा रहेको युरोलोजिस्ट र श्वासप्रश्वास विशेषज्ञको समूहले निःशुल्क ओपीडी सञ्चालन गर्ने जनाइएको छ ।

सेबोन अध्यक्ष...

समितिले अघिल्लो साता नै प्रतिवेदन बुझाएको थियो । गत साता मन्त्रिपरिषद्ले ढुंगानालाई स्पष्टीकरण पनि सोधेको थियो ।

सरकारले धितोपत्र ऐन, २०६३ को दफा ७ को उपदफा ७ बमोजिम समिति गठन गरेको हो । उपदफा ७ मा अध्यक्षले बोर्डलाई हानि नोक्सानी पुऱ्याई बोर्डको हित वा पुँजी बजारको विकासविपरीत हुने गरी कामकारवाही गरेमा नेपाल सरकारले तोकिएबमोजिम जाँचबुझ समितिको गठन गरी सो समितिको सिफारिसमा निजलाई अध्यक्षको पदबाट हटाउन सक्ने व्यवस्था छ । सोही व्यवस्थाअनुसार ढुंगानालाई बर्खास्त गर्न अर्थमन्त्रीले प्रस्ताव गरेका थिए ।

सर्वोत्तम सिमेन्ट बुक बिल्डिङ विधिबाट मूल्य निर्धारण गरी सेयर निष्कासनको तयारीमा रहेको कम्पनी हो । उक्त कम्पनीको संस्थापक सेयर ढुंगानाले छोरीको नाममा, नेप्सेका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउदले श्रीमतीका नाममा खरिद गरेको भेटिएको थियो । अर्थ मन्त्रालयले छानबिन सुरु गरिसकेपछि साउदले गत भदौमा पदबाट राजीनामा दिइसकेका छन् । साउदको चारवर्षे कार्यकाल सकिन एक महिना मात्र बाँकी थियो । सोही कारण उनको कारवाही सम्बन्धमा सरकार केही बोलेको छैन । ढुंगानालाई बर्खास्त गरे पनि नयाँ अध्यक्ष नियुक्तिबारे सरकारले केही निर्णय गरेको छैन । स्रोतका अनुसार सरकारले नयाँ अध्यक्षका लागि छिट्टै सिफारिस समिति गठन गर्नेछ । अब नियुक्त हुने अध्यक्षको कार्यकाल २ वर्ष ३ महिना मात्र हुनेछ ।

राजविराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
प्रदेश नं. २, नेपाल

प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना

सूचना प्रकाशित मितिः २०७८/६/२०

यस कार्यालयबाट मिति २०७८/३/१४ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सुचना Rmun/Saptari/Work/NCB/2077/78/07 E–bidding मा तपसिल बमोजिम कार्यको लागि पर्न आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताबहरूको मूल्यांकन गर्दा तपसिल अनुसारका बोलपत्रदाताहरू सारभूतरूपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम ३१ (ङ) को उपनियम (४) र (५) बमोजिम निम्न मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा उल्लेखित ठेक्कासँग सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

सि. नं.	प्राविधिक प्रस्ताब मूल्यांकनबाट छनौट भएका बोलपत्रदाता	ठेक्का नं.	कार्यको विवरण	आर्थिक प्रस्ताब खोलिने मिति, स्थान र समय
१.	BKOI-SHAH JV, Inaruwa-1, Sunsari	Rmun/Saptari/Work/NCB/2077/78/07	Construction of Rajbiraj Craft Village and Museum	मितिः २०७८/७/२ समयः दिउँसो २:०० बजे स्थानः राजविराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, राजविराज, सप्तरी
	M/s. Om Sai Rai Construction Pvt. Ltd, Satdobato-15, Lalitpur			

प्रमुख प्रशासकिय अधिकृत

नेपाल स्टक एक्सचेन्ज

१९ असोज २०७८ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
युनिलिभर नेपाल	१८७५०	१९०००	२०	२५०
राष्ट्रिय बीमा कम्पनी	१७०००	१७३००	२३३	३००
राष्ट्रिय बीमा कम्पनी प्रो.से.	१३०५०	१३२००	१२०	१५०
बोटलर्स नेपाल (तराई)	१९९६	१९५०	९०	(४६
साल्ट ट्रेडिङ कर्पोरेसन	७९५०	७७४२	१६१३	-२०८
हिमालयन डिस्टिलरी	६३०१	६५०१	११३९५	२००
विशाल बजार कम्पनी	५०५०	५१९९	७२५	१४९
महिला लघुवित्त	४५२६.७	४६००	२८९५	७३.३
जिवन विकास लघुवित्त	३८७१	४०२०	११२१३	१४९
सिटिजन इनभेस्टमेन्ट ट्रस्ट	३२३९	३२६०	१०६७९	२१
जनउत्थान सामुदायिक लघुवित्त	२८८७	३१७१	८६९	२८४
नेसनल माइक्रोफाइनान्स	२६७०	२७९५	६६९०	१२५
स्वाभिमान लघुवित्त	२६०२	२७३५	३२२६	१३३
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स	२५६८	२६६३	१५३७३	९५
सपोर्ट माइक्रोफाइनान्स	२३४९	२३५१	८४६	२
ग्लोबल आईएमई लघुवित्त	२०००	२०७१	४४०४	७१
लाइफ इन्स्योरेन्स को.	१८६५.९	१९८०	९८१२	१९४.१
मनकामना स्मार्ट लघुवित्त	१८८५	१९२०	७४१३	३५
महुली सामुदायिक लघुवित्त	१८९६	१९१७	६०७	२१
उन्नती सहकार्य लघुवित्त	१८७५	१९१५	५०६	१००
सबैको लघुवित्त	१८२५	१८९५	६२४१	७०
लक्ष्मी लघुवित्त	१८३०	१८३८	२९९५	८
मिथिला लघुवित्त	१७८८	१८३५.५	१२७४	४७.५
साधना लघुवित्त	१७५३	१७७०	८९७८	१७
शिखर इन्स्योरेन्स	१६६२	१७२७	२५८७१	६५
आशा लघुवित्त	१६९९.५	१७२०	७३०३	२०.५
छिमेक लघुवित्त	१६६५	१७२०	२७०३७	५५
साना किसान विकास बैक	१६३०	१६८८	८५६२	५८
स्वाभलम्बन लघुवित्त	१६०८.९	१६७१	१०५८१	६२.१
इन्फीनिटी लघुवित्त	१५८१	१६४५	२६५२	६४
विजय लघुवित्त	१५४०	१६१३.६	१३७८	७३.६
नेपाल लाइफ इन्स्योरेन्स क. लि.	१५९१	१६०८	२७७५८	१७
गुराँस लघुवित्त	१५१५	१५३०	१७२९	१५
स्वरोजगार लघुवित्त	१४९६.५	१५२०	७६४१	२३.५
गणपति माइक्रोफाइनान्स	१४९०	१४९५	५०९	८५
आरएमडिसी लघुवित्त	१४८२	१४९१	६०९७	९
मिर्मिरे माइक्रोफाइनान्स	१४५५	१४८३	३७७६	२८
निर्धन उत्थान लघुवित्त	१४०८	१४६५	२२९८	५७
आरम्भ चौतारी लघुवित्त	१३८५	१४३८.९	२०१६	५३.९
समता घरेलु लघुवित्त	१३०८	१४३८.८	२९७७	१३०.८
सिभिल लघुवित्त	१३०३	१४३२.५	७५६८	१२९.५
नविल बैक	१३९७	१४९०	४४३५८	१३
मेरो माइक्रोफाइनान्स	१३२१.५	१४०४	८६३८२	८२.५
समिट लघुवित्त	१३००	१४००	२२२८	१००
नयाँ सारथी लघुवित्त	१३११	१३७६	३५८०	६५
शिभम् सिमेन्ट	१३५५	१३७१	७०६३	१६
किसान लघुवित्त	१२८५	१३६२	५९९	७७
सामुदायिक लघुवित्त	१२५०	१३२५	१३६३	७५
एनएमवी माइक्रोफाइनान्स	१२३६.५	१३२०	३९४७	८३.५
नेपाल रिइन्स्योरेन्स	१२९४	१३१५	४१०४३	२१
नेरुद्धे लघुवित्त	१२५०	१३१५	१५८१३	६५
चन्द्रागिरी हिल्स	१२६७	१२७०	३२७८	३
डिप्रोक्स लघुवित्त	१२०५	१२३९	१२२०२	३४
नेको इन्स्योरेन्स	१२१३	१२३७	१०७३०	२४
सगरमाथा इन्स्योरेन्स	११८३	१२२०	२०७३	३७
कालिका माइक्रोक्रेडिट डेभ. बैक	११४५	१२०८	२१६२	६३
एसियन लाइफ इन्स्योरेन्स	११४९	११७७	१३४०३	२८
एनआइसी एसिया लघुवित्त	१२६९	११४२.१	१४०२७	-१२६.९
रूरू जलविद्युत	१०७०	१०९०	१२६०	२०
माउन्टेन इनर्जी	१११३.८	१०७७	८७६६	-३६.८
एनआइसी एसिया डिबेन्चर ०८२/८३	१०४०	१०५५	२५	१५
कृषि बैक डिबेन्चर ०८३	१०४०	१०३५	२९०	-५
सानिमा बैक डिबेन्चर	१०२०	१०२५	२५	५
ग्लोबल आइएमइ डिबेन्चर २०८०/८१	१०२२	१०२५	१००	३
नेपाल दूरसंचार कम्पनी	१०१५	१०१३	६४८३	-२
प्रिमियर इन्स्योरेन्स	१८८	१००५	८५१६	१७
मञ्जुश्री फाइनान्स	१७०	९९८	२२०८४	२८
आईएमई जनरल इन्स्योरेन्स	१४४	१७०	१२४९३	२६
प्राइम डिबेन्चर ०८५	९५८	९५८	५०	०
नेसनल लाइफ इन्स्योरेन्स	१३४.१	९५४.९	१३४७४	२०.८
लक्ष्मी बैक डिबेन्चर ०८८	९५५	९५२	२५	-३
ग्रामीण विकास लघुवित्त	९१८	९४३	१२७६३	२५
शिखर इन्स्योरेन्स प्रो. से.	९११	९११	१५००००	०
फस्ट माइक्रोफाइनान्स	८७०	९००	१३३२४	३०
एनआइसी एसिया बैक	८५०	८५०	३९३६९	०
प्राइम लाइफ इन्स्योरेन्स	८९९	८५०	८४०८	३१
सिद्धार्थ इन्स्योरेन्स	८३०	८४९	२६६१	९९
एनएलजी इन्स्योरेन्स	८२८	८४०	९०४९२	१२
सिडिइबी हाइड्रो	८००	८३०	१२०१०	३०
आरएसडिसी लघुवित्त	८१२	८३०	४६५३	१८
गुर्खाज फाइनान्स	८०४	८१५	१२०४५	११
कर्पोरेट डेभलपमेन्ट बैक	७६०	७९५	१४९६	३५
सूर्य लाइफ इन्स्योरेन्स	७४८	७७०	१३११९	२२
नारायणी डेभलपमेन्ट बैक	७४८.९	७६०	३७८७	११.१
नेपाल इन्स्योरेन्स	७३५	७५६.९	१७०४२	२१.९
प्रभु इन्स्योरेन्स	७४४.९	७५४	५६५५	९.१
एभरेस्ट बैक	६९६	७०७	११६५८	११
रिडी हाइड्रो	७१४	६९९	१२२९६	-१५
अजोड इन्स्योरेन्स	६७२.३	६८१	१७०९	८.७
एभरेस्ट बैक कन. प्रेफ.	६५५	६६८	१०	१३
मुक्तिनाथ विकास बैक	६४९.१	६६७	३८२८७	१७.९
आइसिएफसी फाइनान्स	६१७.५	६५१	४५१७२	३३.५
कामना सेवा विकास बैक	६३०	६४५	५६३७९	५५
प्रुडेन्सियल इन्स्योरेन्स	६३०	६४३	३३११	१३
लुम्बिनी जनरल इन्स्योरेन्स	६३०	६४२	१००४८	१२
एभरेस्ट इन्स्योरेन्स	६२०	६३८	३३२७	१८
हिमालयन जनरल इन्स्योरेन्स	६१४.५	६३७	५००६	२२.५
गुडविल फाइनान्स	५८८	६२३.६	१८६८१	३५.६
एनआरएन इनफ्रास्ट्रक्चर	५९५	६२२	१२६०६	२७
ङादी पावर ग्रुप	६०३.९	६१५	२८९३१	११.१
मितेरी डेभलपमेन्ट बैक	५७६	६००	२३६५९	२४
प्रभु लाइफ इन्स्योरेन्स	५७५	५९३	९६९९	१८
युनाइटेड इन्स्योरेन्स	५८०	५९२	७९१७	१२
अपर तामाकोशी	५७७	५९२	५१७१८	९५
गुराँस लाइफ इन्स्योरेन्स	५७२.१	५८०	१११७३४	७.९
युनियन लाइफ इन्स्योरेन्स	५५२	५६५	८६३२	१३
सानिमा जनरल इन्स्योरेन्स	५४७	५६३	२२१८	१६
ज्याति लाइफ इन्स्योरेन्स	५४४	५५१.१	६१६८	७.१
गरिमा विकास बैक	५३०	५४८	५३०५६	१८
जनरल इन्स्योरेन्स	५४५	५४८	२०५९	३
चिलिमे हाइड्रो	५४०.२	५४७	२८६०४	६.८
राघी विद्युत	५४०	५४७	४४७७४	७

कुल कारोबार मूल्य : २,९९६,८१९,६८३ कारोबार संख्या : ४१,०५१
सेयर संख्या : ५,८४२,१३५ नेप्से : २,५७०.८१(४१.८)

फ्रेञ्च फेसन

फ्रान्सको राजधानी पेरिसमा मंगलबार आयोजित फेसन शोमा सहभागी मोडल । कार्यक्रममा सनेल स्प्रीङ समर-२०२२ का लागि डिजाइन गरिएका लुगा प्रदर्शन गरिएको थियो । कोरोना संक्रमणविरुद्ध खोप विकास भएर प्रयोगमा आउन थालेपछि संसारभर आर्थिक-सामाजिक जनजीवन पुनः चलायमान हुन थालेको छ । यही क्रममा फ्रान्समा पनि यस्ता समारोह आयोजनासँगै जनजीवन सामान्यीकरणतर्फ फर्केको सन्देश दिने क्रम बढेको छ ।

तस्बिर : एपी

कलामा गान्धी दर्शन

काठमाडौं (कास)- सत्य र अहिंसाका पुजारी मानिने महात्मा गान्धीलाई अझै पनि धेरैले फरक-फरक तरिकाले सम्झिने गरेका छन् । अक्टोबर २ मा उनको १५२ औं जन्मजयन्ती विश्वभर मनाइयो । संयुक्त राष्ट्रसंघले यस दिनलाई विश्व अहिंसा दिवसका रूपमा मनाउँदै आएको छ । उनै गान्धीलाई नेपालका चित्रकारहरूले कलामार्फत सम्झिए । गान्धीको जीवन, दर्शन, सत्य तथा अहिंसात्मक मार्गलाई झल्काउने चित्र बबरमलस्थित नेपाल आर्ट काउन्सिलमा प्रदर्शन भइरहेका छन् ।

'सिभाता लभ फाउन्डेसन नेपाल' को पहलमा 'बीपी कोइराला इन्डिया-नेपाल फाउन्डेसन' सँगको सहकार्यमा गत शनिबारदेखि सुरु साताव्यापी प्रदर्शनीमा डेढ दर्जनभन्दा बढी चित्रकारले आ-आफ्ना सिर्जनामा गान्धी जीवन र दर्शनलाई प्रस्तुत गरेका छन् । तत्कालीन बेलायती सरकारले नुनमाथि लगाएको करमा विरोधस्वरूप गान्धीले 'नुन सत्याग्रह' का लागि कैयौं दिन पैदलयात्रा गरी आफैं नुन उत्पादन गर्ने प्रक्रियामा लागे । यस क्रममा गुजरातको अहमदाबादस्थित साबरमती आश्रमबाट ८० जनाको टोलीका साथ गान्धी समुद्र किनारमा पर्ने दाण्डी गाउँसम्मको यात्रामा निस्केका थिए । उनको यो यात्रामा हजारौं भारतीयले साथ दिएका थिए ।



प्रदर्शनमा राखिएका चित्र बीपी कोइराला फाउन्डेसनमा संग्रह गरिने

गान्धीको 'नुन सत्याग्रह' लाई विजय थापाले 'दाण्डी मार्च' शीर्षक चित्रमा उतारेका छन् । 'गान्धीको विभिन्न अहिंसात्मक आन्दोलनमध्ये दाण्डी गाउँसम्मको पैदल यात्रा विश्वका लागि प्रेरणादायी छ,' उनले भने, 'मलाई यसले असाध्यै छोएकाले चित्रमा उतारें ।'

स्वदेशी उत्पादनमा जोड दिन बेलायती उत्पादित वस्तु बहिष्कार गरेर गान्धीले परम्परागत धोती र आफैंले चर्खामा सुत काटेर बनाएको गम्छा लगाए । उनले चर्खा र खाँडीको प्रचार गरी भारतभर नै स्वदेशी उत्पादन र प्रेमलाई फिँजाए । जसले भारतीय जनतालाई एक जुट हुन र उनीहरूमा जागरण ल्याउने काम गऱ्यो । आधारभूत शिक्षा, चिकित्सकीय ज्ञानको उपयोगमा जोड दिएर उनले अंग्रेज शैक्षिक संस्था, सरकार अड्डा, अदालत, काम, सम्मान सबै कुरामा बहिष्कार गर्न भारतीय जनतालाई अग्रसर गराए । उनको 'असहयोग आन्दोलन' तथा 'भारत छोड आन्दोलन' मा जनताको अग्रसरताले ततकालिन अंग्रेज सरकार पछाडि हट्यो । गान्धीका यिनै कदमलाई आईवी मल्ल, उमाशंकर शाह, चिराग बाइदेल, राजन पन्त, एरिना ताम्राकार, भीमप्रसाद शर्मा, देवेन्द्र थुम्केली, विपना महर्जन लगायतले चित्रमा उतारेका छन् ।

गान्धीको मूल मन्त्र सत्य र अहिंसालाई नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानकी पूर्वकुलपति रागिनी उपाध्यायले 'अन द वे टु पिस' शीर्षकमा नीलो रंगसहितको आकाशको पृष्ठभूमिमा गान्धी र स्वयम्भूलाई चित्रण गरेकी छन् । पृथ्वी श्रेष्ठले हातमा कमलको फूल र परेवा लिएका गान्धीको शान्ति र अहिंसाको दर्शनलाई दर्शाउने जमर्को गरेका छन् । त्यस्तै, सुष्मा शाक्य तथा महेन्द्र राईले स्वदेशी उत्पादनलाई जोड दिने गान्धीको चर्खा आन्दोलन र व्यक्तित्वलाई चित्रण गरेका छन् ।

फाउन्डेसनले गान्धीको स्मरणलाई कलामार्फत प्रस्तुत गरेको यो पहिलो प्रदर्शनी हो ।

चुपचाप साधना

चल्तीका अधिकांशले पेलालाई चिन्दैनन्, उनी पनि अरूबारे त्यति सरोकार राख्दैनन । कुनै शब्दले छोए त्यसमै धुन भर्छन्, गुन्गुनाउँछन् ।

सुशीला तामाङ (काठमाडौं)

सर्जकले शब्द, धुन हुँदै गायकीसम्म ल्याएर पूरा गरेको सांगीतिक सिर्जना कसका लागि हुन् ? ती सिर्जनालाई कसले मूल्यांकन गर्छ र तिनको स्थान कसले निर्धारण गर्न सक्छ ? चलनचल्तीकै भाषामा भन्ने हो भने उत्तर आउँला दर्शक/स्रोता र बजारको जिम्मा । तर, गायक तथा संगीतकार तिलकसिंह पेला यी सबै पक्षभन्दा अलग छन् ।

अढाई दशकदेखि संगीतमा अनवरत लागिरहेका पेला राजधानीभित्र चुपचाप साधनामा तल्लीन छन् । दर्शक/स्रोताको वाहवाही, इज्जत, सम्मान तथा बजारिया संगीत प्रतिस्पर्धाबाट उनी टाढा छन् । संगीत सिर्जनाको उनको पहिलो प्राथमिकता आफैं हो । 'संगीत हृदयको भाषा हो,' उनी भन्छन्, 'मेरो सिर्जनाले मलाई छुँदैन र म आफैंलाई सन्तुष्ट दिन सक्दैन भने त्यसको महत्त्व हुन्न ।'

सिर्जनालाई संख्यात्मकभन्दा गुणात्मकतिर लैजानुपर्ने धारणा राख्ने पेला लगभग सांगीतिक जमातसँगको हेलमेल छैनन् । 'भाइरल', 'ट्रेन्डिङ' जस्ता सांगीतिक बजारदेखि उनी झनै दूर छन् । बितेका २५ वर्षमा कोको बजारमा आए, कोको गए, अहिले को कसरी छाउँदै छन् भन्नेतिर पनि उनी चासो राख्दैनन् । एकै लयमा संगीत साधनामा रहेका पेलासँग अहिले बजारमा स्थापित भनेर चिनिएकाहरू पनि सम्भवतः परिचित छैनन् ।

वर्षौंदेखि उनी निरन्तर रूपमा शास्त्रीय संगीत सिक्ने सिकाउनेतिर मात्र तल्लीन रहे ।

२०५३ सालमा वैतडीबाट पहिलो आधुनिक गायकका रूपमा उदाएका पेलाले पहिलो सांगीतिक कोसेलीबाट नै निकै चर्चा कमाएका थिए । २०५३ मा काठमाडौं आई रेडियो नेपालमा स्वर परीक्षण पास गरेका उनले 'आँसु' एल्बम ल्याए । तीनताक उनले गाएको 'लुकाउन खोज्दा पनि' बोलको गीत निकै चर्चित थियो । बजारमा आँसु एल्बमले व्यापकता पायो । त्यतिबेला चलेका म्युजिक कम्पनीहरूले हजारौं क्यासेट उत्पादन गरेर आर्थिक उपार्जन गरे । गीत रेकर्ड गरेर पुनः महेन्द्रनगर फर्किएका पेलाले आफ्नो सिर्जनाको आर्थिक लाभ लिन पाएनन् । अहिले आएर उनलाई आफ्नो सिर्जनामाथि अनधिकृत रूपमा कसैले दुरुपयोग गरेको रहेछ भन्ने महसुस भएको छ । भन्छन्, 'मेरो गीत बजारमा जताततै आइसकेको रहेछ । मलाई थाहा नै थिएन । बजारमा ल्याउने म्युजिक कम्पनीहरूले मसँग कुनै सम्झौता गरेका थिएनन् । प्रतिलिपि अधिकार, रोयल्टी भन्ने कुरा मलाई थाहा नै थिएन । तर अहिले पनि कोही कसैसँग केही गुनासो छैन । मेरो सिर्जनाले सबैको मनमा छोयो त्यही मेरा लागि ठूलो हो ।'

जतिबेला नाम चलेका गायकगायिकाको भीडमा उनको खोजी हुन थाल्यो, त्यतिबेला नै उनी संगीत साधनातिर गुप्तबास बसे । विभिन्न सांगीतिक कार्यक्रम, पुरस्कार तथा सम्मान गर्ने माहोलतिर लागेनन् । यसरी बिस्तारै पेला र सांगीतिक बजार एकअर्कामा विपरीत ध्रुवतिर गतिशील भए । अहिले पनि त्यो क्रम यथावत् नै छ ।

'मैले औपचारिक रूपमा संगीत ज्ञान नलिइकन गीत रेकर्ड गराएको थिएँ । सांगीतिक बजारको चहलपहल तथा गीतको चर्चापछि संगीत सिक्नुपर्छ जस्तो लागेर म बजारतिर भन्दा सिक्नतिर लागेँ,' उनी सुनाउँछन् । सांगीतिक माहोलको सार्वजनिक गतिविधिहरूबाट किन अलग रहे त भन्ने प्रश्नमा उनी भन्छन्, 'संगीतप्रति मेरो बेग्लै प्यास छ । अरूलाई भन्दा पनि मेरो सिर्जनाले मलाई पहिले आनन्द दिनुपर्छ । सिर्जनाले बजार खोज्नेभन्दा बजारले खोज्ने खालका सिर्जना ल्याउनु संगीतको मूल धर्म र अनुशासन हो ।'

गाउँघरमा हुने शास्त्रीय संगीतको माहोल, हार्मोनियमको धुनसँगै पेलाको संगीतप्रति लगाव बढ्यो । संगीतप्रेमी दाजु गीतकार कृष्णसिंह पेलाको संगतमा सिर्जनासमेत गर्न थालेका उनी गीत रेकर्ड गर्न काठमाडौंसम्म आइपुगेका थिए ।

२०६१ सालदेखि नै उनले 'श्री कृष्ण गुरुकुल संगीत पाठशाला' मार्फत शास्त्रीय संगीत ज्ञान दिँदै आएका छन् । हाल काठमाडौं सानो भञ्याङस्थित रहेको पाठशालामा संगीतको धुनसँगै दर्जनभन्दा बढी प्रशिक्षार्थीहरूसँग उनको दिनको शुभारम्भ र अन्त्य हुन्छ । ११/१२ देखि ५०/६० वर्षसम्मका उनका संगीत विद्यार्थीहरू छन् ।

२५ वर्षको अवधिमा उनले 'आँसु' एल्बमलाई भाग ३ सम्म बजारमा ल्याए । 'निर्जन किनार आँसु भाग ३' उनको पछिल्लो गीतिसंग्रह हो । जुन संग्रहलाई उनले आँसुको पहिलो संग्रह ल्याएको २३ वर्षपछि सार्वजनिक गरे । आफैंले संगीत ज्ञान दिएका प्रशिक्षार्थीहरू बजारमा छाइसक्दा समेत 'तिलकसिंह पेला किन गुमनाम भए' भन्ने संगीतप्रेमी र शुभचिन्तकका लागि भए पनि गीतिसंग्रहका रूपमा आफू अगाडि आएको उनले सुनाए । उनले प्रशिक्षण दिएकाहरू शास्त्रीय संगीतमा स्थापित भएका छन् । 'थुप्रै विद्यार्थी छन् । उनीहरूमार्फत नै म सबैतिर पुगेको छु । मलाई यसैमा गर्व लाग्छ,' उनी भन्छन् ।

केसीले ल्याए 'भेन्टिलेटरमा आमा'

काठमाडौं (कास)- कवि तथा निबन्धकार विनोदविक्रम केसीको पहिलो निबन्ध संग्रह 'भेन्टिलेटरमा आमा' सार्वजनिक भएको छ । 'खासमा यो मेरो सम्झनासंग्रह पनि हो,' २९ वटा निबन्ध संग्रहित कृतिका बारेमा केसीले भने, 'केही मान्छे, केही घटना अनि केही सन्दर्भलाई स्मृतिको तानमा हालेर केही बुन्न खोजेको छु । केही दिवंगत प्रिय मान्छेका बारेमा केही पृष्ठ अर्पण गरेको छु, बाल्यकाल र किशोरवयमा सयर गरेको छु, भोगाइ तथा जियाइसँग जोडिएका केही मुद्दा र सवालमा टिप्पणी गरेको छु ।' निबन्धमा आफूले बाँचेको समय र समाजका मिठास र कटुता, जलन र शीतलता, प्रेम र क्रूरतालाई व्यक्त गरेको उनले बताएका छन् ।

लामो समयदेखि व्यंग्य, संस्मरण, निबन्धमा कलम चलाउँदै आएका केसी फुटकर लेखनबाटै निबन्ध विधामा पाठकहरूद्वारा रुचाइएका लेखक हुन् । तिखर भाषामा व्यंग्यचेती गद्य लेखन उनको परिचय हो । उनी निबन्धसँगै कविता, कथा, अनुवाद, सम्पादनलगायत सिर्जनकर्ममा सक्रिय छन् । 'भेन्टिलेटरमा आमा' सोमबारदेखि बजारमा पुगेको प्रकाशक संस्था बेला पब्लिकेसन्सले जनाएको छ । २०६९ मा केसीको कवितासंग्रह 'भोकको क्षेत्रफल' प्रकाशित भएको थियो ।

ओनर्स बक्सकी आवाज दीपा

'हामी अन्तर्राष्ट्रिय खेल टीभीमा यति हेर्छौं, आफ्नै देशमा यत्रो इभेन्ट हुँदा खेल हेर्ने मान्छे खासै देखिरहेका छैनौं'

विनोद पाण्डे (काठमाडौं)

अरू दिनका तुलनामा पोखरा राइनोजको हुटिङ अलिक मधुरो थियो। 'होस्टेहैंसे, गैंडा आयो गैंडा, पोखरा राइनोज' भन्दै 'ओनर्स बक्स' बाट उनीहरू आफ्नो टिमलाई हौस्याइरहेका थिए। सोमबार बजाज पल्सर एभरेस्ट प्रिमियर लिगमा पोखराले सामना गरिरहेको प्रतिद्वन्द्वी टोली काठमाडौं किंग्स इलेभेनलाई उनीहरू खिसी गर्न पनि पछाडि पर्दैनथे।

आफ्नो टिमको समर्थन अनि विपक्षीविरुद्ध पनि पोखरा राइनोजका समर्थकको हुटिङ जारी थियो। यही समर्थकको हुलमा दीपा अग्रवाल पनि उत्तिकै जोसिलो देखिन्थिइन्। पोखरा राइनोजकी ओनर्स उनी अरू समयमा आफ्नो टिम व्यवस्थापन गर्नुपर्ने काठमाडौं किंग्ससँगको खेल चलिरहँदा समर्थकलाई व्यवस्थापन गरिरहेकी थिइन्।

'पोखराको गैंडा' भन्दै समर्थकहरू विनोद भण्डारीको कप्तानी गरिरहेको टिमका लागि चिच्याइरहेका थिए। 'कम हुटिङ त होइन खास, सानो स्वरमा हुटिङ चाहिँ गर्ने भनेका हौं,' दीपाले भनिन्, 'हामी आफ्नो खेलाडीसँग यस विषयमा छलफल पनि गरिरहेका हुन्छौं। हामीले हुटिङ गर्दा कस्तो असर पर्छ। उनीहरूलाई डिस्टर्ब हुन्छ कि जस्तो लाग्यो। क्रिकेट प्रायः शान्त वातावरणमा खेलिन्छ। टिमहरूले आफ्नो योजनाअनुसार खेलिरहेको हुन्छ। त्यसलाई प्रभावित हुन्छ भनेर हामीले हुटिङको आवाज घटाएका छौं तर कमचाहिँ होइन।' उनी आफ्ना समर्थकको हुटिङमा उत्साहको कुनै कमी नरहेको सुनाइरहेकी थिइन्।

उपाधि दाबेदारमा गनिएको पोखराले सन् २०१८ को पछिल्लो ईपीएलमा खेलेका सबै ५ खेल गुमाएको थियो। त्यसले क्रिकेटलाई अझ नजिकबाट बुझ्ने मौका दिएको उनी बताउँछिन्। त्यसयता टोलीका मार्की खेलाडी शक्ति गौचनले संन्यास लिइसकेका छन्। विनोद भण्डारीलाई नेतृत्वको जिम्मेवारी दिइएको छ। पछिल्लोपल्ट पोखरामा रहेका राजेश पुलामी र सौरभ खनाल अन्य टोलीबाट चम्किएका छन्। पोखराले पनि नयाँ खेलाडीका रूपमा रित गौतम, विवेक यादव, रवीन्द्र शाही, किशोर महतो, अर्जुन कुमाल लिएर मैदानमा उत्रिएको छ।

'यसपालि हामीले घरेलु क्रिकेटको स्थिति नियाल्यौं र त्यहीअनुसार हामीले विदेशी खेलाडी छान्यौं। हाम्रो टिम अलराउन्ड छ,' रिचर्ड लेभीबाहेक विदेशी खेलाडी पनि परिवर्तन गर्नुको कारण दिँदै दीपाले भनिन्, 'लेभीलाई निरन्तरता दिनुका कारण गत सिजनमा उनले राम्रो खेलेका थिए। पहिला पनि हाम्रो टिम बलियो थियो, खाली खेल जित्न नसकेका हौं। तर खेल कहिले राम्रो हुन्छ, कहिले हुँदैन। नतिजा पनि कहिले राम्रो हुन्छ, कहिले हुँदैन। यसपालि हामीले घरेलु खेलाडीमा ध्यान दिएका छौं। हाम्रो क्रिकेट निर्देशक दीपेन्द्रजी (चौधरी) ले बनाएको योजनाअनुसार घरेलु क्रिकेटका राम्रो खेलाडीहरू ल्यायौं। विदेशीहरू पनि राम्रा छन्।'

नतिजाभन्दा पनि प्रत्येक खेल कसरी भइरहेको छ त्यसलाई उनी महत्त्व राख्छन्। काठमाडौं किंग्ससँग खेलिरहँदा पोखरा प्लेअफमा पुगिसकेको थियो, तर क्वालिफायरमा निश्चित भएको थिएन। काठमाडौं किंग्समाथि जित हात पारे टोलीको क्वालिफायर पुग्ने सम्भावना बलियो हुने समीकरण थियो। यही बुझेर होला दीपा र उनको समर्थक समूहको हुटिङ जारी थियो।

'नतिजालाई सबैले महत्त्व राख्छ, प्रतियोगितामा भाग लिएपछि ट्रफी लिएर जान नै आएका हौं,' आफ्नो टोलीलाई दीपाले उपाधि दाबेदारमा राख्दै भनिन्, 'आफ्नो टिमको शक्तिलाई ब्रान्डका हिसाबमा बलियो बनाएर अगाडि बढाइरहेका छौं। भविष्यमा एकपल्ट जब हाम्रो टिम राम्रो बन्छ, त्यसपछि निरन्तर जित्दै जाने हो।' अहिलेको केही जितलाई उनले पछिल्लो पटकको ईपीएलसँग तुलना गर्दा पुनरागमनको रूपमा लिएकी छन्।

दुवै टिमको 'ओनर्स बक्स' नजिकै जस्तै छ। काठमाडौं किंग्सको 'ओनर्स बक्स' मा गएर आफ्ना समकक्षीसँग जिस्किरहेकी पनि हुन्छिन् उनी। काठमाडौं किंग्सकी ओनर्स साक्षी गुप्तासँग उनी जिस्किँदै आफ्नै 'ओनर्स बक्स' मा आएर हुटिङबाट पोखरालाई हौस्याइरहेकी थिइन्। म्याचका बेला विपक्षीको क्षेत्रमा गएर के सल्लाह भयो ? उनले हाँस्दै सुनाइन्, 'हाम्रो केही सल्लाह हुँदैन, जिस्किरहेका हुन्छौं। आज किन आउनुभएको, घर गए भइहाल्छ नि भनेर जिस्किन्छौं। पारिवारिक सम्बन्ध पनि भएका कारण जिस्किरहेका हुन्छौं।'

उनले पोखरा राइनोज र काठमाडौं किंग्सकै पारिवारिक सम्बन्ध भएको जनाइन्। काठमाडौं किंग्सले दिएको १ सय ८३ रनको लक्ष्य पाएको पोखराले पावर प्लेको ६ ओभरमा ३६ रन बनाउँदा ४ विकेट गुमाइसकेको थियो। दीपाको विश्वासपात्र दक्षिण अफ्रिकी लेभी पनि पेभेलियन फर्किसकेका थिए। खेल निर्णायक मोडमा पुगेथियो, वर्षाले प्रभावित बनाइहाल्यो। डकवर्थ लुइस पद्धतिमा पोखरा राम्रो स्थितिमा थियो। यही जितले टोलीलाई क्वालिफायरमा पुऱ्याएको थियो। स्थिति यस्तो आयो कि उनको 'पारिवारिक टिम' काठमाडौं किंग्स प्लेअफमै नपुग्ने खतरा बढ्दै गयो। धन्न, मंगलबार भैरहवा ग्लाडियटर्ससँगको खेल वर्षाले भिजेका कारण रद्द हुनपुग्दा काठमाडौं जोगिँदै प्लेअफमा सुरक्षित भयो। खेल भएको भए जे पनि हुन सक्थ्यो।

वुमन्स च्याम्पियन्स लिग (डब्लूसीएल) मा दीपाको स्वामित्वमा महिला टिम छ। क्याट क्विन काठमाडौंको नामले खेलेको यो टोली दुई वर्षअघि भएको प्रतियोगिताको फाइनल पुगेको थियो। रुबिना क्षेत्री टोलीकी कप्तान एवं मार्की खेलाडी हुन्। टिम रुबिनाले नै सबै व्यवस्थापन गर्ने हुनाले दीपा यसमा ढुक्क देखिँदै भन्छिन्, 'रुबिनाकै कारण हामी सुरक्षित स्थितिमा छौं।'

डब्लूसीएलमा क्याट क्विनमार्फत उनले महिला सशक्तीकरणमा थैरै जोड दिएको जनाउँछिन्। 'ईपीएलमा पनि ६ टिममा ३ महिलाकै नेतृत्वमा छ। विस्तारै विस्तारै खेल नेतृत्वमा महिलाहरू आउँदै हुनुहुन्छ।' ईपीएलले प्रत्येक संस्करणसँगै एउटा उचाइ लिइरहेको छ। यसको एउटा भिजन भएकाले त्यसलाई पोखरा राइनोजले पूर्ण समर्थन गरिरहेको उनी बताउँछिन्।

कोभिड-१९ को भयले हो कि मैदानमा दर्शक उतिसारो देखिएका छैनन्। काठमाडौं किंग्सले पहिलो दिनको खेलमा ललितपुर प्याट्रियट्सविरुद्ध पाकिस्तानी सुपर स्टार साहिद अफ्रिदीलाई मैदानमा ओराल्दा दर्शकको बाक्लो उपस्थिति देखिएको थियो। त्यसयता थोरै संख्यामात्र दर्शक ईपीएलको खेल हेर्न पुगेका हुन्छन्। दीपाको चिन्ता यसैमा छ।

'अन्तर्राष्ट्रिय खेल हामी टीभीमा यति हेर्छौं, आफ्नै देशमा यत्रो इभेन्ट हुँदा खेल हेर्ने मान्छे खासै देखिरहेका छैनौं। यसलाई ठूलो बनाउने हो भने हामीले नै सहयोग गर्नुपर्ने हुन्छ। हामीले पनि धेरै मिहिनेत गरेर अहिलेको स्थिति बनाएका हौं,' उनी दर्शकको अभाव महसुस गरेकी छन्।

कोभिड-१९ का कारण पोखराका समर्थक काठमाडौं आएका छैनन्। तर, पोखरामा राम्रै समर्थक रहेको दावी गर्दै उनले भनिन्, 'यसपालि हाम्रो जति पनि व्यवस्थापन भएको छ, त्यसमा पोखराको विभिन्न निकायले धेरै समर्थन गरेको छ। बतास समूहले बस व्यवस्थापन गरिदिएको छ। यसमा आर्थिक कुनै पाटो छैन, खुला हृदयको समर्थन हो।'

ईपीएल व्यस्थापन गर्दा र टिमलाई मैदानमा उतार्दा दुई महिनामा सकिन्छ। खेलकुदमय पूरै सिजन बनाउनका लागि उनीसँग बाँकी १० महिनाका योजनाहरू पनि छन्। ती योजनाहरू उनी अहिले नै खुलासा गर्ने पक्षमा छैनन्। कामसँगै यी योजना सार्वजनिक गर्ने उनी सुनाउँछिन्।

पोखरा राइनोजको ओनर्स बक्समा दीपा अग्रवाल। प्रतिद्वन्द्वी टिम काठमाडौं किंग्सकी साक्षी गुप्ताका साथ दीपा (दायाँ)।

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

घरेलु दर्शकको 'पावर'

कुशल तिमल्सिना र दीपक परियार (पोखरा)

पोखरामा जारी 'ए' डिभिजन राष्ट्रिय फुटसलमा लिग चरणको अन्तिम दिन मंगलबार तीन खेल भए। पहिलो खेलमै फुटसल फाइभले प्रभातफेरी युथसँग ६-२ गोलको हार बेहोरेपछि घरेलु टोली सविन मेमोरियललाई प्लेअफमा पुग्न शंखमूल फुटसलविरुद्ध जित्नैपर्ने भयो।

यो खेलअघिसम्म प्लेअफको आस मारेको सविन मेमोरियलको व्यवस्थापन टोलीले अन्तिम सम्भावनालाई अवसरमा प्रयोग गर्न एक बन्डल टिकट बुक गरेर आफ्ना शुभचिन्तक र समर्थकको फोन घुमाउन थाल्यो। 'टिमको हौसला बढाउन तपाईंहरू कभर्डहल आउनुपऱ्यो, आज जिते प्लेअफ पुग्छौं,' व्यवस्थापन टोलीको अनुरोध थियो।

सयौंको संख्यामा घरेलु समर्थक ड्रम बजाउँदै कभर्डहल आइपुगे। खेलको सुरुदेखि अन्त्यसम्म आफ्ना खेलाडीलाई समर्थन गरिरहे। प्रतियोगिताकै उपाधि दाबेदार र लिगमा अहिलेसम्म नहारेको शंखमूललाई सविन मेमोरियलले ३-१ गोलमा हरायो। दुवै टोलीका प्रशिक्षकले यो नतिजामा दर्शकको समर्थनलाई कारक मानेका छन्।

पोखरा रंगशालास्थित कभर्डहलमा पोखरेली टोलीहरू स्पोर्टस क्यासल र सविन मेमोरियलका प्रायः खेलमा दर्शक यसैगरी आउँछन्। आफ्नो टिमको हौसलामा कुनै कसर बाँकी राख्दैनन्। यी टोलीहरूका लागि दर्शकले छैटौं खेलाडीको भूमिका निभाएका छन्।

'हामी लिगमा अपराजित रहने भन्ने सोचसाथ आएका थियौं। अन्तिम खेल हार्नुपर्दा निरास भएका छौं,' प्लेअफ पुगिसकेको शंखमूलका प्रशिक्षक प्रकाश परियारले कान्तिपुरसँग भने, 'हामीसँग यति ठूलो दर्शकमाझ खेलेको अनुभव छैन, त्यसमा पनि घरेलु दर्शकको यो उपस्थितिले हामीलाई कठिन भएकै हो।' शंखमूलले बुधबारको खेलमा पनि घरेलु दर्शककै कारण नतिजामा असर पर्न नदिन रणनीतिक तयारी गर्ने जनाएको छ।

मंगलबारको खेल जितेको वा बराबरी गरेको भए शंखमूख अंकतालिकाको दोस्रो स्थानमा पुग्थ्यो। यसो हुँदा टोलीले बुधबार हुने पहिलो क्वालिफायरमा स्पोर्टस क्यासलसँग खेल्ने थियो। अब पहिलो क्वालिफायरमा क्यासल र धरानको राइजिङ क्लब तथा इलिमिनेटरमा शंखमूल र सविन मेमोरियलले खेल्नेछन्। पहिलो क्वालिफायर विजेता सोझै फाइनल पुग्नेछ। पराजित हुने टोलीले इलिमिनेटरको विजेतासँग फाइनल पुग्नका लागि दोस्रो क्वालिफायर खेल्ने अवसर पाउनेछ। बुधबार, बिहीबार र शुक्रबार लगातार प्लेअफ र फाइनल चरणका खेल छन्। बुधबार पहिलो क्वालिफायर विजेताले शुक्रबार हुने फाइनललाई एक दिनको आराम पाउनेछ भने अन्य टोलीका लागि फाइनलसम्मको यात्रामा लगातार खेल्नुपर्नेछ। कम्तीमा एक दिनको आराम दिने गरी खेलतालिका हुनुपर्नेमा सबै क्लबको एकै स्वर रहयो। तर नहुँदा उनीहरूले असन्तुष्टि जनाएका छन्। लिग र प्लेअफ चरणबीचमा कुनै दिन 'रिजर्भ डे' नभएपछि मंगलबार प्रतिस्पर्धा गरेका सविन मेमोरियल र शंखमूलमध्ये कुनै एक टोलीले फाइनलसम्म यात्रा तय गर्न लगातार ४ खेल खेल्नुपर्नेछ।

शंखमूलका प्रशिक्षक परियारले रिकोभरी टाइमको अभावका कारण शतप्रतिशत प्रदर्शनलाई निरन्तरता दिन नसकिने बताए। हारका बाबजुद उनले आफ्नो टिमको प्रदर्शनप्रति गर्व गरे। 'हाम्रो चिन्ता रिकोभरी टाइममै हो। किनभने खेलाडीले आज पनि शतप्रतिशत प्रदर्शन गरेका हुन्। समयमा गोल निस्किन नसकेको मात्र हो,' उनले थपे, 'हामीले भोलि नै खेल्नुपर्नेछ र यही टोलीविरुद्ध केही रणनीतिक सुधार गर्नुपर्नेछ। आजको खेलमा उहाँहरू काउन्टर एट्याकमा जानुभयो। त्यसैले पनि पछि परेको हो। भोलिको खेलमा शंखमूल फुटसलले जित्नेछ भन्नेमा विश्वास गरेको छु।'

सविन मेमोरियलका प्रशिक्षक राजेन्द्र तामाङका अनुसार आफ्नो टोलीले प्लेअफ पुग्ने लक्ष्य राखेको थियो। त्यसलाई सफल बनाउन उनले आफ्नो फुटबलको अनुभव प्रयोग गरे। 'विपक्षी टिम र खेलाडीको नामले केही हुँदैन, त्यो दिन, त्यो समय जसले राम्रो खेल्छ त्यसैले जित्छ भनेर मैले खेलाडीलाई आश्वस्त बनाएँ,' पूर्व फुटबलर र अहिले एन्फा कास्कीका ग्रासरुट प्रशिक्षक तामाङले भने, 'उनीहरूले त्यहीअनुसार खेले। शंखमूल धेरै नै बलियो टोली थियो। उनीहरू सबै कुरामा राम्रो छन्। त्यसैले हामीले जित्ने एउटै रणनीति थियो, काउन्टर एट्याक। हामीले डिफेन्सिभ खेलेर काउन्टरमा गोल गर्न सक्यौं।'

सविन मेमोरियलले चोटग्रस्त मुख्य स्कोरर अविनाश तामाङलाई सुरुआती सेटमै राखेको थियो। सुरुमै चोट बल्झेपछि उनलाई मनीष क्षेत्रीले प्रतिस्थापन गरे। छरितो कदका मनीषको प्रदर्शन नै शंखमूलमाथिको जित आधार बन्यो। त्यसबाहेक समिर प्रधानले पनि अग्रपंक्तिमा लोभलाग्दो प्रदर्शन दिए। अघिल्ला खेलमा प्रभावकारी नदेखिएका यी दुई खेलाडी सरप्राइज्ड प्याकेज बनेर निस्किए। प्रशिक्षक तामाङ दुवै खेलाडीको प्रशंसा गर्न चुकेनन्।

सविन मेमोरियलले मंगलबार ६ खेलाडीमात्र मैदान पठाएको थियो। पाँचजना एकैपल्ट मैदानमा हुँदा एउटा खेलाडीले मात्र सब्स्टिच्युटमा पालो दिइरहेका थिए। टिमले राम्रो प्रदर्शन गरिरहेको स्थितिमा तामाङले कम अनुभवी खेलाडी उतार्ने जोखिम लिएनन्। तर, भोलि सोही टिमविरुद्ध खेल्नुपर्ने भएपछि नयाँ खेलाडीलाई पनि अवसर दिने उनले बताएका छन्। 'आज सीमित खेलाडीले जित दिलाए। भोलि नै खेल्नुपर्दा उनीहरूलाई रिकोभरी टाइम पुग्दैन। त्यसैले नयाँ खेलाडी खेलाउने छु,' प्रशिक्षक तामाङले भने, 'भोलि नै हामीले शंखमूलसँग खेल्नुपर्नेछ। त्यो खेल आजभन्दा कठिन हुनेछ।'

मंगलबार पहिलो खेलमा फुटसल फाइभले प्रभातफेरीसँग हारेपछि प्लेअफमा पुग्ने सुनौलो अवसर गुमायो। स्पोर्टस क्यासलसँगको अघिल्लो खेलमा प्रशिक्षक र गोलरक्षकले रातो कार्ड पाएको मूल्य फुटसल फाइभले यो खेलमा चुकायो। फुटसल फाइभले पाँचौं स्थानमा रहेर लिगको अन्त्य गरेको छ।

दोस्रो खेलमा सबैभन्दा कमजोर टोली झरना क्लबलाई ५-३ गोलले पराजित गरी ढुकु फुटसलले छैटौं स्थानमा रहेर लिग टुंग्यायो। ढुकुलाई उपाधिको मुख्य दावेदार मानिए पनि लिगमा अपेक्षाकृत प्रदर्शन सकेन। प्रशिक्षक राज महर्जनले टोलीले अपेक्षाअनुरुप प्रदर्शन नसकेकोमा सबैसँग माफी मागेका छन्। झरना भने लिग चरणका सबै खेलमा पराजित रहयो। टोली एक अंक पनि जोड्न सकेन।

शंखमूलका मणि लामा (सेतो) लाई रोक्ने प्रयासमा सविन मेमारियलका तीन खेलाडी। पोखरेली टोली सविनका समर्थकको उत्साह।

तस्बिर : केशव थापा/कान्तिपुर



ALL NEW Apache RTR 200 4V
RACING DNA UNLEASHED
PRESENTS
NATIONAL FUTSAL LEAGUE
CATCH LIVE ACTION ON KANTIPUR cineplex

टाइगर्स र राइनोज भिड्ने

काठमाडौं (कास)- चितवन टाइगर्सले बजाज पल्सर एभरेस्ट प्रिमियर लिग (ईपीएल) क्रिकेटको क्वालिफायरमा पोखरा राइनोजको सामना गर्ने भएको छ। ईपीएलको राउन्ड रोबिन लिगपछि शीर्ष दुई टोली फाइनल पुग्नका लागि क्वालिफायरमा खेल्ने प्रावधानअनुरुप बुधबार बिहान चितवन र पोखरा भिड्न लागेका हुन्।

भैरहवा ग्लाडियटर्स र काठमाडौं किंग्स इलेभेनबीच हुनुपर्ने मंगलबारको खेल टस हुन नपाई रद्द भएपछि सबै समीकरण तयार भएको थियो। यी दुई टोलीले नै बुधबार हुने दोस्रो खेल इलिमिनेटरमा प्रतिस्पर्धा गर्नेछन्।

चितवन पहिलो ४ खेल जितेर क्वालिफायरमा सुरक्षित भइसकेको थियो। मंगलबारको नतिजाबाट १ अंक जोडेको भैरहवाले पोखरासँगै समान ७ अंक जोडेको थियो। तर सर्वाधिक खेल जितेको हिसाबमा पोखराले भैरहवालाई उछिनेर दोस्रो स्थान हात पार्दै क्वालिफायर तय गरेको हो। पोखराको ३ खेलको तुलनामा भैरहवाले दुई खेलमात्र जितेको थियो। भैरहवासँगको खेल नभएपछि १ अंक पाएको काठमाडौं किंग्स प्लेअफमा पुग्ने चौथो तथा अन्तिम टोली बन्यो। काठमाडौं किंग्स र ललितपुर प्याट्रियट्सको समान ३ अंक भए पनि काठमाडौं राम्रो रनरेटका कारण अगाडि रह्यो।

अर्जुन ट्रफी क्रिकेट कात्तिकमा

धनगढी (कास)- धनगढीमा अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिता हुने भएको छ। क्रिकेट प्रशिक्षक अर्जुन खड्काको स्मृतिमा धनगढी क्रिकेट एकेडेमीले अर्जुन ट्रफी यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता गर्न लागेको हो। धनगढीमा पत्रकार सम्मेलन आयोजना गरी कात्तिक २५ देखि प्रतियोगिता गरिने जानकारी दिइएको छ।

प्रतियोगितामा १६ टोलीले भाग लिनेछन्। प्रतियोगितामा क्लब तथा क्रिकेट एकेडेमीले सहभागिता जनाउन सक्ने धनगढी क्रिकेट एकेडेमीका अध्यक्ष सुवास शाहीले बताए। स्वर्गीय खड्का धनगढी क्रिकेट एकेडेमीका संस्थापक प्रशिक्षक हुन्। सुदुरपश्चिमको क्रिकेट विकासमा उनको भूमिका महत्त्वपूर्ण रहेको थियो। लिगकम नकआउटका आधारमा हुने प्रतियोगिता विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

घरेलु जोस

ए डिभिजन राष्ट्रिय फुटसल लिगमा मंगलबार अन्तिम लिग खेलमा घरेलु टोली पोखराको सविन मेमोरियलले शंखमूल फुटसललाई ३-१ ले पराजित गरेको छ ।

अल्मुताइरीमा 'पक्कै केही छ'

खेलाडीहरू भन्छन्- 'यसअघिका पारम्परिक प्रशिक्षकभन्दा उनी फरक छन् । खाली हामीलाई यस्ता प्रशिक्षकको बानी नभएको मात्र हो ।'

हिमेश (माले, माल्दिभ्स)

केही खेलको बखान गरेर साध्य हुन्न । खेलको कथा बुन्न प्रयास गऱ्यो, कसरी सुरु गर्ने र कसरी अन्त्य गर्ने टुंगो नलाग्ने । केही लेख्यो कि त्यो पनि छुटेको छ, यो पनि छुटेको छ जस्तो भइरहने ।

नेपाल र श्रीलंकाबीच साफ च्याम्पिनसिप फुटबलमा सोमबारको खेल यस्तै थियो ।

माल्दिभ्सको राजधानी मालेको मध्यभागमा रहेको नेसनल स्टेडियममा जतिले यो खेल हेरे । सबैको निचोड थियो, यत्तिको सनसनीपूर्ण खेल सायद साफ च्याम्पियनसिपमा यसअघि भएको थिएन कि ? नेपालको हिसाबले हेर्ने हो भने त पक्कै भएको छैन ।

यो खेलमा श्रीलंका ३-२ ले पराजित रह्यो । तर, त्यो हार बिर्सेर श्रीलंकाली प्रशिक्षक आमिर एल्गरले दावी गरे, 'हामी पनि जित्यौं, हामी हारेनौं । खेलका क्रममा मेरा खेलाडीले आफ्नो विशेषता देखाए कि हामी पनि फुटबल खेल्न सक्छौं । हामी हारेका छैनौं ।' धेरै भएको थियो श्रीलंकाली फुटबल सुस्ताएको । अहिले माथि उठ्ने प्रयासमा छ । ठीक यही बेला श्रीलंकाले नेपालविरुद्ध जस्तो चुनौती तेर्स्याएको थियो, त्यो प्रशंसनीय छ नै ।

त्यसैले एल्गरले भनेजस्तै, यो खेलका क्रममा सबै श्रीलंकाली खेलाडी र प्रशिक्षक निकै भावुक भए ।

हार्नेले यस्तो भन्छ भने नेपाल त झन् जित्ने टिम ।

नेपाल खेलको अधिकांश समय गोलको आधारमा अगाडि नै रह्यो । तर, ढुक्क हुनसक्ने स्थिति बनेन । यस्तै दबाबबीच पनि नेपाली खेलाडीले मस्त खेलिरहे । त्यसैले नेपाली प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले पनि माने, 'नेपाली फुटबललाई माया गर्ने सबैका लागि यो जित खुसी हुने अवसर हो ।'

साफ च्याम्पियनसिपमा श्रीलंकालाई हराएपछि प्रशिक्षक अल्मुताइरीसँग खुसी साट्दै नेपाली खेलाडी । खेलका क्रममा अल्मुताइरी (बायाँ) । *तस्विर सौजन्य : एन्फा*

फाइनल पुग्ने समीकरण

यो खेलपछि सबैले बुझ्न खोजेको तथ्य हो, अब के कसरी नेपाल साफको फाइनल पुग्न सक्छ ? सबै फाइनल समीकरणकै हिसाबमा अल्झिएको हुनुपर्छ । नेपाल आफूले खेलेका दुवै खेलमा विजयी छ । ६ अंकसहित अंकतालिकाको शीर्षस्थानमा छ । त्यसपछि बंगलादेशसँग ४ अंक छ । भारतको एक अंक भएको छ भने आयोजक माल्दिभ्स र श्रीलंकाले अंकको खाता खोलेका छैनन् । श्रीलंका लगभग दुई खेल हारेर प्रतियोगिताबाट बाहिरिएको स्थितिमा छ ।

नेपाल फाइनल नजिक पुगेको भने पक्कै छ । यद्यपि केही निश्चित भइसकेको छैन । प्रशिक्षक अल्मुताइरीले ठीकै भने, नेपालको फाइनल पुग्ने सम्भावना एक प्रतिशतमात्र बनेको छ । यो 'एक प्रतिशत' खासमा सांकेतिक मात्र हो । यसको अर्थ हो, फाइनल अझै टाढा छ । नेपालका लागि फाइनलको बाटो के कस्तो हुने हो, त्यो तेस्रो दिनको खेलले निर्धारण गर्नेछ । त्यो दिन नेपाल मैदानमा उत्रने छैन । तर त्यसको नतिजा नेपालका लागि उत्तिकै महत्त्वपूर्ण हुनेछ ।

तेस्रो दिन अर्थात शुक्रवार पहिलो खेल भारत र श्रीलंकाबीच हुनेछ । लगत्तै दोस्रो खेलमा माल्दिभ्स र बंगलादेश भिड्नेछन् । अल्मुताइरीलाई विश्वास छ, यो दिनको खेलमा केही न केही आश्चर्यजनक नतिजा आउनेछ । त्यो भनेको यी दुई खेलको नतिजा नेपाल अनुकूल आए राम्रो । उनको चाहना यही छ ।

श्रीलंकाली प्रशिक्षक एल्गरको भनाइ पनि यहाँनिर उल्लेख गर्न आवश्यक छ । उनी भन्थे, श्रीलंका कहींकतै भास्सिएको छैन, भारतविरुद्ध अझ राम्रो खेल्न प्रेरित हुनेछ ।

सर्वाधिकमा अञ्जनको नजर

नेपाली फुटबलमा लामो समयदेखि ज्युँका त्युँ कायम रहेको एउटा कीर्तिमान हो, १३ गोलको । नेपाली राष्ट्रिय टोलीका लागि हरि खड्का र नीराजन रायमाझीले सबैभन्दा बढी समान १३ गोल गरेका छन् । यसको नजिक कमै खेलाडी पुगे । छुने स्थितिमा पुग्दा केही खेलाडी सेलाए । जस्तो, ११ गोल गरेका जुमनु राई अनि १० गोल गरेका भरत खवास । अहिलेका खेलाडीमध्ये विमल घर्तीमगरले ८ गोल गरिसके । मालेमै नेपाली टोलीसँगै रहेका नवयुग श्रेष्ठको नाममा पनि ७ गोल छ ।

यसबीच श्रीलंकाविरुद्ध दोस्रो गोल गरेका अञ्जन विष्ट भने त्यो कीर्तिमान छुने र पार गर्ने सपना बुनिरहेका छन् । विश्वकप छनोटमा चाइनिज ताइपेईविरुद्ध २ गोल गरेका यी अञ्जनले पछिल्ला ८ खेलमा ४ गोल गरिसके । उनी भन्छन्, 'यो गोलको कीर्तिमान छुन सजिलो छैन, मैले अझै धेरै काम गर्नु छ । यसका लागि उत्तिकै मिहिनेत पनि चाहिन्छ ।' उनी जुन वेगमा गोल गरिरहेका छन् । लाग्छ, यो उनको पहुँचमा रहन सक्छ । उनले भनेजस्तै यो काम पक्कै सजिलो छैन ।

प्रवासी खेलाडीका कुरा

श्रीलंकाविरुद्धको खेल जितेपछि प्रशिक्षक अल्मुताइरीले एउटा नयाँ बहस छेडेका छन् । यो प्रवासी खेलाडीलाई लिएर छ । श्रीलंकाले नेपालविरुद्ध तीन यस्तै प्रवासी खेलाडी उतारेको थियो । त्यसमध्ये मार्विन ह्यामिल्टनले दर्शनीय गोल नै गरे । उनी इंग्ल्यान्डमा जन्मेहुर्के । त्यतैको तल्लो डिभिजनमा खेले । अहिले उनी श्रीलंकाली राष्ट्रिय टिमका सदस्य भएका छन् । बंगलादेश त अझै एक पाइला अगाडि छ । उसले त नाइजेरियाली मूलकै खेलाडीलाई आफ्नो बनाउने सुरसारमा छ ।

'यो राम्रो कुरा हो,' अल्मुताइरीले भने, 'विश्व फुटबलमा अहिले यस्तै चल्छ । कसैको शरीरमा कुनै देशको रगत बग्छ भने उसले खेल्न पाउनुपर्छ । नेपालमा पनि यो परम्परा सुरु हुनुपर्छ ।' उनले इटालीमा खेलिरहेका एक नेपाली मूलका खेलाडीसँग सम्पर्कमा रहेको दावी पनि गरे । सम्भवतः उनी विकास मेरागलिया हुन् । र, सबथोक तय कार्यक्रमअनुसार हुने हो भने उनी आउने सहिद स्मारक लिग 'ए' डिभिजनमा च्यासल क्लबका लागि खेल्दैछन् ।

आक्रमणप्रति विश्वास गर्ने अल्मुताइरी

नेपाली टिम सम्हाल्ने निश्चित भएपछि प्रशिक्षक अल्मुताइरीले सबैभन्दा पहिले बोलेकै शब्दमा पर्छ, नेपालले अबदेखि रक्षात्मक फुटबल खेल्दैन, चाहे प्रतिद्वन्द्वी जत्तिकै बलियो किन नहोस् । त्यतिमात्र होइन, खेलमा अग्रता लिएको स्थिति वा पछाडि भए पनि खेल्ने आक्रामक फुटबल नै हो । सायद उनले यो रणनीतिमा नेपाली खेलाडीलाई धेरै हदसम्म अभ्यस्त पारेका छन् । त्यसैले त नेपालले खेल्दा अचेल गोल निस्कन थालेको छ । जबकि गोल नहुने समस्या नेपालको 'खास रोग' हो ।

अल्मुताइरीको नेतृत्वमा नेपालले ८ खेल खेलेको छ अहिलेसम्म । त्यसमध्ये तीनमा विजयी छ, चारमा पराजित र एकमा बराबरी । यी ८ खेलमध्ये नेपालले ६ खेलमा गोल गरेको छ । अझ पछिल्ला ४ खेलमा लगातार गोल गरेको छ । साफ च्याम्पियनसिप इतिहासमै नेपालले माल्दिभ्सलाई उसकै घरमा हराएको छ । अनि यो प्रतियोगिताकै इतिहासमा पहिलोपल्ट लगातार दुई सुरुआती खेल जितेको छ । यस्तोमा भन्नैपर्छ, यी प्रशिक्षकमा पक्कै केही छ ।

यिनी प्रायः विवादमा पनि परिरहन्छन् । बेला-बेला मिलाएर प्वाक्क-प्वाक्क बोलिरहन्छन् । फुर्सद पायो कि सामाजिक सञ्जालमा छाइहाल्छन् । तर, उनमा केही न केही विशेषता भएको हुनाले नै नेपाली टिम अहिले जीवन्त देखिएको छ । खेलाडी उनको गुनगान गर्न कन्जुस्याइँ गर्दैनन् । खेलाडीहरू भन्छन्, यसअघिका पारम्परिक प्रशिक्षकभन्दा उनी फरक छन् । खाली हामीलाई यस्ता प्रशिक्षकको बानी नभएको मात्र हो ।

तिनै खेलाडी अझ के पनि भन्छन् भने, अल्मुताइरीको नेतृत्वमा नेपालले अझ राम्रो गर्ने सम्भावना पूरापूर छ ।

आर्मीमा यू-१३ एकेडेमीको सुरुआत

एकेडेमी उद्घाटनका क्रममा आर्मी मैदानमा प्रतिस्पर्धा गर्दै एकेडेमीमा रहेका यू-१३ का खेलाडी ।

काठमाडौं (कास)- त्रिभुवन आर्मी फुटबल क्लबले पहिलोपल्ट युथ एकेडेमी सञ्चालनमा ल्याएको छ । एएफसी क्लब लाइसेन्स प्राप्त 'ए' डिभिजन टोली आर्मीले अखिल नेपाल फुटबल संघ (एन्फा) र सैनिक आवासीय महाविद्यालयबीचको त्रिपक्षीय सम्झौताअनुसार एकेडेमी स्थापना गरेको हो ।

आर्मी हेडक्वार्टरमा सोमबार उक्त एकेडेमीको औपचारिक उद्घाटन गरिएको छ । गत वर्ष आर्मीले एएफसी क्लब लाइसेन्स पाएको हो । लाइसेन्स पाएपछि क्लबमा यू-१३ र यू-१८ को टिम हुनुपर्ने अनिवार्य छ ।

एकेडेमीमा एन्फाले विभिन्न चरण छनोट गरेका खेलाडी रहेका छन् । तेस्रो चरणबाट छानिएका ४२ युथ खेलाडी (१३ वर्षमुनि) लाई तीन विभागीय क्लबमा १४-१४ खेलाडी गोलप्रथाबाट विभाजन गरिएको थियो ।

एन्फाबाट छानिएका १४ र विभिन्न स्थानका सैनिक महाविद्यालयबाट छानिएका ११ खेलाडी समावेश गरेर भदौदेखि प्रशिक्षण दिइएको आर्मीले जनाएको छ । एकेडेमीलाई खेलाडी उत्पादनको मुख्य स्रोतको रुपमा लिइने सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रका महासेनानी शशिकिरण रायमाझीले बताए ।

एकेडेमीको उद्घाटन गर्दै प्रधानसेनापति प्रभुराम शर्माले विलक्षण प्रतिभाका युवा खेलाडीलाई नेपाली सेनाले आफ्नो एकेडेमीमा राखेर प्रशिक्षण गराउन पाउँदा खुसी लागेको बताए ।

एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पाले नेपाली फुटबललाई व्यवस्थित र व्यावसायिक रूपमा सञ्चालन गर्ने उद्देश्यमा ग्रासरुट कार्यक्रम ल्याइएको बताए । 'एएफसी क्लब लाइसेन्सिङ सुरुआत आर्मीबाटै हुनु र युथ एकेडेमी पनि आर्मीबाट सुरु गर्न पाउनु नेपाली फुटबलका लागि सुखद पक्ष हो,' अध्यक्ष शेर्पाले भने ।

उद्घाटनका अवसरमा एकेडेमी रहेका खेलाडीबीच मैत्रीपूर्ण फुटबल खेल भएको थियो । आर्मीका खेलाडी भरत खवासको नेतृत्वमा 'ए' र जर्जप्रिन्स कार्कीको नेतृत्वमा 'बी' टिमले खेलेका थिए । त्यसमा खवासको टिम १-० ले विजयी भयो । युथ खेलाडीलाई एन्फाद्वारा उपलब्ध गराइएको खेल सामग्री प्रदान गरिएको थियो ।

कर्पोरेट ब्याडमिन्टन पुसमा हुने

काठमाडौं (कास)- कोरोना भाइरस महामारीका कारण स्थगित भएको 'कुमारी बैंक काठमाडौं टिम च्याम्पियनसिप' कर्पोरेट ब्याडमिन्टन प्रतियोगिता पुस ६ देखि ९ सम्म हुने भएको छ । यसअघि जेठमा तोकिए पनि महामारीको कारण स्थगित गरिएको थियो ।

आयोजक काठमाडौं ब्याडमिन्टन एकेडेमी (केबीए) ले सोमबार जारी गरेको विज्ञप्तिअनुसार त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा प्रतियोगिता सञ्चालन गर्न लागिएको हो । कुल आठ लाख रुपैयाँ पुरस्कारको प्रतियोगितामा पाँच स्पर्धा समावेश गरिएको केबीएका सचिव दीपक थापाले बताए । कुमारी बैंकको मुख्य प्रायोजन रहेको प्रतियोगितामा पुरुष र महिलाका शीर्ष वरीयताका खेलाडीसँगै कर्पोरेटका कर्मचारी र पदाधिकारीले 'टिम गेम' को रूपमा प्रतिस्पर्धा गर्नेछन् ।

गत पुस १७ मा स्थापित केबीएले उत्कृष्ट खेलाडी उत्पादन गर्ने लक्ष्यअनुसार नै देशकै मुख्य प्रतियोगिताको रूपमा काठमाडौं टिम च्याम्पियनसिप कर्पोरेट ब्याडमिन्टन प्रतियोगिता गर्ने योजना बनाएको छ । उसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्ट खेलाडी उत्पादन गर्ने उद्देश्यले व्यावसायिक रूपमै युवा खेलाडीलाई नियमित प्रशिक्षण दिइरहेको छ ।

जेटीआई जुनियर टेनिसमा मंगलबार निमिशा ढकालविरुद्ध खेल्दै कृषा अधिकारी । *तस्विर :राखेप*

कृषाविरुद्ध निमिशा विजयी

काठमाडौं (कास)- निमिशा ढकाल र शुभाङ्गीलक्ष्मी शाह दोस्रो जेटीआई जुनियर ओपन टेनिस प्रतियोगिताको यू-१६ गर्ल्सतर्फ क्वाटरफाइनल पुगेका छन् । टिम टेनिस नेपालको आयोजनामा धापाखेलमा भइरहेको प्रतियोगितामा मंगलबार निमिशाले कृषा अधिकारीलाई ६-१, ६-३ र शुभाङ्गीले आध्या पौडेललाई ७-६, ६-२ को सोझो सेटमा हराए ।

यू-१० गर्ल्सतर्फ आयुशा जिसीले मालाश्री सिंहलाई ६-०, ६-० को सोझो सेटमा हराएर फाइनल तय गरिन् । फाइनलमा आयुशाको भेट शिभाली गुरुङसँग हुनेछ । शिवाली वाई पाएकी हुन् । यू-९ गर्ल्समा आयुशा जिसी, आयुश्रीहजुर घले, अनुश्री ध्वजु र मेरिसा थापा सेमिफाइनलमा पुगेका छन् । यू-१४ गर्ल्स सिंगल्समा प्राज्ञा मानन्धर, समृद्धि महर्जन, जेनी खड्का, कृषा अधिकारी र कर्मिष्ठा श्रेष्ठ क्वाटरफाइन पुगे । सुनिरा थापा, आध्या पौडेल र प्रशंसा मोक्तान पनि वाई पाएर क्वाटरफाइनल पुगेका छन् ।

यू-९ ब्वाइज सिंगल्स साम्खाहाङ राईले आर्यनराज पौडेललाई ४-१, ४-० र सन्जोग ब्लोनले विश्वविशेष डल्लाकोटीलाई ४-१, १-४, १०-८ ले हराएर उपाधि भिडन्त पक्का गरे । यू-१० ब्वाइज सिंगल्समा वृजेश अर्यालले सिद्धान्त प्रधानलाई ६-०, ६-०, आद्रित नेपालले आरभसम्राट हाडालाई ६-४, ६-१, शाश्वत वज्राचार्यले स्पर्स तिमल्सिनालाई ६-४, ६-३ र अविर श्रीवास्तवले आभाषनाथ श्रेष्ठलाई ६-०, ६-० को सेटमा हराए । शनिबार सम्पन्न हुने प्रतियोगितामा १४ स्पर्धा १ सय २५ खेलाडी सहभागी छन् ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **उमेश चौहान**, प्रधान सम्पादक : **सुधीर शर्मा**

बन्यो नयाँ प्रदेशसभा भवन

असोज २२ बाट सुरु हुने हिउँदे अधिवेशनको बैठक नयाँ भवनमा

कान्तिपुर संवाददाता (मोरङ)

प्रदेश १ सरकारले पहिलो स्थायी संरचनाका रूपमा प्रदेशसभा भवन निर्माण गरेको छ । नवनिर्मित प्रदेशसभा भवनको बुधबार उद्घाटन गरिने भएको छ । असोज २२ गतेबाट सुरु हुने हिउँदे अधिवेशनको बैठक नयाँ भवनमा हुने प्रदेशसभा सचिवालयले जनाएको छ ।

नयाँ भवन निर्माणका लागि प्रदेश सरकारले ३ करोड १० लाख १८ हजार ३ सय ६८ रुपैयाँ खर्च गरेको जनाइएको छ । अहिलेको प्रदेशसभा भवन साँघुरो र वर्षायाममा पानी पस्ने गरेकोले प्रदेशसभा सदस्यहरूले नयाँ भवन निर्माणका लागि आवाज उठाउँदै आएका थिए । नवनिर्मित भवनमा सभामुख बस्ने तथा रोस्ट्रमबाहेक प्रदेशसभा सदस्यहरूका लागि १ सय १० वटा कुर्सी, टेबल र टेबलमै माइक जडान गरिएको छ । पत्रकारहरूका लागि माथिल्लो तल्लामा बसाइ व्यवस्थापन गरिएको हो ।

दर्शकदीर्घामा कुल ४० जना, पत्रकारहरूका लागि २० र कर्मचारीहरूका लागि २० वटा कुर्सीको व्यवस्थापन गरिएको प्रदेशसभा सचिवालयका सचिव गोपालप्रसाद पराजुलीले बताए । अहिले प्रदेशसभामा सत्तारूढ दल एमाले, प्रमुख प्रतिपक्षी कांग्रेस, विपक्षी दलहरू माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र राप्रपाका लागि छुट्टाछुट्टै बसाइ व्यवस्थापन गरिएको छ ।

प्रदेशसभा सचिवालयले २०७७ असोज १ गते प्रदेशसभा भवन निर्माण सुरु गरेको थियो । प्रदेशसभा सचिवालयका सचिव पराजुलीले २ करोड ५१ लाख ८१ हजार ९७६ रुपैयाँमा स्वामी नारायण निर्माण सेवालाई ठेक्का दिएको बताए । तर भवनको पर्खालको उचाइ बढाउनुपर्ने लगायतको काम थप भएकोले भेरिएसन गरेर भवनको भौतिक संरचनाको लागत २ करोड ५९ लाख २० हजार ९५६ पुगेको उनले बताए । एउटै योजनामा प्रदेशसभा सचिवालयले प्रचलित ऐनविपरीत ४ वटा ठेक्का गरेर काम गराएको छ । यसले आर्थिक अनियमितता भएको आशंका उब्जिनु स्वाभाविक भएको प्रदेशसभा सदस्यको भनाइ छ । प्रदेशसभा भवन गोदाम जस्तो भएको भन्दै यसअघिको प्रदेशसभा बैठकमा प्रदेशसभा सदस्यहरूले विरोध जनाएका थिए । प्रदेशसभा सचिवालयका सचिव पराजुलीले प्रदेशसभा भवन निर्माणमा अनियमितताको आशंका गर्ने ठाउँ नभएको दाबी गरे । उनले सुरुमा सहरी विकास तथा भवन निर्माण कार्यालयले सुरुमा भवनको मात्रै डिजाइन र इस्टिमेट गरेर दिएकाले त्यसको ठेक्का प्रक्रिया गरेर काम सुरु गराएको बताए ।

प्रयोगमा आएनन् स्वास्थ्य संस्थाका नयाँ भवन

ओखलढुंगा- स्वास्थ्य चौकीका नयाँ भवन निर्माण भइसके पनि प्रयोगमा आएका छैनन् । मोलुङ गाउँपालिकाका दुईवटा स्वास्थ्य चौकी भवन बने पनि आवश्यक पूर्वाधार नहुँदा प्रयोगविहीन बनेका हुन् । मोलुङ गाउँपालिका-४ हर्कपुरस्थित स्वास्थ्य चौकी ठेकेदारले निर्माण सम्पन्न गरी हस्तान्तरण गरिसकेको भए पनि आवश्यक फर्निचर, बिरामी शय्यालगायतका पूर्वाधार नभएकाले भूकम्पका बेला बनाइएको अस्थायी भवनबाटै सेवा दिइरहेको छ ।

भवन बने पनि प्रयोगमा ल्याउन अझै नसकिएको वडाध्यक्ष मानबहादुर तामाङले बताए । उनले भवन नयाँ तर फर्निचरहरू पुरानो भएकाले नयाँ खरिद गरेर प्रयोगमा ल्याउने तयारी गर्दा ढिला भएको बताए । त्यसका लागि गाउँपालिकासँग बजेट माग गरी समन्वय भइरहेको बताए । वडा कार्यालयसँग पर्याप्त बजेट नभएको र गत वर्ष पालिकाले बजेट विनियोजन गरे पनि कोभिड नियन्त्रणमा खर्च हुँदा थप पूर्वाधारका सामग्री खरिद गर्न नसकिएको वडाध्यक्ष तामाङको भनाइ छ ।

अस्थायी र सानो भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्दा साँघुरो र प्रशासनिक कक्षको अभाव भएको स्वास्थ्यकर्मीको भनाइ छ । मोलुङ गाउँपालिकाकै २ नं. वडास्थित रामपुर स्वास्थ्य चौकी पनि अझै हस्तान्तरण हुन नसक्दा प्रयोगमा आएको छैन । निर्माणको अधिकांश काम सकिए पनि हस्तान्तरण नगर्दा पुरानो जीर्ण भवनबाट स्वास्थ्य संस्थाले बिरामीहरूको उपचार गर्दै आएको छ । नयाँ भवनको झ्याल-ढोकालगायतका केही काम मात्र बाँकी छ । यसरी बनिसकेका भवनहरू प्रयोगमा नआउनुमा गाउँपालिकाको कमजोरी भएको सरोकारवाला बताउँछन् ।

कोभिड नियन्त्रणका बेला आपत्कालीन सहयोगबापत प्राप्त भएको स्वास्थ्य सामग्री र उपकरणसमेत मोलुङ गाउँपालिकाले समयमा स्वास्थ्य चौकीहरूलाई वितरण गर्न सकेको छैन । स्टोरमा थन्क्याएर राख्दा दाताको उद्देश्यअनुरूप कोभिड नियन्त्रणमा प्रयोग हुन नसकेको हो ।

प्रदेश १ को नवनिर्मित प्रदेशसभा भवन वैठक कक्ष । *तस्विर : देवनारायण साह/कान्तिपुर*

गाउँपालिका भवन गुणस्तरहीन

खोटाङ (कास)- ऐँसेलुखर्क गाउँपालिकाको निर्माणाधीन कार्यालय भवन गुणस्तरहीन भएको पुष्टि भएको छ । निर्माण सामग्री ललितपुरस्थित गुणस्तर अनुसन्धान तथा विकास केन्द्रमा परीक्षण गर्दा गुणस्तरहीन साबित भएको हो ।

मापदण्डका आधारमा गुणस्तरीय बनाउन पटक-पटक ध्यानाकर्षण गराउँदासमेत कम्पनीले बेवास्ता गरेकाले सम्झौता रद्द, धरौटी जफत गर्दै कालो सूचीमा राख्न प्रक्रिया बढाइएको प्रमुख प्रशासकीय अधिकृत हीराकुमारी यादवले बताइन् । 'प्रस्ट देखिने गरी त्रुटि देखिएपछि गिट्टी, बालुवा, सिमेन्ट, रड परीक्षण गर्दा गुणस्तरहीन पुष्टि भयो,' उनले भनिन्, 'मापदण्डअनुसारको काम गर्न अटेर गरेकाले सम्झौता रद्द, धरौटी जफत र कालोसूचीमा राख्न प्रक्रिया बढाइएको हो ।' भवनको ठेक्का रुजन-जगदम्बा-भुवनेश्वर-वैभव जेभी निर्माण कम्पनीले लिएको हो । कम्पनीले नाछिरिङ कन्स्ट्रक्सन सम्बद्ध गणेश राईलाई पेटी ठेक्का दिएर सम्झौता गर्न अख्तियारी दिएको थियो । राईले २०७७ जेठ १३ गते ३ करोड ६९ लाख ८५ हजार नौ सय ७३ रुपैयाँको लागत स्टिमेटबाट २७ प्रतिशत कम दुई करोड ६८ लाख ४३ हजार लागतमा एक वर्षभित्र सक्ने गरी सम्झौता गरेका थिए । सामग्री परीक्षणका लागि ललितपुरस्थित गुणस्तर अनुसन्धान तथा विकास केन्द्रमा २०७७ पुस २ गते, २०७७ माघ १५ गते, २०७८ असार २३ गते पठाइएको थियो ।

परीक्षण रिपोर्ट सच्याइयो

केन्द्रले परीक्षण गरी गुणस्तरहीन पुष्टि गरेर पठाएको रिपोर्टसमेत किर्ते गरी सच्याएर गाउँपालिकालाई बुझाएको खुलेको छ । परीक्षणको खर्च सम्बन्धित निर्माण कम्पनीले बेहोर्नुपर्ने भएकाले केन्द्रले निर्माण कम्पनीलाई नै रिपोर्ट दिएको र कम्पनीले किर्ते गरी सच्याएको यादवको भनाइ छ । 'देख्दा-देख्दै गुणस्तरहीन काम भएपछि परीक्षणमा पठाइएको सामग्रीको रिपोर्टमा शंका लागेपछि गुणस्तर अनुसन्धान तथा विकास केन्द्रद्वारा परीक्षण गर्दा रिपोर्ट गुणस्तरहीन भएको पाइयो,' यादवले भनिन्, 'त्यसपछि किर्ते गरी ठगी गरेकाले त्यसबारेमा पनि सम्बन्धित निकायमा लेखी पठाउने प्रक्रिया सुरु भएको छ ।'

छोटकरी

३४४ संक्रमित निको भए

विराटनगर (कास)- कोरोना भाइरसबाट संक्रमितमध्ये प्रदेश १ का ३ सय ४४ जना मुक्त भएका छन् । सामाजिक विकास मन्त्रालयका अनुसार सोमबार झापाका १ सय ४८, मोरङका १ सय २३ र सुनसरीमा ६० जना संक्रमण मुक्त भएका हुन् । यसैगरी धनकुटाका ५, इलामका २, संखुवासभा, उदयपुर, भोजपुरका १-१ र ठेगाना नखुलेका ३ जना निको भएका छन् । संक्रमणमुक्त हुनेमा १ सय ८७ महिला र १ सय ५७ पुरुष रहेको मन्त्रालयले जनाएको छ । सोमबार प्रदेशमा १ सय ८६ जनामा संक्रमण पुष्टि भएको छ । विभिन्न प्रयोगशालामा गरिएको ८ सय २६ पीसीआर परीक्षणमा १ सय ३९ जना र २ सय ३८ जनाको एन्टिजेनमा ४७ जनामा संक्रमण पुष्टि भएको हो । मन्त्रालयले पीसीआर परीक्षणका क्रममा झापामा ६६, मोरङमा ४४, सुनसरीमा २४, उदयपुरमा २, पाँचथर, ताप्लेजुङ, र धनकुटामा समान एक जनामा संक्रमण देखिएको हो । झापाको बिर्तामोडमा १५, कनकाईमा १३, दमक र भद्रपुरमा समान ८, मेचीनगरमा ७, अर्जुनधारामा ४, बुद्धशान्तिमा ३, बाह्रदशी, शिवसताक्षी र झापा गाउँपालिकामा समान २, हल्दिबारी र कमल गाउँपालिकामा समान १ जनामा संक्रमण पुष्टि भएको छ । यसैगरी विराटनगरमा २८, बेलबारीमा ४, उर्लाबारी र बूढीगंगामा ३-३ जना, सुन्दरहरैंचामा २, सुनवर्षी, पथरीशनिश्चरे, जहदा र कटहरीमा १-१ जनामा संक्रमण पाइएको छ । यसैगरी पाँचथरको हिलिहाङ, ताप्लेजुङ, र धनकुटाको धनकुटा नगरपालिकामा १-१ जनामा संक्रमण देखिएको छ । प्रदेशमा गत २४ घण्टामा कोरोना संक्रमणबाट ३ जनाको मृत्यु भएको जनाइएको छ । मृत्यु हुनेमा १ महिला र २ पुरुष रहेको मन्त्रालयले जनाएको छ । हालसम्म कोरोना संक्रमणबाट २ हजार ५७ जनाको मृत्यु भइसकेको छ ।

परिवार हत्याका अभियुक्त थुनामा

विराटनगर (कास)- संखुवासभाको मादी नगरपालिकामा भएको ६ जनाको हत्यामा संलग्नलाई थुनामा राख्न अदालतले आदेश दिएको छ । जिल्ला अदालत चैनपुरले हत्यामा संलग्न मादी नगरपालिका-१ का खड्गबहादुर कार्की, लोकबहादुर कार्की, रणबहादुर कार्की र हस्तबहादुर कार्कीलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो । सबै अभियुक्तहरूलाई पुर्पक्षका लागि कारागार कार्यालय खाँदबारी र एक बालकलाई बाल सुधार गृह विराटनगर पठाउन अदालतले आदेश दिएको छ । गत भदौ २१ गते बिहान मादी नगरपालिका वडा १ उम्लिङस्थित खोला गाउँमा कार्की परिवारका ६ जनाको सामूहिक हत्या भएको थियो । घटनामा तेजबहादुर कार्की, उनकी आमा पार्वती कार्की, श्रीमती कमला, बुहारी रञ्जना कार्की, नाति दिपेन कार्की र नातिनी गोमा कार्कीको बीभत्स हत्या भएको थियो ।

११ लाख भारतीय रुपैयाँसहित पक्राउ

विराटनगर (कास)- इलामको सूर्योदय नगरपालिका ६ हर्कटेमा ११ लाख भारतीय रुपैयाँसहित दुईजना पक्राउ परेका छन् । इलामकै फिक्कलबाट झापाको बिर्तामोडतर्फ जाने क्रममा मेची राजमार्गको हर्कटे चोकमा फिक्कलका ३५ वर्षीय अनुप अग्रवाल र कार चालक पक्राउ परेका हुन् । उनी सवार मे १ च ६४२४ नम्बरको कार जाँच गर्ने क्रममा विभिन्न दरका भारतीय नोट फेला परेको प्रहरीले जनाएको छ । उनीसहित कार चालक कर्ण कठायत पनि पक्राउ परेका छन् । दुबैजनालाई रकम र कारसहित अनुसन्धानका लागि इटहरीस्थित राजश्व अनुसन्धान कार्यालय पठाइएको प्रहरीले जनाएको छ ।

न्यायाधीशका अंगरक्षक कारागार चलान

विराटनगर (कास)- मोरङ अदालतका न्यायाधीश ईश्वर पराजुलीका सवारी चालक र अंगरक्षक सवारी ज्यान मुद्दामा पुर्पक्षका लागि कारागार चलान गरिएका छन् । न्यायाधीश तेजबहादुर खड्काको इजलासले सवारी ज्यान मुद्दामा सिरहा घर भई विराटनगर बस्दै आएका ३७ वर्षीय विन्दुकुमार सिंह र सुनसरीको भोक्राहा ७ का ३८ वर्षीय श्रवणकुमार यादवलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो । दुवै जना मोरङ कारागार चलान भएको अदालतले जनाएको छ । न्यायाधीश पराजुली चढ्ने बा१४च ६०१६ नम्बर कार मोरङ अंगरक्षक सिंहले चलाउँदा भदौ २२ गते अदालतको क्यान्टिनभित्र छिरेर ठक्कर दिँदा क्यान्टिन सञ्चालक लक्ष्मी दाहाल सिकिस्त घाइते भएकी थिइन् । उनलाई कोसी अस्पताल पुऱ्याएपछि चिकित्सकले मृत घोषणा गरेका थिए । घटनापछि दुवै जनालाई प्रहरीले पक्राउ गरी सवारी ज्यान मुद्दामा अनुसन्धान अघि बढाएको थियो । सवारीचालक अनुमतिपत्र नभएका सिंहलाई न्यायाधीशका चालक यादवले कार सिक्न दिएकाले उनी पनि पक्राउ परेको प्रहरीले जनाएको छ ।

जो कर्मले चिनिँदै छन्

जितेन्द्र साह (विराटनगर)

दलित समुदायकी ४७ वर्षीया सानु दुलालभन्दा उनले बनाएका जुत्ता बढी चर्चित छ, विराटनगर बजारमा । 'सानु दिदीले बनाएको जुत्ता बढी टिक्ने' विश्वास गर्छन् महानगरवासी । कामप्रतिको इमानदारिताले गर्दा उनले व्यावसायिकसँगै सामाजिक प्रतिष्ठा आर्जन गरेकी हुन् । दुलालको विराटनगर-रंगेली मुख्य मार्गछेउमा जुत्ता पसल छ ।

२८ वर्षदेखिको श्रम र समर्पणले पहिचान बनाउ सफल भएको उनी बताउँछिन् । विशुंखेकी छोरी उनले जुत्ताचप्पल बनाउने कला संखुवासभा खाँदबारीस्थित माइतीमा दाजुदिदीबाट सिकेकी थिइन् । अढाई दशकअघि बिहे गरी विराटनगर आएकी सानुका श्रीमान् मोहन एक जुत्ताचप्पल कारखानामा काम गर्थे । सानुले पनि मुख्य बजारमा जुत्ताचप्पलकै कारोबार सुरु गरिन् । अरूका उत्पादन ल्याएर बेच्दा खासै नाफा नभएपछि आफैंले बनाएर बेच्न थालेकी हुन् । ४० हजार रुपैयाँमा कोठाबाट जुत्ताको उत्पादन सुरु गरिन् । घरधन्दा सकेर उनी पसल चलाउँथिन् । पछि उनको उत्पादनले पूर्वाञ्चलभर बजार लियो । शिक्षण संस्था र मेलामा उनको गुणस्तरीय तर सस्तो जुत्ताको माग हुन बढ्न थाल्यो । अढाई दशकमा आफ्नो व्यवसायलाई उनले ४० लाख रुपैयाँको बनाइसकेकी छन् । जेठी छोरी अहिले स्थानीय निजी अस्पतालमा कार्यरत छिन् । कान्छो छोराले भने लेखापालका रूपमा आमाकै व्यवसायलाई साथ दिइरहेका छन् । 'कर्म ठूलो हुन्छ भन्ने कुरा आमाले गरेरै साबित गरिदिनुभयो,' छोरा प्रवीण भन्छन् ।

व्यवस्थापन संकायमा स्नातक दलित समुदायका ३१ वर्षीय पुष्पराज खाती पनि महानगरमा सुनचाँदीको गहना व्यवसायमा परिचित नाम हो । कडा मिहिनेत र सीपले ६ वर्षमै उनले यहाँ अलग पहिचान बनाइसकेका छन् । महानगरका झन्डै एक सय सुन पसलमा ६ वटा मात्र दलित जातिकाको छ । कर्मलाई धर्म मान्ने उनले पनि विभेदको सामना गर्नुपरेको छैन । 'हामी पनि बाहुन क्षेत्रीकोमा जान्छौं, उनीहरू पनि हाम्रोमा आउँछन्,' खाती भन्छन् । मिश्रित सामाजिक बनावटले गर्दा विराटनगरमा जातीय भेदभाव नरहेको उनी बताउँछन् । उनका अनुसार अब पुराना पुस्ताका थोरैमा मात्र संकीर्ण जातीय सोच छ । नयाँ पुस्ता जाति वा पुख्यौंली सानभन्दा कर्ममा विश्वास राख्ने गरेको उनी बताउँछन् ।

विराटनगर-रंगेली मुख्य मार्गस्थित जुत्ता-चप्पल पसलमा व्यस्त दलित समुदायकी व्यवसायी ४७ वर्षीया सान दलाल । सबैखाले सामग्री पाउने उनको पसलमा स्वदेशी जुत्ताका पारखी बढी पुग्छन् । *तस्विर : जितेन्द्र/कान्तिपुर*

अढाई दसकदेखि बंगुर पालन गर्दै र मासु बेच्दै आएका डोम (दलित) समुदायका ४६ वर्षीय किरण मरिक जातिकै कारणले अहिले कुनै समस्या नभोगेको बताउँछन् । कुनै बेला हाटबजारमा गएर मासु बेच्थे । विराटनगर जनपथका उनको रंगशालाको सटरमा मासु पसल छ जहाँ बिहानदेखि भीड हुन्छ । सरदर दैनिक आउने ५० बढी ग्राहकमा सबै समुदायका हुने गरेको उनी बताउँछन् । 'ग्राहकमा सबै समुदायका छन् तर जाति, रंग वा कर्मका कारण भेदभाव छैन,' उनी भन्छन्, 'हाम्रो बीचमा केवल ग्राहक र व्यापारीको सम्बन्ध हुन्छ, गुणस्तरीय मासु बेच्नु मेरो पहिचान हो ।'

सडक सफाइ कर्मचारी दम्पति अशोक मरिक र सोनी मरिकले श्रम गरेर समृद्धि पथमा अग्रसर छन् । उनीहरूको मुख्य सहरी क्षेत्रमा सुन्दर घर र आफ्नै सवारीसाधन छ । छोरी दशजोड दुईमा कम्प्यूटर विज्ञान विषय पढ्दैछिन् । पहिले जस्तो अहिले जातीय विभेद नरहेको ४९ वर्षीय अशोक बताउँछन् । त्यसताक समान हक र व्यवहारका लागि निकै लड्नु परेको उनी अझै सम्झन्छन् । '३५ वर्ष अघि म विद्यार्थी उमेरमा हुँदा पीडादायी स्थिति थियो, डुम भनेर चिनेपछि चिया पसल र सैलुनमा छिर्न दिँदैन्थे,' उनी सँझिदै भन्छन्, 'त्यो बेला विरोधको क्रममा एक पसलमा तोडफोड समेत गर्यौं ।'

दलित समुदायले दिनरातको श्रमको बलमा आर्जन गरेको समृद्धि देखेर केही वर्षदेखि अन्य समुदायको सोचमा समेत परिवर्तन आएको स्थानीय एक मन्दिरका पूजारी ५९ वर्षीय रमेश झा बताउँछन् ।

ताप्लेजुङ कांग्रेस सभापतिमा तुम्याहाङ

ताप्लेजुङ (कास)- नेपाली कांग्रेस जिल्ला कार्य समिति ताप्लेजुङको सभापतिमा गजेन्द्रप्रसाद तुम्याहाङ विजयी भएका छन् । सभापतिका प्रतिस्पर्धी छविलाल गुरुङलाई १ सय ५८ मत अन्तरले पराजित गर्दै तुम्याहाङ विजयी भएका हुन् । उनले ५ सय ८८ मत प्राप्त गरेको निर्वाचन अधिकृत तिलक पाण्डेले जानकारी दिए । तुम्याहाङ र गुरुङ प्यानलै बनाएर चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । अधिकांश महाधिवेशन प्रतिनिधि र जिल्ला सदस्यहरू तुम्याहाङ पक्षधर आएका छन् । तुम्याहाङ शेरबहादुर देउवा पक्षका हुन् । नेविसंघबाट राजनीति सुरु गरेका उनी यसअघिको निर्वाचनमा पनि सभापतिको उम्मेदवार बनेका थिए ।

उपसभापतिमा गणेशबहादुर लिम्बू र डिल्लीरमण बराल, सचिवमा डम्बर हाङगाम र नन्दकुमार ओझा, सहसचिवमा जंग मुखिया र नन्दकुमार आङबोहाङ विजयी भएका छन् । पदाधिकारीमा गुरुङको प्यानलबाट गणेशबहादुर मात्रै विजयी भएका छन् । महाधिवेशन प्रतिनिधिमा लीलादेवी बोखिम, इन्द्र केदेम, प्रतापप्रकाश हाङगाम, केशवप्रसाद दाहाल, बलबहादुर तामाङ, युवराज गुरुङ, वीरेन्द्र श्रेष्ठ, तिलप्रसाद सुब्बा, खगेनसिंह हाङगाम, अमिर मादेन, पदमसुन्दर पालुङवा, टीकाराम गुरुङ, छवाङ लढडुक शेर्पा र मणि लामा निर्वाचित भएका छन् । यस्तै तारादेवी भट्टराई, मीनाकुमारी गुरुङ, रिता सेनेहाङ, शिला इजम, माला पालुङवा, गीता कुमारी सेन्दाङ, विश्वराज नाल्वो, राज थेवे, टिकेन्द्र नेपाली र तेन्जिङ शेर्पा निर्वाचित भएका छन् । लीलादेवी बोखिम नेतृत्वको कार्यसमितिले तुम्याहाङ नेतृत्वको कार्यसमितिलाई सोमबारै पद हस्तान्तरण गरेको छ ।

वर्गीकृत डिस्प्ले

स्टक सेल
- कमोड तथा बेसिन रू. १२३५०/-
- बाथरूम टालयहरू रू ६५/-
- बाथरूम सेट धाराहरू रू. १००००/-

MBC European Standard
Mainali Business Concern Pvt. Ltd
Panipokhari 3, Kathmandu
014445970,
9851312628, 9851184701

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

ग्राहकको पर्खाइ

सप्तरीको तिलाठी कोइलाडी-१ बेल्ही भन्सार चौकमा मंगलबार बिक्रीका लागि राखिएका माटोका भाँडाहरू । चाडपर्व नजिकिएसँगै माटोका भाडाको माग बढ्ने गरेको छ ।

तस्बिर : अवधेशकुमार झा/कान्तिपुर

विश्वासको मत लिँदै मुख्यमन्त्री

चार दलको गठबन्धनले प्रदेश सरकार बलियो स्थितिमा

सन्तोष सिंह (धनुषा)

दल विभाजनपछि झन् शक्तिशाली बनेका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले बुधबार प्रदेशसभाको बैठकमा विश्वासको मत लिँदै छन् । मुख्यमन्त्री राउतले प्रतिनिधित्व गर्ने जनता समाजवादी पार्टी विभाजन भएको ३० दिनभित्र राउतले विश्वासको मत लिने प्रस्ताव पेस गरेको प्रदेशसभा संसद् सचिवालयले जनाएको छ ।

तत्कालीन राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी पार्टीको गठबन्धन सरकारमा राउत मुख्यमन्त्री बनेका थिए । पछि, दुवै दल मिलेर बनेको जसपाबाट पनि राउत नै मुख्यमन्त्री रहे । जसपा विभाजन भएर लोकतान्त्रिक समाजवादी पार्टी गठन भएपछि मुख्यमन्त्री राउतले प्रदेशसभा संसद् सचिवालयलाई पत्र पठाएर विश्वासको मतका लागि प्रस्ताव राख्ने जनाएका थिए । अहिले मुख्यमन्त्री राउतसँग दुई तिहाइभन्दा बढी मत छ । पार्टी विभाजनसँगै राउतले आफ्ना सरकारमा कांग्रेस र माओवादी (केन्द्र) लाई समावेश गरिसकेका छन् भने छिट्टै माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) पनि सरकारमा सहभागी हुने तयारी भइरहेको छ ।

यी चारैवटा दलसँग प्रदेशको दुई तिहाइभन्दा बढी सांसद छन् । प्रदेशसभामा १ सय ४ जना सांसद रहेकाले मुख्यमन्त्री राउतलाई विश्वासको प्रस्तावको पक्षमा बहुमतका लागि ५३ मत आवश्यक पर्नेछ । प्रदेशसभामा सतापक्ष जसपाको ३८, कांग्रेसको १९, माओवादीको ८ जना सांसद छन् । १३ जना प्रदेश सांसद रहेको एकीकृत समाजवादीले पनि सरकारलाई समर्थन गरेको छ । प्रमुख प्रतिपक्ष दलका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को १६ र प्रतिपक्ष नेकपा एमालेको ८ जना सांसद छन् ।

प्रदेश प्रमुख हरिशंकर मिश्रले सातौं अधिवेशन आह्वान गरेपछि अधिवेशनको पहिलो बैठकमा मुख्यमन्त्री राउतको विश्वासको मतको प्रस्ताव पेस गर्ने कार्यसूची राखिने प्रदेशसभा संसद् सचिवालयका निमित्त सचिव रञ्जित यादवले बताए । त्यसपछि सांसदलाई पक्ष र विपक्षमा हस्ताक्षर गराउने तयारी संसद् सचिवालयको छ । बुधबार अधिवेशनको पहिलो दिन प्रदेशसभाको २ पटक बैठक बस्नेछ । पहिलो बैठकमा शुभकामना र दोस्रो बैठकमा मुख्यमन्त्रीको प्रस्ताव पेस हुने संसद् सचिवालयले जनाएको छ ।

मुख्यमन्त्रीले संविधानको धारा १८८ अनुसार दल विभाजन भएको ३० दिनभित्र विश्वासको मत लिने व्यवस्था छ । निर्वाचन आयोगले भदौ ९ गते जसपा विभाजन भएर लोसपा गठन भएको र प्रदेश सांसदहरू सनाखत गरेको जानकारी भदौ २५ गते प्रदेशसभालाई दिएको छ । दल विभाजनको मिति भदौ ९ लाई मानेको खण्डमा मुख्यमन्त्रीले विश्वासको मत लिने समय असोज ७ गतेसम्म मात्रै थियो । मुख्यमन्त्रीले प्रदेश सांसद सनाखत गरेको विवरण प्रदेशसभालाई पठाएको मितिले ३० दिनभित्र विश्वासको मत लिन लागेका हुन् ।

लोसपा संसदीय दलका नेता जितेन्द्र सोनलले मुख्यमन्त्री नेतृत्वको सरकार यही कारणले अवैधानिक रहेको दावी गरे । 'यो प्रदेश सरकार संविधानको धारा १८८ को उपधार २ को व्याख्यालाई अपव्याख्या गरी चलेको छ', नेता सोनलले भने, 'निर्वाचन आयोगबाट भदौ ९ गते लोसपाले प्रमाणपत्र लिएको थियो । दल विभाजन ९ गते नै भयो । विश्वासको मत असोज ७ सम्म लिनुपर्ने थियो ।'

निर्वाचन आयोगले दल विभाजनको मिति भदौ ९ गतेलाई मानेको प्रदेशसभा संसद् सचिवालयका यादवले बताए । 'लोसपा रोजेका प्रदेश सांसद भदौ २२ सम्म जसपाकै थिए,' निमित्त सचिव यादवले भने, '२२ गतेअघि त जसपा संसदीय दलकै ह्वीप लाग्थ्यो । प्रदेश सांसदहरू जसपाबाट छुट्टिएर लोसपा रोजेपछि भदौ २५ पछि मुख्यमन्त्रीले विश्वासको मत लिन सक्नुहुन्थ्यो ।' नेकपा एमालेका सचेतक किशोरी साहले मुख्यमन्त्रीले प्रदेशसभामा राख्ने विश्वसको मत प्रस्तावमा एमालेका सांसदले विपक्षमा मत हाल्ने बताए । 'मुख्यमन्त्रीको पक्षमा प्रस्ट बहुमत छ,' साहले भने, 'प्रदेशसभाबाट मुख्यमन्त्रीज्यूले विश्वासको मत पाउनेछन् ।

एक हजार खसीबोका किन्दै खाद्य



कान्तिपुर संवाददाता (पर्सा)

नजिकिएको दसैंलाई लक्षित गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगन्ज शाखाले १ हजार खसीबोका खरिद गर्ने तयारी गरेको छ । मकवानपुरबाट ती खसीबोका खरिद गर्न लागेको शाखाका सूचना अधिकृत मुनिलाल कुशवाहले बताए । पर्सा-बारामा पर्याप्त खसीबोका नपाइने भएकाले शाखाले बर्सेनी मकवानपुरबाट खरिद गर्दै आएको छ ।

खरिदका लागि कार्यालयको कर्मचारी टोली बुधबार मकवानपुर जान लागेको छ । कुशवाहका अनुसार १८ किलो माथिको वजनको बोका प्रतिकिलो ५ सय २० रुपैयाँमा शाखाले खरिद गर्न लागेको छ । २० देखि २५ किलोको खसी प्रतिकिलो ५ सय ७५ रुपैयाँमा र २५ किलो माथिको खसी प्रतिकिलो ५ सय ९५ रुपैयाँमा खरिद गर्न लागिएको उनले बताए ।

खसीबोका खरिदमा शाखाले करिब १ करोड ७५ लाख रुपैयाँ लगानी गर्न लागेको छ । मकवानपुरमा खरिद गरिएका खसी बोका असोज २२ गते राजधानी काठमाडौं पुगिसक्ने उनले बताए । बर्सेनि दसैंलाई लक्षित गरी शाखाले यति संख्यामा खसीबोका खरिद गरेर राजधानी पठाउने गरेको छ । कम्पनीको केन्द्रीय कार्यालयले हरेक वर्ष खसीबोका पाइने क्षेत्रका शाखालाई खसीबोका खरिदको अनुमति दिँदै आएको छ । वीरगन्ज शाखाअन्तर्गत मकवानपुर क्षेत्रमा बढी बाख्रापालन भएकाले त्यहाँबाट सधैंजसो बढी संख्यामा खरिद गरिँदै आएको छ ।

वीरगन्जमा सुपथ मूल्य पसल

शाखाले चाडपर्वको अवसरमा सुपथ मूल्य पसलसमेत सञ्चालन गरेको छ । असोज १ देखि सुरु गरिएको पसल कात्तिक २४ सम्म सञ्चालन हुनेछ । कुशवाहाले पसलबाट साबिकको भन्दा सस्तो मूल्यमा बासमती, स्टिम जिरा मसिनो र सोना मन्सुली चामल बिक्री भइरहेको बताए । सामान्य अवस्थामा शाखाबाट प्रतिकिलो १ सय ५ रुपैयाँमा बासमती चामल बिक्री गर्ने गरेकोमा हाल भने यो चामल प्रतिकिलो १ सय रुपैयाँमा बिक्री भइरहेको छ ।

बासमती चामल १० र २० किलोको प्याकेटमा उपलब्ध छ । त्यसैगरी, स्टिम जिरा मसिनो चामल प्रतिकिलो ५५ रुपैयाँमा बिक्री गरिँदै छ । सामान्य अवस्थामा यो चामल ६० रुपैयाँ किलो बिक्री गरिन्छ । यो चामल २५ किलोको बोरामा उपलब्ध रहेको उनले बताए ।

भारततर्फ इन्धन तस्करी

शंकर आचार्य (पर्सा)

भारतभन्दा नेपालमा सस्तो हुँदा डिजेलको तस्करी हुन थालेको छ । नेपालको तुलनामा हाल भारतमा डिजेल र पेट्रोल क्रमश: २७ र ३० रुपैयाँ महँगो पर्छ । त्यसैले नेपालबाट भारततर्फ तस्करी बढेको हो । हाल वीरगन्जमा प्रतिलिटर पेट्रोल १२८ रुपैयाँ पर्छ भने डिजेल प्रतिलिटर १११ रुपैयाँमा बिक्री भइरहेको छ ।

गत आइतबार नाइत २५६६ नम्बरको ट्रयाक्टरमा डिजेल राखेर चोर बाटोबाट भारततिर लैजाने क्रममा पर्सा प्रहरीले नियन्त्रणमा लियो । प्रहरीले वीरगन्जको जानकी टोलाको बाटो हुँदै भारततर्फ लग्दै गरेको अवस्थामा जगरनाथपुर गाउँपालिका-२ बाट ट्रयाक्टरसहित डिजेल बरामद गरेको थियो । चालक ट्रयाक्टर छाडी फरार भएको प्रहरीको भनाइ छ । ट्यांक्टरमा ७० लिटर डिजेल फेला परेको थियो ।

३ वर्षयता भारतमा भन्दा नेपालमा इन्धन सस्तो पर्दै आएको छ । त्यसैले भारततर्फ इन्धन तस्करी भइरहेको हो । वीरगन्जलगायतका सीमावर्ती बजारका पेट्रोल पम्पमा इन्धन भर्न आउने भारतीय सवारीसाधनको चाप बाक्लै हुन्छ । मोटरसाइकलदेखि चारपांग्रे सवारी आउने गरेका छन् । भारतबाट मालसामान बोकेर भन्सार नाका तथा पर्सा-बारा औद्योगिक करिडोरका उद्योगमा आउने मालवाहक सवारीसाधनले पनि यही इन्धन भरेर फर्कने गरेका छन् । सवारीसाधनमा इन्धन भरेर फर्कनेलाई कारवाही गर्न नसकिए पनि अन्य भाँडाकुँडामा बोकेर तस्करी गर्नेलाई प्रहरीले पक्राउ गर्न सक्छ । तर, ग्रामीण नाकामा प्रहरीको बाक्लो उपस्थिति हुँदासमेत यदाकदा मात्र यस्ता तस्कर पक्राउ पर्छन् ।

मुलुकमै सर्वाधिक इन्धन आयात हुने नाका वीरगन्ज/आईसीपी भन्सार नाकाबाट समेत इन्धनको आयात बढेको तथ्यांकले देखाएको छ । गत र अघिल्लो आर्थिक वर्षमा पनि कोरोना महामारीको समयमा सवारीसाधन कम चलेका थिए । तर, ती दुवै आर्थिक वर्षमा वीरगन्ज नाकाबाट इन्धन आयात बढेको भन्सार कार्यालयको तथ्यांकले देखिन्छ । गत आवमा वीरगन्ज नाका हुँदै ६४ अर्ब ६० करोड ५४ लाख ६७ हजार रुपैयाँ बराबरको ११ लाख ८९ हजार ७ सय ७३ किलो लिटर डिजेल आयात भएको छ । अघिल्लो आवमा ५८ अर्ब २३ करोड ४ लाख ८३ हजार रुपैयाँ बराबरको १० लाख २३ हजार ५ सय ९४ किलो लिटर डिजेल आयात भएको थियो । भन्सार तथ्यांकले पेट्रोलको आयात पनि बढेको देखाएको छ । गत आवमा यो नाका हुँदै १७ अर्ब ८४ करोड २६ लाख २५ हजार रुपैयाँ बराबरको ३ लाख २८ हजार ९ सय ५२ किलो लिटर पेट्रोल आयात भएको छ । अघिल्लो आवमा यो नाका हुँदै १७ अर्ब २४ करोड १३ लाख ९९ हजार रुपैयाँ बराबरको ३ लाख ११ हजार १ सय ३७ किलोलिटर पेट्रोल आयात भएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी ओमप्रकाश खनालले जिल्लाको ग्रामीण भेगबाट भारततर्फ इन्धन तस्करी बढी हुने गरेको बताए । 'विशेष गरी खेतीपाती प्रयोजनका लागि जेनरेटर तथा ट्रयाक्टरमा प्रयोग गर्न भनी ट्रयाक्टरमै बोकेर खेततर्फ लग्ने चलन छ,' उनले भने, 'खेतीपातीको बहानामा इन्धन भारततर्फ लग्ने गर्छन्, नियन्त्रणका लागि सक्दो प्रयास जारी छ ।'

घोरासैनी हत्याका योजनाकार पक्राउ

कान्तिपुर संवाददाता (रौतहट)

चन्द्रपुर नगरपालिका-३ गैंडाटारका ५० वर्षीय रोहिणीप्रसाद घोरासैनीको हत्या आरोपमा प्रहरीले उनकै छिमेकीलाई पक्राउ गरेको छ । हत्याका मुख्य आरोपी भनिएका उनलाई मंगलबार प्रहरीले सार्वजनिक गरेको हो ।

हत्याको योजना बनाएको आरोपमा गैंडाटारकै ३८ वर्षीय डोलप्रसाद बोलखेलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले काठमाडौं प्रहरीको सहयोगमा दरबारमार्ग आसपासको क्षेत्रबाट पक्राउ गरेको जनाएको छ । हत्यापछि बोलखे फरार थिए । उनले १४ वर्ष पुरानो तृषका कारण छिमेकीको हत्या गरेको प्रहरीको भनाइ छ । हत्यामा संलग्न भएको आरोपमा अन्य ३ जना यसअघि नै पक्राउ परिसकेका छन् । गत भदौ २६ गते ५० वर्षीय घोरासैनीको नजिकको जंगलमा घाँस काट्न गएको मौका छोपी हत्या गरिएको थियो । उनको शव रुखमा झुन्डिएको अवस्थामा फेला परेको थियो ।

इलाका प्रहरी चन्द्रनिगाहपुरका डीएसपी लीलाराज लामीछानेका अनुसार बोलखेले गैंडाटारकै प्रल्हाद फुयालको सहयोगमा सिन्धुली, पिपलमाडी गाविस-९ घर भई हाल पर्सा जिल्ला पर्सागढी नगरपालिका-३ सिर्जना टोलका रमेश पहरी र पूर्वी नवलपरासीको कावासोती नगरपालिका-८ का सूर्यबहादुर भण्डारीलाई ३ लाख सुपारी दिएर घोरासैनीको हत्या गर्न लगाएका थिए । उनीहरू बीच पुरानो रिसइबी थियो ।

मृतक रोहिणीप्रसाद र योजनाकार बोलखेको परिवार २० वर्षदेखि गैंडाटारमा छिमेकी थिए । रोहिणीका बुवा भीमदत धामीझाँक्रीको काम गर्थे । उनी गाउँमा झारफुक पनि गर्थे । बोलखेका परिवारमा कोही बिरामी परे भीमदत्तले तन्त्रमन्त्र गरेको आरोप लगाउँथे । यही कारण दुवै परिवारबीच मनमुटाव थियो । बोलखेले रिसइबी साध्न करिब १३ वर्षअघि पनि भीमदत्तलाई आक्रमण गरी घाइते बनाएका थिए । त्यतिबेला गाउमै छलफलपछि मिलापत्र भएको थियो ।

तर घोरासैनी परिवारप्रति बोलखेको तुष मेटिएको थिएन । उनले त्यसपछि घोरासैनीको हत्या गर्ने योजना बनाएको अनुसन्धानबाट खुल्न आएको डीएसपी लामिछानेले बताए । पक्राउ परेका चारै जनाले अपराध स्विकारेको प्रहरीले जनाएको छ ।

वर्गीकृत डिस्प्ले

स्टक सेल
- कमोड तथा बेसिन रू. १२३५०/-
- बाथरूम टालयहरू रू ६५/-
- बाथरूम सेट धाराहरू रू. १००००/-

MBC European Standard
Mainali Business Concern Pvt. Ltd
Panipokhari 3, Kathmandu
014445970, 9851312628, 9851184701

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरूमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

‘वडाध्यक्षमा लड्ने क्षमता छ, पैसा छैन’

दलित महिला जनप्रतिनिधिले पोखे गुनासो

कान्तिपुर संवाददाता (पोखरा)

अस्थायी शिक्षकको जागिर छाडेर पोखरा-२१ निर्मलपोखरीकी सीता विक स्थानीय तहको निर्वाचनमा होमिइन्। एमालेबाट दलित महिला वडा सदस्यमा निर्वाचित भइन्। वडाबाटै प्रतिनिधित्व गर्दै उनी कास्कीको जिल्ला समन्वय समिति सदस्यमा चुनिइन्। कार्यकाल सकिन केही महिनामात्रै बाँकी रहँदा त्यसपछि के गर्ने भन्ने द्विविधाले उनलाई पिरोलेको छ।

पाँच वर्ष जनप्रतिनिधि भएर समय लगानी गरिसकेपछि फेरि फर्किएर शिक्षक बन्न उनको मनले मान्दैन। वडाध्यक्ष लड्न पार्टीले टिकट दिँदैन। ‘अब गृहिणी बनेर घरमै फर्किने हो भने उपलब्धिले सार्थकता पाउँदैन,’ उनी भन्छिन्, ‘चुनाव लड्न महँगो छ। रकम नभएकाले टिकट पनि पाइँदैन।’ मंगलबार पोखरामा आयोजित अन्तर्क्रियामा दलित महिला जनप्रतिनिधिले आफू वडाध्यक्षको चुनाव लड्न हरेक हिसाबले सक्षम भए पनि पैसाकै कारण पछि हट्नुपर्ने स्थिति आउने बताए। दलित महिला संघ (फेडो) ले आयोजना गरेको कार्यक्रममा उनीहरूले साढे ४ वर्षको अनुभव सुनाए।

पोखरा-३२ कि वडा सदस्य सुनमाया नेपाली फेरि दोहोरिएर दलित महिला वडा सदस्यको चुनाव लड्ने पक्षमा छैनन्। वडाध्यक्षमा चुनाव लड्न आफूलाई पैसाकै अभाव हुने उनी ठान्छिन्। ‘वडाध्यक्षमा लड्न बीसौं लाख रुपैयाँ खर्च गर्नुपर्ने स्थिति छ,’ उनी भन्छिन्, ‘अरू क्षमता हुँदाहुँदै हामीले पैसा लगानी गर्न सकिन्न। पार्टीले पनि खर्च गर्न सक्नेलाई टिकट दिन्छ।’ दलित महिलालाई कोटामा मात्रै सीमित नराखेर खुला महिला सदस्यमा पनि निर्वाचित गराउनुपर्ने उनी बताउँछिन्। पोखरा-१५ की वडा सदस्य मन्दिरा परियार हालका दलित महिला वडा सदस्यले यसभन्दा माथिल्लो पदमा टिकट पाउनै गाह्रो देख्छिन्। ‘योग्य हुँदाहुँदै पनि माथि गएर टिकट पाउन गाह्रो छ,’ उनी भन्छिन्, ‘अब वडाध्यक्षमा टिकट माग्ने हो तर पाइन्न।’

पोखरा-१२ की वडा सदस्य विष्णु विक पार्टीले वडाध्यक्षमा दलित महिलालाई कुनै हालतमा टिकट नदिने ठोकुवा गर्छिन्। साढे चार वर्षको अवधिमा राजनीतिक दलले जनप्रतिनिधिलाई कुनै सुझाव, सल्लाहसमेत नदिएको उनको अनुभव छ। हालका दलित महिला वडा सदस्यले एक कार्यकाल पुनः दोहोऱ्याउनुपर्ने पक्षमा उनी छन्। ‘पाँच वर्षमा हामी निखारिएका छौं,’ उनले भनिन्, ‘अर्को आए भने फेरि शून्यबाट सुरु गर्नुपर्छ।’

‘बजेट छैन, भएको पनि खर्च हुँदैन’

पोखरा-१२ मा चालु आर्थिक वर्ष १ करोड रुपैयाँको हाराहारीमा बजेट हुँदा दलितका लागि २० हजार रुपैयाँ मात्रै छुट्याइयो। वडा नम्बर ७ मा १ करोड १० लाख रुपैयाँ बजेट हुँदा ५० हजार रुपैयाँ छुट्टियो। दलित समुदायबाट वडाध्यक्ष भएको २८ नम्बर वडाले १ लाख ५० हजार रुपैयाँ छुट्याएको। क्षमता अभिवृद्धि, सीपमूलक

पोखरामा मंगलबार आयोजित अन्तर्क्रियामा बोल्दै दलित महिला जनप्रतिनिधि। *तस्बिर : कान्तिपुर*

तालिम, सचेतना अभिवृद्धिलगायतमा उक्त रकम खर्च हुँदै आएको छ। उक्त बजेट पर्याप्त नभएको दलित महिला जनप्रतिनिधि बताउँछन्।

पोखरा-२१ की वडा सदस्य सीता विक दलित महिला जनप्रतिनिधिको भेलाले वडामा ५ प्रतिशत बजेट दलित समुदायका लागि छुट्याउन दबाब दिए पनि वडाले कुनै सम्बोधन नगरेको बताइन्। उनकै वडामा साविकका दुई गाविस गाभिएका हुन्। साविकका एउटा गाविसले लक्षित समूहलाई छुट्याउनेभन्दा कम बजेट यसपल्ट नगरका वडाले छुट्याएका छन्। दलित महिला वडा सदस्यले ल्याएका योजनामा वडाले बजेट नछुट्याउने गरेको उनको गुनासो छ। उनी जिल्ला समन्वय समितिमा समेत रहेको भन्दै उतैबाट बजेट ल्याउनुपर्ने जवाफ पाउने गरेकी छन्। ‘निर्वाचित हुने बेलासम्म अब दलितमैत्री वातावरण बनाउँछु, आमूल परिवर्तन गर्छु, समाजलाई जुरुक्कै उचाल्छु भन्ने मनमा थियो,’ उनले भनिन्, ‘वडाले थारै बजेट छुट्याएर थम्थमाउने काममात्रै गऱ्यो। बजेट नहुँदा जति गर्छौं भन्ने थियो त्यति सकिएन। तर आफूले सक्दो गऱ्यौं भन्ने कुराले आत्मसन्तुष्टि मिल्छ।’

स्थानीय तह बन्नुअघि निश्चित प्रतिशत बजेट लक्षित समुदायका लागि छुट्याउने नीति भए पनि अहिले सिंगो कार्यक्रम महानगरको मातहतमा राखिएको पोखरा-३२ कि वडा सदस्य सुनमाया नेपालीले बताइन्। यद्यपि, उनको वडामा पहिलो र दोस्रो वर्ष छुट्याएको बजेट कार्यान्वयन नभएको अनुभव उनीसँग छ। उनको वडामा पहिलो वर्ष दलित महिलाको सीप विकासका लागि ४ लाख रुपैयाँ छुट्याइएकामा कार्यान्वयन नै भएन। दोस्रो वर्ष दलित महिलाको स्वास्थ्य बिमामा २ लाख रुपैयाँ छुट्याइए पनि कार्यान्वयनमा गएन। पोखरा-१२ की सदस्य विष्णु विकले वडाले गर्ने कार्यक्रममा दलित समुदायकै उपस्थिति कम हुने बताइन्। दलित समुदायकै लागि राखिने सीपमूलक तालिम, सचेतना कार्यक्रममा सहभागी हुन चासो नदिने गरेको उनी बताउँछिन्। ‘दिनभरि मजदुरी नगरे बेलुका छाक टार्न गाह्रो पर्छ,’ उनले भनिन्, ‘तालिममा गएर के पाइन्छ र भन्ने प्रवृत्ति छ।’ पोखरा-१० की वडा सदस्य प्रतिभा विश्वकर्मा पोखरेलको अनुभव पनि उस्तै छ। वडाका कार्यक्रममा दलितलाई सहभागी गराउनै गाह्रो हुने गरेको उनले सुनाइन्।

‘वडामै हेपिन्छन् दलित महिला’

संविधानले व्यवस्था गरेपछि हरेक वडामा एक जना दलित महिला सदस्य अनिवार्य निर्वाचित भए। राजनीतिक रूपमा सक्रिय दलित महिलाले अवसर पाए। कतिपय स्थानमा भने राजनीतिमा उतिसारो सक्रिय नभएका दलित महिला निर्वाचित हुन पुगे। देशभर दलित महिला नै नभएका ७६ वटा वडामा उक्त पद रिक्त छ। निर्वाचित भएर आएपछि वडा समितिभित्रै अपहेलित हुनुपरेको अनुभव दलित महिला सदस्यले सुनाएका छन्। वडा समितिभित्र खुला महिला सदस्यले नै दलित महिला सदस्यलाई अपहेलना गर्ने गरेको पोखरा-२१ की वडा सदस्य सीता विकले सुनाइन्। ‘आफूहरू मात्रै जान्ने, पढेलेखेको, जानेको, बुझेको जस्तो व्यवहार भयो,’ उनले भनिन्, ‘बैठकमा पनि बोलाउनैपर्ने बाध्यता भएकाले मात्रै बोलाइन्थ्यो।’ महानगरकै एक वडामा दुई महिला वडा सदस्यबीच बोलचाल बन्द भएपछि गण्डकी प्रदेशकी उपसभामुख सिर्जना शर्माको क्वाटरमै पुगेर विवाद मिलाउनुपरेको उनले सुनाइन्।

पोखरा-१० की वडा सदस्य प्रतिभा विश्वकर्मा पोखरेल उम्मेदवार बन्ने बेलामा पार्टी कार्यकर्ताबाटै विभेदको सिकार बनिन्। कांग्रेसले वडामा स्थापना गरेको चुनावी सम्पर्क कार्यालयमा गैरदलित कार्यकर्ताले ‘दलितलाई नमस्कार गर्नुपर्ने भयो’ भनेको सुनेपछि उनले पार्टीमा गुनासो पोखिन्। ती कार्यकर्ताले पछि माफी मागे। पोखरा-९ की वडा सदस्य गीता चर्मकारले वडामा हुने कार्यक्रममा वडाध्यक्षले आफूलाई चिया नवाँड्न भनेको स्मरण गरिन्। पोखरा-३ कि वडा सदस्य सबु परियारले वडाध्यक्षले कार्यवाहक दिने बेलामा दलित महिलालाई कम विश्वास गर्ने गरेको अनुभव सुनाइन्।

दलित महिला संघका कार्यकारी निर्देश नरेश सोवले वडामा योजना बनाउने, बजेट छुट्याउनेलगायत कार्यमा जनप्रतिनिधि चनाखो हुनुपर्ने सुझाए। उनले गण्डकी प्रदेशमा दलित सशक्तीकरण विधेयक पास गर्न सबैले पहल गर्न उनले अनुरोध गरे। ‘अहिले भइरहेको व्यवस्था नै हटाउने षड्यन्त्र पनि भइरहेका छन्,’ उनले भने, ‘यसतर्फ जनप्रतिनिधि पनि चनाखो हुनुपर्ने अवस्था छ।’

मुक्तिनाथमा खचाखच दर्शनार्थी

घनश्याम खड्का (म्याग्दी)

कोरोना कहरले दुई वर्षदेखि कागबेनी र मुक्तिनाथ मन्दिर सर्तसहित खुला भएपछि सोह्रश्राद्धमा कागबेनीमा पितृलाई श्राद्ध र मुक्तिनाथ दर्शन आउने आन्तरिक पर्यटकको संख्या बढेको छ। म्याग्दी प्रवेश गर्ने मुख्य नाकामा रहेको कालीपुल चेकपोस्टको अभिलेखअनुसार २०७६ फागुन २२ पछि मंगलबार सर्वाधिक धेरै २५ वटा बस र ४० बढी जिप/स्कारपियो मुस्ताङ गएका छन्। ‘सुरुको लकडाउनपछि आज धेरै यात्रुवाहक गाडी मुस्ताङ गएका छन्। म्याग्दी र पोखराबाट जोमसोम चल्ने नियमित रुटका चार वटा बसबाहेक मंगलबार दिउँसो ३ बजेसम्म रिजर्भ सवारी मुस्ताङ गएका हुन्। मोटरसाइकलको यहाँ रेकर्ड राख्ने गरिएको छैन’ चेकपोस्टका प्रहरी हवल्दार बिर्खबहादुर शाहीले भने, ‘कालीपुल चेकपोस्टमा ड्युटी बसेको पछिल्लो १८ महिनामा यति धेरै यात्रु र गाडी आएको पहिलो पटक हो। पछिल्लो दुई सातामा बाइक राइडर र मोटरसाइकलमा डुल्न आउनेको संख्या पनि दैनिक ४०-५० पुग्छ।’

सरकारी, संस्थान, नियोग र निजी सवारीसाधनको अभिलेख नराख्ने भएकोले मुस्ताङ जाने यात्रुको संख्या अझ धेरै हुन सक्छ। मोटरसाइकलको संख्या पनि अत्यधिक वृद्धि भएको छ। असोज दोस्रो सातादेखि मुस्ताङ भ्रमणमा आउने पर्यटको संख्या बढ्न थालेको हो। मुस्ताङ प्रशासनले ७ दिनभित्रको पीसीआर नेगेटिभ रिपोर्ट वा ७२ घन्टाको एन्टिजेन वा पूर्णखोप प्राप्त गरेको कार्डवाहकलाई असोज १० देखि मुक्तिनाथ दर्शनका लागि खुला गरेपछि आन्तरिक पर्यटक ह्वात्तै बढेका हुन्। केही भारतीय पर्यटक पनि मुक्तिनाथ आउन थालेका छन्। सोमबार र मंगलबार दिउँसो ३ बजेसम्मको अभिलेखअनुसार सबैभन्दा बढी पोखराबाट रिजर्भ जिप र बसमा आएका छन्। बुटवल, भैरहवा, चितवन, दाङ, धादिङ, दमौलीबाट पनि उत्तिकै आएका छन्।

आन्तरिक तथा बाह्य पर्यटक बढे पनि निर्माणाधीन बेनी-जोमसोम सडकमा सवारी चाप बढेको तर मनसुन अझै नरोकिएकाले पहिरो र हिलोले गर्दा यात्रुलाई सास्ती भएको छ। सबैभन्दा साँघुरो र अप्ठेरो बेनी-घाँसा ३८ किमि क्षेत्रमा सडक विस्तारको काम भइरहेको, बर्खाको पहिरोले सडक झन् साँघुरो बनेको र मनसुन नरोकिएकोले सडक हिलाम्मे हुँदा यात्रा कष्टकर भएको छ।

‘साँघुरो, हिलाम्मे र भिरालो सडकमा सबै गाडी चलाउन सजिलो छैन। पहिरोग्रस्त सडक अझै जोखिमपूर्ण छ’ बेनी-जोमसोम सडकका जिपचालक हिरा पुनले भने, ‘संसारको गहिरो गल्छीमा पर्ने दाना काप्रे खण्डमा बस र टु ह्वील गाडी डोजरले तानेर पार गराउनुपर्ने बाध्यता छ। यहीं ट्राफिक जाम हुने समस्या छ।’

> २ वर्षमा सर्वाधिक सवारी भित्रिए हिलाम्मे सडकले यात्रुलाई सास्ती

मनसुनले गर्दा सडक झन् जोखिमपूर्ण भएका छन। हिलोमा गाडी फस्दा घन्टौं सडक जाम हुने गरेको छ। ७६ किमि सडक छिचोल्न ठूला बसलाई ७ घण्टासम्म लाग्छ। फोर ह्वीलर साना गाडीलाई पनि ४ घन्टा लाग्छ। मुस्ताङ भ्रमण खुल्ला गरिएसँगै बेनी-जोमसोम सडकमा लामो समयदेखि ठूला यात्रुवाहक बस चल्न थालेका छन। ठूला बस, निर्माण सामग्री बोकेर उकालो लागेका ट्रक र मुस्ताङबाट स्याउ बोकेर झरेका ट्रक पहिरोग्रस्त, साँघुरा र हिलाम्मे सडकमा पास हुन नसक्दा ट्राफिक जाम हुने गरेको हो। पहिरोले साँघुरा बनेका सडक हिलाम्मे हुँदा सडकमा दुर्घटनाको जोखिम बढेको छ।

‘हिलाम्मे र साँघुरो सडकमा देशभरबाट भित्रिएका जिप, स्थानीय रुटका बस, मोटरसाइकल र मालवाहक ट्रकको चापले सिंगल लेनको बेनी-जोमसोम सडकमा ट्राफिक समस्या हुन थालेको छ,’ सडक विभागका स्थानीय सुपरभाइजरसमेत रहेका स्थानीय इन्द्रसिं शेरचनले भने, ‘बेनी जोमसोमको गलेश्वर, भीरकाटे र दानाको गुइँठे तथाकाप्रे खण्डमा अधिक समस्या हुने गरेको छ। पानी पर्न नरोकिएकोले मुस्ताङ आउन अझै हतारो नगर्दा राम्रो।’

डुम्रे-बन्दीपुर सडक विस्तारमा ‘अनियमितता’

सम्झना रसाइली (तनहुँ)

उपभोक्ता समितिमार्फत डुम्रेस्थित नाहालादेखि बन्दीपुरसम्मको करिब ८ किलोमिटर सडक खण्ड फराकिलो पार्दा अनियमितता भएको महालेखाको प्रतिवेदनले औंल्याएको छ। महालेखाको प्रतिवेदनमा उक्त सडक खण्ड चाक्लो बनाउन ३६ लाख ७३ हजार ९३ रुपैयाँ मूल्यांकन गरी बन्दीपुर गाउँपालिकाले समितिको नाममा ३२ लाख १९ लाख २९० रुपैयाँ भुक्तानी गरेको उल्लेख छ। महालेखाले नियमविपरीत भुक्तानी गरेको भन्दै ५ लाख ७६ हजार २ सय ४९ रुपैयाँ बेरुजु देखाएको छ।

उक्त सडक खण्ड चौडा गर्दा वर्ष वोर्क क्याल्कुलेसन सिटअनुसार जम्मा ९२४.५ घनमिटर रोड कटिङको कार्य भएकोमा २१७१.०८ घनमिटर कडा चट्टान फोरेको देखाइएको छ। सो कार्यको पुनः विस्तृत नापी नगरेको र वर्ष वोर्क क्याल्कुलेसन सिटमा समेत कार्य भएको नदेखिएको ५४२.७७ घनमिटर कडा चट्टान डोजरमार्फत ब्रेकर लगाएको उल्लेख गरी प्रतिघनमिटर ११८२.३५ का दरले कडा ढुंगा फोरेको खर्च लेखेको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

वर्ष वोर्क क्याल्कुलेसन सिट अनुसार सडक चौडा गर्ने कार्यका लागि जम्मा ९२४८.५ घनमिटरको रोड कटिङको कार्य भएको मध्ये २१७१.०८ घमी कडा चट्टान फोरेको देखिएकोमा पुनः चेनेज नखुलेको क्याल्कुलेसन सिट र विस्तृत नापीमा नचढेको ५४२.७७ घमी. कडा चट्टान ब्रेकर लगाएर फोरेको खर्च लेख्न नमिल्ने महालेखाले जनाएको छ। त्यस्तै, ब्रेकर लगाएर कडा चट्टान फोर्ने कार्य भएको नदेखिएकोमा भएको भनी ५४२.७७ घनमिटरको ६ लाख ४१ हजार ७७४ रुपैयाँ खर्च लेखेकोमध्ये उपभोक्ता समितिको अंश १०.२१ प्रतिशत घटाई बढी भुक्तानी भएको ५ लाख ७६ हजार २४९ रुपैयाँ असुल गर्न महालेखाले भनेको छ।

कडा ढुंगा फोरेको खर्च लेख्ने तर फोरिएको नदेखिने कारणले कामको अवस्था यकिन नभएको, स्थानीय दरले ३२ लाख ८१ हजार ४५ रुपैयाँ मूल्य पर्ने उक्त २७१३.८५ घमी ढुंगाको स्थिति यकिन गर्न महालेखाको प्रतिवेदनमा छ। डुम्रे-बन्दीपुर सडक खण्डमा डिभिजन सडक कार्यालयले सडक चौडा गर्ने र नाली निर्माण गरेको अवस्थामा पालिकाले समेत सोही स्थान र चेनेजमा सडक चौडाइको कार्य गर्दा दोहोरोपन गरेको महालेखाले भनेको छ।

छोटकरी

कोरोना मृतक परिवारलाई ५० हजार

पूर्वी नवलपरासी (कास)- कावासोती नगरपालिकाले कोरोनाले ज्यान गुमाएकाका परिवारलाई ५० हजार रुपैयाँ दिने भएको छ। नगर उपप्रमुख प्रेमशंकर मर्दनियाले दसैंअघि नै रकम वितरण गरिने जानकारी दिए। कावासोतीभित्र १९ महिनाको अवधिमा ६४ जनाको कोरोना संक्रमणबाट ज्यान गएको छ। मृतक ३७ पुरुष र २७ महिला छन्।

सर्पदंशबाट मृत्यु

पूर्वी नवलपरासी (कास)- मध्यबिन्दु-१३ कोटथर निवासी १४ वर्षीया प्रविता कार्कीको सर्पले डस्दा सोमबार राति मृत्यु भएको छ। गोठमा राखेको कपडा झिक्न जाँदा उनलाई सोमबार साँझ सर्पले डसेको थियो। तत्कालै जिल्ला अस्पताल लगिएकोमा उपचार हुन नसकेपछि चितवनको भरतपुर अस्पताल लगिएकोमा उपचारकै क्रममा राति नै मृत्यु भएको प्रहरीले जनाएको छ।

रैथाने खान्कीमा आकर्षण

दीपक परियार (पोखरा)

भदौ महिनाभर पोखरा-१५ नयाँगाउँकी रीता गुरुङको भान्सामा निगालाको टुसा टुटेन। माछापुच्छ्रे गाउँपालिकाको भुर्जुङखोलाबाट उनले वर्षैपिच्छे टुसा मगाउँछिन्। बर्खामा तनहुँबाट आउने निगुरो उनको प्रिय परिकार हो। यतिबेला उनको भान्सामा घान्द्रुकमा रहेका आफन्तले पठाएको ढकायो (लेकमा पाइने साग) को गुन्द्रुक पाक्छ। रैथाने परिकार खोजीखोजी खान उनलाई खुब चाख लाग्छ। पोखरामा खोजेजति रैथाने परिकार पाउन उनलाई अझै गाह्रो छ। आफ्नै टोलमा खुलेको अन्नपात एग्रो प्रालिमा पुगेपछि उनले कागुनो भेटिन्। साविकको सार्दीखोला गाविसबाट पोखरा झरेको २५ वर्षपछि उनले पोखरामा कागुनो देखेकी हुन्। ‘पहिला पहिला गाउँघरतिर खुब खाइन्थ्यो, बजार झरेपछि देखेको थिइनँ,’ उनले भनिन्, ‘यस्तो परिकार खोजी खोजी खान मन लाग्छ।’ गाउँघर र वनपाखामा पाइने तरकारी, फलफूल स्वादिलो र स्वस्थ दुवै हुने उनी बताउँछिन्।

पोखरा रामबजारका मनबहादुर थापा सकेसम्म अर्ग्यानिक खाना खोज्छन्। बजार जाँदा उनी रसायनिक मल र कीटनाशक औषधि प्रयोग नहुने किसिमका तरकारीको खोजी गर्छन्। अन्नपात एग्रोमा पुगेर उनले बाजुराको कालो सिमी किने। ‘सानैदेखि गाउँघरकै खान्की खाएर हुर्कियो,’ भूतपूर्व भारतीय सैनिक ६३ वर्षीय थापाले भने, ‘विष नहालेको तरकारी खोजीखोजी खान्छु। अझै हट्टाकट्टा छु।’

पोखरामा रैथाने खान्कीप्रतिको आकर्षण बढ्दो छ। पछिल्ला दिन यहाँका स्थानीयको ‘लोकल र अर्ग्यानिक’ परिकारप्रतिको बढ्दो आकर्षण देखेर ४७ जनाको समूहले पोखरा-१५ रामबजारमा शनिबारदेखि अन्नपात एग्रो

पोखरा-१५ रामबजारमा सञ्चालनमा रहेको अन्नपात एग्रो प्रालिमा बिक्रीका लागि राखिएको रैथानै बाली कागुनो। *तस्बिर : दीपक/कान्तिपुर*

सञ्चालनमा ल्याएका छन्।

कृषितर्फ सरकारी सेवामा ३४ वर्ष बिताएका बेनीबहादुर बस्नेत सञ्चालक समितिको अध्यक्ष छन्। कम्पनीमा कृषि, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि उत्पादन, वित्तीय संस्था र उद्यमशीलतामा आबद्ध व्यक्तिको लगानी छ। जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-वर्ड), गण्डकी प्रदेश कृषि विकास निर्देशनालयले सहयोग गरेका छन्। अन्नपातका प्रबन्ध निर्देशक डा.रामबहादुर रानाका अनुसार रैथाने बाली उत्पादन गर्ने कृषकबाट खरिद गरेर प्याकेजिङ हाउसमा जम्मा गरिन्छ। मुलुकभित्रै उत्पादित तरकारी, फलफूल र अन्य खाद्यवस्तु संकलन गरिन्छ। पोखरा जलाधार क्षेत्रमा उत्पादित बास्नादार पोखरेली जेठोबूढो, औषधीय गुण भएको रातो अनदी, पोषणयुक्त कागुनो, प्रांगारिक मह, कफी, मसलाजन्य उत्पादनहरू अदुवा, बेसार, टिम्मुर, च्याउ, मह, दाल, तेल, ताजा तरकारी, फलफूल लगायत विभिन्न खाद्यसामग्री कम्पनीमा छन्। अन्नपातको ब्रान्डमा ती उत्पादन बिक्री हुन्छन्। हाल प्याकेजिङ हाउसबाट बिक्री वितरण गरिरहेकोमा पोखराको मुख्य बजार र काठमाडौंमा समेत आउटलेट बनाउने र अनलाइनमार्फत देशका प्रमुख सहरमा विस्तार गर्ने कम्पनीको लक्ष्य छ। पोखराभित्र भने अहिले पनि अनलाइनबाट मगाउन सकिन्छ।

अन्नपातका अध्यक्ष बेनीबहादुर बस्नेत सामाजिक उद्यमशीलताअन्तर्गत स्थानीय कृषकको प्रत्यक्ष सहभागितामा उत्पादित सामग्रीको संकलन, प्रशोधन र बजारीकरण गर्ने उद्देश्यका साथ कम्पनी सञ्चालनमा ल्याएको बताउँछन्। कम्पनीले आफ्नो खुद मुनाफाको ३ देखि ७ प्रतिशत जैविक विविधता संरक्षणमा पुनर्लगानी गर्ने उनले बताए। ‘एकातिर कृषकले आफूले उत्पादन गरेका खाद्य उत्पादनका उचित मूल्य र बजार नपाउने समस्या त छँदै छ, अर्कोतिर उपभोक्ताले समेत आफूले रोजेका, खोजेका स्वास्थ्यवर्द्धक र सुरक्षित खाद्य उत्पादन नपाउने अवस्था छ,’ उनले भने, ‘अन्नपातले उत्पादक र उपभोक्तालाई जोड्ने साँघुको कार्यसमेत गर्नेछ।’

ली-वर्डका कार्यकारी निर्देशक डा.बलराम थापा रैथाने बालीमा पर्याप्त अनुसन्धान नै नभएको बताउँछन्। अनुसन्धानबाट प्रविधिको सहयोगमा रैथाने बालीको उत्पादन बढाउन सकिने उनले बताए। ‘अझै पनि रैथाने बालीलाई अपहेलित भनेर चिनिन्छ,’ उनी भन्छन्, ‘तर, भविष्यको बाली भनेकै रैथाने बाली हो भन्ने कृषि वैज्ञानिकहरूको तर्क छ।’ सुरक्षित र विषाधिमुक्त खाना उपभोक्ताले खान पाउन भन्ने अन्नपातको उद्देश्य रहेको उनले बुझेका छन्। बजारीकरणको माध्यमबाट रैथाने बालीको प्रवर्द्धन गर्ने अन्नपातको उद्देश्य रहेकोले पनि ली-वर्डले सहयोग गरेको उनले बताए।

ली-वर्डले रैथाने बालीमा आधारित विभिन्न अनुसन्धान र विकासमूलक परियोजना सञ्चालन गरिरहेको छ। रैथाने बाली तथा जातको पहिचान, अभिलेखीकरण, संरक्षण तथा प्रवर्द्धन संस्थाले गर्दै आएको छ। रैथाने बाली प्रवर्द्धनका लागि गरिएका प्रयास पूर्णरुपमा प्रांगारिक कृषि पद्धतिमा आधारित हुन्छ। केही हदसम्म रैथाने जातका खेती गर्ने कृषक, संलग्न कृषक समूह तथा सहकारी र व्यवसायीको आम्दानी वृद्धिमा टेवा पुगिरहेको छ।

प्रदेश कृषि विकास निर्देशक वासु रेग्मी रैथाने बीउ जोगाउनु चुनौतीपूर्ण रहेको बताउँछन्। बजारबाट हाइब्रिड बीउ खरिद गर्ने चलन बढ्दा अर्बौं रुपैयाँ विदेशिएको उनको भनाइ छ। ‘बीउको व्यवसायीकरणसँगै स्थानीय जातका बीउ लोप हुँदै गएका छन्,’ उनले भने, ‘बीउ छनोट र भण्डारण गर्ने परम्परागत ज्ञान, सीप र प्रविधि हराउँदै गएका छन्। बीउको आयात बढिरहेको छ। यसलाई घटाउनुपर्छ।’ कृषिलाई उद्योगको रूप दिने र कृषकलाई उद्यमी बनाउने अभियानमा अन्नपातजस्तै अन्य लगानीकर्ता पनि अघि सर्नुपर्ने उनले बताए।

वर्गीकृत डिस्प्ले

स्टक सेल
- कमोड तथा बेसिन रू. १२३५०/-
- बाथरूम टालयहरू रू ६५/-
- बाथरूम सेट धाराहरू रू. १०००० /-

MBC European Standard
Mainali Business Concern Pvt. Ltd
Panipokhari 3, Kathmandu
014445970, 9851312628, 9851184701

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरूमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

छोटकरी

पौडी खेल्दा दुईको मृत्यु

बर्दिया (कास)- बारबर्दिया नगरपालिका-४ कुसुम्बाघाटस्थित बबई नदीमा पौडी खेल्ने क्रममा दुई जनाको डुबेर मृत्यु भएको छ। एक जनाको उद्धार गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ। सोमबार बेलुका नदीमा नुहाउने क्रममा मधुवन नगरपालिका-८ का ३५ वर्षीय विष्णु खरेलको सकुशल उद्धार गरिएको सशस्त्र प्रहरी उपरीक्षक नरबहादुर रावतले बताए। बेपत्तामध्ये बाग्लुङको बुर्तिबाङका ३४ वर्षीय हुकुम विक र बारबर्दिया-४ घोरपिट्टाका ३४ वर्षीय लेखनाथ पौडेल मृत अवस्थामा फेला पारेको उनले जनाए।

पहाडी जिल्लामा चामल पठाइँदै

नेपालगन्ज (कास)- दसैंलाई लक्षित गर्दै खाद्य व्यवस्था तथा व्यापार कम्पनी नेपालगन्जले पहाडी जिल्लामा चामल पठाउन सुरु गरेको छ। तराईमा खाद्यको चामल महँगो छ। तर, त्यसको ठिक उल्टो पहाडमा निजी कम्पनीको चामल महँगो छ। त्यसैले खाद्यको चामलको माग तराईमा कम र पहाडमा धेरै छ। त्यही माग पूरा गर्न खाद्यले पहाडी जिल्लामा दसैंअघि नै ३८ हजार क्विन्टल चामल पठाउने तयारी थालेको हो। लुम्बिनी र कर्णालीका २१ स्थानमा चामल ढुवानी गर्न थालिएको कम्पनीले जनाएको छ। लुम्बिनीका दाङ, रोल्पा, प्यूठान र कर्णालीका रुकुम पश्चिम, जाजरकोट, जुम्ला, कालीकोट, हुम्ला, मुगु, डोल्पा, सुर्खेतलगायत जिल्लामा चामल पठाउने तयारी गरेको कम्पनीका नेपालगन्ज प्रमुख रामबहादुर विष्टले बताए। पहाडका यी जिल्लामा अहिले चामलको माग अत्यधिक छ। 'तराईमा भन्दा पहाडी जिल्लामा कम्पनीको चामलको माग अत्यधिक हुन्छ,' उनले भने, 'अहिले बर्खाले बाटो खराब छन् तर हामी जतिसक्दो छिटो चामल पठाउने तयारीमा छौं।' समयमै चामल नपुग्दा कर्णालीका कतिपय जिल्लामा खाद्य संकट सुरु भएको छ। अरुवा मोटा चामल प्रतिकेजी ४२, अरुवा मध्यम चामल प्रतिकेजी ४६ र स्टिम मसिनो चामल प्रतिकेजी ६० रुपैयाँमा कम्पनीले बिक्री गर्दै आएको छ।

कोरोनापीडितलाई राहत

प्यूठान (कास)- कोरोना संक्रमणबाट मृत्यु भएका परिवारको घरमै पुगेर प्यूठान नगरपालिकाले राहत उपलब्ध गराएको छ। मृतकका परिवारलाई राहतस्वरूप प्रतिपरिवार ३५ हजार रुपैयाँका दरले उपलब्ध गराइएको हो। राहत वितरण गर्न नगरपालिकाका प्रमुख, उपप्रमुखसहितको टोली मृतकको घरमै पुगेको थियो। कोरोना संक्रमणको पहिलो र दोस्रो लहरका क्रममा जिल्लामा १८ जनाको मृत्यु भएको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए।

सैनामैनामा विद्युत् सबस्टेसन

बुटवल (कास)- कम भोल्टेज र छिनछिनमा विद्युत् जाने समस्या रोक्न रूपन्देहीको सैनामैनामा ३३/११ केभी विद्युत् सब स्टेसन निर्माण सुरु भएको छ। विद्युत् प्राधिकरण बुटवल वितरण केन्द्रअन्तर्गत एक वर्षमा सक्ने गरी सैनामैना-९ पीपलडाँडामा निर्माण सुरु भएको हो। ९ करोड ४५ लाख रुपैयाँ लागतमा आरके इन्टरनेसनलले निर्माणको ठेक्का लिएको छ। सब स्टेसन निर्माणले सैनामैनामा देखिएको विद्युतीय समस्या समाधान हुने विद्युत् प्राधिकरण बुटवल वितरण क्षेत्रका प्रमुख सुरेशकुमार महतोले बताए। जसमा मोतीपुर फिडरबाट ३३ केभिएको विद्युत् सालझण्डी सबस्टेसनमा जोड्ने र यसबाट चारवटा फिडरमा वितरण हुनेछ।

ठगी आरोपमा पक्राउ

बर्दिया (कास)- धान तथा गहुँको कारोबार गर्छु भन्दै रकम असुलेर फरार रहेका दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्लाका विभिन्न किसानबाट ३७ लाख ४७ हजार ५ सय ८५ रुपैयाँ बराबर ठगी गरी फरार रहेका कैलालीको टीकापुर-४ अस्नेरीका ललित खड्का र बाँके कोहलपुर-३ का महेश रोकायलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक ईश्वर कार्कीले बताए। उनीहरूलाई गुलरियाबाट पक्राउ गरिएको हो।

यात्रु सहायता कक्ष स्थापना

बुटवल (कास)- चाडपर्व नजिकिएसँगै यात्रुको भीडमा हुने ठगी र जोखिम रोक्न यात्रु सहायता कक्ष सेवा सुरु गरिएको छ। लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालय बुटवलसहित प्रदेशका ४४ स्थानमा यात्रु सहायता कक्ष सेवा सुरु गरेको हो। जसमा परिमार्जित भाडादरको लिस्ट राख्ने, आरक्षित सिटमा सरोकारवालाले सुविधा पाए नपाएको, क्षमताभन्दा बढी बोकेको बारेमा अनुगमन हुनेछ। बुटवलको बसपार्क, राजमार्ग चौराहा र गोलपार्क गरी तीन स्थानमा सेवा सुरु भएको छ।

११ प्रहरीद्वारा रक्तदान

रोल्पा (कास)- जिल्ला प्रहरी कार्यालय रोल्पाका ११ जना प्रहरीले ६६ औं प्रहरी दिवसको अवसर पारेर रक्तदान गरेका छन्। रोल्पा अस्पताल परिसरमा रहेको रक्त सञ्चार केन्द्रमा मंगलबार उनीहरूले रक्तदान गरेका हुन्। नेपाल प्रहरीले बुधबार मुलुकघर ६६ औं प्रहरी दिवस मनाउँदैछ। जिल्लामा विविधि कार्यक्रम आयोजना गरेर प्रहरी दिवस मनाउने तयारी छ। प्रहरी दिवसको अवसर पारेर रक्तदान गरिएको रोल्पाका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक नरेशराज सुवेदीले बताए।

कपिलवस्तुको लुम्बिनी-तौलिहवा मुख्य सडक खण्डमा फसेको मालवाहक ट्रक झिक्दै क्रेन। तौलिहवाको जमवारदेखि छोट्की तौलिहवासम्मको सडकखण्ड स्तरोन्नति समयमा पूरा नहुँदा दैनिकजसो सवारीसाधनहरू फस्ने गरेका छन्।
तस्बिर : मनोज पौडेल/कान्तिपुर

पहिरोले घर बगाएपछि भाडाको बास

आर्थिक सहयोग उपलब्ध गराउने उपमहानगरको प्रतिबद्धता घोषणामै सीमित

सन्जु पौडेल (लुम्बिनी)

बुटवलको ज्योतिनगरमा पहिरोले घर पुरिएपछि सामान निकाल्दै स्थानीय। *तस्बिर : सन्जु/कान्तिपुर*

बुटवल-३, ज्योतिनगरका ५९ वर्षीय प्रेमप्रसाद आचार्यका आँखा असोज ४ यता ओभाएका छैनन्। ६ कोठे पक्की घर पहिरोले पुरिएपछि परिवारको बिचल्ली भएको छ। उनीहरू बुटवल-११ बेसक्याम्पस्थित टिनले छाएको एउटा घर भाडामा लिएर अहिले गुजारा गरिरहेका छन्। आफ्नो घर पुरिएपछि मासिक १५ हजार रुपैयाँ भाडा तिर्नुपर्ने बाध्यता थपिएको उनले बताए। 'जीवनभरि मिहिनेत गरेर कमाएको पैसाले बनाएको घर एकै क्षणमा ध्वस्त भएपछि विक्षिप्त छु,' नगरपालिकाका पूर्वकर्मचारीसमेत रहेका उनले भने, 'नगरपालिकाबाट अवकाश पाएपछि बस्न थालेको घर हो। अब त्यही रहेन।'

आचार्यका चार सन्तानमध्ये दुई छोरीको विवाह भइसकेको छ। एक छोरा र कान्छी छोरी क्याम्पस तहमा अध्ययन गरिरहेका छन्। 'सबै सामान पुरिएकाले अहिले एक छाक खान तङ्पिनुपर्ने अवस्था आएको छ,' उनले भने। त्यही पिरले बिरामी पर्न थालेको उनले सुनाए। गत असोज ४ गते बिहान एक्कासि खसेको पहिरोले आचार्यको ज्योतिनगरस्थित घर पुरेको हो। बुटवलको बाक्लो बस्ती रहेको क्षेत्रमा यसरी पहिरो खस्ला भन्ने उनले सोचेकै थिएनन्। 'म रेलिङ समातेर जोगिएँ,' उनले भने, 'श्रीमती र छोरीलाई पहिरोले बगायो। छिमेकीले उद्धार गरे।'

आचार्यका छिमेकी सुशील पंगेनीको ६ जनाको परिवार पनि अहिले भाडामा बस्न थालेको छ। कपडा पसलमा काम गर्ने उनले भदौ १४ गते पहिरो खस्दा घरमा केही हिलो पसे पनि त्यो हटाएर बसेको सुनाए। असोज ४ गतेको पहिरोले घरै पुरिएपछि आफूहरूको पनि बिचल्ली भएको उनले बताए। बूढी आमा, भाइबहिनी, श्रीमती र चार वर्षीय सन्तानलाई पाल्ने जिम्मा आफूमा रहेकाले घर नहुँदा पर्ने अप्ठ्यारो भोग्न थालेको बताए। 'छाप्रो नै किन नहोस्, आफ्नै घर चाहिने रहेछ,' उनले भने, 'अरुकहाँ बस्दा सबै कुरामा बन्धनजस्तो भइने रहेछ।'

माटोको ५ कोठे घर हेर्दाहिँदै हिलोमा पुरिएपछि भूपेन्द्रसिंह गुरुङको दिमागले काम गर्न छोडेको छ। बिहानदेखि बेलुकासम्म मिस्त्री काम गरेर बनाएको घर नरहेपछि पीडा भएको उनले बताए। २०३६ सालदेखि ज्योतिनगरमा बस्दै आएका उनले बिगतमा पहिरो आउँदा आफ्नो घरतिर पहिरो नपसेकाले घर त के बगाउला भनेर ढुक्क बस्दा घर बगेको बताए। भूपेन्द्र श्रीमतीसहित अहिले छिमेकमै एक कोठा भाडामा लिई बसिरहेका छन्। प्रेमाकुमारी राना सात सदस्यीय परिवार लिएर कालिकानगरमा कोठा भाडामा लिएर बस्दै आएकी छन्। श्रीमान्ले विदेशमा दुःख गरी कमाएर बनाएको घर मासिएपछि रातभरि निद्रा नलाग्ने उनले सुनाइन्।

गएको असोज ४ गते खसेको पहिरोले बुटवल-३, ज्योतिनगर, चेतना टोलका सात घरमा क्षति गरेको थियो। ती ७ परिवार अहिले कोठा भाडामा लिई बसिरहेका छन्। उनीहरूलाई चाड नजिकिंदा आफूहरू भने घरविहीन भएको चिन्ताले सताएको छ। घर नै नभएपछि चाडपर्व मनाउने कुनै हर्ष नभएको पीडितहरूले सुनाए। उनीहरूको घरमा पहिरो आउनुअघि ज्योतिनगरकै अन्य भागमा क्षति भइसकेको थियो। यी परिवारले घर नै लैजाने गरी पहिरो आउला भन्ने कल्पना नगरेको बताए। टोलका सबै जना एउटै परिवार जसरी बसेको र पहिरोले सबैलाई छुट्याएपछि आफूहरूबीचको सम्बन्ध समेत चिसिने डर भएको दुखेसो पोखे। पहिरोले विनाश पारेका घर हेर्न उनीहरू भाडाको घरदेखि बिहानै हिँड्छन्। दिनभरि पुरिएको घर वरपर बस्ने, रुमल्लिने र बेलुका मात्र भाडाको कोठामा फर्कने गरेको उनीहरूले सुनाए।

बुटवल उपमहानगरपालिकाले ज्योतिनगर क्षेत्रका पहिरोबाट विस्थापित भएका पीडितलाई अस्थायी आवासका लागि घरबहाल खर्च रकम सहयोग गर्ने बताएको थियो। पहिरोले क्षतिग्रस्त स्थानमा उपमहानगर प्रमुख शिवराज सुवेदीसहितको टोली अनुगमनमा गएको थियो। नगर प्रमुख सुवेदीले बिचल्लीमा परेका परिवारलाई खाद्य राहत र भाडामा बस्दा तिर्नु पर्ने भाडा रकम दिने वचन दिएका थिए। आर्थिक सहयोग दिने घोषणा भएको हप्तादिन बितिसक्दा पनि आफूहरूले नपाएको पीडितले गुनासो गरे। वडाबाट दिने भनिएको खाद्यान्न भने पाएको उनीहरूले सुनाए।

ज्योतिनगरमा २३ वर्षपछि पहिरो गएको हो। यसपटक ज्योतिनगर र लक्ष्मीनगरमा गरी २० घरमा क्षति भएको छ। पहिरोले घरमा क्षति पुऱ्याएपछि स्थानीय अन्यत्र बसाइँ सरेका छन्। उनीहरूले चुरेको व्यवस्थापन नगरेसम्म आफ्नो जमिनमा फिर्ता आएर बस्न नसक्ने गुनासो गरे।

'पीडितलाई ढिलो न्याय'

रोल्पा (कास)- सत्य निरुपण तथा मेलमिलाप आयोगकी सदस्य विष्णु पोखेलले आवश्यक संयन्त्र अभावमा द्वन्द्वपीडितको पक्षमा छिटोछरितो काम गर्न नसकेको बताएकी छन्। रोल्पाका सशस्त्र द्वन्द्वपीडितलाई परिचयपत्र वितरण गर्दै उनले राज्यले गम्भीर रूपमा पीडितका पक्षमा काम गर्न आह्वान गरिन्। 'पीडितलाई चाँडै न्याय दिनु आवश्यक छ,' सोमबार लिबाङमा आयोजित कार्यक्रममा उनले भनिन्, 'हामीलाई आवश्यक पर्ने संयन्त्रको अभाव छ। थोरै जनशक्ति र सम्बन्धित पक्षसँगको निरन्तर सम्पर्क अभाव हुने भएकाले पीडितले न्याय पाउन ढिलाइ भएको हो।' उनले न्यायिक एवं अर्ध न्यायिक पक्षले तत्परतासाथ काममा सघाउन सक्ने प्रणालीको विकास भए कार्य सम्पादनमा छिटो हुने बताइन्। शान्ति प्रक्रिया सम्पन्न भएको निकै लामो समय भए पनि सशस्त्र द्वन्द्व पीडितका पक्षमा ठोस एवं न्यायपूर्ण काम हुन नसकेकामा उनले दुःख व्यक्त गरिन्।

सत्य निरुपण तथा मेलमिलाप आयोगले पीडितलाई वितरण गर्ने परिचयपत्र पहिलो चरणमा रोल्पाका १७ जनाले प्राप्त गरेका छन्। बिगतको सशस्त्र द्वन्द्वका बेला राज्य र तत्कालीन विद्रोहीबाट पीडित भएकाहरूलाई छानबिन र अनुसन्धानका आधारमा उक्त परिचयपत्र वितरण गरिएको हो। पीडितलाई पटक-पटक बोलाएर र पुराना कुरा कोट्याएर थप पीडित पार्नुभन्दा सहज तरिकाले न्याय दिलाउन स्थानीयले माग गरेका छन्। जिल्ला समन्वय समिति रोल्पाका संयोजक राजबहादुर बुढामगरले दलहरूले राज्यका तर्फबाट गम्भीर भएर छिट्टै न्याय दिलाउनु पर्ने बताए। बिगतको सशस्त्र द्वन्द्वका कारण रोल्पामा सबैभन्दा बढी क्षति भएको र धेरै पीडित भएकाले राज्यका तर्फबाट गम्भीरता देखाउन आवश्यक भएको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए।

बौरिँदै चेपाङ बस्ती

कमल पन्थी (बर्दिया)

बर्दियाको बासगढी-१ स्थित चेपाङ बस्ती। *तस्बिर : कमल/कान्तिपुर*

बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको बासगढी नगरपालिका-१ स्थित चेपाङ बस्तीले यात्रुको मन लोभ्याउँछ। शान्त र रमणीय चेपाङ बस्ती बबई किनारमा छ। रत्न राजमार्गअन्तर्गत रहेकाले यात्रुको भीड हुन्छ। लामो समय ओझेलमा परेको बस्ती भेरी-बबई डाइभर्सन निर्माणपछि फेरिएको हो।

चेपाङ बस्ती ग्रामीण सडकसित पनि जोडिएको छ। उक्त बस्ती पुग्न बाँके हुँदै जानु पर्छ। २०७० सालमा आगलागीबाट यस बस्तीका १ सय २९ घर जलेका थिए। २०७१ साल साउनको अन्तिम साता आएको बाढीले पनि ठूलो धनजनको क्षति गरेको थियो। भेरी-बबई डाइभर्सन निर्माणपछि यो पर्यटकीय गन्तव्य बनेको छ। बस्तीमा चहलपहल बढेको छ।

२०४० सालमा सानोश्री पञ्चायत रहेको चेपाङ बस्तीलाई छाडेर गुलरियासँग जोडिएको तारातल पञ्चायतको जंगलात क्षेत्रमा स्थान्तरण भयो। जंगलात क्षेत्र कटान गरी त्यहाँ बस्ती बसालिएको हो। बर्दिया राष्ट्रिय निकुञ्ज विस्तार गर्ने क्रममा चेपाङ बस्तीलाई भने स्थान्तरण गरिएन। बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने बाटुल्ले, कुरुल्ले, खोटे र भंगाहाको आवादी र जंगल क्षेत्र गरी २ हजार ३ सय २१ हेक्टर क्षेत्रफलमा चेपाङ गाउँ बसेको छ।

चेपाङ बस्तीका बासिन्दा अहिले पनि जग्गाधनी पुर्जाविहीन छन्। वर्षौंदेखी बसोबास गर्दै आएका उनीहरूले सुकुम्बासी आयोगमा कैयौंपटक निवेदन दर्ता गराए पनि जग्गाधनी पुर्जा नपाएको स्थानीय यमलाल शर्माले बताए। जग्गाधनी पुर्जाको अभावले यहाँका बासिन्दा बैंकबाट कर्जा पाउन नसक्दा ठूला व्यापार व्यवसाय र पशुपालन गर्न नसकेको उनले गुनासो पोखे।

चेपाङ गाउँमा स्वास्थ्य चौकी छैन। यहाँका बासिन्दा नागरिकता लगायत प्रशासनिक काम गर्नु परे करिब ४/५ घण्टा बस चढेर सदरमुकाम बासगढी पुग्नु पर्छ। बासगढी-१ का वडाध्यक्ष जयराज पाण्डेले भेरी बबई डाइभर्सनका कारण यहाँ आन्तरिक पर्यटक बढ्दै गएको बताए। यहाँ होटल व्यवसाय फस्टाउँदै गएको छ। साना-ठूला गरी ४० वटा होटल सञ्चालित छन्। माछाका लागि यो बजार प्रख्यात छ। यहाँ बिदाका दिन नेपालगन्ज, कोहलपुर, गुलरियालगायत ठाउँबाट ठूलो संख्यामा आन्तरिक पर्यटक आउँछन्। कतिपयले बबई नदीमा पौडी खेलेर मनोरञ्जन लिने गरेका छन्।

विद्यालयलाई दुई लाख सहयोग

गुल्मी (कास)- वृद्ध दम्पतीले विद्यालय सञ्चालनार्थ दुई लाख रुपैयाँ सहयोग गरेका छन्। धुर्कोट गाउँपालिका-२, पीपलधारा जुम्लादी निवासी ९१ वर्षीय हीमनाथ उपाध्याय र ८९ वर्षीया श्रीमती लक्ष्मी खनालले गणेश माध्यमिक विद्यालयलाई २ लाख १ हजार ९ सय ९९ रुपैयाँ सहयोग गरेका हुन्। भारतीय आर्मीका सुबेदारसमेत रहेका उपाध्यायले गाउँमै १२ कक्षासम्म अध्ययन सहज होस् भनेर सहयोग गरेको बताए। 'यहाँका नानीबाबुहरू प्लस टू पढ्न धेरै टाढा जान्थे। अहिले जेनतेन गाउँमै पढ्न पाएका छन्,' उनले भने, 'मेरो सानो सहयोगले यो विद्यालय चल्यो भने आफूलाई भाग्यमानी सम्झिनेछु।' २०७५ सालदेखि विद्यालयले कक्षा ११ र १२ निजी स्रोतबाट सञ्चालन गर्दै आइरहेको छ।

वर्गीकृत डिस्प्ले

स्टक सेल
- कमोड तथा बेसिन रू. १२३५०/-
- बाथरूम टालयहरू रू ६५/-
- बाथरूम सेट धाराहरू रू. १००००/-

MBC European Standard
Mainali Business Concern Pvt. Ltd
Panipokhari 3, Kathmandu
014445970, 9851312628, 9851184701

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

५ महिनादेखि अक्सिजन प्लान्ट प्रयोगविहीन

राजबहादुर शाही (मुगु)

ठिनीस्थित जिल्ला अस्पतालमा ५ महिनादेखि अक्सिजन प्लान्ट मेसिन प्रयोगविहीन बनेको छ। कर्णाली प्रदेश सरकारको ४० लाख रुपैयाँ बजेटबाट गत वैशाखमा कोरोना संक्रमितको उपचारका लागि अक्सिजन प्लान्ट खरिद गरिएको थियो।

प्रतिघण्टा ४० सिलिन्डर अक्सिजन उत्पादन गर्ने क्षमता रहेको अक्सिजन प्लान्ट जडान हुँदा प्रयोगविहीन बनेको हो। अहिले प्लान्टको मुख्य मेसिन अस्पतालको एउटा कुनामा थन्क्याइएको छ। अक्सिजन प्लान्ट खरिद प्रक्रियामा अनियमितता भएको भन्दै उजुरी परेपछि जडान हुन नसकेको निमित्त जिल्ला स्वास्थ्य सेवा व्यवस्थापक ज्ञानसिंह बुढाले बताए। उनका अनुसार ४० लाख रुपैयाँमा प्लान्ट जडान गर्ने गरी हायात प्रालिले जिम्मा लिएको छ। उसले चीनबाट खरिद गरी ल्याएको मेसिन चार महिनादेखि थन्किएको उनले बताए।

प्लान्ट जडान नहुँदा अहिले जुम्ला, सुर्खेत र नेपालगन्जबाट अक्सिजन सिलिन्डर ल्याएर कोरोना संक्रमितको उपचार भइरहेको छ। निषेधाज्ञा हटेसँगै जिल्लामा कोरोना संक्रमितको संख्या बढ्दै गएको अस्पतालले जनाएको छ। अस्पतालका अनुसार दैनिक ५ जनासम्म व्यक्तिमा कोरोना संक्रमण पुष्टि हुने गरेको छ। अहिले जिल्ला स्वास्थ्य सेवा कार्यालयमा १ सय ३४ थान अक्सिजन सिलिन्डरमध्ये ९४ वटा खाली छन्। छायानाथरारा नगरपालिकामा ५, खत्याडमा १२ र मुगुमकार्मारोड गाउपालिकामा ५ वटा सिलिन्डर खाली भएको निमित्त स्वास्थ्य सेवा व्यवस्थापक बुढाले बताए। उनका अनुसार खाली सिलिन्डर भर्न जुम्ला पठाउने तयारी गरिएको छ।

कोरोना संक्रमणको तेस्रो लहरको आशंका गरिए पनि अक्सिजन प्लान्ट जडान गर्न बेवास्ता भएको स्वास्थ्यकर्मीको गुनासो छ। जिल्ला अस्पतालमा करिब ३ करोड रुपैयाँ बजेटबाट कोरोना संक्रमितलाई लक्षित गरी आइसोलेसन तथा भेन्टिलेटर सेवा विस्तार गर्न लागिएको बुढाले बताए।

१० हजारले लगाए खोप

मुगुका चार स्थानीय तहमा अहिलेसम्म १० हजार ६६ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ४ हजार ७ सय जनालाई कोभिडसिल्डको पहिलो र १ हजार ४ सय ५१ जनालाई दोस्रो डोज दिइएको छ। त्यस्तै २ हजार ८ सय ६६ जनालाई भेरोसिलको पहिलो र ८ सय ९६ जनालाई दोस्रो डोज लगाइएको छ। जोन्सोन खोप २ हजार ४ सय ८० जनालाई लगाइएको जनस्वास्थ्य अधिकृत रितिजा रावलले बताइन। उनका अनुसार जिल्लामा ६ हजार १ सय ७२ डोज कोभिडसिल्ड, ६ हजार ८ सय २९ भेरोसिल र १ हजार १० डोज जोन्सोन खोप आएको थियो। त्यसमध्ये ६८ डोज भेरोसिल र २० डोज जोन्सोन खोप मौज्दात छ।

हुम्लाका लागि मुगुबाट खच्चडलाई बोकाएर मंगलबार ग्यास ढुवानी गरिँदै। तस्विर: दाने बोहोरा/रासस

जलवायुमैत्री कृषिबारे संयुक्त अनुसन्धान हुने

काठमाडौं (कास)- जलवायुमैत्री कृषि प्रविधिको विकासका लागि नेपालसहित दक्षिण एसियाका तीनवटा विश्वविद्यालयले संयुक्त अध्ययन गर्ने भएका छन्। भुटानको रोयल नेसनल, पाकिस्तानको ग्लोबल चेन्ज इम्प्याक्ट स्टडिज सेन्टर र मध्यपश्चिम विश्वविद्यालयले भौगर्भिक अध्ययन प्रविधिको प्रयोगबाट कृषि क्षेत्रमा जलवायुमैत्री काम कसरी गर्न सकिन्छ भनेर अध्ययन गर्न लागेका हुन्। मध्यपश्चिम विश्वविद्यालयका विज्ञान, प्रविधि तथा इन्जिनियरिङ संकायका डिन डा. सुदीप ठकुरीले भने, 'जलवायु मैत्री कृषिका लागि भौगर्भिक अध्ययनलाई कसरी प्रयोग गरिन्छ भन्नेमा अनुसन्धान केन्द्रित हुनेछ।' अध्ययनले कृषि बाली, उत्पादनमा जलवायु परिवर्तनको असरबारे खोजी गर्ने जनाइएको छ।

दुई वर्षमा सम्पन्न हुने अध्ययनमा ३ देशका १ सय ५० जना प्राविधिकलाई भौगर्भिक नक्साङ्कनबाट जलवायुमैत्री कृषि योजना सञ्चालनसम्बन्धी तालिम दिइने ठकुरीले बताए। जलवायु परिवर्तनको उच्च जोखिममा रहेको दक्षिण एसियामा हिउँ पग्लने र विभिन्न समय आउने बाढीका कारण वर्सेनि अर्बौं डलर बराबरको क्षति हुने गरेको छ।

१० जिल्लामा कमान्ड सेन्टर

१४४ स्थानमा क्यूआरटी, १२९ स्थानमा नियमित जाँच र ४६ स्थानमा ट्राफिक जाँच केन्द्र राखिने

ज्योति कटुवाल (सुर्खेत)

दसैँतिहार नजिकिएसँगै प्रदेश प्रहरी कार्यालयले १० वटै जिल्लामा कमान्ड सेन्टर स्थापना गर्ने भएको छ। जसमा ४ हजार ३ सय ५१ जना प्रहरी जनशक्ति खटाइनेछ।

बढ्दो सुरक्षा जोखिमलाई ध्यानमा राखी सबै जिल्लाका नाकामा प्रहरी परिचालन गर्ने प्रदेश प्रहरीको योजना छ। चाडपर्वमा हुने चोरी, लुटपाट तथा अन्य अपराधजन्य घटनाहरू हुन नदिन सबै वडा र टोलमा प्रहरी परिचालन गर्न लागिएको प्रदेश प्रहरी प्रमुख डीआईजी गणेशबहादुर ऐरले बताए। 'ग्रामीण क्षेत्र र हाइवेमा गस्तीलगायतलाई निरन्तरता दिइनेछ,' उनले भने, 'कर्णाली प्रदेश भित्रने मुख्य नामा बबईमा विशेष टिम परिचालन गरिएको छ।' कुइनेलगायतका केही सम्वेदनशील नाकामा प्रहरी निरीक्षकको नेतृत्वमा क्विक रेस्पोन्स टिम (क्यूआरटी) समेत परिचालन गरिने उनले जानकारी दिए।

बैंक तथा वित्तीय संस्था र धेरै भीडभाड हुने क्षेत्रमा २४ सैं घण्टा निगरानी गर्ने प्रदेश प्रहरीको तयारी छ। सबै बसपार्कमा नागरिक सहायता कक्षको स्थापना र यात्रु सहायता कक्ष स्थापना गरिएको कार्यालयले जनाएको छ। वीरेन्द्रनगर बसपार्कसहित छिञ्चु र बडीचौरमा पनि यात्रु सहायता कक्षको स्थापना गरिएको सुर्खेत प्रहरी प्रमुख एसपी पदमबहादुर विष्टले बताए। उनका अनुसार दसैँतिहारजस्ता पर्वका बेला ट्राफिक नियम उल्लंघन गर्ने, यातायात व्यवसायीले यात्रु तानातान गर्ने, तोकिएको भन्दा बढी भाडा असुल्ने, सिट क्षमताभन्दा धेरै यात्रु राख्ने र तीव्र गतिमा सवारी चलाउने भएकाले यात्रु सहायता कक्ष स्थापना गरिएको हो।

चाडपर्वको अवसरमा हुन सक्ने अवाञ्छित र आपराधिक गतिविधि नियन्त्रण तथा सडक सुशासन कायम गर्न कर्णाली प्रदेश प्रहरीले विभिन्न रणनीतिहरू अपनाएको छ। चाडपर्वमा जुवातास, डाइस (लङगुरबुर्जा) र कौडा खेल्न रोक्ने गरी सादा पोसाकमा प्रहरीहरू परिचालन हुनेछन्। त्यस्तै १ सय ४४ स्थानमा क्यूआटी, १ सय २९ स्थानमा नियमित जाँच र ४६ स्थानमा ट्राफिक जाँच केन्द्र स्थापना गरिनेछ। सीमा नाकामा चोरीतस्करी नियन्त्रणका लागि मुख्य ३ सहित ९ स्थानमा विशेष प्रहरी युनिट स्थापना गर्ने प्रदेश प्रहरीको तयारी छ। 'लुटपाट र अन्य अपराध रोक्न पिकेट राजमार्गमा स्कर्टिङ मोबाइल गस्ती, पैदल गस्तीलाई तीव्र बनाइनेछ,' डीआईजी ऐरले भने, 'कुनै पनि घटना भएको खण्डमा १५ मिनेटमा प्रहरी पुग्ने गरी उद्धार टोलीलाई पनि तयारी अवस्थामा राखिनेछ।'

सुर्खेतको वीरेन्द्रनगरमा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गर्दै प्रहरी। तस्विर : कान्तिपुर

चन्दननाथ-भैरवनाथ मन्दिरमा लिंगो ल्याइयो

जुम्ला (कास)- जुम्लाको चन्दननाथ भैरवनाथ मन्दिरमा चन्दननाथ नगरपालिका-३ रडिखेल्ला जंगलबाट ५२ हाते लिंगो ल्याइएको छ। चन्दननाथ मन्दिरमा हरेक वर्ष घटस्थापनाका दिन ५२ हाते लिंगो गाड्ने परम्परा छ।

प्रत्येक दिन पूजापाठ हुने मन्दिरमा साताको एकपटक विशेष पूजा हुने गरेको छ। स्थानीय संस्कृतिका जानकार रमानन्द आचार्यका अनुसार तीन वटा लिंगो गाड्ने चलन लामो समयदेखि चलिआएको हो। 'पल्टन, थपला र कमसले गरी तीनवटा लिंगो जंगलबाट ल्याउने चलन हो,' उनले भने, 'अहिले सबै लिंगो सेना र प्रहरीले ल्याउने गरेका छन्।' उनका अनुसार यसअघि सरकारी कर्मचारी, स्थानीय ढाणथपाल लगायतका गाउँका क्षत्री र सेनाले पल्टन लिंगो ल्याउने गर्दथे। थपला लिंगो ब्राह्मण समुदायले र कमसला लिंगो जिल्लाभरका दलित समुदायले ल्याउने चलन थियो। केही वर्षदेखि परम्परागत चलन हराएको उनको भनाइ छ। उनले स्थानीयले जंगलबाट लिंगो ल्याउन छोडेपछि सेना र प्रहरीको सहयोग लिनुपरेको छ।

चन्दनाथ भैरवनाथ गुठी व्यवस्थापन समितिका अनुसार लिंगो गाड्ने परम्परालाई स्थानीयले विशेष पर्वकै रूपमा लिने गरेका छन्। स्थानीय प्रशासनले लिंगो ल्याउने दिन सरकारी बिदासमेत दिने गरेको छ।

एउटै गाउँबाट १२ करोडको आलु

विप्लव महर्जन (सल्यान)

बाग्चौर नगरपालिका-१२, बाँफुखोलाका डिल्ली ओलीले गत वर्ष आलु बिक्री गरेर ४ लाख रुपैयाँ आम्दानी गरे। यस वर्ष ५० क्विन्टल आलु उत्पादन गरेका उनको कमाइ ५ लाख रुपैयाँ पुगेको छ। गत वर्ष ३ लाख रुपैयाँ आम्दानी गरेका उनका छिमेकी वीरसिंह ओलीको आम्दानी यो वर्ष ६ लाख पुग्यो।

कृषि विकास कार्यालयका अनुसार बाफुखोलामा मात्रै २ हजार रोपनी जग्गामा आलु खेती भइरहेको छ। गाउँबाट यस वर्ष १२ करोड रुपैयाँको आलु बाहिर गएको कार्यालयले जनाएको छ। बर्सेनि आम्दानी बढ्दै गएपछि क्रमशः आलु लगाउने जग्गाको क्षेत्रफल बढाइरहेको ओलीले बताए। 'अहिले पुरै गाउँ व्यावसायिक आलुखेतीमा छ,' उनले भने, 'हामीले परम्परागत अन्नबाली लगाउन छोडेको वर्षौं बित्यो।'

करिब एक हजार घरधुरी रहेको बाफुखोलाका ८० प्रतिशत घरधुरीले आलुखेती गरिरहेका छन्। व्यापार, जागिर र रोजगारीका लागि बाहिर रहेका परिवारले मात्र आलुखेती गर्दैनन्। विगतमा घरपरिवार पाल्न भारतका विभिन्न ठाउँमा मजदुरी गर्न जाने किसान अहिले आलुखेतीमा रमाइरहेको स्थानीय कोमल ओलीले बताए। '२ दशकअघिसम्म मजदुरीका लागि भारतका विभिन्न ठाउँमा मजदुरी गर्न जानुपर्थ्यो, अहिले आलुले नै सबथोक पुऱ्याएको छ,' उनले भने, 'घरपरिवारको वर्षभरिको खर्च धानिएको छ, छोराछोरीलाई सहरका राम्रा विद्यालयमा पढाएका छौं, घरजग्गा जोड्ने क्रम बढेको छ।' उनले यस वर्ष आलुबाट ७ लाख रुपैयाँ आम्दानी गरे।

अहिले बाफुखोलका अधिकांश कृषकका छोराछोरी दाङ, नेपालगन्ज र काठमाडौंमा अध्ययन गरिरहेका छन्। गाउँको आलु स्वादिलो भएकाले माग बढेको अर्का किसान दुर्गाबहादुर ओलीले बताए। 'सडक पुगेपछि व्यापारीले गाउँमै आएर आलु खरिद गर्छन्,' उनले भने, 'यस वर्ष २५ रुपैयाँ प्रतिकिलो आलु गाउँबाटै बिक्री भयो।' उनले केही एक दशकअघिसम्म अन्न र आलु साटेर व्यापार गरेको सम्झिए।

बाग्चौर नगरपालिकाको बाफुखोलामा उत्पादन भएको आलु छान्दै किसान। तस्विर : विप्लव/कान्तिपुर

आलु उत्पादनबाट गाउँमा बर्सेनि ८ देखि १२ करोड रुपैयाँ भित्रिने गरेको भए पनि भण्डारणको व्यवस्था नहुँदा समस्या भएको स्थानीय दीपक ओलीले बताए। 'गाउँका सबैजसो घर आलु उत्पादनमा लागेका छौं, अर्गानिक आलु भएकाले देशका ठूला सहरमा समेत यहाँको आलुको माग बढेको छ,' उनले भने, 'तर गाउँमा व्यवस्थित कोल्डस्टोर नहुँदा बारीबाटै आलु बिक्री गर्नुपर्ने बाध्यता छ।' उनले घरमा भण्डारण गर्दा कुहिने समस्या भएकाले बारीबाटै आलु बिक्री गर्नुपरेको बाध्यता सुनाए। राजनीतिक पहुँच नहुँदा कोल्डस्टोरका लागि सरकारले बजेटको व्यवस्था नगरेको उनको गुनासो छ।

आलु उत्पादनलाई व्यवस्थित बनाउन किसानलाई अनुदानमा उपकरण र अन्य सामग्री सहयोग गर्दै आइरहेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। कार्यालयका सूचना अधिकारी रेशमबहादुर बस्नेतले जिल्लाबाट बर्सेनि झन्डै १८ करोड रुपैयाँको आलु उत्पादन हुने बताए। 'बाफुखोलालाई आलुको पकेट क्षेत्र घोषणा गरी उत्पादनदेखि बजारीकरणमा किसानलाई सहयोग गरिरहेका छौं,' उनले भने, 'आलुखेतीबाट किसानले घरमै रोजगारी पाएका छन्, उनीहरूको जीवनस्तर उकासिएको छ।'

वर्गीकृत डिस्प्ले

स्टक सेल
- कमोड तथा बेसिन रू. १२३५०/-
- बाथरूम टालयहरू रू ६५/-
- बाथरूम सेट धाराहरू रू. १०००/-

MBC European Standard
Mainali Business Concern Pvt. Ltd
Panipokhari 3, Kathmandu
014445970, 9851312628, 9851184701

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

डोटीको बडिकेदार गाउँपालिकास्थित बछैन माविले मंगलबार गरेको कार्यक्रममा उपस्थित शिक्षक, विद्यार्थी तथा अभिभावक । तस्बिर : विमलबहादुर विष्ट/रासस

हिंसापीडितलाई आश्रय दिन 'सेफ हाउस'

मेनुका दुंगाना (अछाम)

रामारोशन गाउँपालिकाकी उर्मिला (नाम परिवर्तन) कक्षा ७ पढ्दै गर्दा एकै स्कुलमा पढ्ने गाउँको एक केटासँग प्रेममा परिन् । करिब ३ वर्षसम्म उनीहरूको प्रेमसम्बन्ध चलिरह्यो । त्यो कुरा गाउँभरि थाहा पाउँदा लाज हुने डरले कक्षा १० को पढाइ पूरा नहुँदै उर्मिला बिहे गर्न सहमत भइन् । 'हामी दुवैलाई एकअर्काप्रति पूर्ण विश्वास थियो, दुवै परिवारको सहमतिबिना नै हामीले बिहे गरेका हौं,' उर्मिलाले भनिन् ।

करिब ३ महिनापछि आर्थिक अवस्था कमजोर भएका कारण श्रीमान् पैसा कमाउन भारततर्फ लागे । तर बिस्तारै सम्पर्क टुट्दै गएको उनको भनाइ छ । 'पढाइ छाडेर घरमा एकोहोरो काममा लागिरहें । माइती घरमा जान दिएका थिएनन्,' उनले भनिन्, 'श्रीमान्ले भारत गएको ८ महिनासम्म कुनै सम्पर्क गरेनन् । उनी घरमा कोरोनाको डरले ४ वर्षपछि घर फर्के ।'

भारतमा श्रीमान्ले अर्को बिहे गरेर घर आएको कुरा सुनिन् । त्यसबारे बुझ्न खोज्दा श्रीमान्ले सँगै बस्न नदिने भन्दै कुटपिट गर्न थाले । सासू र नन्दले समेत घरबाट निस्कन दबाब दिए । 'घरमा सबैको कुटाइ र गाली सहन नसक्दा परिवारमा फाटो बढ्दै गयो । सासूससुराले पनि नराम्रो व्यवहार गर्न थाले, घर छोड्न दबाब दिन थाले,' उनले भनिन्, 'सहारा खोजें । माइती पक्षसँग दुःख पोखें, आफूखुसी बिहे गरेको रिसले माइतीले मेरो पक्षमा बोल्न मानेनन् ।'

अन्ततः न्याय खोज्दै सदरमुकाम मंगलसेन पुगेको उर्मिलाको भनाइ छ । 'कहाँ जाने र कसलाई पीडा सुनाउनेबारे केही थाहा थिएन । सिधै प्रहरीकोमा पनि कसरी जाने भनेर डर लाग्यो । एक जना महिलाले सेफ हाउसबारे बताएपछि सजिलो भयो,' सेफ हाउसमा बसेपछि कानुनी प्रक्रिया र आवासका लागि सहज भएको उनको भनाइ छ ।

श्रीमान्ले मदिरा सेवन गरेर कुटपिट गर्ने क्रम दिनहुँजसो हुन थालेपछि मंगलसेन नगरपालिका-११ की रम्भा (नाम परिवर्तन) तनावमा परिन् । यही कारण बिहे गरेको ४ वर्षमै उनीहरू छुट्टिनुपर्ने अवस्थामा पुगे । 'कोरोना संक्रमण सुरु भएपछि श्रीमान् भारतबाट आए । कुटपिट गर्न थाले । दुई पटकसम्म सदरमुकाममा आएर प्रहरीको अगाडि मेलमिलाप भयो । तर घरमा गएर फेरि कुटपिट गर्न रोकिएन,' रम्भाले भनिन्, 'अन्तिममा मैले घर छोड्नुपऱ्यो । एक महिना सेफ हाउसमा बसें र अदालतसम्म पुगें । अदालतमा मुद्दा चलिरहेको छ, फैसला भएको छैन ।'

अछाममा सुरक्षित आवास गृह (सेफ हाउस) ५ वर्षदेखि सञ्चालनमा छ । मंगलसेन महिला बहुउद्देश्यीय सहकारी संस्थाले सञ्चालनमा ल्याएको सेफ हाउसलाई संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) र प्रदेश सरकारको आर्थिक सहयोग छ । सेफ हाउस न्यायका लागि आउने महिलाको पहिलो सम्पर्क स्थान हुने गरेको संस्थाकी अध्यक्ष मनकला न्यौपाने बताउँछिन् । 'हाम्रो सम्पर्कमा गाउँबाट आएका विभिन्न समस्यामा परेका महिलाहरूलाई सेफ हाउसबाट फिर्ता भएपछि पुनः स्थापित हुन अप्ठ्यारो भएको छ । हिंसा प्रभावित महिलालाई व्यवस्थापन गर्न चुनौती छ,' न्यौपानेले भनिन्, 'कतिपय महिलाहरूका हकमा अदालतमा मुद्दा चलिरहेका हुन्छन् । घर जान सक्ने अवस्था पनि हुँदैन ।'

> गत आवमा ७५ जनाले लिए कानुनी तथा आवासीय सेवा

सेफ हाउसमा ६ जना अट्ने क्षमता छ । तर कहिलेकाहीं १५ जनासम्म राख्नुपर्ने बाध्यता रहेको उनले सुनाइन् । उनका अनुसार गत आर्थिक वर्षमा अछामका १० वटै स्थानीय तहबाट ७५ जना हिंसा प्रभावित महिलाहरू सेफ हाउसमा आश्रय लिएका थिए । तीमध्ये १६ जना पीडित महिलाका मुद्दा अदालतमा पुगेका छन् । अझै ८ मुद्दा फैसलाको प्रक्रियामा रहेको उनले बताइन् । अहिले सेफ हाउसमा एक जना मात्रै महिला बसिरहेकी छन् । आफ्नो भवन नहुँदा आएका सेवाग्राहीलाई व्यवस्थापन गर्न समस्या भएको उनको भनाइ छ । 'यूएनएफपीएको आर्थिक सहयोग धेरै छ । स्थानीय तह र प्रदेश सरकारले अझै पर्याप्त सहयोग गर्न सकेका छैनन् । सहयोग रोकियो भने सेफ हाउस सञ्चालनमा समस्या आउने निश्चित छ,' उनले भनिन् ।

व्यासमा हेलिकोप्टरबाट खाद्यान्न ढुवानी

वर्षाले दार्चुला-टिंकर सडक भत्काएर क्षतविक्षत बनाएपछि स्थलमार्ग अवरुद्ध

मनोज बडू (दार्चुला)

जिल्लाको विकट व्यास गाउँपालिकाका विभिन्न वडामा चामललगायत खाद्यान्न सामग्री ढुवानी सुरु भएको छ । खाद्य व्यवस्था कम्पनीको चामल हेलिकोप्टरमार्फत आइतबारबाट ढुवानी सुरु गरिएको हो । व्यास-२ मालघाटमा तुइन काटेको घटनापछि महाकाली नदी तरेर भारततिर जान बनाएका सबै तुइन भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले काटिदिँदा व्यासमा खाद्यान्न अभाव थियो । नेपालबाट व्यासको सुन्सेरासम्म गाडी पुगेको भए पनि वर्षाका कारण दार्चुला-टिंकर सडक भत्किएर क्षतविक्षत भएपछि खाद्यान्न ढुवानीमा समस्या भएका बेला हेलिकोप्टरमार्फत ढुवानी भइरहेको व्यास गाउँपालिकाका अध्यक्ष दिलीपसिंह बुढाथोकीले जानकारी दिए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीको प्रादेशिक कार्यालय धनगढीले दार्चुला सदरमुकाम खलंगासम्म ट्रक र खलंगाबाट व्यास-१, २, ३ र ४ सम्म हेलिकोप्टरबाट खाद्यान्न ढुवानीका लागि टेन्डर आह्वान गरेको थियो । कम्पनीले आह्वान गरेको टेन्डरपछि सिम्रिक एयरबाट खाद्यान्न ढुवानी भइरहेको छ । गृह मन्त्रालयको समन्वयमा अर्थ मन्त्रालयले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई खाद्य ढुवानीको जिम्मा दिएको थियो । व्यापार कम्पनीले एक्सेस सिपिङ एन्ड एयर लजिस्टिक प्रालि काठमाडौंसँग ढुवानी सम्झौता गरी खाद्यान्न ढुवानी भइरहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीका स्टोरकिपर अविनाशकुमार यादवले बताए ।

'व्यास गाउँपालिकाका विकट ४ वटा वडामा चामल सरकारको अनुदानमा ढुवानी भइरहेको हो,' यादवले भने, 'चारवटै वडामा ६ सय क्विन्टल चामल ढुवानी गर्न सम्झौता भएको छ । प्रतिकिलो १ सय १० रुपैयाँ ढुवानी भाडा नेपाल सरकारले अनुदान दिएको हो ।'

गाउँपालिकाका अनुसार हेलिकोप्टरले गाउँपालिका-१ टिंकरका लागि ७५, छाडरुमा १२५, वडा २ राप्लामा २०, मालका लागि ३०, वडा ३ को सिना बस्तीका लागि १०० र वडा ४ सुन्सेरामा २०० क्विन्टल चामल ढुवानी गरिरहेको छ । ढुवानीकर्ताले दुहु गाउँपालिकाको सिलङ्चौरबाट हेलिकोप्टरमा चामल ढुवानी गरिरहेका छन् । ढुवानी गरिएको चामल दसैंअघि नै व्यासका जनतालाई बाँडिने अध्यक्ष बुढाथोकीको भनाइ छ ।

दार्चुलाको व्यास-३ सिनामा खाद्यान्न ढुवानी गरिँदै । तस्बिर : मनोज/कान्तिपुर

सरकारको बेवास्ताले कर्मचारी भर्ना अन्योलमा

अर्जुन शाह (धनगढी)

सुदूरपश्चिमका प्रदेशका मन्त्री तथा कर्मचारीहरूले सुरुदेखि नै दोहोऱ्याउँदै आएको कुरा हो- 'कर्मचारी अभावले छिटोछरितो काम गर्न बाधा भइरहेको छ ।' तर लोकसेवा आयोग सुदूरपश्चिमले सबै नीतिगत प्रक्रिया पूरा गरेर रिक्त दरबन्दीमा कर्मचारी पदपूर्तिका लागि सरकारलाई माग विवरण पठाउन पत्राचार गरेको महिनौंसम्म पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वास्ता गरेको छैन । प्रदेश सरकारले आयोगसमक्ष कर्मचारी भर्नाका लागि कुनै प्रक्रिया अघि नसारेको हो ।

प्रदेश लोक सेवा आयोग सुदूरपश्चिमले कर्मचारी भर्ना गर्न आवश्यक पर्ने सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरेको बताएको छ । तर सरकारले आफ्नो मातहतका सरकारी निकायमा रिक्त पदमा कर्मचारी पदपूर्तिको माग नगरेकाले आयोगले काम अघि बढाउन नसकेको जनाएको छ । 'कर्मचारी भर्नाका लागि विज्ञापन खोल्न आवश्यक पर्ने पूर्वाधार, नियमावली, कार्य सञ्चालन निर्देशिका, परीक्षा दस्तुर एवं खर्च व्यवस्थापन सम्बन्धी सम्पूर्ण मापदण्ड, पदाधिकारी र कर्मचारी तथा विज्ञका लागि आचारसंहिता तयार गरिसकेका छौं,' आयोगका अध्यक्ष यज्ञराज बोहरालेले भने, 'प्रदेश सरकारलाई कर्मचारी माग गर्न पत्राचार गरिएको भए पनि हालसम्म माग नगरेकाले विज्ञापन नखोलिएको हो ।'

आयोगले पाठ्यक्रम निर्माण समितिले गठन गरेर विज्ञहरूको संलग्नतामा पाठ्यक्रमको मस्यौदासमेत तयार गरिसकेको अध्यक्ष बोहराले बताए । 'हामीले स्थानीय तहलाई पनि रिक्त दरबन्दीमा कर्मचारी पदपूर्ति माग गर्न पत्राचार गरेका छौं, तर अहिलेसम्म एक दुई वटाले मात्रै पत्र पठाएका छन्,' अध्यक्ष बोहराले भने ।

प्रदेश सरकारले गत चैत ९ गते प्रदेशसभाबाट प्रदेश लोक सेवा आयोग गठन, काम कर्तव्य तथा अधिकारसम्बन्धी विधेयक संशोधन तथा पदाधिकारी नियुक्त भएसँगै सुदूरपश्चिममा कर्मचारी भर्नाको बाटो खुलेको थियो । पूर्वप्रशासक यज्ञराज बोहरालाई सरकारले प्रदेश लोक सेवा आयोगको अध्यक्षमा नियुक्त गरेको थियो । बोहरासँगै सरकारले पूर्वप्रशासक लक्ष्मण खड्का र शिक्षिका भागरथी राना थारूलाई आयोगका सदस्यमा नियुक्त गरेको थियो । मुख्यमन्त्रीको कार्यालयका अनुसार हाल सुदूरपश्चिममा २ हजार ६ सय ६१ जना कर्मचारीको दरबन्दी छ । तीमध्ये १ हजार १८ दरबन्दी रिक्त छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी जगदीश जोशीका अनुसार इन्जिनियरिङ तथा प्राविधिक, स्वास्थ्य सेवा, शाखा अधिकृतलगायत पद तथा सेवाहरूमा ठूलो संख्यामा दरबन्दी रिक्त छ । तर आयोगले रिक्त दरबन्दीका लागि पदपूर्ति माग गर्न पत्राचार गर्दा पनि सरकारले वास्ता गरेको छैन । 'सरकारले माग नै नगरेपछि हामीले त्यसै विज्ञापन खोल्ने कुरै भएन,' आयोग अध्यक्ष बोहराले भने, 'हामी त पुरै तयारी अवस्थामा छौं ।'

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता विश्वदीप वेस्रालेसम्बन्धित मन्त्रालयहरूबाट विवरण नआएकाले ढिलाइ भएको बताए । 'मन्त्रालयहरूबाट विवरणहरू प्राप्त भएपछि आयोगमा कर्मचारी पदपूर्तिका लागि विवरण पठाउँछौं,' प्रवक्ता वेस्रालेभने ।

प्रदेश लोक सेवा आयोगले पूर्ण रूपमा कार्य गर्न प्रदेश निजामती सेवा ऐन आवश्यक पर्ने हुन्छ । संघीय निजामती सेवा ऐन हालसम्म तयार नभए पनि समायोजन ऐनमा टेकेर प्रदेश लोक सेवा आयोगले काम अघि बढाउन कुनै बाधा नरहेको आयोग अध्यक्ष बोहराले बताए ।

सीमावर्ती बजार दुई वर्षदेखि सुनसान

भवानी भट्ट (कञ्चनपुर)

कोभिड-१९ को संक्रमणसँगै सुनसान बनेको टनकपुर ब्यारेज नजिकैको ब्रह्मदेव बजार अझै लयमा फर्कन सकेको छैन । कोभिडअघि प्राय सधैं भीडभाड रहने यो बजार झन्डै दुई वर्षदेखि सुनसान छ ।

भारतीय नागरिककै भरमा चलेको बजारमा कुनै चहल पहल नभएपछि पछिल्लो समय व्यापार व्यवसाय ठप्प छ । जसका कारण यहाँका व्यवासायी पलायन हुन थालेका छन् । विगतका वर्षहरूमा बजारमा चैते दसैं र असोजको बडादसैंको नवरात्रिमा भारतीय दर्शनार्थीको घुइँचो लाग्थ्यो । त्यसका साथै पूर्णागिरी मेलाका बेला पनि बजारमा निकै चहलपहल हुने गर्थ्यो । तर ०७६ चैतदेखि भने व्यवसायीहरू ग्राहकको प्रतीक्षामा बसेका छन् ।

'डेढ वर्षभन्दा बढी भयो, हामीहरू ग्राहक कुरेर बसेका छौं,' दुई दशकदेखि ब्रह्मदेवमा व्यवसाय गर्दै आएका कर्णबहादुर चन्दले भने, 'नत ग्राहक आउँछन्, न कुनै राहत पाइन्छ ।' संक्रमणकालमा व्यापारीलाई कर छुटदेखि भाडामासमेत छुट दिइएको छ । तर यहाँका व्यवसायीले व्यावसायिक करमा २५ प्रतिशतबाहेक अरू कुनै छुट पाएनन् ।

चैते दसैं र बडादसैंमा ब्रह्मदेवका व्यवसायीले एकै दिन लाखौंको कारोबार गर्थे । चैते दसैंको नवरात्रिमा लाग्ने पूर्णागिरीकै मेलाका भरमा यहाँका व्यवसायीहरू वर्षभरिको जोहो गर्थे । तर झन्डै दुई वर्षदेखि कारोबार सबै ठप्प भएपछि उनीहरू व्यापार व्यवसायप्रति नै निराश देखिन्छन् । 'मेलाका बेला चल्ने व्यापारले परिवार धानेका थियौं, दुई वर्षदेखि सबै ठप्प छ,' ब्रह्मदेवमा दुई दशकदेखि व्यवसाय गर्दै आएका कमलसिंह विष्टले भने, 'मेला चलेको छैन, व्यापार ठप्प छ ।'

कोभिड-१९ को संक्रमणका कारण २०७६ चैतदेखि नाका बन्द भएको थियो । त्यतिबेलादेखि नै भारतीय नागरिकलाई नेपाल प्रवेशमा कडाइ गरियो । पछिल्लो पटक नेपाल-भारत सीमाका सबै नाका खुला गर्ने निर्णय गरेसँगै फाटफुट दर्शनार्थी आउन थालेका छन् । 'दिनमा १०/१२ जना दर्शनार्थी आउँछन्, तिनकै भरमा व्यापार व्यवसाय चलेको छ,' विष्टले भने, 'अब नवरात्रिमा दर्शनार्थीको भीड बढ्छ भन्ने आसमा छौं ।' यसै सातादेखि सुरु हुने नवरात्रिमा भारतीय दर्शनार्थीको भीड बढ्ने उनले आशा व्यक्त गरे ।

ब्रह्मदेवमा करिब अढाई सयले व्यापार व्यवसाय गरिरहेका छन् । तर पछिल्लो समय तीमध्ये केही पलायन भइसकेका छन् । '१२ जनाभन्दा बढी व्यवसायी पलायन भइसकेका छन्,' बुबाकै पालादेखि व्यवसाय सुरु गरेका दीपक रावलले भने, 'हामी पनि त्यतिकै कुरेर बसेका छौं ।' ब्रह्मखेल छाडेकामध्ये केहीले अन्यत्र गएर व्यवसाय सुरु गरेका रावलले जनाए ।

करिब दुई वर्षदेखि सुनसान कञ्चनपुरको सीमावर्ती बजार ब्रह्मदेव । तस्बिर : भवानी/कान्तिपुर

वर्गीकृत डिस्प्ले

स्टक सेल
- कमोड तथा बेसिन रू. १२३५०/-
- बाथरूम टालयहरू रू ६५/-
- बाथरूम सेट धाराहरू रू. १००००/-

MBC European Standard
Mainali Business Concern Pvt. Ltd
Panipokhari 3, Kathmandu
014445970, 9851312628, 9851184701

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।